सेजन स्मारिका २०७२

अर्थनीति

समृद्धि सपना

TATA MOTORS

Sipradi Trading Pvt. Ltd., An ISO 9001:2008 Certified Company
Thapathali, Kathmandu, 01-4230340

Toll Free No.: 16600155777, 9801575777

SIPRADI TRADING PVT. LTD.
An ISO 9001:2008 Certified Company

SURYA NEPAL

PRIVATE LIMITED

Hero

INTRODUCING THE ALL NEW

DASH

With a host of very interesting features for the interesting generation, the all new Hero Dash is a feature-packed ride that is sure to add a dash of excitement in your everyday life.

GET SET DASH

Nepal General Marketing Pvt. Ltd.
PO Box 133, Jyoti Bhawan 1911, Kantipath, Kathmandu, Nepal
Phone: 01 4225377, 4104540, 4248949, Fax: 01 4212415
Finance: 01 4261770, Toll Free No.: 16600122033
Email: customercare@ngmhero.com, www.ngmhero.com
www.facebook.com/ngmheromotocorp

ON EVERY PURCHASE
Don't forget your
FREE HERO HELMET

उन ५ वर्षको वारेन्टीको साथमा
९ वटा फ्रि सर्भिस*

Kathmandu Valley Balkumari 5006184 • Banepa 661961 • Bhaktapur 6613112 • Buddhabari 4104540, 4104541 • Gaithaghar 6638444 • Gyaneshwor 4428870 • Jorpati 4912006 Kantipath 4225377, 4266517 • Kumaripati 5004103 • Maharajgunj 4373514 • Nayabazar 4361786 • Putalisadak 4435155 • Ravibhavan 2290970 • Swoyambhu 4269737
Outside of Valley Attaria 551244 • Baglung 520174 • Bharatpur 526697 • Bardibas 550552 • Bhairahawa 523930 • Bhairahawa 524290 • Birathchowk 546227 • Birathnagar 463754 • Birathnagar 536896 • Birgunj 526694 • Birgunj 529667 • Birtamode 543248 • Butwal 542725 • Chandranigahapur 540759 • Damak 581463 • Damauli 560477 • Dang 560262 • Dhangadi 417115 • Dharan 526522 • Gaidakot 502309 • Gaighat 420032 • Gaur 521109 • Golbazar 540327 • Gorkha 420660 • Gularia 420608 • Hetauda 525386 Inaruwa 561498 • Itahari 567590 • Jaleshwor 521090 • Janakpur 523644 • Kalaiya 551326 • Kapilbastu 550160 • Kawasoti 541001 • Kohalpur 540280 • Lahan 562202 Lalbandi 501628 • Mahendranagar 520745 • Malangawa 521711 Minchaya 550803 • Narayanghat 532255 • Nawalparasi 521002 • Nepalgunj 561598 • Parsa 583199 Pokhara 535444 • Pokhara 539380 • Pyuthan 460464 • Rajbiraj 523542 • Siraha 520442 • Surkhet 525196 • Surunga 551010 • Tikapur 560426 • Tulsipur 520608 • Waling 440610

विषयसूची

संविधानले जुराएको अवसर • *गोकर्ण अवस्थी* ५

स्रोत र साधनले समृद्ध छन् प्रदेश • *विष्णुप्रसाद पौडेल* ७

यसरी बन्छ समृद्ध नेपाल • *डा. युवराज खतिवडा* १३

आर्थिक विकासको आधार भू-उपयोग नीति • *गगन थापा* १७

यसरी हुँदैन विकास • *रवीन्द्र अधिकारी* २१

सीमांकन टुंग्याउन जनमतसंग्रह • *डा. रामशरण महत* २५

आर्थिक संकुचनको जोखिम • *डा. चिरञ्जीवी नेपाल* २९

संघीयता बोझिलो नबनोस् • *पशुपति मुरारका* ३३

संकटले दिएको शिक्षा • *विनोद चौधरी* ३७

पत्रकार कार्यकर्ता नबनौं • *प्रतीक प्रधान* ४१

तुलनात्मक र प्रतिस्पर्धी लाभ खोजौं • *डा. रत्नाकर अधिकारी* ४३

संघीयतामा योजना आयोगको पुन:संरचना • *प्रा.डा. पिताम्बर शर्मा* ४७

प्रादेशिक अर्थतन्त्र निर्माण : प्रक्रिया र चुनौती • *अच्युत वाग्ले* ५३

संघीय नेपालमा लगानी आकर्षण • *भरतबहादुर थापा* ५८

जलविद्युत्मा गफ होइन, अब काम • *राधेश पन्त* ६१

चीन, सार्क र नेपाल व्यापारमा बृहत् सम्भावना • *लीलामणि पौड्याल* ६४

ऊर्जा सुरक्षाको प्रश्न • *डा. अमृत नकर्मी* ६७

यस्तो हुनेछ संघीय नेपालको वित्त व्यवस्था • *डा. रुप खड्का* ७०

चुनौतीको चाङमा पुँजीबजार • *डा. रेवतबहादुर कार्की* ७८

संघीय संविधान र आर्थिक विकासका आधार • *डा. शंकर शर्मा* ८३

दरिलो नवनिर्माणद्वारा आर्थिक पुनर्जागरण • *प्रा. डा. गोविन्दराज पोखरेल* ८६

२०७२ मंसिर १५
डिसेम्बर १, २०१५

नेपाल आर्थिक पत्रकार समाज
(सेजन) द्वारा
१८ औं वार्षिकोत्सवका
अवसरमा प्रकाशित

सम्पादक
सरोज काफ्ले

सह-सम्पादक
जनार्दन बराल

सम्पादन संयोजन
मोदनाथ ढकाल

भाषा सम्पादन
इन्द्रराज आचार्य

व्यवस्थापन
सुवास पौडेल
राजन पौडेल

तस्बिर संयोजन
द्वारिका काफ्ले

आवरण
कृष्णगोपाल श्रेष्ठ

सचिवालय
नेपाल आर्थिक पत्रकार समाज
(सेजन)
अनामनगर, काठमाण्डौ
फोन नं. : ४२४२५६७
इमेल : nepal.sejon@gmail.com
वेबसाइट : www.sejon.com.np

प्रकाशित प्रति: ५०००

सज्जा तथा प्रिन्टिङ : क्रिएटिभ प्रेस प्रा.लि.
हाँडीगाउँ- ५, काठमाडौं, ४४२९०५३/५४
creativeever.press@gmail.com

सम्पादकीय

● सरोज काफ्ले

समृद्धिको विकल्प छैन

अर्थतन्त्र जटिल अवस्थामा छ । अर्थमन्त्रालय र नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेका तथ्यहरूले अर्थतन्त्र जटिल अवस्थामा रहेको पुष्टि गरिसकेका छन् । यो अवस्था कति लामो समयसम्म रहन्छ भन्ने सवाल प्रमुख हो । घोषित/अघोषित नाकाबन्दी र उद्योग व्यवसाय अझै केही महिना ठप्प भइरहने हो भने अहिलेसम्म सकारात्मक देखिएका आर्थिक सूचकहरु पनि नकारात्मक बन्ने पक्का छ । त्यस्तो अकल्पनीय अवस्था राज्यले थेग्न सक्दैन ।

राजनीतिक विषय छाड्ने हो भने वर्तमानमा हामीले भोगेको समस्या पूर्वाधारसँग जोडिएको छ । उत्तरी सीमासँग सडक पूर्वाधार बलियो नहुनु, दक्षिणतर्फ पनि एउटा नाकामा मात्रै बढी केन्द्रित हुनु, जलविद्युत् र वैकल्पिक ऊर्जाको विकास गर्न नसक्नु, पेट्रोलियम भण्डार क्षमता नबढाउनुजस्ता कारणले मुलुक नै अहिले यो संकट भोगिरहेको छ । संकटले यही क्षेत्रको विकासमा पाठ सिकायो भन्ने अनुमान गरौं । हाम्रा नीति निर्माता, राज्य संयन्त्र र राजनीतिक नेतृत्वले पूर्वाधारको महत्व बुझे र आगामी दिनमा सीमित स्वार्थबाट बाहिर निस्केर मुलुकको बृहत्तर हितमा काम गर्छन् भन्ने अपेक्षा गरौं ।

> राजनीतिक प्रणाली समृद्धिमा मात्रै टिक्छ । अहिले हामी नयाँ संविधानसहित गणतान्त्रिक संघीय संरचनामा प्रवेश गरेका छौं । संघीयतामा पनि जनताले खोज्ने भनेको विकास हो, रोजगारी हो र समृद्धि नै हो ।

पुँजी निर्माणमा खर्च हुने अर्बौं रूपैयाँ हरेक वर्ष सरकारको खातामा थन्किन्छ । यो पैसा विकासमा खर्च गरेर पुँजी निर्माण गर्नुपर्थ्यो । सरकारले सस्तो ब्याजदरमा आन्तरिक बजारमै अर्बौं रूपैयाँ जुटाउन सक्ने अवसर पनि छ । दातृनिकाय पनि पैसा दिन तयार छन् । दाताले दिन्छु भनेको पैसा लिन नसक्नु अर्को समस्या हो । यसले हाम्रो खर्च गर्न सक्ने क्षमतालाई देखाउँछ । निर्णय नै नगर्ने वा ढिला निर्णय गर्ने प्रवृत्तिबाट बाहिर ननिस्किँदासम्म यो रोग रहिरहन्छ । निर्णय गर्न सघाउनेभन्दा रोक्न खोज्ने धेरै देखिन्छन् । एउटा आयोजना निर्माण गर्न तोकिएको समयभन्दा कयौं गुणा बढी समय लागेका दृष्टान्त हाम्रासामु छन् । तोकिएको समयमै ठूला आयोजनाको निर्माण सकियो भने अनौठो मान्नुपर्ने अवस्था छ । यस्तो प्रवृत्ति हावी भइरहँदासम्म सर्वसाधारण नेपालीले दुःखमात्रै पाउँछन्, समृद्धि सपनामात्रै हुन्छ ।

राजनीतिक प्रणाली समृद्धिमा मात्रै टिक्छ । अहिले हामी नयाँ संविधानसहित गणतान्त्रिक संघीय संरचनामा प्रवेश गरेका छौं । संघीयतामा पनि जनताले खोज्ने भनेको विकास हो, रोजगारी हो र समृद्धि नै हो । राजनीति विकासको माध्यम हो । त्यसैले विकासका लागि जनताले राजनीतिक मुद्दामा सहभागिता जनाउने हो ।

हामी भर्खर अतिकम विकसित मुलुकबाट स्तरोन्नतिको पहल गर्दैछौं । स्रोत र साधनको अभावमा भन्दा पनि इच्छाशक्तिको अभावमा यो समस्या भोग्दैछौं । अब हामीसँग विकल्प छैन । आमनेपाली विकास र समृद्धिभन्दा बाहिर रहन सक्दैनन् । संसार विकास र समृद्धिको अर्कै दुनियाँमा प्रवेश गर्दा नेपाली टुलुटुलु हेरेरमात्रै बस्ने अवस्था कदापि रहनु हुँदैन । हामी भ्रम नराखौं, विकासको विकल्पै छैन । त्यसैले मुलुकको कायापलट गर्ने सुवर्ण अवसर यही पुस्तालाई प्राप्त छ । आजैबाट सुरू गरौं, समृद्धिका लागि जुटौं, नेपालीको भविष्य सुन्दर छ ।

संविधानले जुराएको अवसर

● गोकर्ण अवस्थी

समयकालमा राजनीतिका धेरै विषय मिल्दै जान्छन् । आज गलत देखिएको विषय भोली सही सावित हुन पनि सक्छ । त्यसैगरी, आज सही देखिएको विषय कालान्तरमा गलत भएका उदाहरण पनि धेरै छन् । संविधानलाई लिएर मधेसमा देखिएको असन्तुष्टि पनि सधैं यस्तै रहने होइन । दुवै पक्षले कुनै न कुनै रूपमा मिलन विन्दु निकाल्ने नै छन् ।

राजनीतिक अधिकार लिने-दिने विषयलाई लिएर दक्षिण अफ्रिकामा नेल्सन मन्डेला र बिन्नी मन्डेलाको सम्बन्धविच्छेद नै भयो । २७ वर्ष जेल बस्दा पनि सधैं साथमा रहेकी बिन्नीले गोराहरूलाई पनि अधिकार दिनुपर्ने मन्डेलाको अडानको घोर विरोध गरिन् । मुख्यत: यही विषयमा विवाद बढेपछि जेलबाट छुटेको २ वर्षमै उनीहरूले छुट्टै बस्ने निर्णय गरे । तर, पछि मन्डेलाका अन्तिम दिनहरूमा बिन्नी सधैं सँगै देखिइन् ।

समयकालमा राजनीतिका धेरै विषय मिल्दै जान्छन् । आज गलत देखिएको विषय भोली सही सावित हुन पनि सक्छ । त्यसैगरी, आज सही देखिएको विषय कालान्तरमा गलत भएका उदाहरण पनि धेरै छन् । संविधानलाई लिएर मधेसमा देखिएको असन्तुष्टि पनि सधैं यस्तै रहने होइन । दुवै पक्षले कुनै न कुनै रूपमा मिलन विन्दु निकाल्ने नै छन् ।

मुख्य कुरा पूर्ण संविधान आएको छ । अब यसलाई खारेज गर्ने भन्ने हुँदैन । त्यसले संसोधनमार्फत असन्तुष्टिहरू मिलाउँदै लैजानुपर्छ । यही बीचमा राजनीतिजस्तो सजिलो गरी अर्थतन्त्र सही बाटोमा आउन सक्दैन । अर्थतन्त्र तहसनहस भयो भने मुलुक असफल राष्ट्र बन्ने हो ।

लामो राजनीतिक संक्रमण पनि सर्वसाधारण समृद्धिको खोजीमा छन् । राजनीतिज्ञहरूले पनि भाषणमा भनेजस्तो जनताको खुसी चाहने हुन् भने संक्रमण तुरुन्तै अन्त्य गर्नुपर्छ । काम गरिखाने वातावरण बन्न सके जनता खुसी हुनेछन् ।

रोजगारीका लागि लगानी बढ्नुपर्छ । लगानी सरकारी, निजी क्षेत्र, स्वदेशी वा विदेशी जुनुसकै पनि हुनसक्छ । लगानीबाट प्रतिफल आउने सम्भावना देखिएमात्रै लगानीकर्ता आउनेछन् । सरकारसँग सीमित स्रोत हुने भएकाले निजी क्षेत्रको लगानी नै महत्वपूर्ण हो । अहिले पनि मुलुकमा भइरहेको लगानीको अवस्था हेर्ने हो भने ७० प्रतिशत निजी क्षेत्रको छ ।

लगानीका लागि संविधानले केही स्थायित्व दिएको छ । कम्तीमा कुनै पनि कम्पनीको राष्ट्रियकरण नहुने प्रतिबद्धता संविधानले गरेको छ । सम्पत्तिको अधिकार दिएको छ । सर्वसाधारणलाई छनौटको अधिकार दिएको छ । सम्पत्ति राख्न पाउने ग्यारेन्टी हुँदा निजी क्षेत्र बढीभन्दा बढी पुँजी निर्माणमा लाग्नेछ ।

पुँजी निर्माणका क्रममा उत्पादनको साधनमध्येको एक श्रमशक्तिको माग हुनेछ । जसले रोजगारीका अवसर सिर्जना गर्नेछ । उपभोक्तालाई छनौटको अधिकार भएकाले बजारमा माग बढ्नेछ । मागअनुसार उत्पादन बढ्दै जाने भएकाले बजारको अभाव हुनेछैन ।

फेरि नेपाल जनसंख्याको आधारमा संसारको ४५औं ठूलो मुलुक हो । यहीँ पनि पर्याप्त बजार छ । भारतसँग अहिले सम्बन्ध चिसिए पनि एक प्रकारको विशेष व्यापारिक सम्झौता छ । छिट्टै

सम्बन्ध सुधार भएर त्यसको कार्यान्वयन हुन्छ। नेपाल-भारत व्यापार सन्धिअनुसार रक्सी, चुरोट र कस्मेटिक्स सामानबाहेक सबै नेपाली उत्पादनले भारतीय बजारमा भन्सार नतिरी प्रवेश पाउँछन्। यो अवसर पनि हो। सन् १९९६ मा पहिलोपटक सम्झौता भएदेखिको सुरुको ५ वर्षमा भारततर्फको निर्यात सयौं गुणासम्म बढेको थियो। पछि अन्य मुलुकका सामानलाई पनि नेपाली भनेर निर्यात गर्न थालेपछि निर्यातको वृद्धिदर घट्न थालेको हो।

नयाँ परिप्रेक्षमा नयाँ ढंगबाट भारतसँगको सम्बन्ध परिभाषित गर्न सकिन्छ। गत वर्ष भारतसँग भएको ऊर्जा व्यापार सम्झौता (पीटीए) र दुई भारतीय कम्पनीसँग भएको आयोजना विकास सम्झौता (पीडीए) ले विद्युत् व्यापारलाई पनि सहज बनाइदिएको छ।

यसैबीचमा भारतले लगाएको नाकाबन्दीले व्यापार विविधीकरणको अवसर पनि जुटाइदिएको छ। अनौपचारिक रूपमा चीनले पनि भारतसँगको जस्तै स्वतन्त्र व्यापार सम्झौता (एफटीए) मा रुचि देखाएको छ। चीनले ८ हजार वस्तु नै तोकेर अतिकम विकसित मुलुकलाई दिएको सुविधाअनुसार पनि नेपाली उत्पादन निर्यात हुन सकेको छैन। त्यसैले अवसरको रूपमा छुट्टै द्विपक्षीय व्यापार सम्झौता गरिनुपर्छ। त्यसले एकैतर्फको निर्भरता घटाउनुका साथै विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा सहज पहुँच पुगेर उत्पादन वृद्धिमा सहयोग पुग्नेछ।

अन्य उत्पादन बढाउन पनि विशेष योजना ल्याउने बेला भएको छ। एनटीआईएसमार्फत छानिएका १२ वस्तु तथा सेवाको वैज्ञानिक आधार हेरिनुपर्छ। उत्पादनलाई अब प्रस्ट रूपमा आयात प्रतिस्थापन र निर्यात बढाउन सकिने गरी पहिचान गरिनुपर्छ। जस्तो कि कृषिजन्य उत्पादनमा यी दुवै थरी सम्भावना छ।

परम्परागत खेती प्रणाली सुधार गर्न सरकारको सहयोग चाहिसकेको छ। त्यसले कृषकलाई पलायन हुनबाट जोगाउनुका साथै भारतीय उत्पादनसँग प्रतिस्पर्धी पनि बनाउनेछ। अहिलेजस्तो नाकाबन्दीका बेलामा खाद्यसुरक्षाको अवस्थालाई समेत ध्यान दिएर अनुदान बढाउनुपर्छ।

व्यावसायिक खेतीको हकमा हचुवाको भरमा सहयोग पुऱ्याउने होइन। सम्बन्धित वस्तुको सम्भावना भएका क्षेत्र र जिल्लालाई लक्षित गरी सरकारी सहयोग परिचालन गरिनुपर्छ। अब बन्ने प्रदेशहरूलाई नै सम्भावनाको आधारमा विशेष पकेट क्षेत्रका रूपमा विकास गर्दै जाने रणनीति आवश्यक हुनेछ। पकेट क्षेत्रमा बजारको व्यवस्थासँगै बजारसम्मको पहुँचका लागि सडक र रोपवेमा लगानी बढाउनुपर्ने छ। यसमा निजी र सामुदायिक क्षेत्रको सहभागिता बढाउन सकिने पर्याप्त आधार छन्।

खाद्यपछि ऊर्जा सुरक्षा अर्को महत्वपूर्ण पाटो हो। पेट्रोलियम पदार्थको निर्भरताले निम्त्याउने भयावह अवस्था हामीले भोगिसकेका छौं। जलविद्युत् र सोलार निक्कै सम्भावना भएका क्षेत्र हुन्। जलविद्युत्लाई निर्यातमात्र नभई आन्तरिक खपत बढाउने गरी विकास गरिनुपर्छ।

यसमा सबैभन्दा ठूलो बाधक सरकारी संयन्त्र नै हो। यसमा प्रशासन सुधारका माध्यमबाट सुधार ल्याउन सकिनेछ। लगानी बोर्डलाई राजनीतीकरणमुक्त बनाउनुपर्छ। विद्युत् प्राधिकरणलाई ३ भागमा विभाजन गरेर काम गर्ने साहस गरिनुपर्छ। उत्पादन वितरण र प्रसारण फरक बनाएर भारतीय मोडलमा बिजुली उत्पादन गर्नु पर्नेछ। ऊर्जा मन्त्रालयले प्रभावकारी रूपमा काम गर्न सक्दैन भने त्यसको विकल्प खोजिनु पर्नेछ। कर्मचारी प्रशासनमा सुधार नभई विद्युत् विकास सम्भव छैन। कर्मचारीतन्त्रको पुनःसंरचना आवश्यक छ।

वित्तीय र प्राकृतिक स्रोत आयोगको परिकल्पना संविधानमा गरिएको छ। हुन त वित्तीय संघीयताको विषय र प्राकृतिक स्रोत एकै ठाउँमा राख्दा खोजेजस्तो कार्यनीति बन्न नसक्ने आवाजहरू पनि छन्। औद्योगीकरण र सेवा क्षेत्रमा पनि पछाडि परेको मुलुकका लागि सम्भावना भनेको प्रकृतिक स्रोतमै हो। धेरैजसो प्रान्त र केन्द्र सरकारको पनि भोलिको आम्दानीको स्रोत यिनै हुन् भन्नेमा सहमत हुन सक्ने आधार धेरै छन्। त्यसैले नाम जे भए पनि काम भने मुलुकको समृद्धितर्फ उन्मुख हुनुपर्ने भन्ने हो।

वित्तीय संघीयताका धेरै विषयलाई संविधानले समेटिसकेको छ। त्यसलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न सकिने विषयमा वित्तीय आयोगले काम गर्नुपर्नेछ। अन्तःशुल्कबाहेक अन्य स्रोतलाई बाँडिएको छैन। यसले जटिलता घटाउँदै जाने भए पनि धेरैजसो प्राप्त सुरुमा केन्द्रमै आश्रित हुनुपर्ने देखिन्छ।

पछिल्लो समयका गतिविधिले हाललाई राजस्व र अन्य धेरै स्रोत भएको मुलुकको दक्षिणी भेगले स्रोतमा बढी दाबी गरेको खण्डमा समस्या हुन सक्नेछ। जस्तो कि भारतमा महाराष्ट्रियनहरूले आफ्नो कमाइ बिहारलगायत उत्तर-पूर्वी क्षेत्रमा वितरण गरिएकोमा विरोध जनाउने गरेका छन्। यसको छिनोफानो पहिले नै गरिनुपर्छ।

किनभने संघीय मुलुकहरूमा आयकर, मूल्य अभिवृद्धिकर, भन्सार महसुल केन्द्रले नै उठाउने हो। वीरगन्ज, विराटनगरजस्ता नाका भएको प्रदेशले भोलि भन्सार आयमा आफ्नो स्वामित्व खोज्ने विषयको निरुपण गरिनुपर्नेछ। वित्तीय आयोगलाई पनि पुनर्निर्माण प्राधिकरणजस्तै राजनीतिक भागबण्डाको सिकार बनाइयो भने काम हुन सक्ने छैन।

अर्को महत्वपूर्ण विषय भूकम्पपछिको पुनर्निर्माण हो। पुनर्निर्माणलाई नवनिर्माण बनाउन सक्ने आधार अझै गुमिसकेको छैन। सरकार, राजनीतिक दल र कर्मचारीतन्त्रमात्रै निकम्मा देखिएको हो। जनतामा अझै उत्साह मरिसकेको छैन। उदाहरणका लागि ललितपुरको पलाँछेलाई हेरौं। ७५ वर्षका वृद्धदेखि युवासम्म आफ्नो गाउँ पहिलेभन्दा सुन्दर बनाउन लागिपरेका छन्।

जनताको सम्पन्न बन्न चाहने सपनालाई राजनीतिले सम्बोधन गर्न नसकेको मात्र हो। राजनीति सुध्रेन भने समाजिक भ्रष्टीकरण बढ्दै जाने खतरा पनि छ। सीमित व्यक्तिको हातमा स्रोत थुप्रिँदै जाँदा समाज भ्रष्ट बन्दै जाने हो। नाकाबन्दीको समयमा यस्तै भइरहेको छ। दैनिक २ सय रुपैयाँमात्रै कमाउन सक्ने झन्डै डेढ करोड जनता स्रोत केन्द्रीकृत हुँदै गए जोखिममा पर्ने खतरा छ। यो समूह भनेको यस्तो हो, जसले दैनिक वा निश्चित अवधिमा आयआर्जनको अवसर पाएनन् भने सजिलै गरिबीको रेखामुनि झर्ने खतरा छ। अहिले पनि लगानी नगरी प्रतिफल र श्रम नगरी ज्याला लिन खोज्ने जमात बढ्दै गएको छ। यो नै समाज भ्रष्टीकरण हुँदै गएको उदाहरण हो।

हामी एकपछि अर्को गरी चुक्दै गयौं भने टिक्ने आधार पनि नरहन सक्ने खतरा छ तर सम्हालिन सक्ने आधार प्रशस्त छन्। नयाँ संविधानले मुलुकलाई सही बाटोमा ल्याउने अवसर पनि दिएको छ।

(अवस्थी नेपाल आर्थिक पत्रकार समाज (सेजन) का अध्यक्ष हुन्।) ●

अर्को महत्वपूर्ण विषय भूकम्पपछिको पुनर्निर्माण हो। पुनर्निर्माणलाई नवनिर्माण बनाउन सक्ने आधार अझै गुमिसकेको छैन। सरकार, राजनीतिक दल र कर्मचारीतन्त्रमात्रै निकम्मा देखिएको हो। जनतामा अझै उत्साह मरिसकेको छैन। उदाहरणका लागि ललितपुरको पलाँछेलाई हेरौं। ७५ वर्षका वृद्धदेखि युवासम्म आफ्नो गाउँ पहिलेभन्दा सुन्दर बनाउन लागिपरेका छन्।

स्रोत र साधनले समृद्ध छन् प्रदेश

● विष्णुप्रसाद पौडेल

संघीयताको कार्यान्वयनमार्फत राष्ट्र सबल र शक्तिशाली रूपमा उभिन सकोस् भन्ने मुख्य ध्येय हो । मुलुकको अर्थतन्त्र दह्रो जगमा उभिन सकोस्, यसले सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउन सकोस् भनेर सोही अनुसारको संघीयताको ढाँचालाई रोजेका छौं ।

नेपालको अर्थतन्त्रले अहिले ठूलो चुनौती सामना गरिरहेको छ । ८० वर्षको अन्तरालमा महाविनाशकारी भूकम्प आयो । भूकम्पले पुऱ्याएको क्षतिबाट उठ्न नपाउँदै तराई/मधेसको आन्दोलन र दक्षिणतर्फका नाकामा भएको अघोषित नाकाबन्दीले आपूर्ति व्यवस्थामा अवरोध सिर्जना भयो ।

भूकम्प र अघोषित नाकाबन्दीले नेपालको अर्थतन्त्र नराम्ररी प्रभावित भयो । अर्थात् अर्थतन्त्रका हरेक पक्षलाई गम्भीर क्षति पुऱ्याएको छ । नयाँ संविधान जारी भएपछि एक हदसम्म राजनीतिक संक्रमण व्यवस्थापन भएको थियो ।

राजनीतिक संक्रमण व्यवस्थापन भएपछि आर्थिक समृद्धितर्फ केन्द्रित हुन पाउनुपर्थ्यो । संविधानसभाले संविधान बनाइसकेपछि राजनीतिक विवाद अन्त्य गर्दै आर्थिक समृद्धिका लागि अगाडि बढ्ने अवसर पनि जुटेको थियो । तर, यसबीचमा तराई/मधेसमा उत्पन्न असन्तुष्टिका स्वर र यससँगै गाँसिएर सुरु भएको आपूर्ति व्यवस्थापनका असहजताले आर्थिक समृद्धितर्फ बढ्न अवरोध पुगेको छ ।

भूकम्प र तराई/मधेसको असहमति, विरोध तथा अघोषित नाकाबन्दी दुईवटा गैरआर्थिक कारणले अर्थतन्त्रमा गम्भीर क्षति पुऱ्याएको छ । यो क्षतिबाट माथि उठ्दै संविधानद्वारा निर्देशित र निर्धारित दिशामा अर्थतन्त्रलाई अगाडि बढाउन सरकार कटिबद्ध छ । बन्दहड्ताल र आपूर्ति व्यवस्थामा भइरहेको निरन्तर अवरोधका कारण व्यापार-व्यवसायसँगै समग्र राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक असर परिरहेको छ । आर्थिक वृद्धिदरको लक्ष्य ६ प्रतिशत रहेकोमा २ प्रतिशतमात्रै हासिल हुने सम्भावना छ । यो संकट लम्बियो भने योभन्दा पनि तल झर्न सक्छ ।

यसबाट न्यून आर्थिक वृद्धि, उच्च मूल्यवृद्धि, बेरोजगारी, सार्वजनिक तथा निजी लगानी निरुत्साहित हुनेजस्ता समस्या थपिएका छन् । उद्योगधन्दा बन्द हुने, व्यापारमा असन्तुलन बढ्ने र वित्त संरचना कमजोर हुनेजस्ता समस्या बढ्दै गएका छन् । भूकम्पबाट क्षतिग्रस्त भएको जनजीवनलाई पुनर्जीवन दिनुका साथै भौतिक पूर्वाधारको पुनर्निर्माण र नवनिर्माणको चुनौती अझै पनि कायम छ । लगानी वृद्धि, रोजगारी सिर्जना, उद्योग क्षेत्रको विकासका साथै आयआर्जनका माध्यमबाट दिगो र उदार आर्थिक विकास हासिल गर्न सरकार कटिबद्ध छ ।

यद्यपि, अहिले भोग्नुपरेका समस्याका कारण यी लक्ष्य पूरा नहुने हुन् कि भन्ने आशंका बढ्नु स्वाभाविक हो । अहिले देखापरेका परिदृष्य अस्थायी प्रकृतिका हुन् भन्ने मेरो ठम्याइ छ । हाम्रो राजनीति र अर्थतन्त्रमा देखापरेका अस्थायी प्रकृतिका परिदृष्यलाई समाधान गर्दै अगाडि बढ्न सक्छौं भन्नेमा विश्वस्त छु ।

संविधानले सबल, स्वाधीन र गतिशील अर्थतन्त्रको परिकल्पना गरेको छ । हामी संविधानले परिकल्पना गरेको अर्थतन्त्रको पक्षमा प्रतिबद्ध छौं । र, अर्थतन्त्रका समग्र सूचकलाई अनुकूलतामा बदल्दै हामी अन्तिम गन्तव्य समाजवादसम्म पुग्नु छ । संविधानले परिकल्पना र निर्देशित गरेको पनि यही नै हो । अबको चासो र प्राथमिकता पनि उच्चदरको आर्थिक वृद्धि र उन्नति नै हो ।

नेपाललाई सन् २०२२ सम्म विकासशील मुलुकमा स्तरोन्नति गर्ने र सन् २०३० सम्म मध्यम आय भएको मुलुकका रूपमा स्थापित गर्ने लक्ष्यसहित हाम्रा कार्यक्रम अगाडि बढाउनुपर्छ । संविधान जारी भएपछि हाम्रो ध्यान विकास र आर्थिक समृद्धितर्फ केन्द्रित भएको छ । संविधान जारी भएसँगै धेरै राजनीतिक समस्या समाधान भएका छन् । राजनीतिक वृत्तमा केही मतभेद कायम रहे पनि त्यसलाई समाधान गर्दै आर्थिक विकास र समृद्धिमा पुग्छौं भन्ने विश्वास हामीलाई छ । यसका लागि आर्थिक विकासका सम्भावनालाई पहिल्याउन र विस्तार गर्न जरुरी छ ।

हाम्रो अर्थतन्त्रको अहिलेको मुख्य चुनौती ऊर्जा संकट हो । ऊर्जा संकट समाधानका लागि अवलम्बन गर्नुपर्ने हरेक उपाय खोजी गरी समस्यामुक्त हुन चाहन्छौं । ऊर्जा संकटको सामाधानका लागि केन्द्रित हुनुपर्ने अवस्था छ । ऊर्जा संकटको समाधन अहिलेको सर्वाधिक चासोको विषय हो । ऊर्जा संकट समाधानमा हाम्रो ध्यान केन्द्रित गर्न चाहन्छौं । यसका लागि जलाशयुक्त जलविद्युत् आयोजना र विद्युत प्रसारण-लाइन निर्माण उच्च प्राथमिकतामा अगाडि बढाउन गइरहेका छौं । संकट समाधानका लागि वैकल्पिक ऊर्जाका अन्य स्रोत पनि परिचालन गर्न गइरहेका छौं । जबसम्म ऊर्जा संकट समाधान हुँदैन मुलुकले आर्थिक विकास र समृद्धिमा फड्को मार्न सक्दैन ।

हाम्रो अर्थतन्त्रको प्रमुख क्षेत्र कृषि, उद्योग र सेवा क्षेत्र हो । तर, अहिले गैरआर्थिक कारणले तीनवटै क्षेत्र प्रभावित भएका छन् । एक समयमा कृषिमा आत्मनिर्भर थियौं । खाद्यान्य निर्यात गर्न सक्ने अवस्थामा थियौं । तर, अहिले अवस्था फेरिएको छ । कृषिप्रधान मुलुक भन्ने तर चामललगायतका खाद्यान्य पनि आन्तरिक उत्पादनले नपुगेर आयत गर्नुपर्ने स्थितिमा छौं । खाद्यवस्तुमा आत्मनिर्भर बन्नुपर्ने अवस्था छ । खेतीयोग्य जमिन बाँझो छोड्ने प्रवृत्ति बढ्दै गएको छ । यसलाई निरुत्साहित गर्दै क्रमिक रूपमा खेतीयोग्य भूमिलाई अधिकतम प्रयोगमार्फत खाद्यान्नमा आत्मनिर्भर बन्न चाहन्छौं । यसका लागि सरकारले केही कार्यक्रम घोषणा पनि गरिसकेको छ । यस किसिमले अर्थतन्त्रलाई गतिशील बनाउँदै समाजवादको

रिफ्रेश हुँदै...
फेरि उठ्दै...
फेरि उठ्ने छ
नेपाल
Coca-Cola
Coca-Cola

ऊर्जा संकटको सामाधन अहिलेको सर्वाधिक चासोको विषय हो । ऊर्जा संकट समाधानमा हाम्रो ध्यान केन्द्रित गर्न चाहन्छौं । यसका लागि जलाशययुक्त जलविद्युत् आयोजना एवं विद्युत् प्रसारण-लाइन निर्माण उच्च प्राथमिकतामा अगाडि बढाउन गइरहेका छौं । संकट समाधानका लागि वैकल्पिक ऊर्जाका अन्य स्रोत पनि परिचालन गर्न गइरहेका छौं । जबसम्म ऊर्जा संकट समाधान हुँदैन मुलुकले आर्थिक विकास र समृद्धिमा फड्कको मार्न सक्दैन ।

दिशामा जाने हो। संविधान बनिसकेपछि त्यसको कार्यान्वयनमा लाग्न पाउनुपर्थ्यो तर त्यसो हुन सकेन । विवाद, विरोध र असहमति प्रकट भएका छन् । संघीयतामा सचेतन ढंगले जाने निर्णय गरेका हौं । भुलभुलैयामा परेर र भड्किएर मुलुकलाई संघीय संरचनामा लैजाने निर्णय गरिएको होइन । संघीयताको सही र सफल प्रयोग गर्ने चुनौती हाम्रो सामुन्नेमा छ ।

संघीयताको कार्यान्वयनमार्फत राष्ट्र सबल र शक्तिशाली रूपमा उभिन सकोस् भन्ने मुख्य ध्येय हो । मुलुकको अर्थतन्त्र दह्रो जगमा उभिन सकोस्, यसले सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई बलियो बनाउन सकोस् भनेर सोही अनुसारको संघीयताको ढाँचालाई रोजेका छौं ।

संविधानले ७ प्रदेशसहितको संघीयतामा जाने व्यवस्था गरेको छ । प्रदेशका अधिकार र कर्तव्य निर्धारण गरिएका छन् । संघीयतामा जाने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न धेरै कानुनी प्रबन्ध गर्नुपर्ने अवस्था छ । नयाँ कानुन बनाउनुपर्ने अवस्था छ । विद्यमान कानुनलाई पनि संसोधन गर्नु छ । संविधानमा लिपिबद्ध गरिएका आर्थिक व्यवस्थालाई कार्यान्वयन गर्न पनि थुप्रै कानुन निर्माण गर्नुपर्ने छ । संविधानले प्रदेशलाई दिएका अधिकार कार्यान्वयन गरी प्रदेशिक संरचनाको हैसियतामा अगाडि बढ्नुपर्ने आवश्यकता छ । यो पाटोमा पनि सरकारले गम्भीरताका साथ ध्यान दिइरहेको छ ।

हाम्रो संविधानले आर्थिक विस्तार र ठूलोमात्रामा खर्चको माग गरेको छ । संविधान कार्यान्वयनको सिलसिलामा पर्याप्त लगानीको आवश्यकता छ । कर प्रणालीलाई आधुनिक र करदातामैत्री बनाउनुका साथै बढ्दो आयात विस्थापित गर्न, निर्यात प्रवर्द्धन गर्न, कर चुहावट हटाएर यसको छविलाई स्वच्छ राख्न, आर्थिक कार्यप्रणालीको कार्यान्वयन गर्दा देखापर्ने राष्ट्रका अंगको पूर्ति गर्न र राजस्व परिचालनका लागि आवश्यक नीतिगत व्यवस्था गर्न सरकार लागिरहेको छ । हामीले अहिले तय गरेका अधिकांश प्रदेश प्राकृतिक स्रोत र साधनले धनी छन् । हरेकका फरक-फरक विशेषता छन् । कुनै प्रदेश जलस्रोतमा, कुनै कृषि उत्पादन त कुनै पर्यटन वाणिज्यको उपयोगमा प्रमुख हुन सक्छन् । फरक-फरक विशेषता भएका प्रदेश कुन-कुन ढंगले आर्थिक समृद्धतर्फ अगाडि बढ्न सक्छन् भन्ने प्रश्नमा आफूसँग भएको स्रोतलाई आधार मानेर निर्क्यौल हुन सक्ने अवस्था छ । जस्तो प्रदेश नम्बर ६ मा जलस्रोत र जडिबुटीको प्रचुर भण्डारण छ । जलस्रोत र जडिबुटीको सदुपयोग गरी त्यो प्रदेश समृद्ध हुन सक्छ ।

प्रदेश नम्बर ५ मा विश्वसम्पदामा सूचीकृत ऐतिहासिक धरोहर लुम्बिनी क्षेत्र छ । लुम्बिनीलाई पर्यटकीय क्षेत्रको रूपमा अगाडि बढाउन सकिन्छ । यसरी नै हरेक प्रदेश आफूसँग भएको स्रोत र साधनको अधिकतम प्रयोग गरी आर्थिक समृद्धितर्फ अगाडि बढ्न सक्छन् । संघीय संरचनामा प्रवेश गरिसकेको अवस्थामा सोही अनुसारका भौतिक संरचनाको निर्माणका लागि सरकारले ठूलो रकम परिचालन गर्नुपर्ने अवस्था छ ।

लक्षित आर्थिक वृद्धिदर हासिल गर्नु, उत्पादकत्व बढाउनु तथा मूल्यवृद्धिलाई वाञ्छित सीमाभित्र राख्नु अर्थतन्त्रका अहिले देखिएका मुख्य चुनौती हुन् । आकस्मिक समस्याले अर्थतन्त्रलाई असर पार्छ नै तर यसलाई दीर्घकालीन रूपमा असर पार्न नदिन धेरै कदमहरू चाल्नुपर्ने छ । अर्थतन्त्रका कृषि, उद्योग र सेवाक्षेत्रलाई चलायमान र गतिशील बनाउँदै अगाडि बढ्न जरुरी छ । यसका लागि सरकारले प्रयास गरिरहेको छ ।

(पौडेल नेपाल सरकारका अर्थमन्त्री हुन् ।) •

www.facebook.com/everestbankltd

As we celebrate

21 Years of Banking

We are forever grateful to our loyal customers
who have chosen us in every step of the way.
We promise to be at your service and stay forever committed .

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with **punjab national bank**, India)

Consistent, Strong & Dependable


म गौरव महशुस गर्दछु
जब मेरो बैंकले मलाई पर्खिँदैन
लक्ष्मी बैंकको सम्मान बचत खातासँगै पाउनुहोस् लाइनमा कहिल्यै कुर्नु नपर्ने खुशी।
तपाईं जति बेला आए पनि काउन्टरमा प्राथमिकता तपाईंले नै पाउनुहुनेछ।
विशेषताहरु:
न्यूनतम् उमेर : ५० वर्ष
न्यूनतम् ब्यालेन्स : रु. ५०००
ग्रीन प्याकेज : रु. २५० वार्षिक
(iBank, VISA Card, Mobile Money & More.)
सम्मान बचत खाता
www.laxmibank.com
सबल आधुनिक उत्तरदायी
लक्ष्मी बैंक

CG

वाइ वाइ

जति Tasty त्यति नै Healthy

यसरी बन्छ समृद्ध नेपाल

● डा. युवराज खतिवडा

नेपालको असंलग्न परराष्ट्र नीति, विश्वशान्तिमा पुऱ्याएको योगदान, संयुक्त राष्ट्रसंघमा नेपालको भूमिका र नेपालको विशिष्ट भौगोलिक अवस्थितिका कारण ठूला मुलुकहरूको चासोको केन्द्रमा रहनु तथा अल्पविकसित मुलुकहरूको विकासमा अन्तर्राष्ट्रिय समुदायले थप चासो देखाउनुजस्ता कारणले नेपालले आर्थिक विकास र समृद्धिका लागि ठूलो अन्तर्राष्ट्रिय सहयोग पाउने अवस्था छ । त्यसलाई उपयोग गर्ने क्षमता भने बढाउनैपर्ने हुन्छ ।

केही समययता हामी आर्थिक विकास वा आर्थिक वृद्धि जस्ता विषयबाट पर आर्थिक समृद्धिका कुरा गर्न थालेका छौं । आर्थिक वृद्धिले आर्थिक विकास र गरिबी निवारणमा पक्कै सहयोग पुऱ्याउँछ तर यो आफैंमा जनताको समृद्धिको पूर्ण सर्त नहुन सक्छ । त्यसैले आर्थिक वृद्धि आवश्यक भए पनि त्यसलाई आर्थिक समृद्धिको बलियो आधार बनाउन राज्यको सामाजिक, आर्थिक व्यवस्थापन प्रभावकारी हुनुपर्छ भन्ने तर्क प्रबल रूपमा अघि आएको हो । यसको सोझो अर्थ हो- उच्च कुल गार्हस्थ्य उत्पादन वा कुल राष्ट्रिय उत्पादन समृद्धिको पूर्ण परिसूचक होइन र समृद्धिलाई प्रतिविम्बत गर्न अरू परिसूचकहरूको विकास र विश्लेषण जरुरी छ । अर्थात् उच्च आर्थिक वृद्धि वा उच्च प्रतिव्यक्ति आयमात्र समृद्धिका परिसूचक होइनन्, धेरै गैरआर्थिक विषयहरू समृद्धिभित्र समेटिनुपर्छ ।

केही अर्थशास्त्रीले विकास गरेको समृद्धिको सूचकांकले नौवटा उपसूचकांकका आधारमा समृद्धिको तुलनात्मक स्तर मापन गर्ने प्रयास गरेको देखिन्छ । यी नौ सूचकांकमध्ये बलियो आर्थिक आधार, उद्यमशीलताको विकास र अन्वेषणमार्फत् आर्थिक वृद्धि, गुणस्तरयुक्त र सर्वसुलभ शिक्षाका माध्यमबाट मानव विकास, पारदर्शी तथा जवाफदेही शासकीय प्रणालीको विकासमार्फत आर्थिक वृद्धिको प्रवर्द्धनसम्बन्धी उपसूचकांकहरूले आर्थिक वृद्धि र प्रतिव्यक्ति आयमा वृद्धिमार्फत समृद्धितर्फ लैजान योगदान गर्छन् । अन्य उपसूचकांकहरू कानुनी राज्य र उत्पादक नागरिक प्रवर्द्धन गर्ने, सुशासन, स्वस्थ जनशक्ति तयार गर्ने स्वास्थ्य सेवा, स्वतन्त्र रूपमा व्यवसाय गर्न पाउने अधिकारको प्रत्याभूति, व्यक्तिलाई सुरक्षित रूपमा काम गर्न तथा बाँच्न पाउने अवस्थाको विकास र समुदायमा विश्वास र सहकार्यमार्फत सामाजिक पुँजी प्रवर्द्धन गर्ने कार्यले जीवनको गुणस्तर, नागरिक सन्तुष्टि र सुखको अनुभूति गर्ने अवस्थामार्फत समृद्धिको संकेत गर्छन् । समग्रमा, प्रतिव्यक्ति आय उच्च हुनु समृद्धिको एउटा परिसूचक हो भने गुणस्तर युक्त मानव जीवनलाई प्रभाव पार्ने शिक्षा, स्वास्थ्य, सामाजिक सम्बन्ध तथा व्यक्तिगत स्वतन्त्रता र खुसी समृद्धिका अरू गैरआर्थिक परिसूचक हुन् । त्यसैले हामीले समृद्धिको कुरा गर्दा आर्थिक विषयमा मात्र केन्द्रित हुन मिल्दैन भने आर्थिक विषयभित्र पनि प्रतिव्यक्ति आयको वृद्धि वा स्तर आफैंले समृद्धिको प्रतिनिधित्व गर्दैन भन्ने बुझ्नु जरुरी छ ।

आयवृद्धि र समृद्धिको सम्बन्ध

मुलुकको कुल राष्ट्रिय आय बढ्दा प्रतिव्यक्ति आय पनि बढ्छ तर आय बढ्ने आधारको विश्लेषण र आयको वितरण नहेरी त्यसले समृद्धि ल्याउँछ भन्न सकिने अवस्था रहँदैन । उदाहरणका लागि वातावरणलाई अधिक दोहन गरेर, प्राकृतिक साधन स्रोत मासेर, भावी पुस्तालाई छोड्नुपर्ने प्राकृतिक स्रोत अहिलेकै पुस्ताले सिध्याएर वा भोलिको पुस्तालाई प्रदूषण र अस्वस्थकर वातावरणमा बस्ने तुल्याएर बढाइएको उत्पादन र त्यसबाट बढेको प्रतिव्यक्ति आय दिगो विकास र समृद्धिको हिसाबले कदापि उपयुक्त होइन ।

त्यस्तै बढेको राष्ट्रिय आयको ठूलो हिस्सा सरकारले करमार्फत् आफैसँग राख्ने र सबै नागरिकको हितमा वा पुँजी निर्माणमा खर्च नगर्ने, सार्वजनिक संस्थाले कमाएको आय श्रमिकको हितमा कम र पुँजी लगानीकर्ताको हितमा अत्यधिक उपयोग गर्ने, निजी व्यवसायहरूमा पुँजी, प्रविधि वा उद्यमशीलताको दृष्टिकोणले सबैको पहुँच नपुग्ने र बजारको लाभको अवसर सीमित व्यक्तिले मात्र पाउने, पुँजीप्रधान उत्पादन प्रविधिले राष्ट्रिय आय त बढ्ने तर बेरोजगारी पनि बढेर ठूलो जनसंख्या आयआर्जनको अवसरबाट वञ्चित हुने तथा अन्यायपूर्ण श्रम सम्बन्धको कारण श्रमशोषणको अवस्था कायम रहने हो भने राष्ट्रिय तथा प्रतिव्यक्ति आयमा वृद्धि र समृद्धि फरक विषय हुन जान्छन् । त्यसैले आयको वितरणलाई विश्लेषण नगरी प्रतिव्यक्ति आयवृद्धिलाई समृद्धिको परिसूचक मान्न सकिँदैन ।

अहिलेकै जस्तो १० प्रतिशत व्यक्तिको हकमा मुलुकको कुल आयको ४० प्रतिशत आय केन्द्रित रहने हो भने नेपालमा प्रतिव्यक्ति आयवृद्धिलाई समृद्धिको परिसूचक मान्नु गलत हुनेछ । त्यसैले आर्थिक परिसूचकहरूलाई समृद्धिको दृष्टिकोणले हेर्दा वातावरण र समाजलाई प्रदूषित नगरी, भावी पुस्तालाई अन्याय नगरी, उत्पादनका सबै साधनलाई उत्पादनको न्योचित वितरण गर्ने गरी, श्रम उपयोग बढाउँदै श्रमको शोषण हुन नदिने गरी आय बढाउनुपर्छ । वृद्धि भएको आयको ठूलो हिस्सा सीमित वर्गमा केन्द्रित हुने परिपाटीको अन्त्य गर्दै तल्लो आयवर्गको कुल राष्ट्रिय आयमा हिस्सा वा अंश क्रमशः बढ्ने गरी, सरकारले लिएको करको समन्यायिक वितरण हुने गरी तथा निजी क्षेत्रले गरेको व्यवसाय सामाजिक रूपमा उत्तरदायी हुने गरी सिर्जना भएको राष्ट्रिय आय र प्रतिव्यक्ति आयमात्र समृद्धिको स्वस्थ परिसूचक हुनेमा दुईमत नहोला ।

नेपालको समृद्धिको आधार र सम्भावना

नेपालको सांस्कृतिक, सामाजिक, भौगोलिक र जैविक विविधता, जनसंख्यामा युवापुस्ताको बाहुल्य र श्रमशक्ति, शिक्षा तथा स्वास्थ्य र पानी तथा सरसफाइमा भइरहेको सुधारबाट सिर्जना हुन थालेको दक्ष र स्वास्थ्य जनशक्ति, अत्यन्त ठूलो मध्यमवर्गीय उपभोक्ता भएका दुई छिमकीहरूसँगको आर्थिक सम्बन्ध र अन्तर्राष्ट्रिय जगतको नेपालको

संयोगले नेपाल अहिले जनसांख्यिक लाभांश (डेमोग्राफिक डिभिडेन्ड) पाउने अवस्थामा छ । यो अवसर अर्को २५ देखि ३० वर्ष सम्ममात्र कायम रहनेछ । यो बेला हाम्रो श्रमशक्तिको अधिकतम परिचालन गर्नुपर्छ तर हाल प्रत्येक तीन युवामध्ये एक प्रकारान्तरता बेरोजगार रहेको अवस्थामा श्रममा प्राप्त यो अवसर उपयोग गर्नचाहिँ चुनौतीपूर्ण छ ।

विकासप्रतिको सद्भाव एवं सहयोग नेपालको समृद्धिका आधार हुन् ।

भौगोलिक विविधताले हामीलाई सबै प्रकारको जलवायुमा उत्पादन हुने बाली, वनस्पति र पशुधनको विकासको अवसर दिएको छ भने यसकै कारण हिमाली शृंखलाको हिमस्रोतदेखि तराई क्षेत्रको समथर भूमि, जलस्रोतको बहुपक्षीय वा बहुद्देश्यीय उपयोग गरी राष्ट्रिय आय बढाउने आधार बनेको छ। स्वच्छ पानीदेखि जलविद्युत्, सिँचाइ, जल यातायात र पर्यटकीय गतिविधिसमेत बढाउन सहयोगी हुने हिमाली क्षेत्र जैविक विविधताका कारण अन्य आर्थिक क्रियाकलापको पनि आकर्षक स्थल हो । त्यस्तै, पहाड र तराईको भौगोलिक अवस्थिति अन्तरनिर्भरता बढाउनमात्र होइन, एकले अर्को क्षेत्रको समृद्धिमा टेवा पुऱ्याउन पनि सहयोगी छन् । सामाजिक र सांस्कृतिक विविधता हाम्रो पर्यटकीय विकासका लागि जग बनेका छन् भने लुम्बिनी, जनकपुर, पशुपतिनाथ जस्ता तीर्थस्थल विश्वका अर्बौं बौद्ध तथा हिन्दू धर्मावलम्बीका लागि दर्शनीय स्थल रहन सकेका छन् ।

देशको कुल जनसंख्याको ५७ प्रतिशत व्यक्ति १५ देखि ५९ वर्ष समूहमा छन्, जुन श्रमशक्तिको दृष्टिले निकै महत्वपूर्ण हो । जनसंख्या वृद्धिदर नकारात्मक भएका, वृद्ध जनसंख्या अत्यन्त उच्च अनुपातमा भएका वा नाबालकहरू अत्यन्त धेरै भएका मुलुकमा आर्थिक विकासको चुनौती भनेको श्रम उपलब्धता र त्यसको उत्पादकत्व मुख्य विषय बनेको छ । संयोगले नेपाल अहिले जनसांख्यिक लाभांश (डेमोग्राफिक डिभिडेन्ड) पाउने अवस्थामा छ । यो अवसर अर्को २५ देखि ३० वर्ष सम्ममात्र कायम रहनेछ । यो बेला हाम्रो श्रमशक्तिको अधिकतम परिचालन गर्नुपर्छ तर हाल प्रत्येक तीन युवामध्ये एक प्रकारान्तरता बेरोजगार रहेको अवस्थामा श्रममा प्राप्त यो अवसर उपयोग गर्नचाहिँ चुनौतीपूर्ण छ ।

छिमेकी मुलुक भारतमा वार्षिक औसत ८ प्रतिशतका दरले आर्थिक वृद्धि हुँदैछ र मध्यमवर्गीय व्यक्तिहरू करिब १० करोड पुगिसकेका छन् । सन् २०२० सम्ममा यो जनसंख्या २० करोड र २०३० सम्ममा ४८ करोड पुग्ने अनुमान छ, जुन अमेरिकी कुल जनसंख्याभन्दा बढी हो । उनीहरूको उपभोग (वस्तु र सेवा) को माग पूरा गर्ने उत्पादन प्रणाली विकास गर्न सक्दा नेपालको आर्थिक वृद्धि दोहोरो अंकमा सजिलै पुऱ्याउन सकिन्छ । अर्कोतर्फ चीनको उच्च आर्थिक वृद्धि, चिनियाँहरूको बढ्दो उपयोग र पर्यटकीय अभिरुचि समेतलाई ध्यानमा राख्दा हाम्रा लागि चीन पनि समृद्धिको आधारमा सजिलै बन्न सक्नेछ । हाल चीनको मध्यमवर्गीय व्यक्तिहरूको संख्या २५ करोड पुगेको छ भने अर्को ५ वर्षमा यो ५० करोड पुग्ने तथा सन् २०३० सम्ममा त १ अर्ब नै पुग्ने अनुमान छ ।

नेपालको असंलग्न परराष्ट्र नीति, विश्वशान्तिमा पुऱ्याएको योगदान, संयुक्त राष्ट्रसंघमा नेपालको भूमिका र नेपालको विशिष्ट भौगोलिक अवस्थितिका कारण ठूला मुलुकहरूको चासोको केन्द्रमा रहनु तथा अल्पविकसित मुलुकहरूको विकासमा अन्तर्राष्ट्रिय समुदायले थप चासो देखाउनुजस्ता कारणले नेपालले आर्थिक विकास र समृद्धिका लागि ठूलो अन्तर्राष्ट्रिय सहयोग पाउने अवस्था छ । त्यसलाई उपयोग गर्ने क्षमता भने बढाउनैपर्ने हुन्छ ।

आज उच्चशिक्षा (एसएलसीमाथि) हासिल गर्नेहरू कुल जनसंख्याको १० प्रतिशत नाघेको छ । महिलाको हकमा पनि यो अनुपात झन्डै ९ प्रतिशत पुगेको छ । औसत आयु २० वर्षमा २० प्रतिशतले नै बढेको छ । स्वास्थ्य सेवामा पहुँच बढेको छ, कुपोषण घट्दैछ र कतिपय परम्परागत रोगहरू निवारण भइरहेका छन् । स्वास्थ्य सेवाप्रदायकहरू बढ्दै छन् र बाल तथा मातृ मृत्युदर घट्दै छन् । यी सबैबाट मुलुकमा स्वस्थ र शिक्षित जनशक्ति बढ्दै गएको प्रस्ट हुन्छ र ज्ञान तथा सीपमा आधारित आर्थिक वृद्धि र समृद्धितर्फ लैजान सहज हुँदै गएको छ ।

नेपाल नयाँ संविधान घोषणासँगै संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ, जसले मौलिक हकको माध्यमबाट समृद्धिको जग बसाल्न सहयोग पुग्नेछ । प्रतिस्पर्धी र जनताप्रति बढी उत्तरदायी प्रदेशहरूको संख्याले स्थानीय साधन, स्रोत र अवसरको बढी उपयोग हुने, सेवा प्रवाहकर्ता र सेवाग्राहीबीचको दूरी घट्ने र जनताको सहभागितामा अर्थपूर्ण विकास कार्य अघि बढ्ने अवसर प्राप्त हुन सक्नेछ । तर, यो अवसर स्वतः भने आउने छैन, यसका लागि उपयुक्त कानुन निर्माण, संस्थाहरूको विकास र नेतृत्व क्षमता वृद्धि पूर्वसर्तहरू हुनेछन् । संघीयताले ल्याएको समृद्धिको अवसरको लाभ लिन सकिएन भने आर्थिक विकास पनि पछि पर्नेछ भने समावेशितामा आधारित समृद्धितर्फको यात्रा पनि सफल हुने छैन ।

(खतिवडा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष हुन् ।)

स्वाद उही मात्र प्रविधि नयाँ
१००% शुद्ध र १००% पौष्टिक
सीता राम
शुद्ध घ्यू
KEDIA ORGANISATION
काठमाडौं उपत्यका, आधिकारिक बिक्रेता :
श्री रानीसती ट्रेडर्स, कुलेश्वर, सम्पर्क : राजिव सिंह, मो. नं: ९८४१३३२५८३
बुटवल : आधिकारिक बिक्रेता:
न्यौपाने ट्रेडर्स सेन्टर, मिलन चोक, बुटवल, सम्पर्क फोन : ०७१-५४३४३२

सन्राइज

सुरक्षित घरकर्जा

कर्जा, बीमा तथा बोनस

विशेषताहरू:

- ऋणीको सावधिक जीवन बीमा ।
- बीमा अवधि समाप्ति पछि एकमुष्ट बोनस भुक्तानी गरिने ।
- रू. ५ लाख देखि १ करोडसम्मको कर्जा ।
- १० देखि २० वर्ष सम्मको कर्जा अवधि ।

सन्राइज बैंक लिमिटेड

SUNRISE BANK LIMITED

RISING TO SERVE

www.sunrisebank.com.np

Like us at / sunrise bank limited

आर्थिक विकासको आधार भू-उपयोग नीति

● गगन थापा

उदार तथा बजारमुखी अर्थतन्त्रमा भूमिको बजार सम्पूर्ण रूपमा प्रतिस्पर्धी रहँदैन । भूमि दुर्लभ संसाधन भए पनि यसको विनियोजन बजारले आंशिक रूपमा मात्र गर्छ । यसकारण भूमिसम्बन्धी 'पब्लिक गुड्स' बजारले उपलब्ध अथवा विनियोजन गर्न असक्षम रहन्छ ।

ऐतिहासिक रूपमा हेर्दा भू-उपयोग योजनाको प्रारम्भ नगर विकास वा योजनाअन्तर्गत आर्किटेक्टहरूले विकास गरेका हुन् । यसको मूल उद्देश्य सौन्दर्य विकास गर्नु हो तर यसमा राजनीतिक तथा सैन्य स्वार्थ पनि गाँसिएको पाइन्छ । वासिङ्टन, भिएना, क्यानबेरा तथा पेरिसजस्ता सहरहरूको विकास तथा योजना यसैगरी भएको हो । वर्तमान सन्दर्भमा एस्थेटिक वा सौन्दर्य भू-उपयोग नीति तथा योजनाको एउटा सानो पाटोमात्र हो । विश्वव्यापी रूपमा हेर्दा भू-उपयोग नीति दिगो विकासको अवधारणा र प्रमुख रूपले वातावरण संरक्षणसँग सम्बन्धित रहेको पाइन्छ ।

भू-उपयोग नीति तथा अन्तर्गतका नियामकले भूमिलाई आर्थिक संशाधनका रूपमा नभएर वातावरणीय संसाधनको रूपमा लिन्छन् । तसर्थ, भू-उपयोग नीतिको आधार अथवा 'प्रिमाइस'मा बसेर भूमिको आर्थिक विवेचना गर्नु आजको प्रमुख विषय र चुनौती हो । तर, यसको अर्थ भूमिको वातावरणीय उपयोग तथा आर्थिक उपयोग परस्परमा अन्योन्याश्रित छन् भन्नेचाहिँ होइन ।

उदार तथा बजारमुखी अर्थतन्त्रमा भूमिको बजार सम्पूर्ण रूपमा प्रतिस्पर्धी रहँदैन । भूमि दुर्लभ संसाधन भए पनि यसको विनियोजन बजारले आंशिक रूपमा मात्र गर्छ । यसकारण भूमिसम्बन्धी 'पब्लिक गुड्स' बजारले उपलब्ध अथवा विनियोजन गर्न असक्षम रहन्छ । सार्वजनिक स्थान, दुर्लभ बासस्थान, ग्रिन बेल्टजस्ता 'पब्लिक गुड्स' बजारले उपलब्ध गराउन सक्दैन । हरित सहर, हरित इकोनोमीजस्ता अवधारणाको विकास भइरहँदा भूमि बजारमा राज्यको हस्तक्षेप यसकारणले पनि अपरिहार्य छ ।

'पब्लिक गुड्स' बाहेकको सन्दर्भमा समेत 'मूल्य'केन्द्रित अवधारणाबाट चल्ने भूमि बजार सम्पूर्ण रुपले प्रतिस्पर्धी हुदैन । भूमिको बजार मूल्यले उक्त प्लटको वास्तविक मूल्य पहिचान वा निर्धारण गर्न नसक्ने भएकाले भूमिको समुचित विनियोजन हुन सक्दैन । त्यसैले भूमिको समुचित विनियोजन गर्नका लागि समेत भूमि बजारमा राज्यको हस्तक्षेप महत्वपूर्ण हुन्छ । भू-उपयोग नीति तथा अन्तर्गतका नियमन प्रणालीलाई उदार अर्थतन्त्रकै एक पक्षको रूपमा हेरिनुपर्छ, जसले यथास्थितिको बजार असफलतालाई समाधान गर्दै भूमिको समुचित विनियोजन गर्ने औजारका रूपमा काम गर्छ ।

भू-उपयोग नीति तथा आर्थिक रोडम्याप

आर्थिक विकासको रोडम्याप कस्तो हुने भन्ने विषयको निर्क्योल भू-उपयोग नीतिले गर्न सक्नुपर्छ । अबको २०-५० वर्षको नेपालको आर्थिक समृद्धिका लागि चाहिने गणितीय सूत्रको पहिलो अंशका रूपमा भू-उपयोग नीतिलाई लिनुपर्छ । तर, यसलाई मात्र भूमि वर्गीकरणको साधनका रूपमा भने लिइनु हुँदैन । भूमिको वर्गीकरणसमेतको उचित आर्थिक तर्क (इकोनिमिक ज्यासनल) हुनुपर्छ । नेपालमा उद्यमी संस्कृति प्रायः छैन, यसकारण कृषिलाई औद्योगीकरण गर्न चाहिने जोखिम लिनसक्ने उद्यमी हामीले पाएनौं । यस्तो अवस्था कायमै रहने हो भने भू-उपयोग नीतिले कृषिको औद्योगीकरण नभई खाद्यसुरक्षालाई ध्यानमा राखी यथास्थितिको निर्वाहमुखी प्रणालीलाई सुधार गर्नतिर लाग्नुपर्छ । होइन भने कृषिमा निजी क्षेत्रको लगानी बढाएसँगै व्यापारिक दृष्टिले कसरी कृषियोग्य जमिनलाई एकीकृत गर्न सकिन्छ भन्नेतिर लाग्न सक्नुपर्छ । त्यसैगरी, नेपालको

आर्थिक समृद्धिको बाहक कृषि नै हो वा होइन भन्ने कुरामा प्रस्ट हुनुपर्छ। सेवा क्षेत्र वा ऊर्जाक्षेत्रमा तुलनात्मक लाभ छ भने भू-उपयोग नीति सोही अनुरुप हुनुपर्छ।

भू-उपयोग नीति र सहरी क्षेत्र

कुनै पनि भू-उपयोग नीतिले भोग्नुपर्ने सहरी क्षेत्रमा सबैभन्दा जटिल समस्या भोग्नुपरेको छ। यसको सबैभन्दा उपयुक्त उदाहरण दोस्रो विश्वयुद्धको दौरान निर्माण गरिएको 'ग्रेटर लन्डन' योजना हो। उक्त योजना निर्माण गर्दा लन्डनको जनसंख्या आउँदा वर्षहरूमा प्रायः स्थिर रहन्छ भन्ने परिकल्पना गरिएको थियो। तर, त्यसपछिको २० वर्ष लन्डनको जनसंख्या र जन्मदर अनपेक्षित रूपले बढ्यो। जनसंख्या वृद्धिदरले गर्दा आवासीय घरको माग बढ्न गयो। त्यसैगरी, सामाजिक चेतना र संरचनाको परिवर्तन र विकाससँगै विभिन्न सामाजिक व्यवस्थाहरू परिवर्तन हुन थाले। उदाहरणका लागि, पारपाचुकेको दर बढ्न थाल्यो, एकल अभिभावकहरूबाट आवासको माग बढ्न गयो, त्यसैगरी जेष्ठ नागरिकको संख्यामा पनि वृद्धि भयो। यसले गर्दा निश्चित तथा सीमित भू-भागमा धेरैभन्दा धेरै जनसंख्या व्यवस्थापन गर्नुपर्ने भयो। त्यसैगरी, आममानिसको आर्थिक अवस्था पनि सबल हुँदै गयो, जसले गर्दा मानिसहरू आवासीय क्षेत्रको माग बढ्यो। यसले सहरी क्षेत्रमा जग्गाको मूल्य त बढायो नै राज्यमाथि व्यवस्थापनको भार पनि बढायो।

काठमाडौंलगायतका विभिन्न सहरी क्षेत्रमा यस्तो समस्या नआउला भन्न सकिन्न। नयाँ औद्योगिक सहरहरूको निर्माणसँगै काठमाडौंलगायतका सहरमा बसाइँसराइ घट्छ वा निरुत्साहित हुन्छ भन्ने तर्क सधैं लागू नहुन सक्छ।

नेपालजस्तो अर्थतन्त्रमा सेवा क्षेत्रको ठूलो महत्व हुन्छ, सेवा क्षेत्र रहने समय र क्षेत्र परिवर्तन गर्न सजिलो छैन, त्यसैले यो कुरालाई मनन गर्दै भू-उपयोग नीति निर्माण गरिनुपर्छ।

वर्तमान भू-उपयोग नीतिको सामान्य टिप्पणी

नेपालको सन्दर्भमा भू-उपयोग नीतिको विशेष महत्व छ। नेपाल निकट भविष्यमा अल्पविकसितबाट विकासशील राष्ट्रको तहमा प्रवेश गर्दैछ। व्यावहारिक रूपमा पनि यस परिवर्तनले नेपाली अर्थतन्त्रमा ठूलो महत्व राख्छ। अन्तर्राष्ट्रिय व्यापारको विषयमा डब्लूटीओको व्यापारसम्बन्धी विभिन्न प्रावधानहरू अबका दिनमा नेपाललाई कडाइका साथ लागू हुनेछ, नेपालले पाउँदै आएको अन्तर्राष्ट्रिय ऋण तथा सहयोगको अनुपात र त्यसमाथिको ब्याज बढ्नेछ। यस परिस्थितिमा नेपालको आर्थतन्त्रको सुधार हुनु अत्यावश्यक छ।

अन्तर्राष्ट्रिय व्यापारको दृष्टिकोणले हामीले तुलनात्मक लाभ भएका वस्तु तथा सेवामा आफ्नो बढीभन्दा बढी स्रोतसाधन परिचालन गर्नुपर्ने हुन्छ। वर्तमान भू-उपयोग नीति यो मानेमा कमजोर कि भूमिको वर्गीकरणको बढ्दो राष्ट्रिय माग र दबाबको परिप्रेक्ष्यमा नीति निर्माण भएको प्रस्ट छ। हाम्रो सबैभन्दा ठूलो दुर्बल पक्ष के हो भने हाम्रा नीति तथा कार्यक्रमहरू लोकप्रियताका लागि निर्माण गरिएका हुन्छन्। संसारमा भएजति सबै राम्रा कुरा वा व्यवस्था राख्दैमा नीति राम्रो निस्किन्छ भन्ने होइन। राष्ट्रिय स्वार्थ र आवश्यकतालाई प्राथमिकतामा राखी नीति निर्माण हुनुपर्छ।

हामीले के बिर्सिनु हुँदैन भने हाम्रो आजको आवश्यकता भनेको भूमिको वर्गीकरण नभई, भूमिको समुचित प्रयोग गरेर दिगो विकास हासिल गर्नु हो। यसका लागि प्रयोग गरिने एउटा विधि वर्गीकरण हो।

वर्तमान भू-उपयोग नीति नेपालको आर्थिक विकास तथा समृद्धिमा भूमिको प्रयोगका सन्दर्भमा प्रस्ट देखिँदैन । नीतिले के मानेको देखिन्छ भने नेपालको आर्थिक विकासको बाहक भनेको कृषिक्षेत्र हो । तर, उक्त क्षेत्रलाई निर्वाहमुखीभन्दा माथि लगेर भारी उत्पादन (मास प्रडक्सन)को तहमा पुऱ्याउन उक्त नीतिले के-कस्तो भूमिका खेल्छ वा खेल्नुपर्ने छ भन्नेमा नीति प्रायः मौन वा भ्रान्त छ ।

भूमिको वर्गीकरण आफैंमा विकासको बाधक बन्ने अवस्था आउनु हुँदैन। भू-उपयोग नीति र नियमनले निकाल्ने एउटा प्रमुख समस्या भनेको यसले बजारमा भूमिको आपूर्तिलाई सीमित गर्नेछ। यसबाट निस्किने आपूर्ति समस्यालाई कसरी व्यवस्थापन गर्ने भन्ने विषय विशेषगरी सहरी क्षेत्रमा चुनौतीपूर्ण देखिन्छ। त्यसैगरी, विकास निर्माणका योजनामा पनि यसको प्रभाव पर्ने निश्चित छ। जस्तो कि कुनै निजी क्षेत्रले जलविद्युत् आयोजना बनाउनुपर्ने भयो, आयोजना बनाउने जग्गा आवासीय वा कृषि भनेर वर्गीकृत गरिएको रहेछ भने प्रक्रियागत रूपमा 'रेड टेप' बढाउने निश्चित छ, जसले आयोजनाको लागतमै असर पर्नसक्छ।

वर्तमान भू-उपयोग नीति नेपालको आर्थिक विकास तथा समृद्धिमा भूमिको प्रयोगका सन्दर्भमा प्रस्ट देखिँदैन। नीतिले के मानेको देखिन्छ भने नेपालको आर्थिक विकासको बाहक भनेको कृषिक्षेत्र हो। तर, उक्त क्षेत्रलाई निर्वाहमुखीभन्दा माथि लगेर भारी उत्पादन (मास प्रडक्सन)को तहमा पुऱ्याउन उक्त नीतिले के-कस्तो भूमिका खेल्छ वा खेल्नुपर्ने छ भन्ने कुरामा नीति प्रायः मौन वा भ्रान्त छ।

त्यसैगरी, यस नीतिले राज्यमा भूमिको अन्तिम र वास्तविक स्वामित्व रहने भनेर उल्लेख गरेको छ। अन्तर्राष्ट्रिय रूपमा हेर्दै भूमिको यो विवेचना उदार लोकतान्त्रिक अभ्यासमा अपाच्य छ। राज्यसँग जनताको बृहत्तर हितका लागि भूमिउपर नियन्त्रण शक्ति (पुलिसिङ पावर) रहने गर्छ तर यसको अर्थ राज्य भूमिको अन्तिम र वास्तविक स्वामी रहने भन्ने होइन। आधुनिक लोकतान्त्रिक राज्यव्यवस्थामा, राज्यभन्दा व्यक्ति प्रधान हुन्छ। त्यसैगरी, नीतिमा संविधानको मौलक हकको रूपमा रहेको सम्पत्तिको अधिकारलाई क्षीण गर्नेगरी एकाध व्यवस्था गरिएका छन्। जस्तो कि कृषियोग्य जमिन केही समय बाँझो राखेमा दण्डसजाय गरिने भन्ने उल्लेख छ। बाँझो राख्ने कुरा निरुत्साहित गर्न विभिन्न व्यवस्था गर्न सकिन्छ तर दण्ड सजाय नै गर्ने भन्ने विषय न्यायसंगत छैन। त्यसैगरी, नीतिले 'ग्रिन बेल्ट'को अवधारणा ल्याए पनि त्यसको प्रयोग संकुचित अर्थमा गरेको देखिन्छ।

अब बन्ने भू-उपयोग ऐनले वर्गीकृत भूमिको स्थानान्तरण गर्ने विधि र व्यवस्था उल्लेख गर्नुपर्ने हुन्छ। तहगत रूपमा रहने भू-उपयोग नीति तथा योजना कसरी प्रभावकारी तथा व्यवस्थित बनाउने भन्ने चुनौती पनि छ। लामो कसरतपछि देश भू-उपयोग नीति कार्यान्वयन गर्ने स्थितिमा पुगेको छ। यसमा आफ्नै चुनौती छन्। कति विषय छुटेका वा अपूर्ण छन्। त्यस्ता विषयलाई भविष्यमा परिमार्जन गर्दै लानुपर्ने निश्चित छ। आजको स्थितिमा यस नीतिले ल्याएको सबैभन्दा महत्वपूर्ण विषय भनेको भू-उपयोगसम्बन्धी चर्चा तथा विवेचनालाई राष्ट्रियस्तरमा ल्याएको छ। यस नीतिको निर्माण केही हतासपूर्ण ढंगले पक्कै भएको हो। यस विषयमा चाहिने विमर्श तथा खोज अनुसन्धान हामीले गर्दै जानुपर्छ।

यो नीति नेपालको संविधान २०७२ आउनुअगावै आएको हो, यस अर्थमा संविधानको मर्मअनुसार यसलाई परिमार्जन र परिभाषित गर्न पनि आवश्यक छ। ऐन आउनुअघि नै यस नीतिमा छुटेका वा नमिलेका विषय तथा सन्दर्भहरू स्पष्ट पार्न सकियो भने पछि आउने ऐन, नियम तथा नियमावलीहरूको कार्यान्वयनमा नीतिगत अस्पष्टता आउने सम्भावनालाई कम गर्न सकिन्थ्यो।

(थापा व्यवस्थापिका संसद्को कृषि तथा जलस्रोत समितिका सभापति हुन्।) •

NABIL PRESENTS
THE PERFECT TRAVEL COMPANION !

Visa International Pre-Paid Card easiest and safest way to carry travel money!

Looking for a way to carry your travel money more safely?
That's more convenient than using traveller's cheques?
And that keeps your travel funds separate from all your other money?
Nabil presents Visa International Pre-Paid Card.
All you need to get this card is a valid passport and confirmed air ticket*.

PREPAID TRAVEL CARD FEATURES AT-A-GLANCE :

- Issuance of Personalized & Non-personalized card
- Chip based card with CHIP+PIN verification method for both ATM & POS transactions
- Accepted in ATMs & POS terminals connected with Visa Network worldwide except in India
- Easy & secure access to ecommerce transaction
- No bank account required
- 4 years validity
- No interest and late payment fees
- Statement of account provided from all branches on demand
- Monthly statement sent to customers registered e-mail on 30th of every English calendar
- Can be topped up any time during the validity of card (within NRB criteria)
- Availability of balance enquiry option as well as issuance of balance certificate
- Free transaction alert service available in both mobile & email address

**Subject to NRB Regulations*

Powered by:
Verified by
VISA

SERVING THE NATION SINCE 1984

NABIL BANK®

YOUR BANK AT YOUR SERVICE

www.nabilbank.com

Head Office: Nabil Centre, Beena Marg, Durbar Marg, Kathmandu, P.O. Box No.: 3729, Ph No.: 4227181, 4221718

Inside Valley Branches: • Pulchowk • Tripureshwar • Kantipath • New Road • Jorpati • Maharajgunj • New Baneshwor • Teendhara • Attarkhel • Thamel • Halchowk • Kaushaltar • Chabahil • Maitidevi • Satdobato • Kuleshwar • Balaju • Dhapashi • Anamnagar • Sinamangal • Gwarko

Outside Valley Brances: • Birgunj • Power House Chowk • Biratnagar • Itahari • Dharan • Pokhara • Lakeside, Pokhara • Butwal • Bhalwadi • Bhairahawa • Baglung • Dhangadhi • Nepalgunj • Mahendranagar • Damak • Narayangadh • Ghorahi • Tulshipur • Hetauda • Birtamod • Khandbari • Charikot • Dhulikhel • Gorkha • Besisahar • Chandragadhi • Janakpur • Simara • Sunawal • Damauli • Kohalpur

NIBL सुरक्षा बचत खाता

www.nibl.com.np

पहिलो पटक

निःशुल्क जीवन बीमा तथा दुर्घटना मृत्यु बीमा सुविधाका साथ प्रस्तुत

जीवनमा बचत गरौं... जीवन नै बचत गरौं

नेपाल इन्भेष्टमेण्ट बैंक लि. मा सुरक्षा बचत खाता खोली तपाईंले

निःशुल्क रु. १ लाखको जीवन बीमा तथा रु. २ लाखको दुर्घटना मृत्यु बीमा सुविधा पाउन सक्नुहुनेछ।

हाल लाई १८ - ६० वर्षका ग्राहकहरूमा मात्र लागू हुने | न्यूनतम मौज्दात - रु. ५,०००

घर, हायर पर्चेज, शिक्षा तथा सुन-चाँदी कर्जामा विशेष छुट | निःशुल्क इन्टरनेट बैंकिङ सुविधा | निःशुल्क मोबाइल बैंकिङ सुविधा

थप जानकारिका लागि नजिकको शाखामा सम्पर्क गर्नुहोला।

ICRA (Nepal)A

The Banker

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank

Durbar Marg, P.O. Box: 3412, Kathmandu, Nepal
E-mail: info@nibl.com.np Telephone: (977-1) 4242530
Fax: (977-1) 4226349, 4228927

यसरी हुँदैन विकास

● रवीन्द्र अधिकारी

जबसम्म विकासमा देखिएका अवरोधलाई छिचोलेर जाने क्षमता विकास गर्न सकिँदैन, तबसम्म हामी अगाडि बढ्न सक्दैनौं । बढ्दो राजनीतिक संक्रमण र अस्थिरतालाई निहुँ बनाएर विकास आयोजनाबाट अवान्छित लाभ लिने प्रवृत्तिले विकास कार्यक्रम अगाडि बढाउन कठिनाइ भएको छ ।

'देशमा विकास भएन ! विकास गर्नुपर्छ !' भन्ने आवाज हामी दिनदिनै सुन्छौं । राजनीतिकर्मी, पेसाकर्मी, अधिकारकर्मी, प्राज्ञ, वृद्ध, युवा, सहरी सम्भ्रान्त, ग्रामीण गरिब, नीतिनिर्माता, नागरिक समाज सबै विकास चाहन्छन् । तर, विकास गर्नका लागि जो जिम्मेवार हुनुपर्ने हो, उनीहरू विकास नभएकोमा एकले अर्कोलाई दोषारोपण गरिरहेका छन् । विकास हुन नसकेको कुरालाई थप बहाना मिलेको छ-वैशाख १२ मा गएको भूकम्प र भारतले गरेको नाकाबन्दी । निश्चय नै भूकम्प र नाकाबन्दीले हाम्रो अर्थतन्त्रलाई निकै पछाडि धेकेलेका छन् तर यसले सिर्जना गरेका प्रतिकूलतालाई चिर्दै हामी अघि बढ्नुको विकल्प छैन । तर, हामी उपायविहीन जस्तो देखिँदै छौं । वास्तवमा, यो राम्रो संकेत भने होइन । हामी आशावादी हुनैपर्छ । उपाय खोज्नैपर्छ । संकल्प गरेर अगाडि बढ्नैपर्छ ।

विकास सापेक्षतामा हेर्ने विषय हो । विकासको गति छिटो वा ढिलो हुन्छ तर रोकिँदैन । सचेत प्रयत्नबिना यो गतिशील हुँदैन । हाम्रा दुई ठूला छिमेकी भारत र चीनको अर्थतन्त्र सन् २०१४ मा क्रमशः ७.२ प्रतिशत र ७.४ प्रतिशतले बढेका छन् । हामी भने ३ प्रतिशतभन्दा कमको आर्थिक वृद्धिको अवस्थाबाट पनि ओरालो लाग्दै छौं । अर्थात्, दक्षिण एसियामा आर्थिक वृद्धिका हिसाबले सबैभन्दा पुछारमा पुग्दै छौं । आर्थिक वर्ष ०७२/७३ को मंसिरको मध्यतर्फ आइपुग्दा पुँजी गत खर्च (विकास खर्च) कम्तीमा २१ प्रतिशत गरिसक्नुपर्नेमा ५ प्रतिशत पनि हुनसकेको छैन । यस्तो अवस्थामा नेपालको विकासको कुरा गर्नु ज्यादै पीडादायी विषय भएको छ । तर, प्रतिकूल मौसमका कारण आर्थिक वृद्धि कम भयो भनेर आनन्द मान्ने हामीलाई भूकम्प र नाकाबन्दीले गतिलै निहुँ दिएको छ ।

योजना, विकास र पुँजीगत खर्च

कुनै पनि मुलुकले विकास लक्ष्य हासिल गर्न वैज्ञानिक योजना र त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक पर्छ । हाम्रो सरकारले प्रत्येक वर्षजसो ६० प्रतिशत पनि विकास खर्च गर्न सकेको छैन । यस्तो अवस्था पैसाको अभावमा विकास भएन

हामीकहाँ ९० प्रतिशत आयोजना समयमा सकिँदैनन् । यसमा भएको समय र पैसाको बर्बादी कसैबाट छिपेको छैन । विकास आयोजनाहरुमा हुने ढिलाइ र समयको बर्बादी, खर्चको बढोत्तरी र लाभ लिन नसकेको अवस्थालाई कसरी सम्बोधन गर्ने ? गम्भीर प्रश्न छ । तर, यसप्रति सम्बन्धित निकायको संवेदनशीलता देख्न पाइएको छैन ।

भनियो भने त्यो लज्जाजनक हुनेछ । तर, यही लज्जाजनक कुरा गर्न हामीले छाडेका छैनौं । वैदेशिक सहायताको रकम खर्चको अवस्था त अझ दयनीय छ । विकास आयोजनाहरूको प्रगतिको अवस्थालाई मात्र हेर्‍यौं भने पनि हाम्रो कमजोर क्षमता स्पष्ट देख्न सकिन्छ । हाम्रो कमजोर क्षमताले सार्वजनिक विकास खर्च प्रभावकारी भएको छैन । विकास खर्चले अर्थतन्त्रको विस्तारका लागि वित्तीय उत्प्रेरकको रूपमा काम गर्ने भएकाले यसले सरकारले गर्ने खर्चभन्दा बजार तथा समुदायबाट गरिने खर्चलाई बढाइदिन्छ । यसले अर्थतन्त्र, आर्थिक वृद्धि, आर्थिक स्थायित्व र रोजगारी सिर्जना तथा व्यक्तिको आयवृद्धिमा बहुआयामिक सम्बन्ध राख्छ । विकास खर्चमा विनियोजन कुशलता र सञ्चालन कुशलताले मात्र यसको क्षमता प्रकट हुन्छ ।

सन् १९९० को दशकतिर ठूला सरकारी खर्चमा आन्तरिक साधनको परिचालनको अवस्था ५० प्रतिशतभन्दा न्यून थियो । तर, अहिले आन्तरिक साधन परिचालनको अवस्था आन्तरिक ऋणबाहेक ७० प्रतिशत हुँदा पनि खर्च गर्ने क्षमता कमजोर छ । आज हामीसँग खर्च गर्न सक्ने क्षमताको अभावले बजारलाई नै प्रभाव पर्ने गरी तरलता रहेको अवस्था छ । यो अवस्थाले अर्थतन्त्रलाई विस्तार गर्न नसक्ने मात्र होइन, आर्थिक वृद्धि उच्च पनि बनाउँदैन र रोजगारी सिर्जना तथा लगानीको वातावरण पनि बनाउँदैन । खर्च गर्ने क्षमता नहुँदानहुँदै पनि विकास खर्चमा गरिएको उच्च प्रकारको वार्षिक वृद्धिले विकासको अवश्यकता महसुस भएको भए पनि खर्च गर्ने क्षमताको अभावमा यसले जनतामा राज्यप्रति गम्भीर अविश्वास सिर्जना गरेको छ । हाम्रो अर्थतन्त्रले विकासको अवसरलाई गुमाइरहेको अवस्था छ । त्यसकारण हाम्रो विकास प्रशासनको भूमिकाको गम्भीर समीक्षा गर्नुपर्ने खाँचो छ ।

राष्ट्रिय गौरवका आयोजनाको अवस्था

नेपाल सरकारले विकास आयोजनाहरूलाई प्रथमिकीकरण गर्ने सन्दर्भमा राष्ट्रिय गौरवका आयोजनाहरू भनेर योजना र कार्यक्रम अगाडि सारेको थियो । वास्तवमा, आवधिक विकास योजनाका लक्ष्यहरू हासिल गर्ने अभिप्रायले यस्तो गरिएको थियो । फराकिलो आर्थिक वृद्धि गर्न उत्पादनमूलक रोजगारी, भौतिक पुँजी निर्माणमा योजना पुऱ्याउने उद्देश्य राखिएको भए पनि राष्ट्रिय गौरवका आयोजनाको प्रगतिबाट सन्तुष्ट हुने ठाउँ छैन । जबकि, राष्ट्रिय गौरवका आयोजनामा स्रोतको सुनिश्चितता र साधन अनुगमनको व्यवस्था छ । राष्ट्रिय गौरवका आयोजना घोषणा गर्दा तत्काल र छिट्टो नतिजा ल्याउने लक्ष्य राखिएको थियो । २१ वटा राष्ट्रिय गौरवका आयोजना सूचीकृत गरी तिनका लागि मात्रै वार्षिक करिब ८ प्रतिशत बजेट विनियोजन भए पनि यथार्थ खर्च र प्रगतिको अवस्था अत्यन्त कमजोर छ ।

आर्थिक वर्ष ०५५/५६ मा सुरु भएको मेलम्ची खानेपानी आयोजना ०७३/७४ मा सम्पन्न हुने लक्ष्य राखिएको थियो । उपत्यकाको खानेपानीको दिगो व्यवस्थापनको उद्देश्यले सुरु गरिएको करिब २७ अर्बको मेलम्ची खानेपानी आयोजनाको भौतिक प्रगति जम्मा ५८ प्रतिशत छ र तोकिएको समयमा पूरा नहुने निश्चित छ । पहिले चिनियाँ ठेकेदारले काम गरेकोमा ऊसँग भएको ठेक्का तोडेर इटालियन कम्पनीले हाल काम गरिरहेको छ । तर, काममा प्रगति भएको छैन । निर्माण व्यवसायी, परामर्शदाता, आयोजना व्यवस्थापनबीच समन्वय राम्रोसँग हुँदैन । ठेकेदारले विभिन्न निहुँ निकाल्छ र भेरिएसनबाट थप पैसा दाबी गर्छ । समयमा निर्णय हुँदैन, कहिले श्रमिक समस्या, कहिले स्थानीयको अवरोध त कहिले सरकारी अकर्मण्यताको दोष देखाउँदै ठेकेदार उम्कन खोज्छ ।

राष्ट्रिय गौरवका आयोजनामध्ये अर्को हुलाकी राजमार्गको पनि त्यस्तै कथा छ । तराईमा हाल सुचारु रहेको पूर्वपश्चिम राजमार्गभन्दा दक्षिणतर्फ भारतीय सीमाआसपास हुँदै परिकल्पना गरिएको हुलाकी राजमार्ग ०६६/६७ मा सुरु भई ०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य थियो । ३५ अर्ब रुपैयाँको उक्त आयोजनाको हालसम्म जम्मा ५ अर्बमात्र खर्च भएको छ । जग्गा अधिग्रहण, राष्ट्रिय निकुञ्जमा एलायनमेन्ट विवाद, ठेक्का तोड्ने ठेकेदारले मोबिलाइजेसन लिने र काम नगर्ने प्रवृत्तिले १५ प्रतिशत प्रगति पनि छैन, समयमा काम सकिने कुरा त धेरै टाढाको भयो ।

तुलनात्मक रूपमा अलि राम्रो प्रगति भएको मध्यपहाडी पुष्पलाल राजमार्ग हो । १ हजार ७७६ किमी लामो यो राजमार्ग पाँचथरको पूर्वीभेगमा पर्ने चियाभञ्ज्याङबाट सुरु भई बैतडीको झुलाघाटमा गएर टुंगिन्छ । यसले पहाडका ३९ जिल्लामध्ये २४ जिल्ला पार गर्छ । ०६४/६५ मा सुरु भई ०७४/७५ मा १० वर्षको अवधिमा सम्पन्न गर्ने लक्ष्य भएको यो आयोजनामा हालसम्म ७ अर्ब २७ करोड खर्च भएको छ । यसको एलायनमेन्ट सीधा नभएकाले यो मार्ग सोचेअनुसार राम्रो सकेको छैन । तथापि, तोकिएको स्वरूपमा यो सम्पन्न हुन सक्ने अवस्था छैन ।

कतिपय राष्ट्रिय गौरवका आयोजना त सात वर्ष भइसक्दा पनि सुरु हुनसकेका छैनन् । अब त भूकम्प र नाकाबन्दीले गर्दा एकातिर बहाना मिल्यो अर्कोतर्फ वास्तविक कठिनाइ पनि छन् । भूकम्पको क्षति, इन्धन अभाव, कार्यान्वयन क्षमताको अभाव, स्थानीय विवाद, जग्गा प्राप्ति र मुआब्जामा कठिनाइ, निर्माण व्यवसायीको कमजोर व्यवस्थापन, अन्तरनिकाय समन्वयको अभाव, अस्पष्ट कार्यान्वयन मोडालिटी, अनुगमनको अभावजस्ता कुराले राष्ट्रिय गौरवका आयोजना भनी घोषणा गरिएका कार्यक्रमको प्रगति उत्साहप्रद छैन । राष्ट्रिय गौरवका आयोजना र कार्यक्रमहरूको अवस्था यस्तो छ भने अन्य आयोजनाका कस्तो होला, अनुमान गर्न सकिन्छ ।

हामीकहाँ ९० प्रतिशत आयोजना समयमा सकिँदैनन् । यसमा भएको समय र पैसाको बर्बादी कसैबाट छिपेको छैन । विकास आयोजनाहरूमा हुने ढिलाइ र समयको बर्बादी, खर्चको बढोत्तरी र लाभ लिन नसकेको अवस्थालाई कसरी सम्बोधन गर्ने ? गम्भीर प्रश्न छ । तर, यसप्रति सम्बन्धित निकायको संवेदनशीलता देख्न पाइएको छैन ।

किन कम हुन्छ विकास खर्च ?

जब विकास खर्च कम हुन्छ, विकासको गति पनि ढिला हुन्छ। सम्भाव्यता अध्ययन र विस्तृत डिजाइनबिना बजेट विनियोजन हुन्छ। बजेट त विनियोजन हुन्छ तर खरिद योजना बनेको हुँदैन। निर्माणअघि गर्नुपर्ने तयारीको अभावमा कुनै पनि रकम विनियोजन भएकै भरमा योजना अगाडि बढ्न सक्दैन। विकास योजनाहरूमा ठेक्का बन्दोबस्त समयमा नहुने, अन्तिम चौमासिकमा ठेक्का गरिने, लागत अनुमान टुक्र्याएर सोझै खरिद गर्ने, ठेक्का समयमा सम्पन्न नहुने, लागत एवं समय वृद्धि हुने, रकम विनियोजन भएपछि कार्यक्रम खोज्ने, पटकपटक बिनातयारी रकम विनियोजन गर्ने अनि पछि या रकमान्तर या त रकम फ्रिज हुनेलगायत समस्या छन्। ठेकेदार वजनदार र राजनीतिक पहुँचवाला हुने, समय र लागत बढे पनि कारबाही नहुने, जिम्मेवार पदाधिकारीको छिटोछिटो सरुवा हुने नियामक निकायहरू अख्तियार, सतर्कता केन्द्र, संसद्, योजना आयोग, अर्थ मन्त्रालयलगायत हाबी भई कामभन्दा डरमात्रै देखाउने काममा प्रेरित हुनेजस्ता कुराले पनि विकास खर्च राम्रोसँग हुनसकेको छैन। चमेलिया जलविद्युत् आयोजनाको धेरै काम सकिए पनि लामो समयदेखि तीन दोब्बर खर्च बढाउँदै बसेको छ। यो एउटा प्रतिनिधि उदाहरण हो।

एकातर्फ आयोजनाहरूमा हुने ढिलाइ र अर्कोतर्फ विश्व प्रविधिमा भएको तीव्रतर परिवर्तनले हामीलाई उछिन्दा आयोजनाको औचित्य नै नरहन सक्छ। यातायात र सञ्चार क्षेत्रमा २-३ वर्षमा नयाँ आधुनिक प्रविधि विकास भइरहेका छन्। एउटा ठूलो आयोजना १० वर्षमा ढिला हुनासाथ त्यसको महत्व कम भएर जान्छ। कुनै-कुनै प्रविधि त काम नलाग्ने (डम्पिङ गर्नुपर्ने) समेत हुन्छन्। विकास आयोजनाहरूमा भू-माफियाहरूको चलखेल, अन्तर्राष्ट्रिय ठेकेदार हरूको कमजोर कार्यसम्पादन, कमिसन एजेन्टहरूको चलखेल, दबाब दिने राजनीतिक शक्ति, बखेडा र समस्या सिर्जना गर्ने स्थानीय शक्ति समूह, आयोजनाका काम र प्रक्रियामा सदैव मुद्दा खेप्नुपर्ने जस्ता समस्या पनि विद्यमान छन्।

निष्कर्ष

जबसम्म विकास प्रशासन प्रभावकारी बनाउन सकिँदैन, राजनीतिक संकल्प र दृढ इच्छाशक्ति व्यक्त हुँदैन, सुशासन कायम हुँदैन। त्यस्तै, आयोजनाको प्रारम्भदेखि अन्तिमसम्म कार्यसम्पादन मूल्यांकनको व्यवस्थाबाट प्रमुख अधिकारीलाई जवाफदेही बनाउन सकिँदैन, तबसम्म विकासले गति लिन सक्दैन। मुख्य कुरा त हामीले हाम्रो प्राविधिक क्षमतामात्र होइन, प्रशासनिक क्षमताको पनि विकास गर्नुपर्छ। जबसम्म विकासमा देखिएका अवरोधलाई छिचोलेर जाने क्षमता विकास गर्न सकिँदैन, तबसम्म हामी अगाडि बढ्न सक्दैनौं। बढ्दो राजनीतिक संक्रमण र अस्थिरतालाई निहुँ बनाएर विकास आयोजनाबाट अवान्छित लाभ लिने प्रवृत्तिले विकास कार्यक्रम अगाडि बढाउन कठिनाइ भएको छ।

कम्तीमा विकासमा राष्ट्रिय सहमति बनाउनु आवश्यक छ। विकासका काममा बन्दहड्ताल नगर्ने प्रतिबद्धता आवश्यक छ। विकासप्रति सबैको सकारात्मक भूमिका हुनुपर्छ। साना, मझौला, ठूला सबै आयोजनाहरूलाई एकसाथ अगाडि बढाउन सक्नुपर्छ। विकास भनेर कहिले स्थानीय योजनामा मात्र अल्झिने त कहिले ठूला परियोजनालाई मात्र विकास ठान्ने गलत सोच त्यागेर सबै विकास कार्यक्रमलाई एकसाथ अगाडि बढाउने सोच त्याग्नुपर्छ। जनताले विकासको लाभ लिनसक्ने वातावरण बनाउनु आजको आवश्यकता हो।

(अधिकारी व्यवस्थापिका-संसद्को विकास समितिका सभापति हुन्।) •

www.globalimebank.com
टोल फ्रि नं. १६००१२१३१४

ढुक्क होऔं

अब नेपालमै पहिलो पटक
होम लोनमा जीवन बीमा पनि

GIBL HOME LOAN
सबैका लागि होम लोन

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

सबैका लागि बैंक

सीमांकन ढुंग्याउन जनमतसंग्रह

● डा. रामशरण महत

वार्ताबाट यो विषयको सामाधान गर्नुपर्‍यो । वार्ताबाट सामधान निस्किँदैन भने जनताभन्दा ठूलो निर्णयशक्ति कोही पनि होइन । जनतालाई नै सार्वभौम अधिकार प्रयोग गर्न दिनुपर्‍यो । म कुन प्रान्तमा बस्छु भनेर निर्णय गर्ने अधिकार जनता स्वयंको हो । अहिलेकै ७ प्रदेशलाई आधार मानेर त्यहींका जनताको भावनाअनुसार निर्णय गर्ने प्रक्रिया अघि बढाउनुपर्‍यो । केही पनि काम अघि नबढाएर अनुचित दबाब दिन मिल्दैन । देशलाई अस्थिरताको दिशातर्फ धकेल्नु कसैले पनि हुँदैन ।

नेपालको अर्थव्यवस्थालाई पछिल्लो समय दुईवटा कारणले ठूलो धक्का लाग्यो । एउटा गत वैशाख १२ को भूकम्प र अर्को तराईमा जारी आन्दोलन तथा भारतको नाकाबन्दी । नत्र हामी राम्रो अर्थव्यवस्थातिर प्रवेश गरिसकेका थियौं । उच्च आर्थिक वृद्धिको शृंखला सुरु हुन थालेको थियो । भूकम्पअघिको वर्ष ५ प्रतिशतको वृद्धि भयो । सहस्राब्दी विकास लक्ष्यका सबै उद्देश्यहरू प्राप्त गरेका थियौं । मूल्यवृद्धि दर घटेको थियो । विदेशी मुद्राको सञ्चिति एकदमै राम्रो थियो । 'ब्यालेन्स अफ पेमेन्ट' सकारात्मक थियो । तर, अर्थव्यवस्थाका लागि आवश्यक दुईवटा समस्या थिए । एउटा कमजोर निर्यात र अर्को लगानीमैत्री वातावरण नबन्नु ।

यी दुई समस्यामा केन्द्रित रहेर हाम्रो सरकारले सुधारका काम पनि सुरु गरेको थियो । खासगरी, लगानीमैत्री वातावरण सुधार गर्न केही काम सुरु गरेका थियौं । ९/९ सय मेगावाटका माथिल्लो कर्णाली र अरुण तेस्रो जलविद्युत्को आयोजना विकास सम्झौता (पीडीए) गर्‍यौं । भारतसँग ऊर्जा व्यापार सम्झौता (पीटीए) गर्‍यौं । जसले गर्दा पनि केही मात्रामा लगानीको वातावरण सकारात्मक दिशामा अघि बढेको थियो । अर्बौं रकम लगानी गर्ने गरी केही सिमेन्ट उद्योगले इजाजत लिएका छन् । जलविद्युत् आयोजना, दर्जनौं तारे होटलमा समेत लगानी आकर्षण सुरु भएको थियो । यी तथ्यहरूले पुष्टि गर्छ, हामीले अर्थव्यवस्थालाई सकारात्मक दिशामा अघि बढाइरहेका थियौं । सन् २०२२ सम्म अतिकम विकसित राष्ट्रबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नति हुने लक्ष्य थियो ।

यो पनि प्रविधिक रूपमा पूरा हुन नसक्ने अवस्थामा थिएनौं । मात्र, आर्थिक वृद्धिदरका कारणले पछाडि परेका थियौं । दुईवटा मापदण्ड पूरा गरिसकेकाले हामी स्तारोन्नतिका लागि प्राविधिक रूपमा तयारी अवस्थामा थियौं । सबैतर्फ राम्रो वातावरण बनिरहेको अवस्थामा हाम्रो अर्थतन्त्रलाई भूकम्पले ठूलो धक्का दियो । आर्थिक वृद्धिदर घट्यो । सरकार खोज, उद्धारकार्य र पुनर्निर्माणको तयारीमा जुट्नुपर्‍यो । यसलाई पनि अवसरको रूपमा उपयोग गर्ने काम सुरु भएका थिए । वैदेशिक सहायता बढेको थियो । पुनर्निर्माणले आर्थिक वृद्धिदरलाई थप बल पुर्‍याउने कार्ययोजना बनिरहेको थियो । यसै बखतमा हामीले संविधान जारी पनि गर्‍यौं । तर, तराईमा आन्दोलन सुरु भयो । भारतले नाकाबन्दी लगायो । यसले अर्थव्यवस्थालाई नराम्रोसँग ढाड सेक्ने काम गरिरहेको छ । भूकम्पबाट जुन आर्थिक क्षति भयो, त्योभन्दा बढी अहिले भएको छ । खासगरी, आर्थिक क्षेत्रमा भएको क्षति हो, भौतिक क्षति होइन । आयात-निर्यात घटेको छ । आवश्यक इन्धन र कच्चापदार्थ आउन पाएको छैन, जसले दुई हजारभन्दा बढी उद्योगधन्दा बन्द छन् । शिक्षा, स्वास्थ्य क्षेत्र प्रभावित छ भने मानवीय संकट उत्पन्न भएको छ । औषधि नपाउने अवस्था छ । यसले अर्थव्यवस्थामा तीन दशकभन्दा पछिकै ठूलो धक्का लाग्यो ।

तराईको आन्दोलन र नाकाबन्दी अन्त्य गरेर बृहत्तर सुधार नगरे हामी ऋणात्मक आर्थिक वृद्धिदरमा पुग्यौं भनेर पहिलेदेखि नै भन्दै आएको थिए । दुभाग्यवश यसै वर्ष कृषिक्षेत्र पनि सकारात्मक छैन । त्यसमाथि नाकाबन्दीका कारण मल अभावले कृषिक्षेत्रमा थप समस्या ल्यायो । उद्योग, वाणिज्य र पर्यटन त तहसनहस नै भएको छ । यसले गर्दा अहिलेको वातावरण अन्त्य नगर्ने हो भने अर्थव्यवस्था झनै समस्यामा पर्नेछ । तर, मलाई लाग्दैन यो अवस्था अझै निकै समय चल्छ भन्ने । बिग्रन्छ, भत्किन्छ, यही अवस्था कायम रहन्छ भनेर नकारात्मक सोच राखिरहनु उचित हुँदैन ।

यही अवस्था जारी रहे समस्या भने निश्चय नै बढ्नेछ । यसले समानान्तर अर्थव्यवस्थालाई बढावा दिनेछ । अहिले सडकमा सवारी चाप हेर्दा इन्धन अभाव देख्नुहुन्न । तर आधिकारिक स्रोत, सरकारी स्रोतबाट प्राप्त इन्धनले सवारी साधन चलेका होइनन्, धेरै कालाबजारीको इन्धनबाट हो । आधिकारिक स्रोतबाट आएको इन्धन पनि 'ब्ल्याक'मा गएको छ । जो आन्दोलनमा लागेका छन्, नाकाबाट उनीहरू पनि तस्करीमा सामेल छन् । विभिन्न छोटी भन्सारहरूबाट पनि गैरकानुनी ढंगले इन्धन आइरहेको छ । व्यावहारिकताको कारणले यसलाई रोकिहाल्न सक्ने अवस्था छैन । नरोक्ने हो भने सामानान्तर अर्थतन्त्र बढ्दै जानेछ । र यसले महँगो अर्थतन्त्रतर्फ हामी जान थाल्यौं । इन्धन महँगो भएपछि हरेक सामग्री महँगो हुने नै भयो ।

तस्करी, कालाबजारी अर्थव्यवस्था महँगो हुने नै भयो । सबैभन्दा डरलाग्यो स्थिति चाहिँ यो मैले देखेको छु । यसका सामधानका उपाय छन् । उपाय भनेको वार्ता, छलफल नै हो । मधेस आन्दोलन गलत सूचनाको आधारमा भएको हो । प्रोपगान्डाको आधारमा मधेसमा आन्दोलन चर्काउने काम भएको छ । भारतीय मिडियाले पनि यो विषय लेखिरहेका छन् । मधेसमा भनिएजस्तो प्रतिनिधित्वको सवालमा समस्या होइन, पर्याप्त मधेसको प्रतिनिधित्व हुन्छ । नेपालको सुगम क्षेत्र भनेको मधेस

हो, जसलाई तराई मानिन्छ । अन्य मुलुकसँग तुलना गर्ने हो भने पनि पहाड र मधेसमध्ये मधेसकै प्रतिनिधित्व बढी छ । उसको प्रतिनिधित्व हिमाली क्षेत्रको भन्दा बढी छ । नागरिकताको विषयमा पनि गलत सूचना प्रवाह गरिएको छ । समावेशिताको मामलामा पनि गलत सूचना गएको छ ।

अर्को प्रदेश विभाजनको विषय हो । यो समस्या सामधानका विकल्प छन् । जस्तै : कुनै पनि जिल्लाका जनताको भावनाविपरीत अर्को प्रान्तमा राख्न सकिँदैन, मिल्दैन । भावनाविपरीत अर्को प्रान्तमा राखियो भने अर्को ठूलो विद्रोह हुन्छ । त्यसकारण पहिले वार्ताबाट यो विषयको सामाधान गर्नुपर्‍यो । वार्ताबाट सामधान निस्किँदैन भने जनताभन्दा ठूलो निर्णयशक्ति कोही पनि होइन । जनतालाई नै सार्वभौम अधिकार प्रयोग गर्न दिनुपर्‍यो । म कुन प्रान्तमा बस्छु भनेर निर्णय गर्ने अधिकार जनता स्वयंको हो । मोरङ, सुनसरी, झापा प्रान्त १ मा बस्ने कि २ मा भन्ने विषयमा जनमत होस् । सप्तरी कहाँ रहने भन्ने विषय पनि त्यहाँका जनताले निर्धारण गरून् । कैलाली र कञ्चनपुरको विषय पनि त्यहाँका जनतालाई निर्णय गर्ने अधिकार दिऊँ । अहिलेकै ७ प्रदेशलाई आधार मानेर त्यहाँका जनताको भावनाअनुसार निर्णय गर्ने प्रक्रिया अघि बढाउनुपर्‍यो । केही पनि काम अघि नबढाएर अनुचित दबाब दिन मिल्दैन । देशलाई अस्थिरताको दिशातर्फ धकेल्नु कसैले पनि हुँदैन ।

अर्को समस्या भारत सरकारसँग हो । यो मामलामा भारत सरकारसँग राम्रो वार्ता भएजस्तो लाग्दैन । केही औपचारिक वार्ताले मात्रै समस्या सामधान हुने देखिँदैन । “ब्याक च्यानल”बाट पनि वार्ता गर्नुपर्ने हो तर सरकारले गरेको छैन । र, दुई देशको व्यापारलाई र तेस्रो मुलुकको पारवहन सम्झौतालाई आन्तरिक राजनीतिसँग गाँसेर रोक्न पाइँदैन । यो विषयलाई अलग राख्नुपर्छ । राजनीतिक विषय हाम्रो आन्तरिक हो । व्यापार भनेको अन्तर्राष्ट्रिय विषय हो ।

अर्को समस्या भारत सरकारसँग हो । यो मामलामा भारत सरकारसँग राम्रो वार्ता भएजस्तो लाग्दैन । केही औपचारिक वार्ताले मात्रै समस्या सामधान हुने देखिँदैन । ‘ब्याक च्यानल’बाट पनि वार्ता गर्नुपर्ने हो तर सरकारले गरेको छैन । र, दुई देशको व्यापारलाई र तेस्रो मुलुकको पारवहन सम्झौतालाई आन्तरिक राजनीतिसँग गाँसेर रोक्न पाइँदैन । यो विषयलाई अलग राख्नुपर्छ । राजनीतिक विषय हाम्रो आन्तरिक हो । व्यापार भनेको अन्तर्राष्ट्रिय विषय हो । व्यापारलाई सम्झौताले निर्धारण गर्छ । अन्तर्राष्ट्रिय कानुनले र सन्धिहरूले डोऱ्याएको हुन्छ । तर, नेपालको आन्तरिक मामलासँग जोडेर असर पार्न मिल्दैन । यो विषय स्पष्टसँग सरकारले भारतसँग प्रस्तुत हुनुपर्छ । यो काम सरकारले गरिरहेको छैन । दुर्भाग्यवश हाम्रा मन्त्रीहरू हल्का किसिमका भाषण गर्ने, टिप्पणि गर्ने, गाली गर्नेतर्फ गएका छन् । यो कूटनीतिक भाषा भएन । राज्यसत्तामा रहेर गर्ने भाषा प्रयोग गरेनन् । यसले समस्यालाई झन चर्काइरहेको छ । त्यसकारण

दीर्घकालीन समस्या समाधानको उपाय भनेको राजनीतिक तहमै कुराकानी गर्नुपर्‍यो ।

नेपालले आत्मानिर्भरताको दिशामा केही अगाडि बढ्नैपर्छ । आन्तरिक साधनलाई उपयोग गर्ने कार्यक्रम ल्याउनुपर्‍यो । केही लागेन भने केही समय व्यवस्थित रूपमा दाउराकै उपयोगमा लाग्नुपर्‍यो । मैले सौर्य ऊर्जाको लागि कार्यक्रम निकै प्राथमिकतासाथ अघि बढाएको थिएँ । यो कार्यक्रमअनुसार सहरका घर-घरमा सोलार राख्न सकिन्छ । यो कार्यक्रम राम्रोसँग प्रचारप्रसार र कार्यान्वयन हुनुपर्‍यो । सरकारले अनुदानको लागि व्यवस्था गरिसकेको छ । यसले घर-घरमा खाना पकाउने विद्युत्देखि उज्यालो प्रयोग गर्न सकिन्छ । यो 'नेट मिटरिङ' प्रणालीमा अघि बढाउनुपर्‍यो । सबै कार्यविधि बनिसकेको छ । निर्णय भइसकेको छ । सम्बन्धित निकाय नेपाल विद्युत् प्राधिकरण, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले यसमा अहं भूमिका खेल्नुपर्छ ।

अब व्यापार विविधीकरण गर्नुपर्छ । तेस्रो स्रोतबाट पनि व्यापार गर्नुपर्छ । एउटै देशप्रति बढी निर्भर हुदा संकट आउँदो रहेछ भन्ने देखियो । यद्यपि, विगतमा प्रयास नभएका होइनन् । रसुवा नाका खोल्ने काम गरिएको छ । नेपाली सेना लगाएर छोटो बाटो बनाउने काम भइरहेको छ । भूकम्पले अरनिको राजमार्ग र चीनतर्फको खासाको बाटो भत्केको र चीनले कर्मचारी हटाउँदा अफ्यारो परेको छ । सरकारले चीनतर्फको व्यापारको विषय पनि हेर्नुपर्‍यो, संस्थागत गर्नुपर्छ ।

देशभित्र शान्तिसुरक्षाको वातावरण बनाउनुपर्‍यो । सरकारले जारी गरेको श्वेतपत्रमा केही पक्ष समावेश गरेको देखिन्छ । तर, कुराले मात्रै भएन, काम देखिनुपर्‍यो । भारतसँगको निर्भरता तुरुन्तै घट्न सक्ने अवस्था छैन, समय लाग्छ । भारतीय सीमामा रोकिएका ट्रक तथा कन्टेनरको विषयमा कुरा गर्नुपर्‍यो । तीन हजार भैरहवामा छन्, ५ हजार रक्सौल नाकामा छन् । यो अति भयो, यसका लागि सरकारले वार्ता नै गर्नुपर्छ । त्यसकारण सरकारको जुन गम्भीरता देखिनुपर्थ्यो, त्यो देखिएन ।

यहाँ कार्यक्रमलाई निरन्तरता नदिनु अर्को समस्या हो । पहिले सुरु भएका सुधारका कार्यक्रम निरन्तर जारी राख्नुपर्छ । तर, दुर्भाग्यवश हरेक सरकार परिवर्तन भएसँगै अघिल्ला सरकारका कार्यक्रमले निरन्तरता पाउँदैनन् । जस्तै : चुरे संरक्षण आयोजनाका पदाधिकारीले छाड्नुभयो । कर्मचारी परिवर्तनको काम अहिलेको सरकारले सुरु गरेको छ । यस्तो गर्दा सुधारका कार्यक्रमले निरन्तरता कसरी पाउँछ ? नीतिको निरन्तरताका लागि व्यक्तिको निरन्तरता पनि आवश्यक पर्छ । सबै निकायमा सरकार परिवर्तन भएलगत्तै कर्मचारी संयन्त्र बदल्नु राम्रो होइन ।

यो सरकारबाट मैले राम्रो संकेत पाएको छैन । हामी प्रतिपक्षमा भए पनि सरकारलाई राम्रो कामका लागि सहयोग गर्छौं भनेका छौं । राष्ट्रियता, राष्ट्रहितको मामलामा सहयोग गर्छौं भनेका छौं । तर, सरकारको संकेत राम्रो देखिँदैन । पुनर्निर्माण प्राधिकरणसम्बन्धी विधेयक, घर निर्माणका लागि सहुलियतपूर्ण ऋणको कार्यविधिलाई नै हेर्न सकिन्छ । प्राधिकरण विधेयक जारी हुन सकेन । हामीले विगतको सरकारले गरेका निर्णयहरू बाधा नगरी विधेयक ल्याइयोस् भनेका छौं, यो सामान्य कुरा हो । प्राधिकरण विधेयक नहुँदा पनि मन्त्रालयले काम गर्न सक्छन् । त्यसका लागि बजेट पनि छुट्याइएको छ तर काम गरिरहेका छैनन् । जुनसुकै सरकार भए पनि कडा मेहनत, इमानदारी र प्रतिबद्धतासाथ काम गर्नुको अर्को विकल्प छैन । सुधारको उपाय नै यही हो ।

(महत पूर्व अर्थमन्त्री हुन् ।) •

देशको उर्जा
BRIJ SUPER PREMIUM
(O.P.C. CEMENT)
ORDINARY PORTLAND CEMENT (O.P.C.)
BRIJ SUPER PREMIUM
ब्रज सुपर प्रिमियम BRIJ SUPER PREMIUM
ISO 9001:2008 प्रमाणित कम्पनी
अब नयाँ आकर्षक बोरामा
हाम्रो जीवनमा खुसी ल्याउन र सपना साकार पार्न, देशको उर्जा बनिरहेको छ ब्रज सुपर प्रिमियम ओ.पि.सी. सिमेन्ट
ब्रज सिमेन्ट इण्डष्ट्रिज प्रा.लि.
Like us on Brij Cement Industries (P) LTD.

आर्थिक संकुचनको जोखिम

● डा. चिरञ्जीवी नेपाल

तराई क्षेत्रका उद्योग बन्द हुनु, शैक्षिक संस्थाहरू बन्द हुनु, देशभर औषधि अभाव हुनु र यातायात सेवा अवरोध भएबाट तत्कालमा रोजगारी गुम्ने, मानवीय संकट उत्पन्न हुने र लगानी निरूत्साहित हुनेमात्र नभई दीर्घकालीन मानव विकासको शृंखलासमेत अवरूद्ध हुने अवस्था छ ।

नेपालको अर्थतन्त्र ऐतिहासिक रूपमै अप्ठ्यारो अवस्थामा आइपुगेको छ । आर्थिक वर्ष ०३६/३७ पछि पहिलोपटक आर्थिक वृद्धिदर ऋणात्मक हुने जोखिम सिर्जना भएको छ । अर्थतन्त्रको व्यवस्थापनका लागि समष्टिगत आर्थिक नीति महत्वपूर्ण हुने र यस्ता नीतिको समुचित प्रयोगमार्फत् अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउनुपर्ने हुन्छ । समष्टिगत आर्थिक नीतिहरूको प्रभावकारी प्रयोग हुन सकेमात्र सूक्ष्म आर्थिक नीतिहरूको कार्यान्वयन सम्भव हुन्छ । यस परिप्रेक्ष्यमा वित्त नीति र मौद्रिक नीतिको माध्यमबाट अपेक्षित आर्थिक वृद्धिदर हासिल गर्ने, मुद्रास्फीति नियन्त्रण गर्ने, भुक्तानी सन्तुलनलाई मुलुकको पक्षमा बनाई राख्ने र समग्रमा समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने कार्यमा मद्दत पुऱ्याउनुपर्ने हुन्छ ।

नेपालको सन्दर्भमा पनि मौद्रिक, विदेशी विनिमय तथा वित्तीय नीतिमार्फत् आर्थिक विकास र स्थायित्वलाई सहयोग पुऱ्याउन नेपाल राष्ट्र बैंकको स्थापना भएको हो । नेपालभर भारतीय मुद्रा चलनचल्तीमा रहेको अवस्थामा नेपाली मुद्राको प्रयोग बढाउँदै भारतीय मुद्राको प्रभावलाई प्रतिस्थापन गर्न स्थापना भएको केन्द्रीय बैंकले मूल्य स्थिरता कायम गर्न र शोधनान्तर सुदृढीकरण गर्न आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरिरहेको छ । सुरक्षित, स्वास्थ्य तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्न, बैंकिङ तथा वित्तीय प्रणालीको स्वस्थ विकासका लागि उपयुक्त नियमन, निरीक्षण तथा सुपरीवेक्षण गर्न र मुलुकको समग्र बैंकिङ तथा वित्तीय प्रणालीमाथि सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न आवश्यक काम गर्दै आएको छ ।

यसै क्रममा, वैशाख १२ गतेको विनाशकारी भूकम्प, तराई क्षेत्रमा जारी बन्दहड्ताल तथा भारतको अघोषित नाकाबन्दीको सन्दर्भमा नेपाल राष्ट्र बैंकले आवश्यक उपयुक्त कदम उठाउँदै आएको छ । यो लेखले वर्तमान आर्थिक स्थिति, वैशाख १२ को भूकम्पको असर, सीमाक्षेत्रमा भएको अवरोधको प्रभावपछि राष्ट्र बैंकले चालेका कदमलाई स्पष्ट गर्नेछ ।

यस्तो छ आर्थिक स्थिति

आर्थिक वृद्धिका दृष्टिले चालू आर्थिक वर्ष गत आर्थिक वर्षभन्दा पनि बढी निराशाजनक हुने अवस्थामा पुगेको छ । चालू आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धिदर हुने लक्ष्य रहे पनि भूकम्पपश्चात् हुनुपर्ने प्रभावकारी राहत तथा पुनर्निर्माणको कार्य अपेक्षित रूपमा अघि बढ्न नसकेको, बन्दहड्ताल र सीमाक्षेत्रमा भएको अवरोधका कारण सकारात्मक आर्थिक वृद्धिदर हासिल गर्ने कार्य चुनौतीपूर्ण बनेको छ । विद्यमान असहज अवस्थामा छिट्टै सुधार भएमात्र अर्थतन्त्र सीमान्त दरले विस्तार हुन सक्ने देखिन्छ ।

भूकम्पपछिको पुनर्निर्माणले लगानी तथा उपभोगमा वृद्धि भई मागपक्षबाट मुद्रास्फीति सिर्जना हुने अनुमान गरिएको थियो । यसविपरीत आपूर्ति प्रणालीमा आएको अवरोधका कारण आपूर्तिजन्य पक्षबाट मुद्रास्फीति बढेर चालू आर्थिक वर्षका लागि लक्षित ८.५ प्रतिशतभित्र राख्न चुनौतीपूर्ण हुने देखिन्छ । फलस्वरुप चालू आर्थिक वर्षको पहिलो र दोस्रो महिनामा क्रमशः ६.९ प्रतिशत र ७.२ प्रतिशत रहेको मुद्रास्फीति तेस्रो महिनामा ८.३ प्रतिशत पुगेको छ ।

अन्तर्राष्ट्रिय व्यापारतर्फ आयात-निर्यात दुवैमा संकुचन आएको छ । आयातमा आएको उच्चदरको संकुचन तथा विप्रेषण आप्रवाहमा भएको उल्लेख्य दरको वृद्धिले चालू आर्थिक वर्षको तीन महिनामा चालू खाता ८६ अर्ब रुपैयाँले र शोधनान्तर स्थिति ६४ अर्ब रुपैयाँले बचतमा छन् । यसको परिणामस्वरुप २०७२ असोज मसान्तमा विदेशी विनिमय सञ्चिति ८९२ अर्ब रुपैयाँ पुगेको छ । विप्रेषण आप्रवाह २४ प्रतिशतले बढी १६६ अर्ब रुपैयाँ पुगेका कारण शोधनान्तर बचत भई बाह्य क्षेत्रको अवस्था सुदृढ देखिए पनि आर्थिक वर्षको पहिलो तीन महिनामा निर्यात तथा आयात क्रमशः २५.४ प्रतिशतले र ३१.९ प्रतिशतले घटेका छन् ।

आयातलाई प्रभावित गर्ने गरी तराई क्षेत्रमा भएको बन्दहड्ताल तथा दक्षिणी सीमाक्षेत्रमा भएको अवरोधबाट सिर्जित इन्धन एवं निर्माण सामग्री अभावका कारण सरकारको राजस्व परिचालन तथा पुँजीगत खर्च निराशाजनक छ । यसबाट चालू आर्थिक वर्षको चार महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा नेपाल सरकारको राजस्व संकलन १९.४ प्रतिशतले घटेर ९३ अर्ब रुपैयाँमात्र संकलन भएको छ भने सरकारको विकास खर्च वार्षिक लक्ष्य २०८ अर्ब रुपैयाँको तुलनामा अत्यन्त न्यूनमात्र अर्थात् ५ अर्ब ७४ करोड रुपैयाँमात्र भएको छ । न्यून राजस्व परिचालन भएको अवस्थामा समेत राष्ट्र बैंकमा सरकारको मौज्दात ८० अर्ब ८२ करोड रहनुले विकास निर्माण लक्षित सार्वजनिक वित्त व्यवस्थापन प्रभावकारी हुन नसकेको अवस्था देखिएको छ ।

भूकम्प तथा आपूर्ति प्रणालीमा भएको अवरोधको असर

वैशाख १२ मा गएको विनासकारी भूकम्प र त्यसपछिका परकम्पहरूका कारण अर्थतन्त्र नराम्रोसँग प्रभावित भयो । भूकम्पले अर्थतन्त्रमा ७०६ अर्ब रुपैयाँको क्षति भएको र करिब ९ हजार सर्वसाधारणले ज्यान गुमाएका छन् । हजारौं मानिस घाइते हुनु, वस्तुभाउको समेत ठूलो क्षति हुनु र नेपालको चीनसँगका सीमानाका जोड्ने पारवहन मार्ग अवरुद्ध भएकाले अर्थतन्त्रमा दीर्घकालसम्म असर पार्ने भएको छ ।

भूकम्पको प्रकोप व्यहोर्नु नपरेको अवस्थामा मुलुकको आर्थिक वृद्धिदर ४.५ प्रतिशत हुने अनुमान रहेकोमा भूकम्पीय असरका कारण ३ प्रतिशतमा खुम्चिन पुग्यो । भूकम्पकै कारण पर्यटन क्षेत्रमा अल्पकाल र मध्यकालसम्मकै लागि नकारात्मक असर पऱ्यो भने पर्यटन क्षेत्रसँग सम्बद्ध व्यवसायी र जागिरेहरूको आर्थिक गतिविधि ठप्प नै भयो । हिमाल चढ्ने, हिमशृंखलाको दृश्यावलोकन गर्ने र वसन्तको वहारको आनन्द लिन पर्यटक आउने मौसममै भूकम्प आएका कारण पर्यटन क्षेत्र अस्तव्यस्त बन्न पुग्यो । भूकम्पको प्रभाव आमसर्वसाधारणमा कतिसम्म पर्न गयो भने भूकम्पीय क्षतिका कारण करिब ७ लाख (३.५

प्रतिशत) जनता गरिबीको रेखामुनि धकेलिएको अनुमान छ। तथापि, भूकम्पपश्चात्को पुनर्निर्माणका लागि नेपाल सरकारले आयोजना गरेको पुनर्निर्माण सम्मेलनमार्फत् ४४० अर्ब रुपैयाँ वैदेशिक सहायता प्राप्त हुने प्रतिबद्धता व्यक्त भयो। तर, पुनर्निर्माणसम्बन्धी कार्य अगाडि नबढ्दा प्रतिबद्धताअनुसारको यो सहायतासमेत प्राप्त हुन सकेको छैन।

२०७२ असोज ३ गते संविधानसभाबाट संविधान जारी भएपश्चात् दक्षिणी क्षेत्रमा भएका आन्दोलन र भारतीय सीमाक्षेत्रमा भएको अवरोधका कारण अर्थतन्त्र संकुचन हुने ठूलो जोखिम देखापरेको छ। यसैका कारण अर्थतन्त्रलाई गतिशील बनाउन आवश्यक पर्ने इन्धन, औद्योगिक कच्चा पदार्थ, स्पेयर पार्टस्, औषधि, खाद्यान्नलगायतका वस्तुहरूको आयात बन्द भएको छ भने यातायात क्षेत्रसमेत ठप्पप्राय: छ। मुलुकको कुल इन्धन मागको १० प्रतिशतमात्र आपूर्ति भइरहँदा समग्र आर्थिक गतिविधि प्रभावित भएको छ।

तराई क्षेत्रका उद्योग बन्द हुनु, शैक्षिक संस्थाहरू बन्द हुनु, देशभर औषधि अभाव हुनु र यातायात सेवा अवरोध भएबाट तत्कालमा रोजगारी गुम्ने, मानवीय संकट उत्पन्न हुने र लगानी निरुत्साहित हुनेमात्र नभई दीर्घकालीन मानव विकासको शृंखलासमेत अवरुद्ध हुने अवस्था छ। न्यून आय भएका ज्यालादारी, खुद्रा व्यापारी तथा यातायात सेवामा संलग्न मजदुरको आम्दानीको स्रोत नै सुक्न गएकाले थप करिब ८ लाख जनसंख्या गरिबीको रेखामुनि धकेलिने अवस्था सिर्जना भएको छ।

शरद ऋतुमा विशेष आम्दानी हुने पर्यटन क्षेत्र, खुद्रा तथा थोक व्यापार र कृषिउपजको बिक्री वितरणसमेत नाकाबन्दीबाट प्रभावित भएका छन्। इन्धन आपूर्तिमा आत्मनिर्भर बन्दै मुलुकलाई लोडसेडिङमुक्त बनाउने चाहनाअनुसार सरकारी र निजी क्षेत्रमा सञ्चालित विद्युत् आयोजना निर्माणकार्यसमेत अवरुद्ध भएकाले पूर्वाधार विकास पनि अवरुद्ध बनेको छ।

२०७२ असोज ३ गते संविधानसभाबाट संविधान जारी भएपश्चात् दक्षिणी क्षेत्रमा भएका आन्दोलन र भारतीय सीमाक्षेत्रमा भएको अवरोधका कारण अर्थतन्त्र संकुचन हुने ठूलो जोखिम देखापरेको छ ।

संकटपछि राष्ट्र बैंकले उठाएका कदम

नेपाल राष्ट्र बैंकले मौद्रिक व्यवस्थापन र वित्तीय क्षेत्र नियमन/सुपरिवेक्षणका क्रममा सरकारको प्रमुख आर्थिक सल्लाहकारका रूपमा वित्त व्यवस्थापनलाई समेत सहयोग पुग्ने गरी आवश्यक नीति कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। सामान्यत: प्रत्येक आर्थिक वर्षका लागि सरकारको बजेट वक्तव्य सार्वजनिक भएलगत्तै मौद्रिक नीति सार्वजनिक गर्ने अभ्यासलाई समेत यसैको पुरकको रूपमा लिइनुपर्ने हुन्छ। वैशाख १२ को विनाशकारी भूकम्प र दुई महिनादेखिको सीमाक्षेत्रमा भएको अवरोधबाट सिर्जित समस्यालाई समाधान गर्न नेपाल राष्ट्र बैंकले अपनाएका सामयिक कदमहरूलाई पनि यसै परिप्रेक्ष्यमा हेरिनु उपयुक्त हुन्छ।

विनासकारी भूकम्पपछि राष्ट्र बैंकले प्रमुख रूपमा यी काम गऱ्यो :

(क) मुलुकको भुक्तानी प्रणालीलाई सहज तुल्याउन वैशाख १४ देखि नै बैंकिङ कार्यालय तथा मुद्रा व्यवस्थापन विभागका अत्यावश्यक कार्यलाई केन्द्रीय कार्यालयबाट सञ्चालनमा ल्याउनुका साथै क्षति नपुगेका बैंक तथा वित्तीय संस्थाका शाखाहरू १४ गतेदेखि नै सञ्चालन गर्न लगाई बैंकिङ कारोबार सुचारु गराएको थियो।

(ख) बैंक तथा वित्तीय संस्थाहरूले नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृतिबिना भूकम्पप्रभावित जिल्लाहरूमा आफ्ना शाखा विस्तार गर्न पाउने व्यवस्था गरिएको छ।

(ग) देश-विदेशका विभिन्न व्यक्ति तथा संघ-संस्थाले पठाएको सहयोग रकम राहतका लागि खोलिएका बैंक खाताहरूको रकम इयरमार्क गरी प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषको खातामा मात्र रकमान्तर गर्ने व्यवस्था मिलाइयो।

(घ) नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय, थापाथलीबाट हुँदै आएको सरकारी राजस्व बुझ्ने कार्यलाई वैशाख १६ गते आकस्मिक व्यवस्था गरी उपत्यकास्थित वाणिज्य बैंकका विभिन्न शाखा कार्यालयबाट राजस्व बुझ्ने व्यवस्था मिलाइयो ।

(ङ) आवासीय घर क्षतिग्रस्त भएका सर्वसाधारणलाई पुनर्निर्माणका लागि काठमाडौं उपत्यकामा २५ लाखसम्म र उपत्यकाबाहिर १५ लाखसम्मको आवासीय घर कर्जामा यस बैंकले शून्य ब्याजदरमा बैंक तथा वित्तीय संस्थाहरूलाई पुनर्कर्जा उपलब्ध गराउने र त्यस्तो कर्जामा बैंक तथा वित्तीय संस्थाले अधिकतम २ प्रतिशतसम्म मात्र ब्याज लिनसक्ने व्यवस्था मिलाइएको छ ।

(च) काठमाडौं उपत्यकाबाहेक भूकम्पले अतिप्रभावित जिल्लाहरूमा प्रधान कार्यालय भएका बैंक तथा वित्तीय संस्थालाई प्रधान कार्यालय क्षतिग्रस्त भएमा ५० लाख रुपैयाँसम्म शून्य ब्याजदरमा यस बैंकबाट कर्जा उपलब्ध गराउने र अनिवार्य मौज्दात, विपन्न वर्ग कर्जा प्रवाह तथा यस बैंकको निर्देशनबमोजिम पेस गर्नुपर्ने तथ्यांक एवं विवरणहरूका सम्बन्धमा २०७३ असार मसान्तसम्मका लागि छुट प्रदान गर्ने व्यवस्था गरिएको छ ।

(छ) भूकम्पका कारण ऋणीको कर्जा तिर्न सक्ने अवस्था नभएमा कर्जाको साँवा, ब्याज वा किस्ता रकम २०७२ असोज मसान्तसम्ममा प्राप्त भएमा २०७२ असार मसान्तको असल कर्जासरह गणना गर्न पाउने र ऋणीबाट कुनै पेनाल ब्याज वा शुल्क लिन नपाउने व्यवस्था गरिएको छ । त्यस्तै, भूकम्पका कारण नागरिकताको प्रमाणपत्र फेला पर्न नसकेकाहरूले भूकम्पपीडित प्रमाणपत्रको आधारमा खाता खोल्न पाउने व्यवस्था गरिएको छ ।

(ज) भूकम्पपीडित ऋणीले लिखित कार्ययोजनासहित माग गरेमा बैंक तथा वित्तीय संस्थाहरूले एकपटकका लागि बढीमा १ वर्षसम्म कर्जा पुनः तालिकीकरण वा पुनः संरचना गर्न सक्ने व्यवस्था गरिएको छ । साथै, यस्ता क्षेत्रमा निर्माणाधीन परियोजना सम्पन्न हुन थप समय लाग्ने भएमा बढीमा एक वर्षसम्मको ग्रेस अवधि थप गर्न सकिने प्रावधान ल्याइएको छ ।

यसैगरी, भारतीय अघोषित नाकाबन्दीपछिको अवस्थामा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने बैंक कर्जा नरोकियोस् र कर्जामार्फत् आर्थिक गतिविधि चलायमान होस् भन्ने उद्देश्यले २०७२ कात्तिक १० देखि यस्ता नियामकीय छुट (रेगुलेटरी रिलिफ) को व्यवस्था गरियो :

(क) कर्जा नोक्सानी व्यवस्थामा राहत

(ख) एक वर्षसम्म कर्जा भुक्तानी अवधि थप गर्न पाउने कर्जा पुनरावलोकन राहत,

(ग) ब्याज-आम्दानी लेखांकन गर्ने समयावधि थपसम्बन्धी राहत,

(घ) निर्माणाधीन परियोजनामा कर्जा भुक्तानी ग्रेस अवधि एक वर्ष थप गरिएको राहत र

(ङ) आयात कर्जाको समयावधि १२० दिनबाट बढाएर १८० दिन पुऱ्याइएको राहत ।

अन्त्यमा,

वैशाख १२ को भूकम्प र तराईमा जारी बन्दहड्ताल तथा भारतको अघोषित नाकाबन्दीका कारण नेपालको अर्थतन्त्र तीन दशकयताकै गम्भीर मोडमा पुगेको छ । यसलाई निकास दिन राजनीतिक तहबाट जारी बन्दहड्तालको अन्त्य गर्ने र कूटनीतिक तहबाट सीमामा भएको हटाउनेतर्फ अविलम्ब कदम चाल्नु आवश्यक छ । हाल ठप्प रहेको भूकम्पपछिको पुनर्निर्माण तथा हाल सञ्चालित जलविद्युत्लगायतका ठूला परियोजना यथाशक्य चाँडो सम्पन्न गर्ने गरी आवश्यक स्रोत परिचालन गर्नुपर्छ । यसका लागि देशको मौद्रिक तथा वित्तीय अधिकारीको रूपमा नेपाल राष्ट्र बैंकसमेत आवश्यक नीतिगत पहल गर्न कटिबद्ध रहेको छ ।

(नेपाल नेपाल राष्ट्र बैंकका गर्भनर हुन् ।) •

www.prabhubank.com

prabhu Employee Banking

A smart way of Payroll Management for your organization

Hassle Free
PAYROLL MANAGEMENT

Numerous
BENEFITS

AN/S-15

SPECIAL FEATURES :

- Competitive Interest Rate
- Zero Minimum Balance
- Free Credit Card, Debit Card and Balance Certificate
- Free Registration for e-Banking
- Preferential on Consumer Loan Products
- 50% Discount on Locker Service, Mobile Banking, Travel Card, Demand Draft and many more...

*Conditions apply

112 BRANCHES | 109 ATMs | 660,000+ CUSTOMERS

prabhu Bank
प्रभु बैंक लिमिटेड

Prabhu Bank Limited, Post Box No.: 19441, Babarmahal, Kathmandu, Ph: +977-1- 4788500
Fax: +977-1-4780588, E-mail: info@prabhubank.com, Toll Free No.: 16600107777

संघीयता बोझिलो नबनोस्

● पशुपति मुरारका

सरकार र कर्मचारी परिवर्तन हुनेबित्तिकै नीतिमा एकरूपता हुँदैन । निजी क्षेत्रले योजना बनाउँदा एउटा सरकार हुन्छ, काम सुरू गर्ने बेलामा अर्को सरकार आइसक्छ । कर्मचारी पनि त्यहीअनुसार परिवर्तन भइसकेका हुन्छन् । निजी क्षेत्रले बल्लबल्ल एउटा सरकार र कर्मचारीहरूलाई योजनाबारे बुझाएको हुन्छ, त्यसबेलै सरकार परिवर्तन भएर परिस्थिति बदलिसकेको हुन्छ । फेरि सुरूबाट अर्को सरकारदेखि कर्मचारीसम्मलाई निजी क्षेत्रले पुरानो योजना बुझाउनुपर्ने हुन्छ । बुझाउनै ६ महिना लाग्छ । यस्तोखालको अस्थिरताले निजी क्षेत्रलाई काम गर्न असजिलो भइरहेको छ ।

संविधानसभाबाट संविधान जारी भएसँगै मुलुक संघीयतामा गइसकेको छ । सीमांकन, नामांकन, संघीय कानुन क्रमशः बन्दै जानेछन् र लागू हुनेछ । नयाँ संविधान लागू भएपछि राजनीतिक मुद्दा टुंगिन्छ र मुलुक आर्थिक विकासतर्फ अग्रसर हुन्छ भन्ने निजी क्षेत्रको अपेक्षा थियो तर त्यसो हुन सकेन ।

नयाँ संविधान लागू हुनुअघि निजी क्षेत्रका जति गुनासा, समस्या थिए, ती यथावत् नै छन् । प्रदेशको विभाजनपछि वा संघीय संरचना पूर्णरूपमा लागू हुनका लागि निजी क्षेत्रका पुराना समस्या समाधान गर्नुपर्छ ।

पहिलो समस्या राजनीतिक अस्थिरता नै हो । एकदमै चाँडो सरकार परिवर्तन हुने, सरकार परिवर्तनसँगै कर्मचारी प्रशासन अदलबदल हुने भइरहेको छ, जसले गर्दा नीतिमा स्थिरता आउन सकेको छैन ।

आज एउटा सरकार छ भने परिवर्तन हुँदा विपरीत ध्रुवको अर्को सरकार आउँछ । उसले लिने नीति, उसका दर्शनहरू नै फरक हुन्छ । सरकार र कर्मचारी परिवर्तन हुनेबित्तिकै नीतिमा एकरूपता हुँदैन । निजी क्षेत्रले योजना बनाउँदा एउटा सरकार हुन्छ, काम सुरु गर्ने बेलामा अर्को सरकार आइसक्छ । कर्मचारी पनि त्यहीअनुसार परिवर्तन भइसकेका हुन्छन् । निजी क्षेत्रले बल्लबल्ल एउटा सरकार र कर्मचारीहरूलाई योजनाबारे बुझाएको हुन्छ, त्यसबेलै सरकार परिवर्तन भएर परिस्थिति बदलिसकेको हुन्छ । फेरि सुरुबाट अर्को सरकारदेखि कर्मचारीसम्मलाई निजी क्षेत्रले पुरानो योजना बुझाउनुपर्ने हुन्छ । बुझाउनै ६ महिना लाग्छ । यस्तोखालको अस्थिरताले निजी क्षेत्रलाई काम गर्न असजिलो भइरहेको छ ।

सरकार परिवर्तन भए पनि पुरानो नीतिमा परिवर्तन हुनु हुँदैन । हो, नयाँ नीति निर्माण गर्दा छलफल होला, समय लाग्ला तर पुरानो नीतिअनुसार कुनै योजना अगाडि बढेका छन् भने त्यसलाई परिवर्तन गर्न हुँदैन । सरकार परिवर्तनसँगै नीतिगत सरप्राइजेजहरू आइरहन्छन् । यसले गर्दा काम गर्न गाह्रो हुन्छ ।

अर्को समस्या भनेको सरकारको उपस्थिति हो । केही वर्षदेखि सरकारको उपस्थिति हराएर गएको छ । राज्य भन्ने छ कि छैन भन्ने अवस्था छ । हामी व्यवसाय गर्ने मान्छे हो, मुद्दामामलमा जानुभन्दा पनि नीति नियममा लेखिएअनुसार भइदियो भने त्यही अनुसार काम अगाडि बढ्थ्यो ।

राज्यको दरिलो उपस्थिति नभएपछि सानातिना समस्या आउँदा पनि व्यवसायी प्रशासन वा सरकार गुहार्न बाध्य हुन्छन् । राज्यले पनि आफ्नो उपस्थिति देखाउँदैन । उदाहरणका लागि, स्थानीयस्तरमा लगाएको उद्योगमा स्थानीयबाट अवरोध हुन्छ । उनीहरूका कारण भएको अवरोध हटाउन सरकार गुहार्नुपर्ने बाध्यता हुन्छ । सरकारी प्रतिनिधिहरूले दिने जवाफ एउटै हुन्छ- मिलेर आउनुहोस् । सर्वदलीय बैठक बस्छ । सरकार र प्रशासनले आफूले निर्णय गर्ने वा सहजीकरण गर्ने अधिकार स्थानीय नेता तथा सर्वदलीय बैठकलाई दिन्छन् । सरकार आफ्नो भूमिकाबाट पन्छिरहेको हुन्छ । सर्वदलीय बैठकमा मत मिल्न सक्दैन कहिलेकाहीँ, किनभने त्यहाँ विभिन्न दलका नेता हुन्छन् । नियम कानुनमा जे लेखे पनि उनीहरूको व्याख्या ठ्याक्कै विपरीत हुन्छ र निर्णय त्यही अनुसार गर्छन् । सरकारले आफ्नो उपस्थिति नदेखाउँदा निजी क्षेत्रलाई काम गर्न समस्या भइरहेको छ ।

अर्को समस्या श्रम हो । श्रम समस्या धेरै हदसम्म घटे पनि केही समस्या अझै छन् । श्रम ऐनको मस्यौदा तयार छ, त्यो आउन सकेको छैन । ऐनले व्यवसायी र मजदुर दुबैको हित संरक्षण गर्न खोजेको छ । मस्यौदामा कर्मचारी हटाउने अधिकार छ । यो अधिकार सुरक्षित हुनुपर्छ । कसैले पनि काम गर्ने कर्मचारी हटाउँदैन, बरु व्यवसाय वृद्धिसँगै थप्दै लान्छ । कर्मचारीमा 'मैले काम गरिनँ भने हटाउँछ है' भन्ने डर हुन आवश्यक छ । त्यो डर भएन भने ऊ ज्वाइँजस्तो रवाफ देखाउन थाल्छ । काम गर्दैन । यस्ता थुप्रै अधिकारको संरक्षण नयाँ ऐनको मस्यौदामा छ । यो चाँडो आउनुपर्छ ।

उद्योग खोल्नेजस्तै बन्द गर्न पनि पाउनुपर्छ । स्थापना गरेको सबै उद्योगले नाफा कमाउँछन्, राम्रो गर्छन् भन्ने छैन । त्यस्तो बेलामा उद्योग बन्द गर्न दिनुपर्छ । अहिले उद्योग बन्द गर्नुपरे श्रम मन्त्रालय जानुपर्छ, त्यहाँ जाँदा वर्षौं लाग्छ बन्द गर्ने स्वीकृति पाउन । मैले जति नोक्सान व्यहोरें, व्यहोरें अब म यो उद्योग चलाउँदिन भन्न पाउनुपर्छ ।

अर्को अप्ठ्यारो कर प्रणालीमा छ । यसमा सुधार आउनुपर्छ । करका बारेमा भएका नीति नियम लागू हुनुपर्छ, त्यसको अपव्याख्या गर्नु हुँदैन । करका विषयमा न्यायिक प्रणाली सहज हुनुपर्छ । अहिलेको ऐनले उद्योगीहरू अदालत नजाऊन् भन्ने जस्तो व्यवस्था गरिएको छ । कर ठगीको मूल्यांकन भइसकेपछि त्यसको ५० प्रतिशत धरौटी राखेपछि मात्र न्यायका लागि अदालत जान पाउने व्यवस्था अहिले

उद्योगीलाई हेर्ने मानसिकता पनि अर्को समस्या हो । मानसिकता परिवर्तन हुन जरुरी छ । "व्यवसायीहरु पनि देशकै लागि गरिरहेका छन् है" भन्ने मानसिकता ल्याउन जरुरी छ । सरकारी कर्मचारीमात्र राष्ट्रसेवक होइनन्, त्यत्रो लगानी गरेर, रोजगारी दिएर, कर तिरेर सरकारको कोष भर्ने निजी क्षेत्रका व्यवसायी पनि राष्ट्रसेवक हुन् । के निजी क्षेत्रचाहिँ देशद्रोही हो ?

छ । यो त अदालत नजाऊ भनेको हो । कर मूल्यांकन कहिलेकाहीँ व्यवसायीको क्षमताभन्दा ठूलो हुन जान्छ, त्यो बेला ५० प्रतिशत धरौटी राख्न सक्दैन । यसले अदालतको ढोका बन्द गरेको छ । मानौं, मैले अदालतबाट मुद्दा जितेर आए भने धरौटीको पैसा फिर्ता लिन ठूलै कसरत गर्नुपर्छ । हारियो भने जरिवाना र ब्याजसमेत तिर्नुपर्छ । कर प्रशासनलाई दिइएको असीमित अधिकार हटाउनुपर्छ । छिटोछरितो न्यायप्रणाली हुनुपर्छ ।

राजस्वमुखी सरकारी नीतिले पनि समस्या पारिरहेको छ । अहिले उद्योगभन्दा बढी व्यापारबाट राजस्व प्राप्त भइरहेको छ । सरकारले यस्तो नीति लिँदा व्यवसायीहरू उद्योग छाडेर व्यापारतिर लागेका छन् । यसले रोजगारीमा असर पर्छ । उद्योग भयो भने रोजगारी वृद्धि हुन्छ । आजको दिन (नाकाबन्दीका बेला) मै हामी उद्योगधन्दातिर ध्यान दिएको भए केही न केही उत्पादन हुन्थ्यो । तर, हामी व्यापारतिर लाग्यौं । व्यापारतिर आकर्षित गर्नुमा राजस्वमुखी सरकारी नीति हो । अहिले नाम चलेका उद्योगी घरानाहरू धमाधम व्यापारतिर लागेका छन् । जो परम्परागत रूपमै उद्योग सञ्चालन गर्थ्यो, उसले पनि अहिले व्यापारमा भविष्य देख्न थालेको छ । उद्योग चलाउनेहरूले व्यापार गर्न थालेका छन् । उद्योग सञ्चालन भएको भए आजका दिन केही हदसम्म हाम्रै उत्पादनले भरथेग गर्थ्यो ।

उद्योगीलाई हेर्ने मानसिकता पनि अर्को समस्या हो । मानसिकता परिवर्तन हुन जरुरी छ । 'व्यवसायीहरू पनि देशकै लागि गरिरहेका छन् है' भन्ने मानसिकता ल्याउन जरुरी छ । सरकारी कर्मचारीमात्र राष्ट्रसेवक होइनन्, त्यत्रो लगानी गरेर, रोजगारी दिएर, कर तिरेर सरकारको कोष भर्ने निजी क्षेत्रका व्यवसायी पनि राष्ट्रसेवक हुन् । के निजी क्षेत्रचाहिँ देशद्रोही हो ?

लगानी गरेर नाफा आर्जन गर्नु अपराध होइन । व्यवसायीले गरेको नाफाको २५ प्रतिशत सरकारले लैजान्छ । सरकार बिनाकुनै लगानी २५ प्रतिशत नाफाको अंशियार भइरहेको छ । व्यवसायीले सरकारलाई नाफा बाँडेकै छन् । तर पनि उनीहरूलाई हेर्ने मानसिकता परिवर्तन भएको छैन । व्यवसायीले अहिले पनि दोस्रो दर्जाको नागरिक ठान्नुपर्ने अवस्था छ, यो कुरा परिवर्तन हुन जरुरी छ ।

संविधान आएपछि देश आर्थिक क्रियाकलापमा अगाडि बढ्ला भन्ने थियो तर तराई बन्द भएकै सय दिनभन्दा बढी भइसकेको छ, यसले तराईका उद्योगधन्दा चौपट बनाएको छ । यसो हुनुको प्रमुख कारण अर्थतन्त्रप्रति राजनीतिक दल र उनीहरूका नेताको कमजोर बुझाइ हो ।

हाम्रा राजनीतिज्ञहरू पूरै राजनीतिज्ञमात्र भए । अर्थतन्त्र बुझ्ने राजनीतिज्ञ एकदमै कम भए । प्रधानमन्त्री भएकाहरूमध्ये कसैले पनि अर्थतन्त्र बुझेनन् अर्थात् अर्थतन्त्रबारे बुझ्ने मान्छे आजसम्म प्रधानमन्त्री नै भएका छैनन् । अर्थतन्त्र बुझ्ने मान्छे आएको भए राजनीतिक नारा आउँदैन थियो, आर्थिक मुद्दाहरू नै उसको प्राथमिकतामा पर्थ्यो ।

सरकारले निजी क्षेत्रले चाहेजस्तो नीति बनाए हुन्थ्यो भन्ने हाम्रो चाहना हाम्रो हुनु स्वाभाविक हो तर निजी क्षेत्रले चाहेजस्तै नीति बनाउनुपर्छ भन्ने छैन । राज्य आफैंले आफ्नो प्राथमिकता निर्धारण गरेर नीति बनाउने हो । त्यो नीतिलाई हामीले पालना गर्नुपर्छ । तर, हाम्रो देशमा भने सरकार आफैंले बनाएको नीति पनि कार्यान्वयन गर्न सक्दैन । सरकारलाई उद्योगधन्दा चाहिन्छ, उत्पादन चाहिन्छ भने उसले त्यसका लागि त्यही अनुसारको नीति बनाउने हो । तर, यहाँ त नेताहरूले अर्थतन्त्र नै बुझ्दैनन् । राजनीतिक मुद्दामा नै अल्झिबसेका छन् । लगानी गर्नूस् भन्नेबाहेक राजनीतिज्ञले भन्ने कुरा केही छैन । तर, किन लगानी आएन ? भनेर उनीहरूले हेरेका छैनन् । त्यो हेरेर नीति तर्जुमा भयो भने लगानी नआउने भन्ने हुँदैन । अर्थतन्त्र बुझ्ने राजनीतिज्ञ नहुनु अर्को समस्या हो ।

हामी व्यापार गर्ने मान्छे हो । हामी फलानो समूहले यति लगानी गऱ्यो, यति राजस्व बुझायो, नाफा यति गऱ्यो भनेर हेरिरहेका हुन्छौं । उसलाई जित्ने हाम्रो योजना हुन्छ । तर, योजना बनाएरमात्र हुँदैन राज्यले पनि एउटा स्थिर र सहज नीति लिनुपर्छ । लगानीको संरक्षण गरिदिनुपर्छ ।

यस्तो अनेक समस्या हल नहुँदै हामी संघीयतामा गएका छौं । नेपालमा प्रजातन्त्रको हिसाबकिताब २०४७ सालदेखि गर्ने हो भने २५ वर्ष पुगिसकेको छ । तर, यसबीचमा कुनै सरकार पाँच वर्ष टिकेको छैन । आठ सिट हुनेहरू पनि प्रधानमन्त्री भएका छन् । अर्थात् हामी अहिले पनि प्रजातन्त्रको प्रयोग नै गरिरहेका छौं ।

एउटा प्रयोग नसकिँदै अर्को प्रयोग सुरु भएको छ, संघीयताको हो । राजनीतिज्ञले संघीयतालाई राम्रोसँग बुझेजस्तो मलाई लाग्दैन । विकास निर्माणमा स्थानीयको सहभागिता नै हो संघीयताको मूल मर्म जस्तो मलाई लाग्छ ।

पुरानै समस्याहरूको डंगुर लागेका बेला नयाँ प्रयोगमा जाँदा अझ धेरै र ठूला समस्या आउने हुन् कि भन्ने निजी क्षेत्रको डर छ । संघीयतामा गए पनि राज्य-राज्यको स्थानीय समस्या, उनीहरूको महत्वकांक्षाले उब्जाउन सक्ने अर्को समस्याका खातहरू थपिने डर निजी क्षेत्रमा छ । नेपाल सानो मुलुक छ, राज्य झन् साना-साना हुन्छन् । एउटा राज्यमा उत्पादन हुन्छ, खपत हुने राज्य अर्कै पर्छ । यो स्थितिमा के हुन्छ भनेर अझै पनि अन्यौल छ । कर प्रणाली केही स्पष्ट त भएको छ । भन्सार, मूल्य अभिवृद्धि कर, आयकर र अन्तःशुल्क केन्द्रमा हुने भन्ने छ । तर, बाँकी करको कार्यान्वयन कसरी हुन्छ भन्ने अन्यौल बाँकी नै छ ।

पुराना समस्या हल गर्दै नयाँ व्यवस्थामा जाँदा सहज हुन्छ । राज्यले चार-पाँचवटा पुराना समस्या हल गरेर नयाँ व्यवस्थामा जानुपर्छ, यसले मात्र दिगो विकास हुन्छ, समृद्ध नेपाल बन्छ नभए संघीयता नेपालका लागि अर्को बोझिलो समस्या बन्नेछ ।

(मुरारका नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष हुन् ।) •

सानिमा
"क"
वर्गको बैंक

"सबल अनि विश्वसनीय बैंक"

sanima

SanimaBank

सबल अनि विश्वसनीय

पोष्ट बक्स नं. : २०३२४, 'अलकापुरी', नवसाल, काठमाडौं, फोन :+९७७-१-४४२८९७९/८०,
फ्याक्स :+९७७-१-४४२८९६९, E-mail : sanima@sanimabank.com

www.sanimabank.com

www.kailashbank.com

कैलाश सरल घर कर्जा

किन्नुबेस

बनाउनुबेस

मर्मत गर्नुबेस

*शर्तमा लागू हुने

हामा विषेशताहरू

- १५ बर्ष सम्मको लागि कर्जा दिइने
- १ करोड सम्मको कर्जा उपलब्ध हुने
- ३ कार्य दिनमा कर्जा उपलब्ध हुने
- १ वर्ष सम्म ब्याजदर परिवर्तन नहुने
- ५ वर्ष पछि अग्रिम भुक्तानी गर्दा अग्रिम भुक्तानी शुल्क नलाग्ने
- बैंकको सम्पूर्ण शाखाबाट यो सुविधा उपलब्ध हुने

आकर्षक ब्याजदर

केन्द्रीय कार्यालय: न्यूप्लाजा, पुतलीसडक, काठमाडौं, फोन नं: ०१-४४४३०३४, ४४३२१३२
Toll Free No: 16600111777

कैलाश विकास बैंक लि.
KAILASH BIKAS BANK LTD.

संकटले दिएको शिक्षा

● विनोद चौधरी

सर्वसाधारण नेपाली जनतालाई प्रत्यक्ष प्रतिकूल असर पर्ने गरी गरिएको पारवहन अवरोधको कार्यबाट भारतले आफूप्रति नेपाली जनतामा रहेको विश्वास र सम्मानको वातावरण संरक्षण गर्न नसकेको देखिन्छ र कालान्तारमा निश्चय पनि यो भारतका लागि हितकर हुनेछैन ।

आज फेरि एकपटक नेपाल-भारत सम्बन्ध चिसिएको छ । हामी अत्यन्त जटिल परिस्थितिमा उभिएका छौं । आपूर्ति व्यवस्थामा अवरोध आएको छ । पेट्रोलियम पदार्थ र औद्योगिक क्षेत्रहरूको त कुरै छाडौं, दैनिक अत्यावश्यकीय खाद्यपदार्थ र औषधिजस्ता संवेदनशील वस्तुहरूको समेत नेपाली जनताले अभाव झेल्नुपरेको छ । हाम्रा कलिला बालबालिका स्कुल जान पाएका छैनन् । वास्तवमा परिस्थिति सामान्य छैन ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल भ्रमणका क्रममा विशेष गरी उहाँले नेपालको संविधानसभामा दिनुभएको मन्तव्यले नेपाल र भारतबीच कहिल्यै नदेखिएको विश्वासको लहर सिर्जना गरेको थियो । मोदीको नेपाल भ्रमणले दुई देशबीच आर्थिक विकासको सहकार्यमा नयाँ उचाइ प्राप्त हुने वातावरण तयार भएको थियो, खासगरी नेपालको प्राकृतिक स्रोतको विकासको सन्दर्भमा । जुन, चार दशकदेखि भारतसँगको समझदारीको अभावमा गन्तव्यहीन जस्तै बन्न पुगेको थियो । आर्थिक सहकार्यमा नयाँ सम्भावनाहरू देखिँदै गर्दा दुई देशबीच उत्पन्न असहज परिस्थितिले यी सम्भावनालाई फेरि टाढा धकेलिदिएको छ ।

नेपालको संविधानसँग गाँसिएका विभिन्न महत्वपूर्ण बुँदाहरूमा नेपाल र भारतबीच देखिएको फरक मत र भारतले मधेसको मुद्दामा एक दशकदेखि लिएको दृष्टिकोणको फलस्वरुप आज दुई देशबीचको सम्बन्ध नराम्रोसँग बिग्रिएको छ । नेपालले नयाँ संविधान जारी गरेयताको दुई महिनाभन्दा लामो समयदेखि भारतबाट गरिएको अवरोधले नेपाली नागरिकको जीवन नराम्ररी प्रभावित भएको छ । सर्वसाधारण नेपाली जनतालाई प्रत्यक्ष प्रतिकूल असर पर्ने गरी गरिएको यस कार्यबाट भारतले आफूप्रति नेपाली जनतामा रहेको विश्वास र सम्मानको वातावरण संरक्षण गर्न नसकेको देखिन्छ र कालान्तारमा निश्चय पनि यो भारतका लागि हितकर हुनेछैन ।

एउटा बिन्दुमा पुगेर वर्तमानमा देखिएका राजनीतिक समस्या समाधान होलान्, नेपाल र भारतबीच नयाँ सम्बन्ध स्थापित होला, अहिलेको पारवाहन अवरोध पनि हट्ला तर महान चाड दशैं-तिहारका बेला नाकाबन्दीका कारण आमनेपाली जनताले व्यहोर्नुपरेका सास्तीहरू भने उनीहरूका मनमा दीर्घकालसम्म कायमै रहनेछन् । अहिलेको नयाँ पुस्ताले यो पीडालाई त्यति सजिलै बिर्सन सक्ने छैन । यसले दुई देश र विशेषगरी जनस्तरमा रहेको सुमधुर सम्बन्धलाई पक्कै पनि लामो समयका लागि खल्बल्याएको छ । फेरि पनि दुबै राष्ट्रले सम्बन्धलाई थप बिग्रिन नदिई यथासक्य चाँडो पूर्ववत् अवस्थामा फर्किने वातावरण तयार गर्नुपर्छ ।

यस मामिलामा भारतका नीति-निर्माता र सम्बद्ध निकायले सही दृष्टिकोण लिन नसकेकै हुन्, जसका कारण भारतले आफ्नो भरोसायोग्य छिमेकीको विश्वास गुमाउन पुगेको छ, जुन भारतका

लागि ठूलो नोक्सानी हो ।

तर, यस नोक्सानीबाट नेपाल पनि मुक्त छैन । हाम्रा अधिकांश आपूर्ति संरचना वा प्राकृतिक स्रोतको दोहन भारतसँग प्रत्यक्ष गाँसिएका छन् । आज देशको वैकल्पिक आपूर्ति व्यवस्थाका विषयमा धेरै चर्चाहरू सुरु भएका छन् । राष्ट्रको सम्पूर्ण शक्ति नै यसका लागि खर्च भएजस्तो भान भइरहेको छ । म २०४५ सालको परिस्थितिलाई सम्झिने कोसिस गरिरहेको छु, त्यतिबेला पनि भारतले नेपालमाथि नाकाबन्दी लगाएको थियो । यद्यपि, यी दुवै नाकाबन्दीका पृष्ठभूमि र उद्देश्य अलग-अलग देखिन्छन् । तत्कालीन सरकारले पनि वैकल्पिक व्यवस्थाका उपायहरू अगाडि नसारेको होइन तर भारतको नाकाबन्दी हटेपछि यी विकल्पलाई कुनै पनि सरकारले सम्झिन चाहेन ।

मलाई लाग्छ, २५ वर्षपछि अहिले फेरि हामी त्यही वैकल्पिक आपूर्ति व्यवस्थाका उपायहरूको चर्चा गरिरहेका छौं । हामी जतिबेला समस्यामा पर्छौं, दिनरात वैकल्पिक व्यवस्था मिलाउनुपर्छ भन्ने चर्चामा जुट्छौं तर जब समस्या समाधान हुन्छ तब सबै बिर्सिन्छौं । यो कार्यशैलीमा सुधार गर्न नसक्दा हामीले २५ वर्षपछि जे भोगेका छौं, अर्को २५ वर्षपछि पनि यही नियति दोहोरिनेछैन कसरी भन्ने ?

भर्खरै मैले केही लेखहरू पढ्ने मौका पाएँ जहाँ नेपाल र चीनबीच व्यापारिक प्रयोजनका लागि सहज प्रयोगमा ल्याउन सकिने सीमानाकाहरूबारे विस्तृतमा विश्लेषण गरिएको थियो । जब भारतबाट अवरोध उत्पन्न हुन्छ, चीनसँगका नाका खोल्ने विषयहरू बहसमा आउँछन् तर जब यो विषय समाधान हुन्छ, हामीले यी कुरा बिर्सिन्छौं । नेपालको पारवहन सुविधालाई व्यवस्थित गर्न चीनसँग आठवटा नाका सञ्चालनमा ल्याउन सकिने अवस्था छ । तर, हामीले यसलाई व्यवस्थित बनाउन सकिरहेका छैनौं । हाम्रो कमजोरी यहींनेर छ । यी नाका नेपाल र चीनबीचको व्यापारका लागि मात्रै होइन, चीन र भारतबीचको व्यापारका लागि पनि उत्तिकै महत्वपूर्ण छन् । चीन र भारतका बीचमा नेपाल 'ट्रान्जिट प्वइन्ट' हुन सक्ने प्रबल सम्भावनाहरू थिए र छन् । अहिले नेपाल हुँदै चीन र भारतबीचमा ठूलो व्यापारिक कारोबार हुन्थ्यो भने हामी भारतबाट आपूर्तिमा अवरोध आउँदा पनि अहिलेको तुलनामा कम समस्यामा पर्ने थियौं । त्यस्तै, नेपालसँग सीमा जोडिएका भारतका राज्यहरूलाई नेपालप्रति विद्युत् आपूर्तिमा परनिर्भरमात्रै बनाउन सकेको भए पनि भारतले यस्ता कदम चाल्नुअघि धेरैपटक सोच्नुपर्ने हुन्थ्यो ।

अहिले नेपाल हुँदै चीन र भारतबीचमा ठूलो व्यापारिक कारोबार हुन्थ्यो भने हामी भारतबाट आपूर्तिमा अवरोध आउँदा पनि अहिलेको तुलनामा कम समस्यामा पर्ने थियौं । त्यस्तै, नेपालसँग सीमा जोडिएका भारतका राज्यहरूलाई नेपालप्रति विद्युत् आपूर्तिमा परनिर्भरमात्रै बनाउन सकेको भए पनि भारतले यस्ता कदम चाल्नुअघि धेरैपटक सोच्नुपर्ने हुन्थ्यो ।

हामीले अहिले विगतका कार्यशैलीको समक्षा गर्नुको अर्थ आगामी रणनीति तय गर्नका लागि हुनुपर्छ । पक्कै पनि भोलिका दिनमा भार तसँग हाम्रो सम्बन्धमा सुधार आउनेछ । तर, नेपाल एउटै देशसँग परनिर्भर रहने वा दुवै छिमेकीसँगको व्यापारिक वातावरणलाई सहज बनाउने भन्ने हाम्रो दीर्घकालीन रणनीतिमा भर पर्नेछ । त्यसैले २०४५ साल र २०७२ सालको अनुभवका आधारमा देशलाई आत्मनिर्भर बनाउने दिशामा चालिएका कदम राष्ट्रकै संकल्प बनून् । यो नियति नेपाली जनताले फेरि भोग्नु नपरोस् ।

(चौधरी नेपाल उद्योग परिसंघका प्रेसिडेन्ट इमेरिटस हुन् ।) •

Standard Chartered

Standard Chartered Bank Nepal Limited

Here for good

Can a bank really stand for something? Can it balance its ambition with its conscience? To do what it must. Not what it can. As not everything in life that counts can be counted. Can it not only look at the profit it makes but how it makes that profit? And stand beside people, not above them. Where every solution depends on each person. Simply by doing good, can a bank in fact be great? In the many places we call home, our purpose remains the same. To be here for people. Here for progress. Here for the long run. Here for good.

sc.com/np

Dabur
डाबर
च्यवनप्राश
घरमै दुई चम्चाको तयारी
राख्छ टाढा बिमारी
' बास्तवमा म सानो हुँदादेखि नै मेरो मुमाले मलाई डाबर च्यवनप्राश खुवाउनुहुन्थ्यो। आजसम्म पनि म हरदम fit र स्वस्थ रहन डाबर च्यवनप्राश regularly खाँदैछु। '
Dabur
Chyawanprash
3 TIMES MORE Immunity
जाडोको मौसम, अर्थात् शरीरमा चिसो अनि रुघा, खोकी लाग्ने समय। यस्तो बेलामा तपाईलाई चाहिन्छ - डाबर च्यवनप्राश जसको ४७ आयुर्वेदिक तत्वले तपाईको आन्तरिक शक्ति बढाई रोग र चिसोसँग लड्ने क्षमता ३ गुणा बढाउँछ।
डाबर च्यवनप्राश - घरमै दुई चम्चाको तयारी, राख्छ टाढा बिमारी ।

पत्रकार कार्यकर्ता नबनौं

● प्रतीक प्रधान

पुनर्निर्माणमा सरकारले जति खर्च गर्छ त्यसको अधिकाधिक रकम पीडित जनताको हातमा वा उसको राहतमा खर्च हुनुपर्छ । अहिले भूकम्पपीडित र पुनर्निर्माणको रिपोर्टिङ गर्ने पत्रकारको मुख्य जिम्मेवारी त्यही हो । तर, जनतालाई सहयोग गर्ने वा उसले सरकारबाट पाउने सहयोग दिलाउने नाममा सर्वदलीय समिति, स्थानीय समिति, स्थानीय क्लब आदि अनेक समूह र उपसमूहले अनेक प्रकारले जनताले पाउनुपर्ने रकमको दुरूपयोग गर्ने सम्भावना प्रबल छ । यस्ता संस्थाले ठूला मिडियाका संवाददाता र स्थानीय प्रभावशाली पत्रकारलाई कुनै न कुनै प्रकारले प्रलोभनमा पारी वा लाभ पाउने पद दिलाएर आफ्ना गलत क्रियाकलापको ढाकछोप गर्ने कोसिस गर्छन् ।

२०७२ साल वैशाख १२ गते आएको भूकम्प र २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको एक-आपसमा सीधा सम्बन्ध छैन तर यी दुवै एकै वर्ष नेपाली जनताका लागि दुर्घटना सावित भए । भूकम्प त यसै पनि प्राकृतिक प्रकोप हो र ९ हजारभन्दा बढीको ज्यान लियो तर संविधान जनतालाई अधिकार र सार्वभौमसत्ताको उपहार लिएर आएको थियो । हाम्रो दुर्भाग्य, नेपालमा यस्ता बुद्धिजीवी र सामाजिक अभियन्ता जन्मेका रहेछन् कि तिनले संविधान जारी हुनुभन्दा पहिलेदेखि नै आफ्ना साधारण असहमतिका आधारमा संविधानलाई विश्वभर नै बदनाम गराइसकेका थिए । परिणामस्वरुप, नेपाली जनप्रतिनिधिमध्ये ८६ प्रतिशतले समर्थन गरेको संविधानले अन्तर्राष्ट्रिय समर्थन प्राप्त गर्न सकेन ।

मधेसी मोर्चाले राखेका केही मागका आधारमा भारतले नाकाबन्दी गर्दा पनि विश्वसमुदाय नेपालको पक्षमा उभिन सकेको छैन । हाम्रा बुद्धिजीवी र चिन्तकहरूकै कारण यस्तो अवस्था आएको हो । अन्यथा मधेसीका जायज माग पूरा गर्न समस्या नपर्नु पर्ने हो । तर, मधेसी र विदेशीमा संविधानप्रतिको रोष र विरोध यस्तो तीव्र नहुनुपर्थ्यो । त्यसैले पत्रकारले पनि कुनै पनि विषयमा कलम चलाउनुअघि त्यसको दूरगामी असर कस्तो पर्न सक्छ भन्ने विषयमा सावधानी अपनाउन अत्यन्त जरुरी हुन्छ ।

अहिले हामी नाकाबन्दी र यसबाट सिर्जित समस्या र आर्थिक अस्तव्यस्तताका विषयमा कुरा नगरौं । यो विषयमा धेरै समाचार, विचार, लेख र रचना प्रकाशित भएका छन् । अहिले छलफलमा ल्याउन खोजेको विषय भूकम्पले ग्रस्त यो देशमा पीडितले राहत किन पाएनन् र त्यसका लागि पत्रकारको के भूमिका हुन्छ भन्ने नै हो ।

वैशाख १२ गते आएको भूकम्पका पीडितले मंसिर १२ सम्म पनि खासै सहयोग पाउन सकेका छैनन् । तुरुन्त सहयोग प्राप्त गर्नुपर्ने भूकम्पपीडितले समेत ६ महिनासम्म राज्यको सहयोग पाउँदैनन् भने सर्वसाधारण जनताले मेलम्चीको पानी काठमाडौं आइपुग्न बीसौं वर्ष कुर्नु कुन आश्चर्य भयो र ! देश र जनताका लागि त्याग, तपस्या र बलिदानी गरेर पदासीन हुन पुगेका भनिएका राजनीतिक नेतृत्वले जनतालाई धोका दिएको यस अवस्थामा जनताको सही प्रतिनिधिका रूपमा पत्रकारले काम गर्न सक्छन् । यो लेखको उद्देश्य नै पत्रकारले भूकम्पपीडितका लागि कसरी सहयोग गर्न सक्छन् र भत्केका घर, स्कुल, स्वास्थ्यचौकी र मठमन्दिर पुनर्निर्माणको काम कसरी स्वच्छ र भ्रष्टाचाररहित बनाउन सक्छन् भन्ने हो ।

समस्या फेरि राजनीतीकरणकै छ । हामीमध्ये अधिकांश पत्रकार कुनै न कुनै रूपमा राजनीतिक दलको कार्यकर्ताको हैसियतमै काम गर्छौं । पुनर्निर्माण प्राधिकरणको अहिलेसम्म गठन हुन सकेन, एकपटक अध्यादेशबाट ल्याएको विधेयक ३ महिनासम्म कानुनका रूपमा पास नभएकाले पुनर्निर्माण प्राधिकरणको भविष्य त्यसै अल्झेको छ । तर, हामी सो प्राधिकरण जनताका लागि कति महत्वपूर्ण छ र त्यो विधेयक पास हुनुपर्थ्यो कि पर्दैनथ्यो भनेर हेर्दैनौं । हामी त नेपाली कांग्रेसको धारणालाई समर्थन गर्ने कि नेकपा एमालेको धारणालाई समर्थन गर्ने भन्ने लाइन लिन पत्रिकाका सम्पादक र मालिकको मुख हेर्नेबाहेक केही गर्न सक्दैनौं । त्यसैले गर्दा पत्रकारितामा राजनीतिक पूर्वाग्रहको अन्त्य नभई पत्रकार जनअधिकारका सच्चा पहरेदार हुन सक्दैनन् । सत्तामा बस्नेले सधैं ठगेको हुँदा धन्न नेपाली जनतालाई सरकारबाट केही पाइन्छ भन्ने आस छैन । जनताले आ-आफ्नै तवरले आफ्नो व्यवस्था नगरेर सरकारले विदेशी दातृनिकायको सहयोगमा आएको रकमबाट खुवाउँछ र घर बनाइदिन्छ भनेर बसेका भए भूकम्पमा जतिको ज्यान गयो त्योभन्दा दोब्बरको ज्यान अहिलेसम्म गइसकेको हुन्थ्यो । कतिपय जनता अझैसम्म न्यानो आवासको व्यवस्था गर्न नसकेर बिरामी पर्न थालेका छन् । तर, यता दुईवटा ठूला भनिएका राजनीतिक दल भने सिंग अड्केका गोरुझैं कसले प्राधिकरण कब्जा गर्ने भन्ने होडमा जनताको वास्ता गर्ने छाँट देखाएका छैनन् ।

पत्रकारले मात्र पनि भूकम्पपीडितको हकहितमा बोल्ने र यस्तो कुरा गर्दा कुनै पनि राजनीतिक पूर्वाग्रह नराख्ने हो भने पीडितले ढिलै भए पनि केही राहत पाउलान् । अहिलेसम्मको नेपाली पत्रकारिताको इतिहास केलाउने हो भने यस्तो अपेक्षा गर्नु पनि एकप्रकारको दिवास्वप्नमात्र हो । तथापि, देश निर्माण गर्ने, जनतामा सरकारप्रति विश्वास जगाउने र पत्रकारिताकामार्फत देशहितमा केही काम गर्ने हो भने यस्तो कार्यको विकल्प छैन ।

भूकम्प पुनर्निर्माण प्राधिकरण गठन हुन नसके पनि राष्ट्रिय योजना आयोगले पुनर्निर्माणसम्बन्धी धेरै कार्ययोजना बनाइसकेको छ । घरको डिजाइन कस्तो हुने, स्कुल कस्तो बनाउनुपर्ने र स्वास्थ्यचौकी कस्तो बलियो हुन्छ भन्ने विषयमा धेरै काम भइसकेको छ । आयोगका पूर्वउपाध्यक्ष गोविन्द पोखरेलले गरेका कामका लागि उपयुक्त

नेपाललाई भ्रष्टाचारको दलदलमा सम्पूर्ण रूपमा डुब्न र देशलाई एक असफल राष्ट्र हुनबाट जोगाउन पत्रकारको ठूलो भूमिका हुन्छ तर पत्रकार आफैं राजनीतिको दलदलबाट बच्न सक्नुपर्छ ।

जस पनि दिनैपर्छ। साथै, अब नयाँ उपाध्यक्ष युवराज खतिवडाले पनि त्यस कार्यलाई निरन्तरता दिनेछन् भन्ने विश्वास गर्नुपर्छ। कुनै पत्रकारले पोखरेलले केही पनि गरेनन् भनेर लेख्ने र त्यही मात्राका अरू पत्रकारले खतिवडाले केही गर्न सक्दैनन् भनेर कुर्लनाले नै नेपालमा कुनै पनि सही कुरो ठीक र गलत कुरो बेठीक भनेर स्थापित हुँदैन। पोखरेलले सही काम गर्न सकेका थिएनन् भने अधिकांश पत्रकारले तिनलाई गलत गरे भन्नुपर्‍यो र ठीक गरेका रहेछन् भने अधिकांशले सही भनेर तिनको पक्षमा वकालत गर्नुपर्‍यो। तर, आफ्नो पार्टीलाइनअनुसार मात्र समर्थन वा विरोध गर्नाले जनतामा पत्रकारिताप्रति नै वितृष्णा उत्पन्न भइरहेको छ।

पुनर्निर्माणमा सरकारले जति खर्च गर्छ त्यसको अधिकाधिक रकम पीडित जनताको हातमा वा उसको राहतमा खर्च हुनुपर्छ। अहिले भूकम्पपीडित र पुनर्निर्माणको रिपोर्टिङ गर्ने पत्रकारको मुख्य जिम्मेवारी त्यही हो। तर, जनतालाई सहयोग गर्ने वा उसले सरकारबाट पाउने सहयोग दिलाउने नाममा सर्वदलीय समिति, स्थानीय समिति, स्थानीय क्लब आदि अनेक समूह र उपसमूहले अनेक प्रकारले जनताले पाउनुपर्ने रकमको दुरुपयोग गर्ने सम्भावना प्रबल छ। यस्ता संस्थाले ठूला मिडियाका संवाददाता र स्थानीय प्रभावशाली पत्रकारलाई कुनै न कुनै प्रकारले प्रलोभनमा पारी वा लाभ पाउने पद दिलाएर आफ्ना गलत क्रियाकलापको ढाकछोप गर्ने कोसिस गर्छन्। सरकारले सहयोग गर्ने भनिएको ६-७ अर्ब रकम मुख्यतः जनतालाई घर बनाउन र त्यसका लागि निर्माण सामग्री खरिद गर्नका लागि खर्च हुन्छ। त्यसैले व्यापारीहरू सस्तो र कमसल सामग्री सरकारबाट पास गराई जनता ठग्न उद्यत रहन्छन्। यस्तो काम पत्रकारको सहयोगबिना सम्भव हुँदैन भनेर यस्ता ठगले राम्ररी जानेका हुन्छन्। त्यसैले प्रशासन, प्रहरी, राजनीतिक नेता, स्थानीय टाठाबाठा जस्ता सम्मिलित ठगको समूहमा त्यस्ता व्यापारीले पत्रकारलाई पनि संलग्न गराउन चाहन्छन्। हाम्रा पत्रकार पनि त्यस्तो समूहमा बसेपश्चात् आफ्नो निर्भिक र स्वतन्त्र विचार पस्कन पाइँदैन भन्ने कुनै प्रकारको सुर्ता नलिई केही हजार पैसाका लागि सहभागी हुन्छन्।

यस्तो अवस्था अझ सार्वजनिक भवन निर्माणका क्रममा हुने सम्भावना बढी हुन्छ। हाम्रा स्कुल भवन र स्वास्थ्यचौकी फेरि पनि भूकम्पप्रतिरोधी नबन्ने सम्भावना प्रशस्त देखिएको छ। भूकम्पप्रतिरोधी डिजाइन भनेरमात्र हुँदैन, पर्याप्त सिमेन्ट र छडको प्रयोग भएको हुनुपर्छ। यसपटक त मुख्य भूकम्प र सहायक भूकम्प विद्यालय बन्द भएको बेला र दिउँसो आएकाले धेरै बालबालिकाको ज्यान जोगियो तर सधैं त्यस्तो नहुन सक्छ। त्यसैले हामीले हाम्रा विद्यालय भवन र स्वास्थ्यचौकी बलियो बनाउनुपर्छ। त्यसका लागि भ्रष्टाचार हुन दिनु हुँदैन र पत्रकारको यस कार्यमा ठूलो भूमिका हुन्छ।

नेपाललाई भ्रष्टाचारको दलदलमा सम्पूर्ण रूपमा डुब्न र देशलाई एक असफल राष्ट्र हुनबाट जोगाउन पत्रकारको ठूलो भूमिका हुन्छ तर पत्रकार आफैं राजनीतिको दलदलबाट बच्न सक्नुपर्छ।

राष्ट्रलाई परेको प्राकृतिक विपत्तिका बेला पत्रकारले खेल्ने भूमिकाले अहिलेको लागि मात्र होइन भविष्यका लागि पनि धेरै ठूलो गुण लगाउन सक्छ। नेपालका पत्रकार आफैंले अहिलेसम्मका कमजोरीलाई मनन गरेर अब उप्रान्त देशका लागि केही गर्ने हो भने मात्र नेपाल र नेपालीपन रहला, अन्यथा देशको भविष्यमा खतराको कालो बादल सधैं नै मडारिरहनेछ।

(प्रधान नेपाल आर्थिक पत्रकार समाज (सेजन) का संस्थापक अध्यक्ष हुन् ।) •



तुलनात्मक र प्रतिस्पर्धी लाभ खोजौं

● डा. रत्नाकर अधिकारी

प्रादेशिक विभाजनपछि राज्यहरूबीचको खटपटले वस्तु तथा मानिसको आवतजावतमा तथा रोजगारीमा कुनै पनि असर पर्नु हुँदैन । काठमाडौं (प्रदेश नं. ३) बाट तेस्रो देशतर्फ वस्तु निर्यात गर्दा प्रदेश नं. २ हुँदै कोलकाता बन्दरगाहसम्म सामान पुऱ्याउनुपर्ने हुन्छ । त्यसरी सामान निर्यात गर्दा ढाटहरू राखेर कर लगाउने, क्वारेन्टाइन तथा सुरक्षा जाँच हुन थाल्यो भने व्यापारमा ठूलो अवरोध पैदा हुन्छ ।

निकै लामो प्रतीक्षापछि नेपालमा नयाँ संविधान निर्माण भएको छ, जुन स्वागतयोग्य विषय हो । यद्यपि, राज्यका निर्देशक सिद्धान्तका रूपमा समावेश भएका केही बुँदा विवादमुक्त भने रहन सकेनन् । खासगरी देश समाजवादउन्मुख हुने विषयलाई निजी क्षेत्र, बुद्धिजीवी र राजनीतिक दलहरूले फरक-फरक किसिमले व्याख्या गरिरहेका छन् । तर, मेरो व्यक्तिगत विचारमा संविधानले समाजवादलाई सामाजिक न्यायको हिसाबले मात्र जोड दिएको छ ।

मुलुकको आर्थिक तथा वित्तीय क्षेत्रमा संविधानले समेटेका विषयहरू त्यतिधेरै चुनौतीपूर्ण भने छैनन् । राज्यका मूल करहरू- आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार महसुलजस्ता कर केन्द्र सरकारले लगाउने भएकाले यी कर प्रभावकारी रूपमा लगाइन सक्छन् । तर, त्यसरी संकलन भएको आर्थिक स्रोतको बाँडफाँड संघीय प्रणालीको सबैभन्दा चुनौतीपूर्ण विषय हो । केन्द्र सरकारले मुख्य करहरू प्रभावकारी रूपमा संकलन गरेर प्रदेशहरूमा न्यायोचित ढंगले परिचालन गर्न सक्छ र गर्नुपर्छ ।

समग्रमा, हामीले पहिले अवलम्बन गरेको विकेन्द्रीकरण सिद्धान्तसँग मिल्दोजुल्दो ढंगमा संघीयताको अभ्यास गर्न खोजिएको छ । संघीयता हाम्रा लागि नयाँ अनुभव भएकाले कतिपय अवस्थामा अनुभवबाट सिक्दै अघि बढ्ने हो । धेरै नै प्रगतिशील र वर्षौंदेखि संघीय राज्य प्रणालीको अभ्यास गर्दै आएका राज्यहरूमा त कहिलेकाहीँ असहमति पैदा हुन सक्छन् भने हामी त यस अभ्यासका लागि बिल्कुल नयाँ छौं । त्यसैले संघीयताका विषयमा देखापरेका असहमति र असन्तुष्टिलाई स्वाभाविक रूपमा लिनुपर्छ ।

संविधान जारी भएसँगै अब देश आर्थिक विकासको दिशामा अघि बढ्नुपर्छ । प्राप्त राजनीतिक अधिकारको उपभोग पनि धेरै हदसम्म आर्थिक समुन्नतिमै निर्भर गर्छ । आर्थिक समुन्नतिका लागि उत्पादन वृद्धि अनिवार्य सर्त हो । उत्पादन वृद्धिमा ध्यान दिइरहँदा व्यापार गर्नसक्ने सम्भावना भएका 'पकेट क्षेत्रहरू'को विकास गर्नुपर्छ । हाम्रोमा केही वस्तुहरू क्षेत्र विशेषमा उत्पादन हुन्छन् । जस्तो पूर्वाञ्चलका केही जिल्लामा अदुवा उत्पादनको उच्च सम्भावना छ । त्यहाँ

केही क्षेत्रमा अदुवाको राम्रो उत्पादन भइरहेको छ र अदुवा प्रशोधन उद्योगका लागि इन्ह्यान्स्ड इन्टिग्रेटेड फ्रेमवर्क (ईआईएफ)ले सरकारलाई सहयोग पनि गरेको छ। वस्तु उत्पादकहरूको संगठनहरूसँगको सहकार्यमा उत्पादन विकास गराउने र उत्पादनको प्रशोधन, भण्डारण तथा बजारको खोजीमा सरकारको तर्फबाट हुने सहयोगले एउटा मूल्यशृंखला कायम गरिदिन्छ। त्यसबाट कृषकहरूले ठूलो लाभ पाउन सक्छन्।

हाम्रो जनसंख्याको ठूलो हिस्सा निर्वाहमुखी कृषि पेसामा आश्रित छ, यसरी न्यून उत्पादकत्वमा आश्रित ठूलो जनसंख्यालाई उच्च मूल्यका वस्तुहरूको उत्पादन, सेवा तथा औद्योगिक क्षेत्रमा सहभागी गराउनेतर्फ सरकारको नीति केन्द्रित हुनुपर्छ। तर, पनि व्यापारमा प्रतिस्पर्धी बन्न उत्पादनको लागत न्यूनीकरण महत्वपूर्ण हुन्छ।

त्यस्तै, हाम्रोमा तुलनात्मक र प्रतिस्पर्धी लाभका बृहत्तर सम्भावनाका क्षेत्र छन्। जस्तै : रारा क्षेत्रले पर्यटनको उच्च सम्भावना बोकेको भए पनि त्यसलाई पूर्ण पर्यटकीय क्षेत्रको रूपमा विकास गरी लाभ लिन सरकारले यथेष्ट ध्यान दिन सकेको छैन। रारा क्षेत्र रहेको प्रदेशका लागि मुख्य सम्पत्ति नै त्यही हो। रारा क्षेत्रको विकासका लागि प्रदेश सरकारले रणनीतिक पूर्वाधार विकास, त्यस क्षेत्रमा होटल/हस्पिटालिटी विकासका लागि लगानी अभिवृद्धि गर्नपर्ने हुन्छ।

केन्द्र र प्रदेशबीच स्रोत बाँडफाँड लागि संयन्त्र विकास भएपछि प्रदेश सरकारले एउटा निश्चित हदसम्मको स्रोत परिचालनको सामर्थ्य राख्छन्। यसबाहेक प्रदेश आफैंले पनि विकासका लागि व्यापार, पर्यटन तथा लगानीलाई प्रवर्द्धन गर्नुपर्ने हुन्छ। यस्तो अभ्यास हाम्रो छिमेकी भारतलगायतका देशमा प्रचलनमा छ। यद्यपि, ठूला र रणनीतिक पूर्वाधारहरूको विकासमा केन्द्र सरकारमातहतबाट प्रभावकारी कार्यान्वयनको अपेक्षा गर्न सकिन्छ।

हाम्रा उत्पादनहरू क्षेत्र विशेषमा केन्द्रित भएकाले केन्द्र सरकारले आगामी दिनमा व्यापार वार्ता र सम्झौताहरूमा प्रदेश सरकारसँगको राय, परामर्श तथा सहभागितालाई प्राथमिकता दिनुपर्छ। किनभने, व्यापार सम्झौता गर्दा कुनै प्रदेशलाई ऊसँग भएका प्रतिस्पर्धी वस्तुको आयात बढी दिएर वा अर्को कुनै प्रदेशले ऊसँग भएका सबै वस्तुको निर्यात गरिदिएर असमानुपातिक भार पर्नसक्ने सम्भावना हुन्छ। त्यसो हुँदा केन्द्र सरकारले प्रदेशको राय परामर्शबिना कुनै व्यापार वार्ता/सम्झौता गर्नु हुँदैन।

कतिपय देशमा केन्द्र र राज्य सरकारबीच असहमति पैदा भएको देखिएको छ, क्यानडाकै उदाहरण हेरौं- केन्द्र सरकारले अन्य देशसँग सहमति गरेका कतिपय व्यापारका विषयलाई प्रादेशिक सरकारहरू मान्न तयार छैनन्। यस सन्दर्भमा, सरकारले हालै परिमार्जनसहित कार्यान्वयनमा ल्याउन लागेको नेपाल एकीकृत व्यापार रणनीति (एनटीआईएस) २०१५ को कार्यान्वयनका लागि प्रादेशिक सरकारहरूको पनि महत्वपूर्ण भूमिका रहन्छ किनकि यसमा समावेश वस्तु, सेवा क्षेत्र विशेषका लाइफलाइन हुनसक्छन्।

नेपालको पूर्वीभागमा अदुवा, अलैंची उत्पादन हुन्छ। पस्मिना उत्पादनका लागि हिमाली क्षेत्रमा भेडा/च्याङ्ग्रापालन हुन्छ। यी दुवैको 'ब्याकवार्ड र फरवार्ड लिंकेज' एकभन्दा बढी प्रदेशमा विस्तारित भएको हुन्छ। यस्ता तुलनात्मक र प्रतिस्पर्धी लाभका वस्तु/सेवा विकासका लागि प्रदेशहरूबीच उच्च तहको समन्वय आवश्यक हुन्छ। हुन त, यस पाँच वर्षे यो एनटीआईएस रणनीति कार्यान्वयनका लागि केन्द्र र प्रदेशको भूमिकाका सम्बन्धमा चर्चा गरिएको पाइँदैन। एनटीआईएस कार्यान्वयनका लागि केन्द्र र प्रदेशबीच छुट्टै संयन्त्र विकास गर्नुपर्छ भने पनि रणनीतिले त्यसलाई पुनः परिभाषित गरेर सरकारले सहयोगको माग गरेको खण्डमा ईआईएफले सहयोग प्रदान गर्न सक्छ।

प्रादेशिक विभाजनपछि राज्यहरूबीचको खटपटले वस्तु तथा मानिसको आवतजावतमा तथा रोजगारीमा कुनै पनि असर पर्नु हुँदैन। जस्तै : काठमाडौं (प्रदेश नं. ३) बाट तेस्रो देशतर्फ वस्तु निर्यात गर्दा प्रदेश नं. २ हुँदै कोलकाता बन्दरगाहसम्म सामान पुऱ्याउनुपर्ने हुन्छ। त्यसरी सामान निर्यात गर्दा ढाटहरू राखेर कर लगाउने, क्वारेन्टाइन तथा सुरक्षा जाँच हुन थाल्यो भने व्यापारमा ठूलो अवरोध पैदा हुन्छ। अहिलेको संविधानले प्रदेशको सीमामा कर लगाउन पाउने व्यवस्था गरेको छैन यद्यपि अन्य अवरोधहरू पैदा हुनसक्छ।

व्यापारसँगै लगानी पनि अन्योन्याश्रित छ। हामीले पहिचान गरेका वस्तु तथा सेवाको विकासका लागि लगानीको वातावरण बनाउन जरुरी हुन्छ। लगानीको समग्र कानुनी वातावरणलाई लगानीसम्बन्धी ऐनले नै निर्देश गर्ने हुन्छ। तर, स्थानीय तहमा लगानी प्रवर्द्धन गर्न प्रादेशिक सरकारहरूले प्रादेशिक तहको करमा सहुलियत दिने जस्तो, प्रशस्त जलविद्युत् परियोजना विकास गर्न सकिने सम्भावना भएको प्रदेशले केही वर्षलाई कर छुटलगायतका प्याकेज घोषणा गरेर आफ्नो प्रदेशमा लगानी बढाउन सक्छ। कुनै प्रदेशले मनोरञ्जन कर छुट दिएर प्रशस्त क्यासिनो र थिएटर हरूमा लगानी भित्र्याउन सक्लान्।

यस्ता सम्भावनाहरू भएका क्षेत्रमा लगानी ल्याउन स्वस्थ प्रतिस्पर्धा हुनुलाई स्वाभाविक रूपमा लिन सकिन्छ। तर सामाजिक, वातावरणीय मापदण्डहरूलाई घटाएर लगानी प्रवर्द्धन गर्ने प्रचलन पनि देखिएको छ, यो प्रचलन धेरै लाभकारी नहुन सक्छ। नेपालको सन्दर्भमा मुख्य करहरू केन्द्रले लगाउने र ठूला रणनीतिक पूर्वाधार परियोजनामा केन्द्र सरकारको भूमिका रहने भएकाले प्रदेशहरूले लगानी प्रवर्द्धनकै लागि प्रचलित मापदण्डबाहिर जान सकिने सम्भावना भने रहँदैन।

(अधिकारी विश्व व्यापार संगठनसम्बद्ध इन्ह्यान्स्ड इन्टिग्रेटेड फ्रेमवर्क (ईआईएफ) का कार्यकारी निर्देशक हुन्।) •

हाम्रा उत्पादनहरू क्षेत्र विशेषमा केन्द्रित भएकाले केन्द्र सरकारले आगामी दिनहरूमा व्यापार वार्ता र सम्झौताहरूमा प्रदेश सरकारसँगको राय, परामर्श तथा सहभागितालाई प्राथमिकता दिनुपर्छ। किनभने, व्यापार सम्झौता गर्दा कुनै प्रदेशलाई ऊसँग भएका प्रतिस्पर्धी वस्तुहरूको आयात बढी दिएर वा अर्को कुनै प्रदेशले ऊसँग भएका सबै वस्तुको निर्यात गरिदिएर असमानुपातिक भार पर्नसक्ने सम्भावना हुन्छ। त्यसो हुँदा केन्द्र सरकारले प्रदेशको राय परामर्शबिना कुनै व्यापार वार्ता/सम्झौता गर्नु हुँदैन।

घरको सपना पुरा हुन्छ सबैको साथ हुन्छ जब सिटिजन्स बैंकको

Citizens HOME LOAN

विशेषताहरु:

- आकर्षक ब्याजदर ।
- महिलाको नाममा घर जग्गा रजिष्ट्रेसन पास हुने गरि कर्जा लिएमा व्यवस्थापन शुल्कमा २५% छुट ।
- यो सुविधा घर बनाउन, अपार्टमेन्ट तथा बंगला खरीद गर्न, घर मर्मत तथा तल्ला थप्न साथै रिफाईनान्सिङ्का लागि समेत उपलब्ध हुनेछ ।
- अधिकतम २५ वर्ष सम्मको कर्जा भुक्तानी गर्ने समयावधी उपलब्ध ।

*शर्तहरु लागू हुने छन ।

(थप जानकारीका लागि बैंकको निम्न शाखा कार्यालयहरुमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।)

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

मुख्य कार्यालय:
पो. ब. १९६८१, शारदासदन, कमलादी, काठमाडौं, नेपाल, फोन: ९७७ १ ४१६९०६७, फ्याक्स: ९७७ १ ४१६९०७७
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
टोल फ्री नं: १६६००१६६६६७, नोटिस् बोर्ड: १६१८०१४२६२६९९

शाखा कार्यालयहरु:

बिराटनगर:	०२१ ४४०५०१	नयाँ बजार:	०१ ४३४४६०१	इटहरी:	०२५ ५४०६६५	निजगढ:	०५३ ५४०४८०
बीरगञ्ज:	०५१ ५२०१८२	बिर्तामोड:	०२३ ५४०२५५	भक्तपुर:	०१ ६६१२०६१	बैरगुप्र:	०९२ ४२१३७७
पोखरा:	०६१ ५२७०७३	सीतिदेवी:	०१ ४४२३५३७	जनकपुर:	०४१ ५२०५५०१	सानोठीमी:	०८४ ४४०१७९
नेपालगञ्ज:	०८१ ५२७४७१	बेंसी:	०६९ ५२१०१९	पाटनढोका:	०१ ५००४५२१	भोजपुर:	०२९ ४२७७२९
बीर्तु:	०१ ४९३५०२०	घोराही:	०८२ ५६३३०७	सुर्खेत:	०८३ ५२०८५०	धरान:	०२५ ५३३७७९
म्युरोड/शिवापोखरी:	०१ ४२२०९४७	गाईघाट:	०३५ ४२१३३०	हेटौंडा:	०५७ ५२७३०६	हिल्सीडजार:	०१ ४४३०५२८
कुमारीघाटी:	०१ ५५३१०२०	कीर्तिपुर:	०१ ४३३५५९	लुम्बा:	०८७ ५२०५८६	बुटवल:	०१७ ६६०९६७
कोटेश्वर:	०१ ४६०५३०	नारायण गोपाल चौक:	०१ ४०१७५९१	नारायणकोट:	०८९ ४३०१७५	महाबीर:	०१ ४१५८३१९
नारायणघाट:	०५६ ५४११११	महेन्द्रनगर:	०९९ ५२०४८५	सिद्धार्थनगर:	०७१ ५२११६३	कुलेश्वर:	०१ ४६७१२१४
कलंकी:	०१ ४२८६३३४	कपन:	०१ ४८२२८११	सामाखुशी:	०१ ४३६६५५७	नयाँ बानेश्वर:	०१ ६२०७३४१
बुटवल:	०७१ ५४०६८१	पनौती:	०५३ ५२१४८३	बोधबजी:	०५३ ४१००३०	गौशाला:	०४२ ४४६१३६
ठमेटी:	०१ ४२९६०२७	मध्यपुर ठिमी:	०१ ६६३६३१४	दुबै:	०८७ ४३०१८९	बागबजार:	०१ ४४०१६०३
धनगढी:	०९१ ५२७४८५	हुम्ला:	०८७ ६८०२०६	बालुवा :	०६८ ५२२९९२	डमक:	०२३ ५४२४७७
		चरिकोट:	०४९ ४२१९२६	बाग्लुङ:	०१ ४१००५७८	भैरोगाटी:	०१ ५३९२७०९
						ऐलिया कार्यालय बिराटनगर:	०२१ ५४३१०३

www.ctznbank.com

SINCE 1991

Deurali-Janta Pharmaceuticals Pvt. Ltd

Proud to Serve the Nation

FIRST
ISO 9001,ISO 14001
&
WHO-GMP
CERTIFIED
NEPALESE COMPANY

Celebrating 25 Years of Excellence

Deurali-Janta Pharmaceuticals Pvt. Ltd.

Corporate & Sales Office
355 Haltisar Road,Kamalpokhari,
G.P.O. 4239, Kathmandu, Nepal
+977-1-443 5167/68/69
+977-1-433-5166/443 0340
djpl@wlink.com.np

Factory
Dhapasi-1, Kathmandu, Nepal
+977-1-437 1061, 437 5575
+977-1-437 5574
www.deuralijanta.com

संघीयतामा योजना आयोगको पुन:संरचना

● प्रा.डा. पिताम्बर शर्मा

एउटा व्यावसायिक संस्थाका रूपमा आयोगमा कस्ता मान्छेले काम गर्छन् भन्ने आधारमा पनि त्यसको भूमिका निर्धारण हुन्छ । आयोगमा कर्मचारीहरू कुनै विधामा पारंगत वा विधागत विज्ञता हासिल गरेका हुँदैनन्, निजामती सेवाको साधारण प्रशासनिक समूहबाट आएका मानिस हुन्छन् । उनीहरूमध्ये अधिकांश रूचिले भन्दा पनि बाध्यताले आएका हुन्छन् । प्रशासनिक सेवामा आयोगमा सरूवा हुनुलाई पुरस्कृत भएको होइन, दण्डित भएको मान्नेहरूको समूह ठूलो छ ।

योजना आयोगको हालको भूमिकाको समीक्षा

नेपालमा राष्ट्रिय योजना आयोगको काम कर्तव्यबारे सुस्पष्ट ढंगले कहीँ पनि परिभाषित गरिएको छैन । आयोगको काम कर्तव्यबारे कहीँ पनि नलेखिएको भन्ने होइन । पछिल्लोपटक संशोधन गरिएको राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०६७ मा काम, कर्तव्य र अधिकारका विषयमा उल्लेख गरिएको छ । तर, त्यसअनुसार आयोगले जे पनि भन्न सक्ने, केही पनि भन्न नसक्ने स्थिति छ । पञ्चायत कालभरि आयोग मूलत: राजदरबारबाट सञ्चालित निकायका रूपमा थियो, राजदरबारको सहमतिमा मात्रै त्यहाँ मानिस आउँथे, मन्त्रिपरिषद्ले त्यहाँ हस्तक्षेप गर्दैनथ्यो ।

कुनै समयमा आयोगमा राम्रो प्रभाव छोड्ने मान्छेहरू आए, उनीहरूले योजना आयोग र राष्ट्रिय योजनालाई उचाइ पनि प्रदान गरे । उदाहरणका लागि डा. हर्क गुरुङ आउनुभयो, उहाँले प्रादेशिक योजनाको अवधारणा ल्याउनुभयो । खासमा व्यक्तिहरूको चाख र व्यक्तित्वको प्रभावअनुसार नै योजना आयोग अघि बढ्यो । यसले कहिल्यै पनि एउटा दीर्घकालीन बाटो लिन सकेन । वास्तवमा, योजना आयोग यसरी नै तदर्थ रूपमा चल्दै आएको छ ।

तैपनि, आयोगका मुख्य तीनवटा काम देखिन्छन् । पहिलो- आयोग सरकारको विकासको सोच र चिन्तन गर्ने ठाउँ हो, सरकारको थिंक ट्यांक । त्यस हिसाबमा यो सरकारको विकास योजनाको प्रमुख सल्लाहकार हो ।

योजना आयोगको दोस्रो काम भनेको आवधिक र वार्षिक योजना बनाउनु हो । र, तेस्रो काम भनेको योजनाअन्तर्गत कार्यान्वयन हुने आयोजनाको अनुगमन र मूल्यांकन गर्नु र फिडब्याक लिनु हो ।

नीतिगत सल्लाहकारका रूपमा आयोगको भूमिका

थिंक ट्यांक र नीतिगत सल्लाहकारका रूपमा आयोगको भूमिका भनेको विकाससँग सम्बन्धित राज्यका नीतिहरूमा सल्लाह दिने र ती नीतिहरूको प्रभावकारिता अध्ययन गर्ने हो । त्यस्ता नीतिको सबल पक्ष, दुर्बल पक्ष के थिए, त्यसबाट पाठ सिक्ने विषय के आए भन्ने नीतिगत मूल्यांकन गर्ने काम योजना आयोगबाट सम्पन्न हुनुपर्ने हो । तर, अहिले पनि आयोगले यस्ता नीतिगत अध्ययन गर्ने काम एकदमै कममात्रै गरेको छ । उदाहरणका लागि हालै सरकारले दीर्घकालीन कृषि रणनीति बनायो । तर, त्यो बनाउनुअघि नेपाल सरकारको कृषिसम्बन्धी बृहत्तर लक्ष्य के हो, उद्देश्य र रणनीतिहरू के-के हुन्, कमजोरी के रहे, त्यसको अध्ययन, अनुसन्धान र मूल्यांकन गरी नीतिगत सुझाव दिन सक्नुपर्थ्यो, जुन अयोगले गरेन । नीतिगत मूल्यांकनको काम एकदमै कम गरेपछि आयोगको विकास परामर्शदातृ भूमिका कमजोर बन्यो ।

हामीले धेरै काम गरेका छौं, धेरै कुरा विकास पनि गरेका छौं । तर, उपलब्धिलाई दिगो बनाएर त्यसबाट सिक्दै अघि बढ्ने कामतर्फ हामी कहिल्यै अघि बढेनौं । ५-१० प्रतिशत उपलब्धिसमेत नभएका कतिपय योजना निरन्तर चलिरहेका हुन्छन्, त्यसको मूल्यांकनसमेत हुने गरेको छैन । त्यो आयोगको कमजोरी हो ।

यस्तो किन भइरहेको छ भन्ने प्रश्न पनि निकै महत्वपूर्ण छ । एउटा व्यावसायिक संस्थाका रूपमा आयोगमा कस्ता मान्छेले काम गर्छन् भन्ने आधारमा पनि त्यसको भूमिका निर्धारण हुन्छ । आयोगमा कर्मचारीहरू कुनै विधामा पारंगत वा विधागत विज्ञता हासिल गरेका हुँदैनन्, निजामती सेवाको साधारण प्रशासनिक समूहबाट आएका मानिस हुन्छन् । उनीहरूमध्ये अधिकांश रुचिले भन्दा पनि बाध्यताले आएका हुन्छन् । प्रशासनिक सेवामा आयोगमा सरुवा हुनुलाई पुरस्कृत भएको होइन, दण्डित भएको मान्नेहरूको समूह ठूलो छ । आयोगको यस्तो संस्थागत ढाँचाले पनि विज्ञतालाई कहिल्यै पनि प्रवर्द्धन गरेन । योजना आयोगका कर्मचारीमा एकाधमात्र मानिसमात्रै होलान्, जसमा यो विज्ञता छ है भन्न सकिन्छ । तर, ती पनि योजनाबद्ध रूपमा आयोगमा ल्याइएका वा विकास गरिएका होइनन्, संयोगले त्यहाँ पुगेका हुन् । राज्यलाई नीतिनिर्माणको सल्लाह दिन जुन व्यावसायिक हैसियत, दक्षता, विज्ञता र अनुभव चाहिने हो, त्यो आयोगका कर्मचारीमा विकास हुनैसकेको छैन । त्यस्तो विकास गर्ने उद्देश्य नै छैन । आयोगका कर्मचारीहरू सरकारले मनोनयन गर्ने उपाध्यक्ष र सदस्यको मातहत रहेर काम गर्छन् ।

०४६ सालपछि सरकारमा हुने पार्टीका नेताले पत्याएका मान्छे वा विज्ञमात्रै त्यहाँ पुगेका छन् । तीमध्ये कोही अलि असल र क्षमतावान् भए, उनीहरूले केही गर्न खोजे पनि । तर, पद्दतिको विकास गर्नेतर्फ कहिल्यै सोचिएन । जुन पार्टीको भए पनि यस्तो विज्ञता भएको मान्छे चाहिन्छ भन्ने कुराले प्राथमिकता पाएन । परामर्शदाताका रूपमा पनि आयोगमा मान्छेहरू आउँछन् । परामर्शदाताको रोस्टरमा पनि कहिले असल मान्छे परेका हुन्छन्, कहिले विज्ञता नभएका पनि पुगेका हुन्छन् । कसको कहाँ के पहुँच छ, त्यसैका आधारमा परामर्शदाता छनोट गर्ने काम हुन्छ । परामर्शदाताहरूबाट पनि आयोगलाई चाहिने विज्ञता परिपूर्ति हुनसकेको छैन । आयोगमा खास व्यावसायिक

विज्ञता भएका मानिसहरू एउटा पद्दतिको माध्यमबाट पुऱ्याउने पहल अहिलेसम्मै भएको छैन ।

आवधिक र वार्षिक योजना बनाउने भूमिका

योजना आयोगको दोस्रो महत्वपूर्ण भूमिका भनेको आवधिक र वार्षिक योजना र कार्यक्रमको निर्माण हो । राष्ट्रिय विकास परिषद् (एनडीसी) अन्तर्गत आयोगले काम गर्ने हो । दसौं योजनायता आयोगको क्षमतामा ह्रास भएको छ ।

आयोगले आफैं योजना बनाउँदा त्यसको पनि एउटा प्रक्रिया छ । आयोगसँग विज्ञता, दक्षता र अनुभव भएका जनशक्ति नहुँदा मन्त्रालयबाट आएका योजनाहरूमा मूल्य अभिवृद्धि (भ्यालु एडिसन) गर्ने काम आयोगबाट हुँदैन । मन्त्रालयबाट आएका योजनालाई तोकिएको सिलिङभित्र रहेर एकैठाउँमा राखेर गाता हाल्नेजस्तो मात्रै देखिएको छ ।

आयोगमात्रै यस्तो निकाय हो, जससँग सरकारी कार्यक्रमको अर्थतन्त्रका अन्य क्षेत्रसँगको अन्तरसम्बन्ध मूल्यांकन गर्न सक्छ । अन्तरक्षेत्रीय समन्वय कायम गराउन नसक्नु आयोगको सबैभन्दा कमजोर पक्ष हो । किनभने, त्यसो गर्नलाई अध्ययन चाहिन्छ, विज्ञता चाहिन्छ, जनशक्ति चाहिन्छ, वातावरण चाहिन्छ । तर, आयोगसँग त्यस्तो केही पनि छैन । यही कारणले गर्दा मन्त्रालयहरूले पनि आयोगप्रति असहिष्णु धारणा राख्ने गरेको पाइएको छ । मन्त्रालयले पठाएको योजनामा मूल्य थप्नचाहिँ नसक्ने तर अनावश्यक रूपमा प्रशासनिक प्रक्रियामा मात्रै अल्मल्याइदिने गरेपछि त्यस्तो हुनु स्वाभाविक हो ।

आयोगमात्रै यस्तो निकाय हो, जससँग सरकारी कार्यक्रमको अर्थतन्त्रका अन्य क्षेत्रसँगको अन्तरसम्बन्ध मूल्यांकन गर्न सक्छ । अन्तरक्षेत्रीय समन्वय कायम गराउन नसक्नु आयोगको सबैभन्दा कमजोर पक्ष हो । किनभने, त्यसो गर्नलाई अध्ययन चाहिन्छ, विज्ञता चाहिन्छ, जनशक्ति चाहिन्छ, वातावरण चाहिन्छ । तर, आयोगसँग त्यस्तो केही पनि छैन । यही कारणले गर्दा मन्त्रालयहरूले पनि आयोगप्रति असहिष्णु धारणा राख्ने गरेको पाइएको छ ।

अधिकतम् ठूला योजना विदेशी सहयोगमा आधारित छन् । विदेशी सहयोगसम्बन्धी काम कसले गर्ने भन्नेमा पनि सरकारभित्र ठूलो दुबिधा छ । विदेशी सहयोगको समन्वय सैद्धान्तिक हिसाबले आयोगको कार्यक्षेत्रभित्र पर्छ । तर, त्यसको व्यावहारिक समन्वय तथा कानुनी र प्रक्रियागत रूप दिने काम अर्थ मन्त्रालयले गर्छ । त्यसो हुँदा कतिपय आयोजना आयोगको सामान्य जानकारीमा राखेर अर्थ मन्त्रालयले नै बनाइदिन्छ ।

पञ्चवर्षीय योजना तथा अन्य राष्ट्रिय योजनाहरूको राष्ट्रिय विकास परिषद्ले स्वीकृति प्रदान गर्नुपर्छ । परिषद् संरचनाका हिसाबले निकै बलियो निकाय हो । मुलुकका विभिन्न क्षेत्रका नेता, सरोकारवालाहरू र विज्ञहरूसमेत रहने यो निकायले राष्ट्रभरिको प्रतिनिधित्व गर्छ । योजनाको उद्देश्य, रणनीतिलगायत माथि अध्ययन गरेर टिप्पणी गर्ने ठाउँ हो यो । तर, योजना आयोगजस्तै परिषद् पनि कर्मकाण्डी बनेको छ, आवधिक योजनाहरू पनि कर्मकाण्डी बन्ने गरेका छन् ।

प्रत्येक वार्षिक योजना (बजेट)ले आवधिक योजनाको लक्ष्य प्राप्तिका लागि मद्दत गर्नुपर्छ । तर, हाम्रोमा त्यस्तो हुने गरेको छैन ।

एक त सर्वांगीण विकासको दीर्घकालीन सोच भएका योजनाहरू (पर्सपेक्टिभ प्लान) धेरै बनेका छैनन् नेपालमा ।

अनुगमन र मूल्यांकनको भूमिका

विकास योजनाको अनुगमन र मूल्यांकन गर्ने र त्यसबाट पाठ सिक्ने तथा योजनाको परिमार्जन गर्ने काम पनि आयोगको प्रमुख जिम्मेवारीभित्र पर्छ तर यसमा आयोग सबैभन्दा कमजोर छ । आयोगले हरेक वर्ष एउटै गल्ती दोहोऱ्याउँदै जान्छ तर पाठ सिक्दैन । गल्तीबाट पाठ सिक्न त भएका योजनाको राम्रो अनुगमन मूल्यांकन हुनुपर्‍यो र सिकेको पाठलाई उपयुक्त ठाउँमा लागू पनि गर्नुपर्‍यो । फेरि त्यसको पनि मूल्यांकन गर्नुपर्‍यो । मूल्यांकन गर्ने काममा सरकार र सरकारको पद्धति नै एकदम कमजोर छ । वास्तवमा, बलियो पद्धतिले नै राम्रो मूल्यांकन गर्ने हो । तर, हामीकहाँ त पद्धति नै छैन । वास्तवमा, योजना आयोगले नै पद्धति स्थापना गर्नुपर्ने हो, पद्धतिका आधारमा जो चल्नुपर्ने हो, त्यो नै चलेको छैन ।

संघीयतामा आयोग

अहिले आयोगले जुन हिसाबले काम गरिरहेको छ, त्यसका आधारमा हेर्दा आयोग नभए पनि केही हुन्न जस्तो देखिन्छ । तर, हामी संघीयतामा गइसकेपछि आयोग भएन भने समस्या आउन सक्छ । अर्थ मन्त्रालयमा राजनीतिक नेतृत्व हुन्छ, त्यो सत्तामा भएको पार्टीले सञ्चालन गर्छ । तर, आयोगले स्रोत विनियोजनलाई एउटा सिद्धान्तका आधारमा गर्न सक्छ । आयोगले आफूले बजेट नियन्त्रित गर्ने होइन तर प्रदेशको सहयोगमा आवधिक योजनालाई विकेन्द्रित गर्ने काम गर्नसक्छ । प्रदेशहरूबाट आएको विकेन्द्रित योजनालाई आवधिक र दीर्घकालीन योजनामा रूपान्तरण गर्ने काम आयोगले गर्नसक्छ । यही योजनाका आधारमा स्रोत विनियोजनको एउटा खाका बनाएर योजना आयोगले अर्थ मन्त्रालयलाई मार्गनिर्देश गर्नसक्छ, गर्नुपर्छ ।

अहिले पनि योजनाको स्वीकृति गर्ने त आयोगले नै हो । तर, योजना निर्माण र विनियोजनको काम सबै अर्थ मन्त्रालयले गर्छ, आयोगलाई रबरस्ट्याम्प बनाइएको छ । अहिले अर्थ मन्त्रालय र योजना आयोगको काममा द्वैधता छ, त्यसलाई अन्त्य गर्न आवश्यक छ । प्रदेशहरूसँग मिलेर योजना बनाउने र सिद्धान्त स्थापित गर्ने काम आयोगले गर्नसक्छ । स्थानीय वा गाउँ तहमा पनि उनीहरूकै आवश्यकताअनुसारको योजना निर्माण गर्ने वातावरण निर्माण हुन आवश्यक छ । गाउँ तहको समष्टि जिल्ला तहमा आउने, जिल्लाको समष्टि प्रदेशमा आउने, प्रदेशले केन्द्रमा पठाउने गरी योजना निर्माण गर्नुपर्छ । यी तीनवटै क्रममा आयोगले मद्दत गर्ने र सहजकर्ताको भूमिका निर्वाह गर्नसक्ने पद्धतिको विकास गर्नुपर्छ ।

यसो हुनसक्यो भने योजनालाई विकेन्द्रीकरण गर्ने महत्वपूर्ण भूमिका आयोगले खेल्न सक्छ । त्यसका लागि तल्लो तहका निकायलाई सबलीकरण गर्नुपर्छ । आयोगसँग नजिक बसेर काम गर्ने प्रदेश तहमा प्रादेशिक योजना बोर्ड गठन गर्न सकिन्छ । भारतमा यस किसिमको अभ्यास छ र यसले कतिपय राज्यमा राम्रो काम पनि गरेको छ ।

मुलुक संघीय संरचनामा गइसकेपछि आयोगका मुख्यतः तीनवटा प्रमुख काम हुनेछन् । पहिलो आवधिक योजना निर्माण गर्ने, सिद्धान्त स्थापित गर्ने काम आयोगले गर्छ र त्यसैका आधारमा अर्थ मन्त्रालयले काम गर्छ । वित्तीय विनियोजन गर्ने अर्थ मन्त्रालयले नै हो । पूर्वपरियोजना स्वीकृति गर्ने पनि अर्थमन्त्रालयले नै हो । परियोजना कार्यान्वयनको अनुगमन र मूल्यांकन आयोगले गर्छ । जति कार्यक्रम लागू भएका छन्, तिनबाट के सिकियो, कुन कार्यक्रममा कुन प्रकारको प्रविधि प्रयोग गर्न सकिन्छ, कुन प्रकारको सीप प्रयोग गर्न सकिन्छ, कस्तो नवप्रवर्तन (इन्नोभेसन) गर्न सकिन्छ, सोचमा, कार्यान्वयन पद्धतिमा, यो काम आयोगले गर्ने हो ।

संघीय संरचनामा गइसकेपछि आयोग त चाहिन्छ नै तर यसको भूमिकालाई हामीले राम्रोसँग परिमार्जन र परिवर्तन गर्नु आवश्यक छ । यसलाई नवप्रवर्तनकारी नीतिगत सोचकेन्द्र (इन्नोभेटिभ पोलिसी थिंक ट्यांक) का रूपमा विकास गर्न सकिन्छ । यस्तो संस्थाको मुख्य उद्देश्य राष्ट्रिय र अन्तरप्रादेशिक महत्वका योजनाहरूको सोच र संघीयताअनुरुप विकेन्द्रित योजनाहरूको निर्माण र कार्यान्वयनमा सहजीकरण हुनुपर्छ ।

चीनमा आयोगले निकै राम्रो काम गरिरहेको छ । चीनमा राष्ट्रिय विकास सुधार आयोग (नेसनल डिभलपमेन्ट एन्ड रिफर्म कमिसन) भन्ने छ । त्यहाँ पनि पहिले योजना आयोग नै थियो, तर त्यसलाई खारेज गरेर नयाँ संरचना बनाएका छन् । यो निकै शक्तिशाली निकाय हो । उसले त्यो शक्ति परिचालन गर्ने पैसाका आधारमा होइन, रणनीतिको निर्माण र त्यसको कार्यान्वयनमा खेल्नसक्ने भूमिकाका आधारमा हो । राष्ट्रिय योजना आयोग पनि आफू कार्यकारी हुने होइन, परियोजना कार्यान्वयन गर्ने होइन, राष्ट्रिय र प्रादेशिक महत्वका योजनामात्रै हेर्ने हो, स्थानीय महत्वका योजना हेर्ने होइन ।

आयोगले हेर्ने भनेको सामाजिक सेवाको क्षेत्रका योजना हुन्- शिक्षा, स्वास्थ्य, खानेपानी, गरिबी निवारणलगायतका योजना । अब हामी दिगो विकास लक्ष्यमा प्रवेश गर्दैछौं, त्यसका योजनाको निर्माण र अनुगमन योजना आयोगले गर्नुपर्छ ।

अब आयोग बढी सक्रिय (प्रोएक्टिभ), नवप्रवर्तनकारी (इन्नोभेटिभ) बन्नुपर्छ । योजनामा प्रविधिको प्रयोगलाई एकाकार गरेर लैजानुपर्छ । हामी संघीयतामा जानेबित्तिकै माथि उल्लेख गरिएका कामहरूको ठूलो महत्व हुन्छ । विकासलाई कसरी तीव्र बनाउने भन्ने सोच योजना आयोगले राख्नुपर्छ ।

प्रदेश-प्रदेशबीचको सम्बन्ध र आयोग

भोलिका दिनमा प्रदेश-प्रदेशबीचको आर्थिक सम्बन्धलाई कसरी परिभाषित गर्ने भन्ने प्रश्न आउन सक्छ । प्रदेश-प्रदेशबीचको विकासको तहलाई कसरी समायोजन गर्ने भन्ने प्रश्न आउँछ । प्रदेश-प्रदेशबीचको असमानतालाई कसरी अन्त्य गर्ने भन्ने विषय पनि आउँछ । शिक्षा, स्वास्थ्य, पारवहन, सञ्चार, जनशक्ति विकासलगायत क्षेत्रमा एक प्रदेश र अर्को प्रदेशबीचको अन्तरसम्बन्ध र समानतालाई ध्यानमा राख्नुपर्ने हुन्छ । भोलि एक प्रदेशबाट अर्को प्रदेशमा हुने बसाइँसराइलाई व्यवस्थित गर्नुपर्ने छ । अहिलेसम्म हामीले बसाइँसराइलाई राष्ट्रिय तहमा हेर्ने गरेका थियौं, पहाडबाट तराईतिर बसाइँसराइको क्रम बढी थियो । अब त प्रत्येक प्रदेशले रोजगारी कसरी सिर्जना गर्ने भन्ने सोच्नुपर्ने हुन्छ ताकि बसाइँसराइ गर्नबाट कोही नागरिक उत्प्रेरित नहोस् । हालको तराईको राजनीतिक समस्याले बसाइँसराइमा पनि समस्या देखिएको छ । अहिलेसम्म भइरहेको निर्वाध आवागमनमा राजनीतिक अंकुश लाग्न लागेको छ । त्यसले गर्दा पहाडमा पनि सहरीकरणको प्रक्रिया तीव्र बनाउनुपर्ने छ । त्यसका लागि आवश्यक पूर्वाधार निर्माण गर्नुपर्छ, स्रोतसाधनको परिचालन गर्नुपर्छ । बाहिरबाट लगानी भित्र्याउनुपर्छ । त्यसका

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व बिभाग

मालसामान तथा सेवा खरिद बिक्री गर्दा विल विजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व विभागको

अत्यन्त जरूरी सूचना

मूल्य अभिवृद्धि कर ऐन २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्यरूपमा विजक दिनुपर्ने र क्रेताले पनि विजक लिनु पर्ने व्यवस्था रहेको छ । विजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट वजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार मूल्य भन्दा घटीमा विजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रू.५०००।०० (पांचहजारमात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु वा सेवा बिक्री गर्दा अनिवार्यरूपमा विजक जारी गर्नहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्यरूपमा विजक लिनहुन अनुरोध छ ।

लागि नवीन प्रविधि एवं ज्ञान-सीपको समुचित प्रयोग आवश्यक छ । यो सबै काममा आयोगले नाइकेको भूमिका निर्वाह गर्नुपर्छ । आफ्ना मान्छे ल्याउने र भर्ना गर्ने कामका लागि मात्रै हो भने यसको कुनै सान्दर्भिकता छैन ।

संघीयतामा आयोगको संरचना

स्थानीय र जिल्ला तहमा त आयोगको संरचना पुऱ्याउन आवश्यक छैन । त्यसको विद्यमान संरचनालाई नै योजना निर्माणमा प्रयोग गर्न सकिन्छ । अहिले विद्यमान जिल्लाहरूको तात्विक अर्थ पनि छैन, त्यसले समस्या सिर्जना गर्न सक्छ । तर, स्थानीय निकायबीच समन्वय गर्नुपर्ने जुन काम छ, त्यसका लागि प्रदेश तहमा योजना निकाय हुन आवश्यक छ । स्थानीय तहमा पनि असमानता छन्, त्यसलाई सम्बोधन गर्नुपर्ने हुन्छ, त्यहाँको स्रोतसाधनलाई उचित परिचालन गर्ने कुरालाई हेर्नुपर्ने हुन्छ । त्यसका लागि प्रदेशमा प्रादेशिक योजना बोर्ड आवश्यक पर्ला । त्यसका दुईवटा काम हुन्छन्- एउटा तल्लो तहका योजनाको निर्माण र योजना कार्यान्वयनमा सहजीकरण गर्ने । दोस्रो- केन्द्रीय वा राष्ट्रिय योजना आयोगसँग समन्वय गर्ने । आयोग र प्रादेशिक विकासका अंगहरूको बीचमा रणनीतिक साझेदारी निर्माण गर्न पनि बोर्डले भूमिका निर्वाह गर्नसक्छ ।

आयोगमा नियुक्ति

आयोगमा नियुक्तिको प्रक्रियामा पनि परिवर्तन आवश्यक छ । निश्चित विज्ञताका आधारमा मात्रै त्यहाँ जान पाउने व्यवस्था गर्नुपर्छ । विज्ञहरू पनि दुई किसिमका हुन्छन्, एउटा विषय विज्ञ हुन् । खासखास क्षेत्रका लागि त्यसमा विशेष जानकारी र विशेषज्ञता भएका, ठूलो अध्ययन र अनुभव भएका र योगदान गरेका मानिस आयोगमा ल्याउनुपर्छ । आयोगमा गएर सिक्ने होइन, आफूले सिकेका, जानेका र अनुभव हासिल गरेका कुरालाई त्यहाँ गएर प्रयोग गर्ने हो । दोस्रो -आयोजनाहरू कार्यान्वयन गर्ने विज्ञता । प्रशासनिक र व्यवस्थापकीय उच्च क्षमता भएका मानिस आयोगमा हुनुपर्छ, जसले योजना कार्यान्वयनको अनुगमन, मूल्यांकन र फिडब्याकलाई सबल र सुदृढ बनाउन सकून् ।

कर्मचारीका लागि पनि आयोगलाई छुट्टै करिअरका रूपमा विकास गर्नुपर्छ । चीनको नेसनल डेभलपमेन्ट रिफर्म कमिसनमा प्रवेश गर्ने कर्मचारीको त्यहीँ विकास हुन्छ, त्यहीँ उसले विज्ञता हासिल गर्छ । करिअरकै रूपमा विकास गरियो भने कर्मचारीमा नै विज्ञताको विकास गर्न सकिन्छ ।

योजनामा खासखास तहमा विज्ञता हासिल गरेका मानिसलाई, अनुभवले खारिएका मानिसलाई आयोगको ब्युरोक्रेसीभित्र ल्याउन सक्नुपर्छ । त्यस्ता मानिसलाई सरकारको ब्युरोक्र्याटिक तहमा प्रवेश गराउनुपर्छ, समानान्तर प्रवेश (ल्याटरल इन्ट्री) माध्यमबाट । यस्तो अभ्यास संसारभरि नै छ ।

निष्कर्ष

वास्तवमा, संघीयताप्रति मानिसको ठूलो आशा र अपेक्षा छ । संघीयताले स्वर्गै दिन्छ भन्ने सोच पनि छ । हामीले पहिलोपटक संघीय संरचना निर्माण गरेपछि बन्ने प्रदेशहरूसँग त्यहाँका जनताको अपेक्षा थेगी नसक्नु हुनेछ । मानिसको अपेक्षा यस्तो बेलामा सबैभन्दा बढी हुनेछ, जुन बेला संघीय संरचना सबैभन्दा कमजोर हुन्छ । यो समयमा एउटा सशक्त निकाय वा त्यस्तै कुनै संस्था भयो भने त्यसले योजनाको विकेन्द्रीकरणमार्फत विकासको अनुभव तल्लो तहसम्म पुऱ्याउन सक्छ । तर, हाम्रो योजना आयोग त्यस किसिमको चुनौती झेल्न तयार छ जस्तो लाग्दैन ।

(शर्मा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुन् ।) •

तपाईंको सम्पूर्ण बैंकिङ्ग
आवश्यकता पूरा गर्ने प्रतिबद्धता

Lumbini
PLATINUM Savings

लुम्बिनी बैंक लिमिटेड
Lumbini Bank Limited
www.lumbinibank.com

FLY
ON TIME

Yeti Airlines
You come first

Yeti Airlines operates 7 Jetstream-41 advanced turbo prop aircrafts catering to widest network sectors every day.

KTM-MTN-KTM Daily 5 Flights•KTM-PKR-KTM Daily 8 Flights•KTM-BIR-KTM Daily 7 Flights•KTM-BDP-KTM Daily 3 Flights•KTM-BWA-KTM Daily 2 Flights
KTM-KEP-KTM Daily 2 Flights•KTM-JKR-KTM Daily 2 Flights•KTM-DHI-KTM Daily 1 Flight•KTM-BHR-KTM Daily 1 Flight•KTM-TMI-KTM Daily 1 Flight

Yeti Airlines Domestic Pvt. Ltd. Corporate Office: Tilganga, Kathmandu, Tel: 4465888 Fax: 4465115 Reservations: 4464878 (Hunting Line), Kathmandu Airport: 4493901 Email: reservations@yetiairlines.com Sky Club: 01-4487020/4465888 (223/418) Email: skyclub@yetiairlines.com
Bhadrapur: 023-455232•Biratnagar: 021-536612•Tumlingtar: 029-575120•Janakpur: 041-520047•Bharatpur: 056-523136•Pokhara: 061-464888•Bhairahawa: 071-527527•Nepalgunj: 081-526556•Dhangadi: 091-520004

For any service suggestions, call 977-1-4465888 (Ext. 621) or email us at feedback@yetiairlines.com

www.yetiairlines.com

v-chitra/Yeti Airlines/2013

प्रादेशिक अर्थतन्त्र निर्माण : प्रक्रिया र चुनौती

● अच्युत वाग्ले

प्रदेश निर्माण प्रक्रिया अहिले जसरी भएको छ, त्यसले सबै प्रदेशका अर्थतन्त्रलाई उत्तिकै र चित्तबुझ्दो ढंगले थप उत्पादनशील बनाउने सम्भावना कम छ । उदाहरणका लागि, अहिले प्रस्तावित सात प्रदेशमध्ये प्रदेश नं. १ र प्रदेश नं. ६ मा रहेका यी तीनवटै स्रोतहरूको तुलनात्मक अवस्था सरसर्ती हेर्ने हो भने यो फरक प्रस्टै देखिन्छ । प्रदेश नं. ६ को सञ्चालनकै लागि पनि केन्द्रीय अनुदानमा भर पर्नुबाहेक प्रादेशिक, विशेषतः राजस्व स्रोतहरूको परिचालनको मात्रा असाध्यै नगन्य हुने देखिन्छ ।

संघीय शासन प्रणालीको राजनीतिक औचित्य र आवश्यकता पुष्टि गर्ने तीनवटा सर्वव्यापी तर्क छन् । एक, लोकतान्त्रिक सहभागिता, प्रतिनिधित्व र सार्वजनिक संस्था एवं व्यक्तिहरूको उत्तरदायित्व र जवाफदेहितामा अभिवृद्धि । दुई, विभिन्न तहका सरकारहरूको कार्यप्रदर्शनी र सार्वजनिक नीतिहरूको प्रभावकारिता । र तीन, भौगोलिक आधारमा बाँडिएका समुदायहरूको जातीय, सांस्कृतिक एवं भाषिक विविधताहरूको प्रतिनिधित्व र उचित स्थानको सुनिश्चितता ।[1]

अर्थशास्त्रीय दृष्टिकोणले भने प्रादेशिक र समग्रमा, संघीय अर्थतन्त्रलाई हेर्ने सिद्धान्त वित्तीय संघीयता (फिस्कल फेडेरालिज्म) नै हो । यसले राज्यका विभिन्न तहका निर्वाचित संघीय, प्रादेशिक र स्थानीय सरकारहरूबीचका आर्थिक स्रोत र खर्च गर्ने क्षेत्राधिकारहरू परिभाषित र कार्यान्वयन गर्छ ।[2] सारमा, र यथार्थमा, संघीय राज्य निर्माणको मूल आवश्यकता र औचित्य आर्थिकबाहेक अन्य कुनै छैन, हुन पनि सक्दैन । पहिचान, आरक्षण, सकारात्मक विभेद, सहभागिता, समावेशिता थप हक एवं स्वतन्त्रता अर्थतन्त्रका व्यवस्थापकीय पक्ष हुन् ।

यी कुनै पनि कुरा आर्थिक स्रोतबिना परिपूर्ति हुन सक्दैनन् । यसर्थ, यी सबै अधिकार र स्वतन्त्रताहरू आर्थिक मुद्दानिरपेक्ष सम्भव छैन । आर्थिक सबलताबिना कुनै पनि जातीय, सांस्कृतिक, राजनीतिक एवं मौलिक हकका जुनसुकै प्रावधानको व्यवस्था गरिए पनि ती कागजमा मात्रै सीमित हुने अवस्था आउँछ । संसारका धेरैजसो संघीय प्रणालीमा गएका र आर्थिक हैसियत उकास्न नसकेका मुलुकहरूको दयनीय अवस्था हुनुको मूल कारण र प्रमाण यही हो ।

नेपालका सन्दर्भमा प्रादेशिक अर्थतन्त्रको क्रियाशीलता र त्यसले दिने प्रतिफलबारे चर्चा गर्नु अहिले अलि चाँडै हुनेछ । किनभने प्रादेशिक अर्थतन्त्रले आकार ग्रहण गर्नका लागि आवश्यक धेरै कानुनी र संरचनागत व्यवस्था हुने क्रममा नै नेपाल प्रवेश गरेको छैन । प्रदेशहरूको सीमांकनमाथि नै अझै विवाद भइरहेको छ । तथापि, अहिलेसम्मको नेपालको संघीय स्वरुपतर्फको यात्रामा भएका निर्णयहरू संघीयता आवश्यक पर्नुको मूल उद्देश्य, अथवा मुलुक र जनताको आर्थिक उन्नतिको मुद्दालाई केन्द्रमा राखेर गरिए कि गरिएनन् ? यो अहं प्रश्न हो । नेपालको जनसंख्याको बनोट एकल राष्ट्रियता (सिंगल नेसनालिटी)ले कुनै खास भौगोलिक क्षेत्रमा बहुसंख्यक बसोबास गरेको प्रकृतिको छैन । हुम्लाजस्तो अति विकट जिल्लामा १७ वटा जाति, जनजाति संघुलन भएर बसोबास गरेको अवस्था छ । झन्डै २५ प्रतिशत अधिक जनसंख्या भएका जिल्लामा १२५ जाति, जनजातिमध्ये झन्डै सयको हाराहारीमा मिश्रित रूपले बसोबास गरेको अवस्था छ । यसले पनि के देखाउँछ भने जातीय, भाषिक वा एकल पहिचानमा आधारित प्रदेशहरूको निर्माण नेपालको सन्दर्भमा आवश्यक र सम्भव विषय होइन । तसर्थ, नेपालको संघीयताको पनि एकल आधार, आवश्यकता र औचित्य यहाँका जनता, प्रदेश र समग्र मुलुकको आर्थिक समृद्धिबाहेक अरू हुनसक्ने देखिँदैन ।

तर, नेपालको नयाँ संविधान लेखन र सात प्रदेशको सीमांकनबाट संघीय प्रदेशहरूको निर्माणलाई आर्थिक समृद्धिको यो मूल उद्देश्यसापेक्ष बनाइएन । अझैसम्म कायम सीमांकनको वादविवादमा पनि यो अवयव छिरेको छैन । प्रदेशहरूको निर्माणको मूल उद्देश्य आर्थिक समृद्धिलाई बनाउनका लागि प्रदेशहरूमा उपलब्ध सबै प्रकारका स्रोतसाधन र प्रस्तावित प्रदेशहरूका विद्यमान प्रमुख आर्थिक सूचकांकहरूलाई मुख्य आधार बनाइनु आवश्यक थियो । र, उपलब्ध स्रोतहरू प्रदेशहरूबीच कसरी विभाजन गर्दा सर्वोत्तम उपयोग हुनसक्छ भन्ने प्रादेशिक अर्थतन्त्रका वैकल्पिक परदृश्यहरू सार्वजनिक गरिनुपर्थ्यो । तर, यस्ता तथ्य र तथ्यांकमा आधारित कुनै अध्ययन, विश्लेषण वा चिन्तनबिना नै राजनीतिक लिँडेढिपी र एक प्रकारको बलजफ्तीका आधारमा प्रदेशका सीमाहरू तय भएका र हुने क्रममा छन् ।

यी कारणले गर्दा प्रदेश निर्माण प्रक्रिया अहिले जसरी भएको छ, त्यसले सबै प्रदेशका अर्थतन्त्रलाई उत्तिकै र चित्तबुझ्दो ढंगले थप उत्पादनशील बनाउने सम्भावना कम छ । उदाहरणका लागि, अहिले प्रस्तावित सात प्रदेशमध्ये प्रदेश नं. १ र प्रदेश नं. ६ मा रहेका यी तीनवटै स्रोतहरूको तुलनात्मक अवस्था सरसर्ती हेर्ने हो भने यो फरक प्रस्टै देखिन्छ । प्रदेश नं. ६ को सञ्चालनकै लागि पनि केन्द्रीय अनुदानमा भर पर्नुबाहेक प्रादेशिक, विशेषतः राजस्व स्रोतहरूको परिचालनको मात्रा असाध्यै नगन्य हुने देखिन्छ ।

प्रदेश निर्माणको सिद्धान्त आर्थिक उत्पादकत्व वृद्धि र प्रत्येक प्रदेशको आर्थिक सक्षमता नभएर लाभ र अवसरहरूको बढी न्यायोचित वितरणमात्र हो भनेर मान्ने हो भने पनि सीमांकनका लागि विद्यमान गरिबी दर, मानव विकास सूचकांक, साक्षरता दर, प्रतिव्यक्ति आय,

1 Riker, W. H. (1964). Federalism: Origins, operations, and significance. Boston: Little, Brown.

2 Oates, W. (1972). Fiscal federalism. New York: Harcourt Brace Jovanovich.

औसत आयु र भौतिक सुविधासम्मको पहुँचका सूचकांकलाई आधार बनाइनुपर्थ्यो ।

तर, प्रदेश विभाजनका क्रममा यी पक्षलाई पनि दृष्टिगत गरिएन । यसमा निहित दुई सिद्धान्तहरू- सन्तुलित विकास[3] र असन्तुलित विकास[4] मध्ये कुनैलाई पनि अवलम्बन गरिएन । सन्तुलित विकासको सिद्धान्तका आधारमा प्रदेश निर्माण गर्दा विकसित एवं स्रोतसम्पन्न भू-क्षेत्रहरूलाई कम विकसित भू-क्षेत्रहरूसँग मिलाएर एउटा प्रदेश बनाइन्छ । र, यस्तो विकसित क्षेत्रबाट प्राप्त लाभ र खासगरी राजस्व स्रोतलाई अविकसित क्षेत्रमा उपयोग गरेर न्यायोचित वितरणयुक्त प्रादेशिक अर्थतन्त्र विकास गराउने दृष्टिकोण राखिन्छ । त्यस्तै, असन्तुलित विकास सिद्धान्तका आधारमा प्रदेशहरू निर्माण गर्दा वैभवशाली क्षेत्रलाई सिंगो प्रदेश र अविकसित एवं पछाडि परेको क्षेत्रलाई अलग प्रदेश बनाइन्छ । यसो गर्दा अविकसित प्रदेशलाई संघ (राष्ट्रिय सरकार)ले थप अधिकार, अनुदान, योजना र सामाजिक सुरक्षणका स्रोतहरू उपलब्ध गराउँछ । यस्ता कुनै पनि अवधारणाहरू नेपालको संघीयता कार्यान्वयनका कुरामा विचार वा चिन्तन गरिएको छैन ।

प्रादेशिक अर्थतन्त्रहरूलाई मूलरूपले फरक पार्ने तत्व भनेकै प्रदेशहरूलाई दिइने खर्चको अधिकार, कर संकलनको अधिकार र केन्द्रबाट आउने अनुदानको व्यवस्थापन अधिकार (वा सर्तहरू) हुन् । खासगरी, नेपालमा प्रदेशहरू निर्माण गर्दा तिनका आर्थिक सम्भाव्यतालाई जसरी पूर्णरूपले बेवास्ता गरेर सीमांकन गरिएको छ, त्यसले प्रदेशहरूको अर्थतन्त्र सञ्चालन र आर्थिक स्रोत व्यवस्थापनको मूल आधार केन्द्रबाट आउने अनुदान नै हुने निश्चित छ

संविधान र प्रादेशिक अर्थतन्त्र

प्रादेशिक अर्थतन्त्रको र संघीय अर्थतन्त्रको पनि मूल मार्गनिर्देशक दस्तावेज नेपालको संविधान २०७२ नै हो । संविधानको प्रस्तावनाले मुलुकलाई संघीय बनाउनुको उद्देश्यका रूपमा 'आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न' भनेको छ । संविधान जारी गर्नुको उद्देश्य 'संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न' हो । संविधानका यी उद्देश्यहरू जति प्रस्ट छन्, त्यत्तिकै दुबिधाग्रस्त वाक्यांशहरू पनि यसको प्रस्तावनामै परेका छन् । जस्तै, संविधानले नै 'समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण' गर्ने अभिप्राय राखेको छ । यसले प्रदेशहरूको अर्थतन्त्रको मूल अभिमुखीकरण पनि समाजवादप्रति प्रतिबद्ध रहने हुनुपर्ने देखिन्छ । अहिलेको खुलाबजार अर्थतन्त्र, उदारीकरण, विश्वव्यापीकरण र विश्वव्यापी पारस्परिक अन्तर्निर्भरताको युगमा यस्ता प्रावधानको सान्दर्भिकता कति हुन सक्छ भन्ने प्रश्न आफ्नै ठाउँमा कमजोर छैन ।

संविधानले निजी क्षेत्रको सहभागितामा आर्थिक विकास गर्ने कुरालाई पनि समेट्ने प्रयास भने गरेको छ । धारा (१७) को स्वतन्त्रताको हकअन्तर्गत १७(च) मा नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्ने एवं उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुने उल्लेख छ । त्यस्तै, धारा (२५) को सम्पत्तिको हकअन्तर्गत 'प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।' संविधानको भाग-३ ले व्यवस्था गरेका मौलिक हकमध्ये खासगरी धारा (३१) देखि (४४) सम्मका हकहरूको प्रत्याभूति गराउने जिम्मेवारी मूलतः प्रदेशहरूमा पर्ने देखिन्छ । शिक्षाको हक, भाषा तथा संस्कृति संरक्षणको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्यको हक, खाद्यसुरक्षाको हक, आवासको हक, लैंगिक हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक एवं उपभोक्ता हकहरूलाई व्यवहारमा सुनिश्चित गर्न प्रदेशहरूको आर्थिक क्षमता, व्यवस्थापकीय चुस्तता र वितरण प्रणालीको प्रभावकारिता आवश्यक पर्नेछ । यी सबै कामका लागि निकै ठूलो आर्थिक क्षमता हुनुपर्ने देखिन्छ ।

त्यसैगरी, राज्यको निर्देशक सिद्धान्तअन्तर्गत धारा ५१ (घ) को अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्नेलगायतका विषयहरू परेका छन् । त्यस्तै, ५१ (ङ) ले कृषिको उत्पादकत्व वृद्धि र (च) ले विकास नीतिसम्बन्धी व्यवस्था गरेको छ । यसमा क्षेत्रीय सन्तुलनसहितको समावेशी आर्थिक विकासको अवधारणा अगाडि सारिएको छ । त्यस्तै, (५१) (छ) ले प्राकृतिक साधनस्रोतको संरक्षण, सम्वर्द्धन र उपयोगसम्बन्धी, (ज) ले नागरिकका आधारभूत आवश्यकता, (झ) ले श्रम र रोजगारसम्बन्धी नीति, (ञ) ले सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिको व्यवस्था गरेको छ । त्यस्तै, (५१) (ठ) ले पर्यटन नीतिलाई परिभाषित गरेको छ । यी सबै व्यवस्थाहरू प्रादेशिक अर्थतन्त्रको सञ्चालनका लागि महत्वपूर्ण अवयवहरू हुन् ।

यसबाहेक संविधानको भाग-१६ ले प्रदेश आर्थिक प्रणालीसम्बन्धी छुट्टै व्यवस्था गरेको छ । प्रदेशले लगाउन पाउने कर, व्यवस्थापन गर्ने सञ्चित कोष, प्रादेशिक व्यय प्रणाली, प्रादेशिक तहको अर्थ मन्त्रालय र प्रादेशिक बजेट विनियोजन, उधारो खर्च, प्रादेशिक आकस्मिक कोष र प्रादेशिक आर्थिक कार्यविधिसम्बन्धी व्यवस्था संविधानको धारा (२०३) देखि (२१३) सम्ममा गरिएको छ । त्यस्तैगरी, भाग-१९ ले गरेको स्थानीय आर्थिक कार्यप्रणालीबारेको व्यवस्थाले पनि प्रादेशिक अर्थतन्त्र सञ्चालन प्रक्रिया, विनियोजन र व्यवस्थापनमा कुनै न कुनै रूपले प्रभाव पार्नेछ । यो व्यवस्था प्रादेशिक अर्थप्रणालीको परिपूरक हुने कुरा प्रस्टै छ । यी सबै संवैधानिक व्यवस्थाहरूको महत्व आफ्नै ठाउँमा छ ।

प्रादेशिक अर्थतन्त्र सञ्चालनका दृष्टिले संविधानले गरेको सबभन्दा महत्वपूर्ण व्यवस्थाचाहिँ भाग (२६) को राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नै हो । संसारका क्रियाशील संघीय राज्यहरूको सफलता मूलरूपले यही आयोगको प्रभावकारितामा निर्भर रहने गरेको छ । प्रदेश र केन्द्रीय सरकारबीचका आर्थिक सम्बन्धहरूलाई उपलब्ध सीमाभित्र रहेर विवादरहित, सूत्रमा आधारित र न्यायोचित वितरणको जिम्मा त्यहाँका वित्तीय आयोगहरूले नै व्यवस्थित गर्छन् । नेपालका सन्दर्भमा प्राकृतिक स्रोतहरू र तिनको लाभ वितरणको जिम्मा पनि यही आयोगलाई दिइएको जस्तो देखिन्छ । तर, यसबारे संविधानले धेरै कुरा प्रस्ट्याएको छैन ।

प्रादेशिक अर्थतन्त्रहरूलाई मूलरूपले फरक पार्ने तत्व भनेकै प्रदेशहरूलाई दिइने खर्चको अधिकार, कर संकलनको अधिकार र केन्द्रबाट आउने अनुदानको व्यवस्थापन अधिकार (वा सर्तहरू) हुन् । खासगरी, नेपालमा प्रदेशहरू निर्माण गर्दा तिनका आर्थिक सम्भाव्यतालाई जसरी पूर्णरूपले बेवास्ता गरेर सीमांकन गरिएको छ, त्यसले प्रदेशहरूको अर्थतन्त्र सञ्चालन र आर्थिक स्रोत व्यवस्थापनको मूल आधार केन्द्रबाट

3 Nurkse, Ragnar. 1953. Problems of Capital Formation in Underdeveloped Countries.Oxford University Press.

4 Hirschman, Albert O.: 1958. The Strategy of Economic Development. Yale University Press, New Haven.

आउने अनुदान नै हुने निश्चित छ। केन्द्रबाट आउने यस्तो अनुदानलाई समानीकरण अनुदान (इक्विलाइजेसन ग्रान्ट) भनिन्छ। संसारभर केन्द्रले प्रदेशहरूलाई दिने अनुदान सामान्यतः पाँच प्रकारका हुने गरेका छन् :

१. **वर्गीकृत अनुदान** : यो ससर्त अनुदानको प्रक्रिया हो। यसमा केन्द्रबाट प्रदेशहरूलाई उपलब्ध हुने बजेट तोकिएको ढंगमा र तोकिएकै बस्तु वा सेवा खरिदमा प्रयोग हुनुपर्छ। जस्तै : 'एक विद्यार्थी, एक ल्यापटप' कार्यक्रमका लागि आएको अनुदान अरू प्रकृतिका कम्प्युटर खरिद गरेर खर्च गर्न पाइँदैन, ल्यापटप नै किनेर दिनुपर्छ।

२. **आयोजना अनुदान** : कुनै आयोजनाहरूका लागि तोकेरै दिने अनुदान, सुरक्षा, अनुसन्धान वा विपत् व्यवस्थापनका लागि आवधिक रूपमा खर्च गरिसक्ने गरी दिइने र कतिपय अवस्थामा उपलब्धिसँग तुलना गरेर दिइने अनुदानसमेत यस कोटीमा पर्छ।

३. **स्थुल अनुदान** : यस्तो अनुदानमा कुनै एउटा फराकिलो शीर्षकअन्तर्गत लचिलो प्रकारले खर्च गर्न सकिने गरी दिइने अनुदान पर्छ। जस्तै : 'विद्यार्थीको कम्प्युटरको सीप विकास' शीर्षकमा दिइने अनुदानमा प्रादेशिक शिक्षा मन्त्रालयले ल्यापटप वा डेक्सटप कुन प्रकारका उपकरण किन्छ भन्ने कुरा उल्लेख हुँदैन। तर, लक्षित सबैले कम्प्युटरमा पहुँच पाउनुपर्छ भन्नेमात्र उल्लेख हुन्छ।

४. **सूत्रबद्ध अनुदान** : यस्तो अनुदानका लागि वित्त आयोगले कुन प्रदेशले कति बजेट अनुदानमा पाउँछन् भन्ने कुराको पहिले सूत्र बनाउँछ र त्यसका आधारमा अनुदानको वितरण हुन्छ। उदाहरणका लागि, अघिल्लो आर्थिक वर्षमा प्राप्त अनुदान खर्च भएको प्रतिशतका आधारमा यो वर्षको अनुदान रकम तय हुनसक्छ।

५. **ससर्त अनुदान** : यसका लागि दुई प्रकारका अनुदानहरू व्यवस्था गरिएका हुन्छन्। एउटा समव्यय कोष। यसमा प्रदेशले कुनै खास विकास योजनाका लागि खर्च गर्न छुट्याएको रकमका अनुपातमा केन्द्रबाट दिइने अनुदान पर्छ। त्यस्तै, दोस्रोमा कुनै आर्थिक लक्ष्यहरू जस्तै : गरिबी रेखामुनिको जनसंख्या तोकिएको प्रतिशतभन्दा बढी घटाएमा पाउने थप अनुदानजस्ता प्रावधान यसमा पर्छन्।

तर, नेपालको संविधानले यस्ता सबै प्रकृतिका अनुदानहरूको यथोचित परिभाषा गरेको छैन। बरु प्राकृतिक स्रोत परिचालन गर्दा भने केन्द्रीय, प्रादेशिक र स्थानीय तहको प्रतिफल वितरणलाई भने उल्लेख गरेको छ।

प्रादेशिक संरचनागत आवश्यकता

अर्थतन्त्र सञ्चालनका लागि मूलतः तीन प्रकारका संरचनागत पक्षहरू संलग्न हुनेछन्। कानुनी संरचना, शासकीय संरचना र संस्थागत संरचनाहरू स्थापना नभई प्रादेशिक अर्थतन्त्र चलायमान हुन सक्दैन। कानुनी संरचना नयाँ संघीय प्रणालीअनुरुप बन्न लामै समय लाग्ने देखिन्छ। खासगरी, संघीय कानुन र प्रादेशिक कानुन बन्नु आवश्यक छ। संविधानले अनगिन्ती ठाउँमा धेरै महत्वपूर्ण विषयलाई प्रादेशिक कानुनले निर्धारण गरेबमोजिम हुने कुरा उल्लेख गरेको छ। ती कानुन निर्माण नभई प्रादेशिक अर्थतन्त्रहरू पनि बन्न सक्दैनन्। स्थानीय तहका लागि धेरै वटा कानुन बनेका छन्। यसमा २०५५ सालमा बनेको स्थानीय स्वायत्त शासन ऐन पनि छ। तर, ती स्थानीय निकायसम्बद्ध कानुनमा पनि परिवर्तन आवश्यक छ। कतिपय प्रादेशिक अधिकारलाई संविधानले नै सीमित गरिदिएको छ। जस्तै : संविधानको अनुसूची ६ ले प्रदेशको अधिकारहरू सूचीबद्ध गरेको छ। (बक्स १)। यसमा मौद्रिक नीति सञ्चालनको अधिकार दिइएको छैन भने धारा (५९) ले प्रदेशहरूलाई केन्द्रको अनुमतिबिना सिधै वैदेशिक आर्थिक स्रोत परिचालन गर्ने सम्झौताको अधिकार दिएको छैन।

प्रादेशिक शासकीय संरचना निर्माण गर्नु उत्तिकै चुनौतीपूर्ण छ। संविधानले व्यवस्था गरेअनुरुपका कार्यपालिका र व्यवस्थापिकाका लागि यातायात, सञ्चारलगायतका भौतिक संरचनाहरू र कार्यालयहरूको नै समूल निर्माण गर्नुपर्ने आवश्यकता छ। यसमा आउने सबैभन्दा ठूलो चुनौती मानवस्रोत व्यवस्थापनको हुने देखिन्छ। प्रदेशमा काम गर्ने उच्च तहका कर्मचारीहरूदेखि आधुनिक प्रविधि सञ्चालनको सीप भएका प्राविधिक जनशक्ति प्रदेशहरूमा कसरी सहजै उपलब्ध हुनसक्ला भन्ने अहं प्रश्न छ। अहिलेसम्मको अनुभवले के देखाएको छ भने नेपालमा लागू गर्न खोजिएका विकेन्द्रीकरणका प्रायः सबै योजनाहरू कर्मचारीहरू कार्यस्थलमा खटिन नचाहेका कारण असफल भएका हुन्।

कर्मचारी व्यवस्थापन दुवैतिर धार भएको तरबार चलाउनुजस्तै जोखिमपूर्ण छ। सबै निर्णायक तहका कर्मचारीहरू केन्द्रीय प्रशासन प्रणालीले खटाउने हो भने त्यो कर्मचारीतन्त्रले प्रादेशिक राजनीतिक नेतृत्वलाई अटेर गर्ने सम्भावना रहन्छ। त्यस्तै, प्रादेशिक कर्मचारीहरूलाई

केन्द्रीय प्रशासनमा सहजै सरुवा र वृत्तिविकासको अवसर नदिलाउने हो भने उनीहरू प्रदेशमा गएर काम नै गर्न नचाहने मनस्थिति विकसित हुन्छ। यी सामान्यजस्ता लाग्ने कुराहरूको गम्भीर प्रभाव प्रादेशिक अर्थतन्त्रहरूमा पर्नेछ।

संस्थागत संरचनाको कुरा गर्दा प्रादेशिक तहमा विकसित गर्नुपर्ने विशिष्टीकृत सेवाको प्रारुप नै बनाउनुपर्ने छ। उदाहरणका लागि, संविधानले प्रदेश प्रहरीको व्यवस्था गरेको छ। यो नेपालका लागि बिल्कुलै नयाँ अवधारणा हो। त्यस्तै : अहिलेसम्म राजस्व आयबारे ध्यानै नदिएका स्थानमा राजस्व परिचालनसम्बन्धी संरचनाहरू विकसित हुनु आवश्यक छ। मौद्रिक नीति बनाउने अधिकार नेपाल राष्ट्र बैंकको भए पनि प्रदेशहरूलाई वित्तीय प्रणालीको सुपरीवेक्षकीय र व्यवस्थापन अधिकार दिने व्यवस्था संविधानले गरेको छ। तर, यी अधिकारलाई प्रादेशिक क्षेत्राधिकारमा पनि समावेश गर्न कुन संस्थाप्रति उत्तरदायी बनाउने र त्यसो गर्दा रिपोर्टिङमा दोहोरोपन आउन नदिन के गर्ने भन्नेजस्ता सवाल अत्यन्तै पेचिला छन्।

लोकतन्त्र अपरिहार्य सर्त

संघीय प्रणालीको सफलताको एउटा र एउटैमात्र सर्त लोकतान्त्रिक शासन प्रणाली हो। यो प्रणालीलाई अलिकति पनि मिच्न खोजियो भने संघीय व्यवस्था चल्न सक्दैन। उदाहरणका लागि, कुनै एउटा प्रदेशले आफ्नो क्षेत्राधिकारलाई अलिकति मात्रै मिचेर काम गऱ्यो भने मुलुकभित्रै अनावश्यक द्वन्द्वको अवस्था पैदा हुन्छ। लोकतन्त्रको अवधारणालाई अर्थतन्त्रको सञ्चालनसम्म तन्काउँदा संघीय प्रणाली सञ्चालनमा निरन्तर देखिने समस्या भनेको बजेट सीमाको तरलता (सफ्ट बजेट कन्सट्रेन्ट) हो। यसमा मिचाह प्रवृत्तिका राज्यहरूले लचिलो ढंगले बजेट खर्च गर्दै जाने र पछि केन्द्रले बाध्यतावश अनुदान दिनुपर्ने समस्या धेरै संघीय मुलुकहरूमा 'क्रोनिक' बनिसकेको छ। र, कहिलेकाहीँ केन्द्र सरकार अत्यन्तै अनुदार भइदिँदा यथार्थपरक बजेट संकट (हार्ड बजेट कन्सट्रेन्ट) पैदा भएर प्रदेशको अर्थतन्त्र नै धराशयी हुने र प्रदेश नै टाट पल्टिने अवस्था पनि सिर्जना हुने गरेका छन्। नेपालमा लोकतान्त्रिक मूल्य, मान्यता र पद्धतिलाई सकेसम्म दोहन गर्ने अथवा मिच्ने जुन अभ्यास सबै निर्णायक तहमा हुने गरेको छ, त्यसले प्रदेशहरूको अर्थतन्त्र सञ्चालनमा पनि अनपेक्षित समस्याहरू निम्त्याउन सक्नेछ।

संघीय प्रणालीमा प्रादेशिक अर्थतन्त्रहरूको परिकल्पना गरिँदा असल नियतको सामाजिक योजनाकार (बेनोभोलेन्ट सोसल प्लानर)को अवधारणा प्रबल थियो। तर, संघीयताका आधुनिक सिद्धान्तहरूले यी सोसल प्लानरहरूको आफ्नै पनि स्वार्थ, प्राथमिकता र नियत हुने (जस्तै चुनाव जित्ने स्वार्थ) हुनाले पहिलो पुस्ताको वित्तीय संघीयताले परिकल्पना गरेजस्तो 'असल नियत'ले स्रोत र साधनहरूको विनियोजन र व्यवस्थापन हुने कुरा सन्देहको घेराभित्र रहने प्राज्ञिक विश्लेषण छ।[5] त्यसैले आधुनिक संघीयताको निर्माण यस्ता खोजपूर्ण निक्यौलहरूलाई आत्मसात् गरेर हुनुपर्ने थियो। प्राकृतिक स्रोतको उपयोगमा समेत भारतको कावेरी र नर्वदा नदीहरूको जलउपयोगमा देखिएको विवादजस्तै अवस्था धेरै मुलुकहरूमा कम-बेसी देखिएको छ। नेपालको संघीय राज्य निर्माणमा यस्ता गम्भीर पक्षहरूको कहाँ र कसरी समायोजन गरिएको छ ? यो थप अध्ययनको विषय होला।

आर्थिक प्राधिकारहरूको बाँडफाँडको कुरा पनि उत्तिकै जोखिमपूर्ण छ। आर्थिकरूपले सक्षम प्रान्तहरू सकेसम्म अलग्गै मुलुक बन्न चाहन्छन् भन्ने सिद्धान्त स्थापित भइसकेको छ।[6] यसको अर्थ, प्रदेशहरूलाई

5 Weingast, B. R. (2009). Second generation fiscal federalism: The implications of fiscal incentives. Journal of Urban Economics, 65

6 Bolton, Patrick and Gérard Roland (1997), 'The breakups of nations: a political economy analysis', Quarterly Journal of Economics, 112 (4), 1057-89.

विशेषताहरु

- नेपाल विद्युत प्राधिकरणको प्रशारण लाईन पुगेको घर तथा कार्यालयलाई यो कर्जा सुविधा प्रदान गर्न सकिने*
- ग्राहकले व्योहोर्नु पर्ने विशेष वार्षिक व्याजदर*
  - २.२५ %* व्यक्तिगत तर्फ (१०० PWH देखि १५०० PWH सम्म क्षमताको लागि) ▪ ४.५०%* व्यवसायिक तर्फ (१५०० PWH भन्दा बढी क्षमताको लागि)
- कुल लागतको ९०% सम्मको कर्जा सुविधा*
- ५ वर्षसम्मको कर्जा अवधी*
- धितो स्वरुप सौर्य उपकरणहरु नै लिईने हुँदा घरजग्गा धितो राख्न नपर्ने*
- सम्पूर्ण आवश्यक कागजातहरु पेश गरेको केवल २ कार्य दिनमै कर्जा प्रवाह गरिने*

(थप जानकारीको लागी यस बैंकको आफूलाई नजिक पर्ने शाखा वा परिक्षित मल्ल (९८४१७८७९९१) लाई सम्पर्क गर्नुहोस्)

*शर्तहरू लागू हुनेछ

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward
Class 'A' Institution Licensed by Nepal Rastra Bank
www.civilbank.com.np, SWIFT: CIVLNPKA

प्रधान कार्यालय/मुख्य शाखा : क्लासीक कम्प्लेक्स, तीनधारा रोड, कमलादी, काठमाण्डौं-३१,पोष्ट बक्स:२७९९,फोन नं : ४१६९०४०/४१६९०३०,फ्याक्स नं : ४१६९०३८,

उपत्यका भित्रका शाखाहरु: ▪ न्युरोड:०१-४२३२०२९/९२ ▪ बानेश्वर:०१-४१०४७६९/७० ▪ पाटन:०१-५५४८६८२ ▪ अनामनगर:०१-४२४०२१५/४२४०३१७/४२४०२१२ ▪ बौद्ध:०१-४९१७४१०/११ ▪ गोंगबु:०१-४०२०११२/१३ ▪ किर्तिपुर:०१-४३३४४५८/६७ ▪ कुलेश्वर:०१-४२८९५२४/४६७१२१६ ▪ स्वयंभु:०१-४६७०४४२ ▪ कपन:०१-४८२३८२५/२६ ▪ जावलाखेल:०१-५००२१४७/५००२१९३

उपत्यका बाहिरका शाखाहरु: ▪ वीरगंज:०५१-५२२९४३/५९ ▪ विराटनगर:०२१-५२१९८९/८४ ▪ पोखरा:०६१-५३९७६७ ▪ पोखरा:०६१-५२४३६०/६१ ▪ भैरहवा:०७१-५२११६१/६२ ▪ नेपालगंज:०८१-५२५५७८/७९ ▪ नारायणगढ:०५६-५७००२९/३९ ▪ हेटौंडा:०५७-५२६९०१ ▪ बुटवल:०७१-४३८७९८/९२ ▪ वितामोड:०२३-४४४०५/०६ ▪ बनेपा:०११-६६०३८३/८४/८५ ▪ बाहबीसे:०११-४८९२८३ ▪ धादिङबेशी:०१०-५२१०६८ ▪ मेलम्ची:०११-४०१०५५ ▪ आरुघाट:०६४-४१०१०२ ▪ इटहरी:०२५-५८७४२५ ▪ ठाँडी:०५६-५६०३८० ▪ खुरखुरे:०५६-५८३७९१ ▪ पार्वतीपुर:०५६-५१५५१५ ▪ सिन्धुलि:०४७-५२१०८१ ▪ फिदिम:०२४-५२०९८८ ▪ सिजुवार:०८६-४६०५०६/०७ ▪ गाईघाट:०३५-४२१३८४ ▪ सल्यान:०८८-४००१७८ ▪ मुगीकोट:०८८-५३०३०५ ▪ ओखलढुङ्गा:०३७-५२०६१५ ▪ जनकपुर:०४१-५३०३२०/२१ ▪ धनगढी:०९१-४१७६९२/४१६७९२ ▪ धुलिखेल:०११-४२०८४७/४२०८४२

बक्स १

अनुसूची-६

(धारा ५७ को उपधारा(२), धारा १६२ को उपधारा(४), धारा १९७, धारा २३१ को उपधारा (३), धारा २३२ को उपधारा(७), धारा २७४ को उपधारा(४) र धारा २९६ को उपधारा(४) सँग सम्बन्धित)

प्रदेशको अधिकारको सूची

क्र.सं. विषयहरू

१. प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा
२. नेपाल राष्ट्र बैंकको नीतिअनुरुप वित्तीय संस्थाहरूको सञ्चालन सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग
३. रेडियो, एफएम, टेलिभिजन सञ्चालन
४. घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, जरिवाना
५. प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा
६. प्रदेश तथ्यांक
७. प्रदेशस्तरको विद्युत्, सिँचाइ र खानेपानी सेवा, परिवहन
८. प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय
९. स्वास्थ्य सेवा
१०. प्रदेश सभा, प्रदेश मन्त्रिपरिषद्सम्बन्धी
११. प्रदेशभित्रको व्यापार
१२. प्रदेश लोकमार्ग
१३. प्रदेश अनुसन्धान ब्युरो
१४. प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय
१५. प्रदेश लोक सेवा आयोग
१६. भूमि व्यवस्थापन, जग्गाको अभिलेख
१७. खानी अन्वेषण र व्यवस्थापन
१८. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग
१९. प्रदेशभित्रको राष्ट्रिय वन, जलउपयोग तथा वातावरण व्यवस्थापन
२०. कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात
२१. गुठी व्यवस्थापन

आर्थिक रूपले आत्मनिर्भर हुनेगरी स्वतन्त्र बन्न दिनु पनि मुलुकको भौगोलिक अखण्डताका दृष्टिले जोखिमपूर्ण हुनसक्छ भन्ने हो। लोकतन्त्र कमजोर भएका मुलुकहरूमा प्रदेशहरूको निर्माण अथवा आर्थिक विकेन्द्रीकरणले आर्थिक वृद्धि गराउँदैन भन्ने पनि अध्ययनहरूले देखाएका छन्।[7] ४६ वटा मुलुकको तथ्यांकमा आधारित एक अध्ययनले आर्थिक अधिकारहरूको प्रादेशिक वितरणले लोकतन्त्र बलियो भएका विकसित देशहरूमा मात्र आर्थिक वृद्धिमा सकारात्मक प्रभाव परेको देखाएको छ। तर, विकासशील मुलुकहरूमा भने यसको नकारात्मक असर परेको निष्कर्ष अध्येताहरूको छ। त्यसैले नेपालको संघीय शासनअन्तर्गत बन्ने प्रादेशिक अर्थतन्त्रहरूबारे अहिले नै कुनै निर्क्यौलपूर्ण धारणा बन्न सजिलो छैन। खासगरी, नयाँ बन्ने संघीय र प्रादेशिक कानुनहरू एवं प्रदेशमा बन्ने संस्थागत संरचना र तिनको प्रभावकारिताबारे सामान्य अनुमान लगाउन सकिए पनि निर्णायक रूपले केही भन्न सकिने अवस्था छैन। प्राकृतिक स्रोतको दोहन र राजस्व स्रोतका बिन्दुहरूको अवस्थिति हेर्दा सबै प्रदेशहरूको समुचित विकास हुने सहज अनुमान गर्न सकिँदैन।

मुलुकका पाँचवटा भन्सार बिन्दुहरूबाट ९० प्रतिशत भन्सार राजस्व असुली हुन्छ भने समग्र राजस्व संकलनमा काठमाडौं, पर्सा, मोरङ र रूपन्देही चार जिल्लाको हिस्सा ८० प्रतिशतभन्दा बढी छ। त्यसमा पनि काठमाडौं र पर्साको मात्रै अंश झन्डै दुईतिहाइ छ (बक्स २)। यसरी हेर्दा अहिले प्रस्तावित गरिएका प्रदेशहरूको राजस्व स्रोतमा समान पहुँच हुने देखिँदैन। त्यस्तै, अर्को चुनौतीको विषय उठेको राजस्वको प्रदेश र केन्द्रबीच बाँडफाँडको मुद्दा हुनेछ। यो निकै जटिल मुद्दा हो। प्रणाली बसिसकेका स्विट्जरल्यान्ड र क्यानडाजस्ता देशहरूमा प्रादेशिक सरकारले उठेको राजस्वको क्रमशः ५० र ४७ प्रतिशत राखेर बाँकी केन्द्रलाई पठाउँछन्। तर, अक्सर देखिने जोखिम के भने बढी राजस्व उठाउने प्रदेशहरूको ध्येय जहिले पनि ठूलो अंश आफ्नै प्रदेशमा राख्ने र सानो अंशमात्र केन्द्रलाई पठाउने हुन्छ। तर, ठूलो राजस्व उठ्ने प्रदेशहरूमा पूर्वाधार र सेवाप्रदायमा कम खर्च हुने सम्भावना रहन्छ। 'खुट्टाले भोट हाल्ने (भोटिङ बाई फुट)'[8] को सिद्धान्तले बढी कर तिर्न सक्षमहरू पहिले नै बढी सुविधा र पूर्वाधार बनिसकेको ठाउँमा थुप्रिएर बसोबास गर्छन्। यसको ठीकविपरीत, कम राजस्व उठ्ने प्रदेशहरूमा विकास खर्च बढी आवश्यकता हुन्छ। उदाहरणका लागि, प्रस्तावित प्रदेश नं. २ र प्रदेश नं. ६ लाई तुलना गर्न सकिन्छ।

र, अन्त्यमा,

यी सबै तथ्यहरूको प्रकाशमा अहिले प्रादेशिक अर्थतन्त्रहरूका बारेमा भन्न सकिने एउटै कुरा के हो भने नेपालको प्रदेश निर्माणको प्रक्रिया अझै पनि वस्तुतः टुंगिइसकेको छैन। त्यसैले तिनको अन्तिम सीमांकन गर्दा आर्थिक सम्भाव्यतालाई सर्वोपरी महत्वका साथ हेर्नसक्ने सम्भावना अझै छ। वास्तवमा, दृष्टिकोण धेरै प्रकारका द्वन्द्वहरू स्वतः समाधान गर्न पनि सहायक हुनसक्छ। प्रदेशहरूको निर्माणकै समयमा यसको मूल उद्देश्य, आर्थिक समृद्धितर्फ ध्यान दिन सकेमात्र प्रदेशहरू आर्थिक रूपले सबल र जनकल्याणका कामहरू गर्न स्रोतसम्पन्न हुनेछन्।

बक्स २

कुन भन्सारबाट कति राजस्व ?

भन्सार बिन्दु	कुल भन्सारमा हिस्सा (प्रतिशत)
वीरगन्ज	५२.५
भैरहवा	१४.२
बिराटनगर	११.१
तातोपानी	५.१
विमानस्थल	३.८
सुख्खा बन्दरगाह	३.६
जम्मा	९०.३

नेपालको कुल राजस्वमा जिल्लागत हिस्सा

जिल्ला	अनुमानित राजस्व उठ्ती (प्रतिशत)
काठमाडौं	४२
पर्सा	२४
मोरङ	८
रूपन्देही	७
कास्की	४
बाँके	३
धनुषा	३
मकवानपुर	३
जम्मा	९४

(वाग्ले आर्थिक विश्लेषक हुन्।) ●

7 H. Davoodi, D. and H. Zou 1998. "Fiscal Decentralization and Economic Growth: A crosscoutry study." Journal of Urban Economics, 43.

8 Tiebout, Charles M. 1956. "A Pure Theory of Local Expenditures."Journal of Political Economy 64

संघीय नेपालमा लगानी आकर्षण

● भरतबहादुर थापा

लगानीमा सीमा निर्धारण गर्नु हुँदैन । लगानीका सन्दर्भमा दिल खुला बनाउनुपर्छ । पुँजीलाई स्वदेशी वा विदेशी भनेर छोइछिटो गर्नु हुँदैन । लगानी राष्ट्रिय र अन्तर्राष्ट्रिय हुँदैन, यहाँ आएको पैसा हाम्रो राष्ट्रिय लगानी हो । यहाँ कम्पनी स्थापना नगरी लगानी गर्न पाइँदैन । नेपालमा स्थापना भएको कम्पनी स्वदेशी कम्पनी हो, विदेशी होइन । यो कुरालाई आत्मसात् गर्न आवश्यक छ ।

लामो समयको अपेक्षापछि मुलुकले जनताको हातबाट बनेको संविधान प्राप्त गरेको छ । संविधान बनेपछि नेपाली जनताले धेरै कुराको अपेक्षा गरेका छन्, त्यसमध्ये सबैभन्दा ठूलो अपेक्षा हो, आर्थिक समृद्धि । संविधानले समृद्ध नेपालको परिकल्पना गरेको छ । समृद्धिको यो परिकल्पना पूरा गर्न मुलुकलाई ठूलो लगानी, पर्याप्त उत्पादन र सशक्त वितरण प्रणाली आवश्यक हुन्छ । यी सबै तत्वलाई समावेशी बनाउनुपर्छ, जुन निकै चुनौतीपूर्ण छ । समृद्धि सपना पूरा कसरी गर्ने भन्नेबारे गम्भीर चिन्तन आवश्यक छ । संसारले के गऱ्यो, त्यसबाट नेपालले अनुभव लिन आवश्यक छ, हाम्रो लगानी, उत्पादन र वितरणको व्यवस्थालाई के-कस्तो परिमार्जन गर्न आवश्यक छ, त्यसको मूल्यांकन हुनुपर्छ । यसको उचित व्यवस्थापन गर्नुपर्छ ।

लगानीको खाँचो

समृद्धिको परिकल्पना पूरा गर्न ठूलो लगानी आवश्यक हुन्छ । लगानी नभई उत्पादन हुँदैन । उत्पादन नहुनु भनेको रोजगारी सिर्जना नहुनु हो । यसर्थ, लगानी अकार्षण, प्रवर्द्धन र संरक्षण गर्नु आजको आवश्यकता हो । नेपालले स्वदेशी र विदेशी दुवै लगानीलाई उत्तिकै महत्व दिनुपर्छ ।

विदेशी लगानी निर्विकल्प

नेपालका लागि विदेशी लगानी निर्विकल्प हो । मुलुक विकासका लागि ठूलो विदेशी लगानी आउन आवश्यक छ । समृद्धिका लागि पुँजी, स्रोत, सीप र व्यवस्थापकीय क्षमतामा लगानी बढाउनुपर्छ । हामी अहिले पुँजी, सीप, प्रविधि र व्यवस्थापकीय क्षमताको हिसाबले प्रतिस्पर्धी हुनसकेका छैनौं । यसका लागि हामीलाई विदेशी लगानी आवश्यक छ । व्यवस्थापकीय क्षमतामा दक्षिण एसिया नै कमजोर छ । ठूला परियोजनाको व्यवस्थापन गर्न समस्या छ । यसका लागि विदेशी पुँजी, सीप, प्रविधि र व्यवस्थापकीय लगानी नेपालमा आवश्यक छ ।

तर, नेपालमा लगानीको उचित वातावरण बन्न सकेको छैन । विदेशी लगानी भित्र्याउन त्यसको सम्भाव्यता र आकर्षण पनि हुनुपर्छ । लगानीको वातावरण बन्नका लागि लगानीको प्रवेश, सञ्चालन र निवेश सहज हुनुपर्छ । लगानीको प्रवेशदेखि फिर्ता जाने बेलासम्म नै वातावरण सहज गरिदिनुपर्छ । नेपालमा लगानी गर्ने वातावरण राम्रो छैन, लगानी गरिहाले पनि उद्योग व्यवसाय सञ्चालनको वातावरण छैन र लगानी फिर्ता लैजाने वा नाफा लैजाने व्यवस्था पनि राम्रो छैन । निस्किने ठाउँ सहज छैन भने कोही पनि भित्र पस्न चाहँदैन ।

अहिले लगानीको भित्रिने र बाहिरिने मात्रा बराबारी छ जस्तो लाग्छ । नेपालबाट विदेशमा लगानी लैजाने कानुन छैन तर गइरहेको छ । अनौपचारिक रूपमा मुलुकबाट पुँजी पलायन भइरहेको छ । स्वदेशमै पुँजी आवश्यक हुँदाहुँदै बाहिर जानु राम्रो होइन । यद्यपि, एउटा लगानीकर्ताले आफ्नो लगानीको क्षेत्रलाई विविधीकरण गर्न पाउनुपर्छ । मुलुक भित्रिने लगानीलाई सहज, सरल र भ्रष्टचार मुक्त बनाउन सकिएको छैन । यसले पनि पुँजी पलायनलाई प्रश्रय दिएको छ । यहाँ लगानीका लागि प्रक्रियागत झन्झट धेरै छन्, सरल बनाउन आवश्यक छ । स्वीकृतिदेखि सञ्चालनसम्म हुने भ्रष्टाचारलाई रोक्नुपर्छ ।

नीतिगत सुधार

मुलुकमा लगानीको वातावरण बनाउन नीतिगत सुधार आवश्यक छ । लगानी ल्याउने विषयमा राजनीतिक सहमतिमा राष्ट्रिय एजेन्डा बनाउनुपर्छ । कुनै पनि बहानामा लगानी अवरोध हुनु हुँदैन । लगानीकर्ता औपचारिक प्रक्रियाबाट आउँदाआउँदै पनि अनौपचारिक ठाउँसम्मको स्वीकृति चाहिने प्रवृत्ति छ, कानुन पनि पर्याप्त छैन । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ सार्कक्षेत्रकै प्रतिस्पर्धी थियो । तर, समयअनुसार परिमार्जन नहुँदा त्यो कमजोर भएको छ ।

विदेशी लगानी ऐनले लगानीकर्तालाई निकै राम्रो सुविधा दिएको थियो, जसले लगानी आकर्षण गर्थ्यो । तर, हामी विस्तारै कमजोर भयौं । ऐनले प्रतिबद्धता गरेका सुविधा तथा सहुलियत पनि कटौती हुँदै गए । विदेशी लगानी स्वीकृतिका प्रक्रिया कठिन हुँदै गए । ठूलो लगानी आकर्षण गर्ने भनेर लगानी बोर्ड स्थापना गरिएको छ । समानान्तर रूपमा चल्ने दुईवटा निकायबीचको विवादले पनि लगानीमा समस्या उत्पन्न गराएको छ । कसको कार्य क्षेत्र कुन र कति भन्नेमै भिन्नता देखिन्छ । संसारका धेरै देशमा लगानीलाई रातो कार्पेट ओछ्याएर स्वागत गर्छन् । एउटा टेबलमा पुगेपछि चारजनाले सजिलै लगानी स्वीकृति गर्छन् तर हाम्रोमा लगानी स्वीकृतिका लागि धेरै ढोका चहार्नुपर्छ ।

राजनीतिक सोचमा परिवर्तन

लगानीकर्ताहरू विद्यमान राजनीतिक अस्थिरताबाट आक्रान्त छन् । २००७ सालपछि मुलुकमा सधै संक्रमणकाल रह्यो । त्यसो

हुँदा सिद्धान्त जे-जस्तो भए पनि राजनीतिक दलहरू विकाससम्बन्धी विषयमा एक ठाउँमा उभिनुपर्छ। नेपालमा लगानीकर्तालाई पैसाको बोट जस्तो मानिन्छ, जसले जहाँबाट टिपे पनि हुन्छ भन्ने सोच छ। यसमा परिवर्तन आवश्यक छ।

अमेरिकाले पनि लगानीका लागि रातो कार्पेट ओछ्याएको छ। निश्चित लगानी गरेपछि भिसालगायतमा सुविधा छ। यस्तो अवस्थामा लगानीकर्तालाई निरुत्साहित गर्ने हो भने यहाँ कोही पनि लगानी गर्न आउँदैन। हामीकहाँ न सीप छ न त व्यवस्थापकीय क्षमता नै। यहाँ लगानीकर्ता किन आउने ? यसको उत्तर हामीसँग हुनुपर्छ।

लगानीको वातावरण बन्नका लागि लगानीको प्रवेश, सञ्चालन र निवेश सहज हुनुपर्छ । लगानीको प्रवेशदेखि फिर्ता जाने बेलासम्म नै वातावरण सहज गारिदिनुपर्छ । नेपालमा लगानी गर्ने वातावरण राम्रो छैन, लगानी गरिहाले पनि उद्योग व्यवसाय सञ्चालनको वातावरण छैन र लगानी फिर्ता लैजाने वा नाफा लैजाने व्यवस्था पनि राम्रो छैन । निस्किने ठाउँ सहज छैन भने कोही पनि भित्र पस्न चाहँदैन ।

पूर्वाधारको समस्या

लगानीका लागि आवश्यक पूर्वाधारको उपलब्धता निकै महत्वपूर्ण हुन्छ तर मुलुकमा आधारभूत पूर्वाधारको समेत समस्या छ। यसले गर्दा उद्योग व्यवसाय सञ्चालनमा कठिनाइ हुनेगरेको छ। सिमेन्ट उद्योग जस्तो राष्ट्रिय स्रोत साधनमा आधारित उद्योग स्थापनामा समेत समस्या भएको छ। हाम्रो भौगोलिक अवस्था पनि कठिन छ, नेपाल भू-परिवेष्ठित राष्ट्र हो। यसले उत्पादित सामानको सहज पारवहनमा समस्या सिर्जना गरको छ र त्यसले पनि लगानीलाई निरुत्साहित गर्छ।

विश्वसनीयता

लगानीको लागि विश्वसनीय वातावरण बनाउन आवश्यक छ। अन्तर्राष्ट्रिय लगानी संरक्षण तथा प्रवर्द्धनको वातावरण छ भन्ने विश्वास दिलाउनुपर्छ। यसका लागि द्विपक्षीय लगानी संरक्षण तथा दोहोरो करमुक्तिलगायतका सम्झौता गर्नुपर्छ। भारतलगायतका देशमा यस्ता सम्झौता भएको पनि छ। तर, भारतसँगको सम्झौता कार्यान्वयनमा आउन सकेको छैन। त्यसो हुँदा हामीले लगानीका सम्भावित स्रोतमुलुकसँग द्विपक्षीय लगानी सम्झौता गर्न आवश्यक छ।

संघीयता संरचनामा लगानीको वातावरण

संघीयता लगानी आकर्षित गर्नका लागि निकै अनुकूल शासन व्यवस्था हो। त्यसो हुँदा संघीयतामा गइसकेको सन्दर्भमा नेपालमा लगानी आकर्षण हुने अपेक्षा गरिएको छ। अब प्रदेश-प्रदेशबीच लगानी भित्र्याउन प्रतिस्पर्धा हुनेछ। यस्तो प्रतिस्पर्धा भारतमा देखिएको छ। टाटाको नानो प्रोजेक्ट पश्चिम बंगालमा सञ्चालन गर्ने कम्पनीको प्राथमिकता थियो। तर, गुजरातले विभिन्न सुविधा दिएर नानो प्राजेक्ट खोस्यो। यस्तो प्रतिस्पर्धा यहाँ पनि आवश्यक छ।

तर, हामीकहाँ लगानीको सम्भाव्यता अध्ययन (पोटेन्सियल म्यापिङ) भएको छैन। त्यसो हुँदा अब सबै प्रदेशमा लगानी सम्भाव्यता अध्ययन हुन आवश्यक छ। हामीकहाँ यी-यी सम्भावना छन्, यसको सम्भाव्यता बढी छ भनेर देखाउनुपर्छ।

मुलुकले संघीय व्यवस्था कार्यान्वयन थाल्दा झन्डै चार सय ऐन निर्माण तथा परिमार्जन गर्नुपर्छ। त्यसो हुँदा अब बन्ने ऐन-नियममा लगानीलाई खुला दिलले स्वागत गर्ने गरी बनाउनुपर्छ। हरेक प्रदेशमा आफ्नै महत्व, विशेषता र अवसर छन्, उनीहरूले त्यसको भरपुर उपयोग गर्न पाउनुपर्छ। केन्द्र सरकारले लगानीका सन्दर्भमा समन्वयकारी भूमिका निर्वाह गर्नुपर्छ। केन्द्र सरकारले गर्ने समन्वय र हस्तक्षेपको सीमा तोक्नुपर्छ। लगानीकर्तालाई सुविधाको प्याकेज दिने अधिकार प्रदेशलाई दिनुपर्छ।

सन्तुलित ढंगले लगानी भित्र्याउन सक्ने गरी प्रदेशहरूलाई सुविधा दिनुपर्छ। निर्देशात्मक व्यवस्था गरियो भने लगानी आउँदैन।

लगानीकर्ता र प्रदेशको सम्बन्ध

प्रदेश सरकार र लगानीकर्ताबीच कस्तो सम्बन्ध हुने हो, त्यो परिभाषित हुनुपर्छ। आज एउटा कानुन बनायो, लगानीकर्ताले त्यही कानुनअनुसार लगानीको निर्णय गर्छ। लगानीको निर्णय गर्दा जे-जे सुविधा दिइएको छ, त्यो पछि हटाइनु हुँदैन। त्यसको ग्यारेन्टी हुनुपर्छ। नेपालमा लगानी ल्याउने निर्णय गरिसकेको कोल्गेट कम्पनीले पछि लगानी नगरेको इतिहास हामीले अनुभव गरिसकेका छौं। कोल्गेटले लगानीको निर्णय गर्दा एकखालको कानुनी अवस्था थियो तर उत्पादन सुरु गर्ने बेला अर्कै व्यवस्था भयो। यस्तो अवस्थामा लगानी आउन सकेन। भोलि संघीयतामा पनि यस्तै हुने हो भने लगानी आकर्षण होइन, विकर्षण हुन्छ।

प्रदेशको आर्थिक कूटनीतिक हैसियत

संविधानमा आर्थिक कूटनीतिबारे खासै उल्लेख छैन। यसलाई ऐनले सम्बोधन गर्नुपर्छ। यो अधिकार केन्द्रको हुन्छ, त्यसबाहेक सबै प्रदेशको हुन्छ भन्ने दिनुपर्छ। लगानीकर्तासँग सम्पर्क गर्ने, उनीहरूलाई आकर्षित गर्ने र सुविधा दिने अधिकार प्रदेशलाई नै दिनुपर्छ। केन्द्रमा आएर सरकारी हाकिमका टेबल चाहरेर प्रदेशमा जाऊ भनेमा लगानीकर्ता आउँदैनन्। लगानीकर्ता सिधै प्रदेशमा गएर लगानी गर्नसक्ने वातावरण भएन भने लगानी आउँदैन।

केन्द्रको नियमन र हस्तक्षेप

लगानीका सन्दर्भमा केन्द्रले गर्नसक्ने समन्वयलगायत विषय पहिल्यै स्पष्ट रूपमा तोकिदिनुपर्छ। संघ (केन्द्र)ले लगानीका सन्दर्भमा एउटा परिधि र सिद्धान्त निर्धारण गर्नुपर्छ र बाँकी सबै अधिकार प्रदेशलाई दिनुपर्छ। अनि बल्ल प्रदेश-प्रदेशबीच लगानी ल्याउने प्रतिस्पर्धा हुन्छ।

प्रदेशले लगानीकर्तालाई सहज रूपमा जग्गा दिन्छौं भन्ला, पानी, बिजुली दिन्छु भन्ला, बाटो बनाइदिन्छु भन्ला यस्ता कुरामा केन्द्रले हस्तक्षेप गर्न हुँदैन। प्रदेश सरकारले करमा सहुलियत घोषणा

गर्ला । केन्द्रीय कानुनले त्यसलाई रोक्ने अवस्था हुनु हुँदैन । प्रदेशले दिएका सुविधा केन्द्रका कानुनले रोकिदिने अवस्था आयो भने लगानी आकर्षित हुँदैन ।

करका विषयमा संविधानले धेरै कुरा बोलेको छ । करमा के-कति छुट दिने भन्ने अधिकार प्रदेशले नै गर्न सक्नुपर्छ । संघीय कानुनले दिएको परिधिभित्र प्रदेशले करमा सेवा सुविधा दिन सक्नुपर्छ । भारतका लगानीकर्ता अफ्रिका पुगेका छन्, चीनका अमेरिका पुगेका छन् तर हामीकहाँ आउन सकेका छैनन् । ल्याउन सक्नुपर्छ । यसका लागि बढीभन्दा बढी अधिकार प्रदेशलाई दिनुपर्छ । प्रदेशहरूले आफैंले लगानीकर्तालाई सुविधा तथा छुट दिन सक्नेगरी ऐन नियम बन्नुपर्छ ।

लगानीको सीमा

विदेशी लगानीमा सीमा लगाउनु हुँदैन । एक डलर ल्याए पनि एक खर्ब डलर ल्याए पनि त्यसलाई स्वीकार्नुपर्छ । लगानीको सीमा निर्धारणलाई सम्पूर्णतः बेठिक भन्न मिल्दैन तर यसलाई समायानुकूल परिमार्जन गर्न सकिन्छ । सूचना प्रविधि (आईटी)मा ठूलो लगानी देखिँदैन तर यसको महत्व धेरै हुन्छ । धेरैलाई रोजगारी दिन्छ, नयाँ प्रविधि आउँछ । त्यसो हुँदा लगानीमा सीमा निर्धारण गर्नु हुँदैन । लगानीका सन्दर्भमा दिल खुला बनाउनुपर्छ । पुँजीलाई स्वदेशी वा विदेशी भनेर छोइछिटो गर्नु हुँदैन । लगानी राष्ट्रिय र अन्तर्राष्ट्रिय हुँदैन, यहाँ आएको पैसा हाम्रो राष्ट्रिय लगानी हो । यहाँ कम्पनी स्थापना नगरी लगानी गर्न पाइँदैन । नेपालमा स्थापना भएको कम्पनी स्वदेशी कम्पनी हो, विदेशी होइन । यो कुरालाई आत्मसात् गर्न आवश्यक छ ।

लगानीसम्बन्धी सरकारी संरचनाको पुनःसंरचना

अब अधिकांश सरकारी संयन्त्रलाई पुनःसंरचना गर्नुपर्छ । सबै संरचनालाई प्रदेशमै पठाउनुपर्छ । केन्द्रमा बसेर प्रदेशको काम गर्ने होइन । नीतिगत निर्णय यहाँ भए पनि काम सबै प्रदेशबाट हुनुपर्छ । उद्योग विभागलाई सबै प्रदेशमा लैजानुपर्छ, उद्योगसम्बन्धी काम गर्ने अन्य निकायसँग मर्ज पनि गर्न सकिन्छ । अहिले केन्द्रमा पनि लगानी स्वीकृत गर्ने विभिन्न निकाय छन् । लगानीको आकारअनुसार उद्योग विभाग, औद्योगिक प्रवर्द्धन बोर्ड तथा लगानी बोर्डले लगानी स्वीकृत गर्ने व्यवस्था गरिएको छ । यसरी भागबण्डा गर्नु सर्वथा अनुचित हो । यसले लगानी आकर्षण गर्दैन । ठूलो लगानी स्वीकृत गर्न उच्च तहमा पुऱ्याउनुपर्छ भन्ने केही छैन । केन्द्रले मापदण्ड र कानुन बनाउने हो, लगानी स्वीकृत गर्न सकेसम्म तल्लो निकायलाई दिनुपर्छ ।

बौद्धिक सम्पत्ति

बौद्धिक सम्पत्ति सुरक्षाका दृष्टिमा हामी कमजोर भयौं । मुलुकलाई समृद्धिमा लैजाने एउटा माध्यम बौद्धिक सम्पत्ति पनि हो तर यसमा हामी गम्भीर हुनसकेका छैनौं । नेपालमा औद्योगिक बौद्धिक सम्पत्तिको कानुन धेरै पुरानो छ । त्यसलाई समयानुकूल परिमार्जन गर्न सकिएको छैन । यस्तो अवस्थामा बौद्धिक सम्पत्तिलाई उचित संरक्षण गर्न राज्य असफल भएको छ । नेपालमा आएपछि लगानीकर्ताको पेटेन्ट, ब्रान्ड, सीपलगायतका बौद्धिक सम्पत्ति सुरक्षा होला/नहोला भन्ने विषयमा उनीहरू एकदमै सचेत हुन्छन् । त्यसको सुरक्षाको प्रत्याभूति भएन भने लगानीकर्ता आउँदैनन् ।

(थापा नेपाल सरकारका पूर्वसचिव हुन् ।) •

जलविद्युत्मा गफ होइन, अब काम

● राधेश पन्त

विभिन्न बहानामा आयोजनाका फाइलहरू झुलाइराख्ने प्रवृत्ति अन्त्य हुनुपर्छ । हरेक दिन हामी ढिला गर्छौं । एकदिन एउटा फाइल ढिला गर्दा त्यसको बेफाइदा नेपाललाई हुन्छ । अहिले जलविद्युत्मा धेरै नै काम गर्नुपर्ने छ । यसका लागि स्पष्ट दृष्टिकोणसहितको नेतृत्व चाहियो । अहिलेसम्म गफ गरेर बितायौं तर अहिलेसम्म वरिपरि हेर्दा केही पनि भएन । भएका प्रक्रियाहरू छोट्याएर कार्यान्वयनमा जोड दिनुपर्‍यो । अब गफ होइन, काम गर्ने बेला आएको छ ।

जलविद्युत्को विकासबाट मात्रै नेपाललाई दक्षिण एसियाकै धनी बनाउन सक्छौं । आर्थिक वृद्धिदरका आधारमा पहिलो स्थानमा पुऱ्याउन सक्छौं । १० हजार मेगावाट जलविद्युत् उत्पादन गर्न सक्यौं भने हाम्रो जीडीपी पाँच गुणा बढ्छ । उदाहरणका लागि लाओसमा १२ सय मेगावाट क्षमताको जलविद्युत् आयोजना बनाउँदा जीडीपी चार गुणा बढ्यो । हाम्रोमा सम्भावना हेर्ने हो भने झन्डै २० हजार मेगावाटका आयोजना त अहिले नै छन् । यो १०-१५ वर्षमा बनाउन सक्यौं भने नेपाली समृद्धि हुन्छन् । यसले ऊर्जा सुरक्षालाई ग्यारेन्टी पनि गर्छ ।

आम्दानी बढ्दै गएपछि, रोजगारी सिर्जना भएपछि जनता बन्दहड्तालका लागि सडकमा आउँदैनन् । यसका लागि उनीहरूलाई फुर्सदै हुँदैन । जलविद्युत् उत्पादन भएर खाली बत्ती बाल्नेमात्र होइन, उद्योग व्यवसाय सञ्चालन गर्ने आधार तयार हुन्छ ।

लगानी बोर्डकै समन्वयमा चारवटा सिमेन्ट उद्योग आउँदैछन् । ती उद्योगले नेपालको जलविद्युत् निर्माणका लागि सिमेन्ट बेच्नेछन् । यसका कारण बाटोघाटो बन्छ, पर्यटन प्रवर्द्धन हुन्छ । बोटिङ, फिसिङका लागि संरचना तयार हुन्छ । यस्ता बहुद्देश्यीय प्रभाव हुन्छन् ।

१५ वर्षमा हामी कम्तीमा २० हजार मेगावाट उत्पादन गर्न सक्छौं । लोडसेडिङको अन्त्यमात्रै होइन, हामी उद्योगधन्दालाई सुलभदरमा विद्युत् दिनसक्छौं र निर्यातको प्रमुख वस्तु बन्छ । तर, यसका लागि वितरण र प्रसारण-लाइनमा फोकस गर्नुपर्छ । अहिले नेपाल-भारत अन्तरदेशीय प्रसारण-लाइन बनिरहेका छन् र छिट्टै सम्पन्न हुँदैछन् । यस्ता ४०० केभी र यसभन्दा बढी क्षमता भएका अरू प्रसारण-लाइन बनाउनुपर्छ ।

जलविद्युत् आयोजना जसले बनाए पनि हुन्छ । मेरो विचारमा दक्षिण एसियामा एउटा पुल हुन्छ, नेपालले चाहेको अवस्थामा पुलबाट किन्छ र चाहेको अवस्थामा बेच्छ । समय र आवश्यकताको आधारमा विद्युत् महसुल पनि फरक-फरक हुन्छ । यसका लागि अहिलेदेखि नै संस्थागत संरचना बनाउन अघि बढ्नुपर्छ ।

पीटीए/पीडीए

अहिलेको जलविद्युत्को अवस्था पहिलेभन्दा धेरै राम्रो छ । हामीले भारतसँग विद्युत् व्यापार सम्झौता (पीटीए) गऱ्यौं । यसले लगानीकर्ता र विकासकर्तालाई राम्रो सन्देश दिएको छ । जलविद्युत् विकासका लागि मार्गचित्र देखाएको छ । नेपालमा पर्याप्त जलविद्युत् उत्पादन गर्ने क्षमतामात्रै होइन, पीटीएले बजार पनि खुला गरिदिएको छ । यो बजारको उपयोग गर्न धेरै पूर्वाधार बनाउनुपर्छ र संस्थागत संरचना तयार गर्नुपर्छ । कानुनदेखि नियमन निकाय पनि आवश्यक छ ।

ठूला जलविद्युत् परियोजना गर्न पीडीए गरेपछि विद्युत् विकासका लागि नेपाल गम्भीर भएको छ र वातावरण बन्दै गएको छ भन्ने संदेश दिन सकिएको छ । पीडीएले जलविद्युत्का जोखिमलाई लगानीकर्ता, विकासकर्ता र सरकारले बेहोर्ने गरी विभाजन गरेको छ । यो खाका अन्तर्राष्ट्रिय मापदण्डअनुसार नै छ र नेपालको हितमा छ । यो खाकाकै आधारमा प्रवर्द्धकले लगानी जुटाउन सक्छ । पीडीए गरेका माथिल्लो कर्णाली र अरुण तेस्रो पनि अघि बढेका छन् । भूकम्प र नाकाबन्दीका कारण केही ढिला त होला तर आयोजना बन्छन् ।

पछिल्लो समय सर्वसाधारण नेपालीसमेत ऊर्जा सुरक्षामा मजबुत हुनुपर्छ भन्न थालेका छन् । सबै जनताले जलविद्युत्को विकास गर्नुपर्छ भनेर अघि बढ्ने हो भने जग्गा अधिग्रहण र वातावरण प्रभाव अध्ययन (ईआईए) लाई छोटो बनाउनुपर्छ । फेरि अर्कोपटक नाकाबन्दी भयो भने ऊर्जा सुरक्षाका लागि हामी तयार हुनुपर्छ ।

प्रक्रियागत झन्झट

जलविद्युत्को सम्भावना भए पनि उत्पादन निकै थोरै भयो । यसमा हाम्रो काम गर्ने तरिका पनि दोषी छ, हाम्रो तरिका निकै पुरानो छ । ४० वर्षदेखि त्यही तरिकामा छौं । टिप्पणी उठाएर दर्जनौं ठाउँमा प्रक्रिया पूरा गर्नुपर्ने अवस्था छ । अब यसले काम गर्दैन । प्रक्रियागत झन्झट धेरै छ । चाहिने-नचाहिने झन्झटिला प्रक्रिया धेरै छन् । प्रधानमन्त्री अध्यक्ष भएको लगानी बोर्डजस्ता संस्था छन् । एउटै कोठामा बसेर र मन्त्री, सचिव सबैलाई बोलाएर निर्णय गर्नुपर्छ । यसले आयोजना अघि बढाउन धेरै सहज बनाउँछ । अर्को कुरा, हाम्रा कानुन र नीति-नियम धेरै छन् तर कार्यान्वयन हुँदैनन्, कार्यान्वयन नगर्दासम्म नतिजा निस्कँदैन ।

हामी जुन कर्मचारीतन्त्रको प्रक्रिया छौं, यसलाई चुस्त र जवाफदेही बनाउनुपर्छ । तुरुन्तै फाइलहरू अघि बढाउने

वातावरण बनाउनुपर्छ। विभिन्न बहानामा आयोजनाका फाइलहरू झुलाइराख्ने प्रवृत्ति अन्त्य हुनुपर्छ। हरेक दिन हामी ढिला गर्छौं। एकदिन एउटा फाइल ढिला गर्दा त्यसको बेफाइदा नेपाललाई हुन्छ। अहिले जलविद्युत्मा धेरै नै काम गर्नुपर्ने छ। यसका लागि स्पष्ट दृष्टिकोणसहितको नेतृत्व चाहियो। अहिलेसम्म गफ गरेर बितायौं। तर, अहिलेसम्म वरिपरि हेर्दा केही पनि भएन। प्रक्रिया छोट्याएर कार्यान्वयनमा जोड दिनुपर्‍यो। गफ होइन, काम गर्ने बेला आएको छ।

जलविद्युत्मा वैदेशिक प्रत्यक्ष लगानी (एफडीआई) बारे विवाद गर्नुभन्दा पनि राजनीतिक दल, विज्ञहरू राखेर नेपालले कुन-कुन आयोजनाहरू बनाउने र विदेशी लगानीकर्तालाई कुन-कुन दिने भनेर स्पष्ट पार्नुपर्छ। नेपालमा बाँध बनाउनेखालका जलाशययुक्त आयोजनाहरूमा जोड दिनुपर्छ। पश्चिमसेती, बूढीगण्डकीजस्ता आयोजनाहरू अघि बढाउनुपर्छ।

विद्युत् प्राधिकरण खण्डीकरण

जलविद्युत् क्षेत्रको संरचनामा पनि केही परिवर्तन आवश्यक छ। जलविद्युत् विकास गर्ने नेपाल विद्युत् प्राधिकरणलाई हेर्ने हो भने पनि उत्पादन, वितरण र प्रसारण पनि एउटैले गरिरहेको छ। चुस्त बनाउनका लागि खण्डीकरण गर्नैपर्छ। प्रतिस्पर्धामा जानैपर्छ। पहिलाको जस्ता राज्यले मात्र जलविद्युत् आयोजना बनाउने भन्ने दिन गए। अहिलेको विश्वव्यापी अर्थतन्त्रमा जलविद्युत् आयोजनाको विकास बजारमा आधारित हुनैपर्छ। सरकारी र नीजि क्षेत्रबीच प्रतिस्पर्धा गर्नुपर्छ। यो भनेको जनताले बिजुली सस्तोमा पाउनुपर्छ भन्ने हो।

जलविद्युत् विकासको सम्भावनालाई हेर्दा यो क्षेत्र १५-२० वर्षमै उर्वरभूमि हुने अवस्था छ। आर्थिक क्षेत्रको विकास ऊर्जाबिना असम्भव छ। देशमा लगानीको कमी छैन, होइन। नेपालमा पनि र बाहिर पनि पैसा छ। जताबाट पनि पैसा आउँछ तर काम हुनुपर्‍यो। काम गर्ने क्षमता हामीसँग हुनुपर्‍यो। आजसम्म हामीले ठूलो परियोजना भनेको ३०-४० मेगावाटको मात्र बनाएका छौं। यस्तो अवस्थामा एक हजार मेगावाटको बनाउँछौ भनेर दौडिने अवस्था छैन। पहिला त जनशक्तिको क्षमता बढाउनुपर्‍यो।

ठूला आयोजना बनाएकाहरूलाई नेपालमा आकर्षित गर्नुपर्‍यो। यसरी ५-१० वर्ष बाहिरबाट आएका दक्ष जनशक्तिमार्फत नेपाली प्राविधिकले जनशक्ति बढाएपछि त्यसपछि सबै परियोजना हामी आफैं गर्न सक्छौं। हाम्रो समस्या के छ भने बेला-बेलामा हामी धेरै राष्ट्रवादी भइदिन्छौं। हामी सबै गर्न सक्छौं भन्ने धारणा राख्छौं। पहिला त हाम्रो क्षमता बढाउनुपर्छ। लगानी बोर्डमा पनि

त्यही गरिरहेका छौं । नेपाली युवाहरूको क्षमता बढाइरहेका छौं । ५-१० वर्षपछि विदेशी प्राविधिक विज्ञहरूलाई ल्याउनै पर्दैन । हामी नेपाली नै त्यो क्षमतामा पुग्छौं ।

माफिया विवाद

जलविद्युत्को कुरा आउनेबित्तिकै धेरै विवाद हुन्छ । जलविद्युत्मा मात्र होइन, धेरै क्षेत्रहरूमा हुन्छ । खाली अहिले जलविद्युत् फोकस भएको छ । ठूल्ठूला आयोजना बन्न लागेका छन् । बढी विवाद देखिनुको कारण निहित स्वार्थ भएका व्यक्ति धेरै भएकाले हो । कतिपयलाई जलविद्युत् आयोजना नबनेकै फाइदा छ । पेट्रोलियम पदार्थका कम्पनीहरूलाई जलविद्युत् आयोजना नआएकै फाइदा होला ।

कतिपय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको स्वार्थ घुसिरहेको छ । ग्यास, पेट्रोल माफियाहरू र तिनीहरूको स्वार्थका लागि आईएनजीओहरूसमेत लागेको सुनिन्छ । सबैको निहित स्वार्थ हुन्छ तर नेतृत्वले सही निर्णय गर्न सक्नुपर्छ । हामीलाई के चाहिन्छ, कसरी गर्न खोजेको भन्ने स्पष्ट बुझेर त्यसमा फोकस हुनुपर्छ ।

विश्वासको वातावरण

जलविद्युत् आयोजनाहरू ५० वर्षदेखि बनाउँछौं भनेका छौं तर बनाउन सकेका छैनौं । जब जलविद्युत् आयोजना निर्माण अघि बढाएर ३-४ हजारले रोजगारी पाउँछन्, अनि यसले विश्वासको वातावरण बनाउँछ । त्यसपछि जलविद्युत्मा जनताको समर्थन र सहयोग हुन्छ । माथिल्लो कर्णाली आयोजनाको सन् १९९० देखि कुरा गरिरहेका छौं । २०-२५ वर्ष बितिसक्यो । अरुण तेस्रो पनि त्यस्तै छ । पश्चिमसेती पनि २५-३० वर्षदेखि कुरा गरेको हो । हामीले त्यो कार्यान्वयन गर्न सकेनौं । गर्छौं, भन्यौं तर आयोजना बनाएनौं । सरकारहरू परिवर्तन भइरहे, व्यवस्थामै परिवर्तन आयो । आज जे भने पनि जनताले पत्याउँदैनन् । विश्वास जित्नका लागि जलविद्युत्मा विशेष फोकस गरेर काम गर्नुपर्छ । जनताले अनुभूत गर्नेगरी ठूला परियोजना बनाएर देखाउनुपर्‍यो । उदाहरणका लागि आयोजना बनेपछि हामीले यति बिजुली र यति फाइदा पायौं भनेर महसुस र अनुभव जनताले गर्न पाऊन् । जलविद्युत् आयोजना बनेका क्षेत्रका जनताको जीवनस्तर उच्च होस् । जलविद्युत् आयोजना पूरा नगर्दासम्म त यस्तै अविश्वास रहिरहन्छ । जबसम्म राजनीतिक दलहरूले आर्थिक विकासमा एकजुट भएर अघि बढ्दैनन्, जबसम्म आर्थिक विकास हुँदैन । राजनीति पनि दिगो हुँदैन । स्थायित्व पाउँदैन् ।

प्रत्यक्ष वैदेशिक लगानी

जलविद्युत्मा वैदेशिक प्रत्यक्ष लगानी (एफडीआई) बारे विवाद गर्नुभन्दा पनि राजनीतिक दल, विज्ञहरू राखेर नेपालले कुन-कुन आयोजनाहरू बनाउने र विदेशी लगानीकर्तालाई कुन-कुन दिने भनेर स्पष्ट पार्नुपर्छ । नेपालमा बाँध बनाउनेखालका जलाशययुक्त आयोजनाहरूमा जोड दिनुपर्छ । पश्चिमसेती, बूढीगण्डकीजस्ता आयोजनाहरू अघि बढाउनुपर्छ । यस्ता आयोजना महँगा हुन्छन् र बनाउन पनि गाह्रो हुन्छ । पुनःस्थापना, पुनर्निर्माण गर्नुपर्‍यो भने कठिन हुन्छ । नदी प्रवाहमा आधारित परियोजनामा जोखिम कम हुन्छ र जुन चाँडै पनि बन्छ । यस्ता परियोजनामा स्वदेशी र विदेशी लगानीकर्ता ल्याउनुपर्छ । एकै वर्ष १० वटा जलविद्युत् आयोजना गर्छौं भनेर सकिँदैन, क्रमशः गर्दै जाने हो ।

अबको बाटो

आयोजना आएपछि स्थानीयबासीलगायतबाट माग्ने प्रवृत्तिको अन्त्य गर्नुपर्छ । बढी फाइदा सरकारले लिनुपर्छ । अरू देशमा २५ प्रतिशत भ्याट छुट हुन्छ । नेपालले पनि यस्तो छुट दिने अफर गर्‍यो भने जलविद्युत्मा आकर्षण बढ्छ । जलविद्युत् विकासका लागि विद्युत् प्राधिकरणको अनवन्डलिङ गर्नुपर्छ । उत्पादन, वितरण र प्रसारणलाई छुट्टै संरचना बनाएर अघि बढ्नुपर्छ ।

लगानी बोर्डजस्तो व्यावसायिक संस्था बलियो हुनुपर्छ । बोर्डको स्वाभिमानी व्यावसायिकतालाई कायम राख्नुपर्छ । यसले लगानी बोर्डको महत्व पनि बढ्छ । लगानीकर्ताको विश्वास बढाउनका लागि पनि यसलाई राजनीतिबाट जोगाउँदै स्वायत्त र अधिकारसम्पन्न बनाउनुपर्छ ।

मिश्रित ऊर्जाको सम्भावना पनि धेरै छ तर यसको तुलनात्मक फाइदा के छ भनेर हेर्नुपर्छ । जलाशययुक्त र नदीप्रवाहमा आधारित जलविद्युत् आयोजना बनाउन सक्यौं भने प्रशस्त ऊर्जा उपलब्ध हुन्छ । सौर्य ऊर्जाको सम्भावना छ तर हामीले अहिलेसम्म गरेकै छैनौं । जसरी हुन्छ सजिलै ऊर्जा उत्पादन गर्नतर्फ लाग्नुपर्छ ।

जलविद्युत् विकासमा संघीयताले केही फरक पार्दैन । कस्ता आयोजना देश र कस्ता प्रदेशले गर्ने भनेर स्पष्ट हुनुपर्छ । जनताले ८३ हजार मेगावाट भएको देशमा सहज रूपमा र सधैं बिजुली पाउनुपर्छ भन्ने चाहना हुन्छ, यो स्वाभाविक हो ।

(पन्त लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत हुन् ।) •

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको सूचना

कर विवरण तथा कर दाखिला गर्ने म्याद थप गरिएको सम्बन्धी सूचना

करदाताहरुले सहज रुपमा कर बुझाउन सक्ने अवस्था नभएकोले तपशिल बमोजिमका कर तथा कर विवरण बुझाउने म्याद २०७२ साल मंसीर २५ गतेसम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

- आय बर्ष २०७१/०७२ को आय विवरण र सो अनुसारको आयकर बुझाउने,
- मूल्य अभिवृद्धि कर र अन्तः शूल्क तर्फ २०७२ श्रावण, भाद्र र आश्विनको तथा शिक्षा सेवा शूल्क र स्वास्थ्य सेवा कर तर्फ २०७१/०७२ को तेश्रो चौमासिक विवरण र सो अनुसारको कर बुझाउने,
- कर छुट प्राप्त संस्थाले बुझाउनु पर्ने आय बर्ष २०७१/०७२ को वित्तीय विवरण तथा लाग्ने कर बुझाउने,
- २०७२ श्रावण र भाद्रको अग्रिम कर कट्टीको कर विवरण र सो अनुसारको कर बुझाउने म्याद,

चीन, सार्क र नेपाल व्यापारमा बृहत् सम्भावना

● लीलामणि पौड्याल

यो वर्ष चीन-नेपाल दौत्यसम्बन्ध स्थापनाको ६० वर्ष पनि हो । यस अवसरमा दुई मुलुकबीचको सदियौं पुरानो मित्रवत् सम्बन्धलाई अझ सुदृढ बनाई थप उचाइमा पुऱ्याउनसके दुवै मुलुकका जनतामात्र होइन, त्यसमार्फत दक्षिण एसिया र चीनको स्थायित्व र समृद्धिमा योगदान पुग्छ । सम्बन्धलाई बहुआयामिक र पारस्परिक हितमा वृद्धि गर्न सिमानामा व्यापारसम्बन्धी यातायात, बैंक, बिमा, फरवार्डिङ, क्वारेन्टाइन, भन्सार तथा गुणस्तर जाँच, पारवहन, अध्यागमनजस्ता पूर्वाधारको विकासमा दुवै मुलुकले आफ्ना प्राथमिकता र सामर्थ्यलाई केन्द्रित गर्नुपर्छ ।

'एसियाको विविधता र एसियाली मुलुकबीचको विभेदबाट प्राप्त ऊर्जालाई क्षेत्रीय सुरक्षा सहयोगका लागि अगाडि बढ्ने शक्तिमा रूपान्तरण गर्नुपरेको छ ।'

– सि जिन पिङ, चिनियाँ राष्ट्रपति

नेपाल, अफगानिस्तान, पाकिस्तान, भारत र भुटान गरी दक्षिण एसियाका पाँच मुलुकसँग चीनको सिमाना जोडिएको छ । चीनको ह्वाङ हो नदी सभ्यता र दक्षिण एसियाको गंगा तथा सिन्धु नदी किनाराका सभ्यताको उदय त्यस्तै ४००० देखि ४५०० वर्ष पुरानो हो । यी दुवै सभ्यताको विकासक्रमले व्यापारिक तथा सांस्कृतिक आदानप्रदान पनि त्यत्तिकै पुरानो भएको आंकलन प्राचीन इतिहासका अध्येताहरू गर्छन् । आजभन्दा २६ वर्षपहिले दक्षिण एसियामा उदय भएको बौद्ध धर्मको चीनमा प्रभाव र त्यही कालखण्डमा चीनमा कन्फ्युसियसको उदय भएको ऐतिहासिक तथ्य तथा इश्वी सम्वत्को चौथो, पाँचौं र छैटौं शताब्दीसम्म आइपुग्दा त हजारौं यात्रीहरू मध्यएसिया र दक्षिण एसियाका बीचमा ओहोरदोहोर गरेर एकअर्काका सांस्कृतिक तथा आर्थिक उपलब्धिबाट लाभ उठाइरहेका थिए ।

इसाको १७औं शताब्दीको सुरुसम्म आइपुग्दा चीन र दक्षिण एसिया मिलेर विश्वको कुल जनसंख्या र आम्दानीको ५० प्रतिशत हिस्सा ओगट्न पुगे । यो कालखण्डमा व्यापार, ज्ञान र प्रविधिको प्रवाह पूर्वबाट पश्चिमतिर हुन्थ्यो । युरोपेली राष्ट्रहरूको उदय, व्यापार विस्तार र साम्राज्य विस्तारसँगै एसियाका प्राचीन सभ्यता ओझेलमा परे । झन्डै चार सय वर्ष यी क्षेत्रका मुलुकहरू आन्तरिक द्वन्द्व, कलह, गरिबी, पछौटेपन र अविकासको दुश्चक्रमा फसे । नेपाललाई छोडेर यो क्षेत्रमा चीनलगायत सबै मुलुकहरू पश्चिमी र जापानी साम्राज्यको चपेटामा परे । साम्राज्यको चपेटामा नपरेको नेपालले पनि राम्रो आर्थिक उन्नति गर्न सकेन ।

दोस्रो विश्वयुद्धपछि उपनिवेशबाट स्वतन्त्र भएका दक्षिण एसियाका अधिकांश मुलुक र विविध द्वन्द्व र साम्राज्यको चपेटाबाट उम्केको चीन गरिबी र अल्पविकासको पर्यायको रूपमा चित्रित हुन पुगे । तर, विगत करिब तीन दशकको यो क्षेत्रको विकासको गति र दिशालाई नियाल्दा दक्षिण एसिया र चीन फेरि भर्भराउँदो आर्थिक शक्तिका रूपमा उठ्दैछन् । अब विश्व बैंक, एसियाली विकास बैंक र अन्य स्वतन्त्र अर्थ विश्लेषकहरूले चालू शताब्दीलाई एसियाली शताब्दी र त्यसको केन्द्रमा चीन र दक्षिण एसिया रहने बताउन थालेका छन् । दक्षिण एसिया र चीनमा हालैका वर्षहरूमा नयाँ राजनीतिक नेतृत्व सत्तामा आएका छन् । दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)का सबै मुलुकमा विगत दुई वर्षमा आम चुनाव भएको छ । सबैजसो मुलुकमा नयाँ नेतृत्व सत्तामा आएको छ । भारतमा विगत धेरै लामो समयको सत्ता गठबन्धनको बाध्यतालाई तोडेर एउटा पार्टीले स्पष्ट बहुमत हासिल गरेको छ । नेपालमा दोस्रो संविधानसभा चुनावपछि संविधानसभाले एउटा प्रक्रिया पूरा गरी असोज ३ गते (सेप्टेम्बर २० तारिक) नयाँ संविधान जारी गरेको छ । यो संविधानले सशस्त्र द्वन्द्वको शान्तिपूर्ण व्यवस्थापन र हालसम्मका आन्दोलनका उपलब्धिलाई संस्थागत गर्ने अपेक्षा गरिएको थियो । निर्वाचनबाट गठन भएका सरकारले जनताको अभिमत र बल प्राप्त गर्ने हुनाले परिवर्तन र बिकासका लागि जोखिम उठाउने हैसियत र क्षमता राख्छन् ।

उता, चीनमा सन् २०१३ मा नयाँ राष्ट्रपति निर्वाचित भएपछि भ्रष्टाचार विरोधी कदम, छिमेकीलाई उदार दृष्टिकोणले हेर्ने नीति, चीनको उदय शान्तिपूर्ण हुने उद्घोष गरियो । त्यस्तै एक आर्थिक क्षेत्र र एक सडक अवधारणाबाट चीन तथा दक्षिण एसिया जोड्ने योजनाको सार्वजनिकीकरण, एसियाली पूर्वाधार लगानी बैंकको स्थापना र बंगलादेश, चीन, भारत तथा म्यानमार आर्थिक उपक्षेत्रको स्थापनाजस्ता थुप्रै महत्वकांक्षी योजनाको घोषणा उल्लेख्य रहे ।

चीन र दक्षिण एसियाले सन् २०१० को आंकडाको आधारमा विश्वको कुल जनसंख्याको ६०.४ प्रतिशत अर्थात ४.२ अर्ब हिस्सा ओगट्छन् । चीन र भारतमा मात्रै सन् २०२८ सम्ममा अत्यन्त चलायमान मध्यमवर्गको संख्या अमेरिका र युरोपको कुल जनसंख्याभन्दा धेरै हुने गरेको छ । यत्रो ठूलो गतिशील जनसंख्या नै यो क्षेत्रको सबैभन्दा बलियो सम्भावना हो, जुन विश्वको अरू कुनै भू-क्षेत्रलाई उपलब्ध छैन । एसियाली पूर्वाधारका लागि सिल्क रोड परियोजनामा चीनले छुट्याएको ४० अर्ब डलरले यो क्षेत्रका आर्थिक सम्भावनालाई व्यवहारमै अवसरमा बदल्न ठूलो भूमिका खेल्न सक्छ ।

यो क्षेत्रमा बढ्दै गएको जनसंख्याको आवश्यकता पूर्ति गर्दा सिर्जना हुने माग र बजार नै आपसी सहकार्यबाट हासिल गर्न सकिने समृद्धिको सबैभन्दा बलियो आधार हो । चीन र दक्षिण एसिया हिन्दू, बौद्ध, जैन र ताओ धर्मका उद्गमस्थल हुन् । यहाँ जति प्राकृतिक सौन्दर्य, भौगोलिक, सांस्कृतिक जैविक विविधता, विविध

नेपालको चीनसँगको बढ्दो व्यापार घाटा न्यून गर्न नेपाली वस्तुको सहुलियतपूर्ण चिनियाँ बजार प्रवेशलाई थप सरलीकृत र उपयोगी बनाउन आवश्यक छ । चीनको लगानी र चिनियाँ पर्यटनको नेपाल भ्रमण बढाउन सके जनस्तरमा सम्बन्ध थप विस्तार गर्न तथा व्यापार घाटा पूर्ति गर्न सघाउ पुग्नेछ । नेपालको जर्जर आर्थिक अवस्था सुधार्न मद्दत मिल्नेछ । भर्खरै स्थापना भएको एसियाली पूर्वाधार लगानी बैंकको पुँजी र सिल्क रोड परियोजनालाई छुट्याइएको पुँजीलाई नेपाल र चीनबीचको यातायातको स्तर सुधार्न परिचालन गर्न सकिन्छ ।

जीवनशैली र सांस्कृतिक वैभवको भण्डार सायद अन्यत्र कतै छ । ती सम्पदा यो क्षेत्रको पर्यटन प्रवर्द्धन तथा लगानी विस्तारबाट आय र रोजगारी बढाउनका लागि उपयुक्त अवसर हुन् ।

चीनको दक्षिण एसियासँग व्यापार बढिरहेको छ तर यसको व्यापार तथा लगानीको हिस्सा अरू क्षेत्रभन्दा न्यून छ । त्यसैले अझै पनि उपयोगी नभएका क्षेत्रमा व्यापार र लगानी बढाएर आर्थिक उपार्जन तथा रोजगारी सिर्जना गर्न सकिने ठूलो सम्भावना छ । चीन सार्कको पर्यवेक्षक राष्ट्र हो र उसले बर्सेनि चीन-सार्क व्यापार मेलाको आयोजना गर्ने गरेको छ ।

व्यापार मेला सम्बन्ध विस्तारको एउटा राम्रो अवसर पनि हो । उपयुक्त सम्भावना र अवसरबाट चीन र दक्षिण एसियाली मुलुकले लाभ लिनका लागि केही चुनौती सामना भने गर्नुपर्ने छ । चीन, भारत र पाकिस्तान यो क्षेत्रका आणविक शक्ति राष्ट्र हुन् । भारतको दुवै मुलुकसँग सीमा विवाद छ र सिमानामा पटक-पटक लडाइँ भएका छन् । चीन र भारत बजार विस्तार र सामरिक स्वार्थका लागि विश्वबजारमा प्रतिस्पर्धा पनि गर्दैछन् । दुवै मुलुक एक-अर्कालाई अवसरका रूपमा भन्दा चुनौतीका रूपमा हेर्ने र घेर्ने दृष्टिकोण लिएका छन् भन्ने विश्लेषण र त्यसैका आधारमा दुवै मुलुकका सामरिक विज्ञका विचारहरू बेला-बेलामा सार्वजनिक हुने, कहिलेकाहीँ एकले अर्कोलाई स्थिति नभड्काउन र उत्तेजित नबनाउन कडा शब्दमा सन्देश संप्रेषण गर्ने गरेका समाचारले यो क्षेत्रका बासिन्दाको कान ठाडो बनाइदिन्छ । दक्षिण एसिया र चीनबीचको सम्बन्ध बिग्रिएमा वा द्वन्द्व भएमा यो एउटा खतरनाक द्वन्द्वग्रस्त क्षेत्र हुने सम्भावना पनि छ ।

दक्षिण एसियाका नेपालबाहेकका सबै मुलुक करिब दुई दशक अघिसम्म कुनै न कुनै द्वन्द्वको चपेटामा थिए । डेढ दशकदेखि आन्तरिक द्वन्द्वमा फसेको नेपाल त्यही द्वन्द्वको व्यवस्थापन गर्न बनेको संविधान जारी गरेपछि तराईमा देखिएको असन्तुष्टिले अर्को द्वन्द्वको चपेटामा पर्नसक्ने खतरा बढेको छ । वैशाखमा गएको विनासकारी भूकम्पको धक्काबाट तंग्रिन नपाउँदै संविधान जारी भए पनि भारतले गरेको नाकाबन्दीबाट नेपाल मानवीय संकटको भुमरीमा फसेको छ । नेपालमा निस्किने कुनै पनि साम्प्रदायिक वा क्षेत्रीय हिंसाले दक्षिण एसियालाई एउटा नयाँ द्वन्द्वको चक्रमा धकेल्ने र त्यसले चीनको शान्ति र स्थायित्वसमेतमा असर पर्नसक्ने सम्भावनालाई नकार्न सकिन्छ । यो द्वन्द्वको व्यवस्थापन गर्न नसकिएमा नेपालसँगै दक्षिण एसियाको शान्ति र स्थायित्व खतरामा पर्न सक्छ ।

सार्क र चीनबीच व्यापार विस्तारको सम्भावना त धेरै छ तर व्यापार असन्तुलनको खाडल बढ्दै गएको चुनौती पनि हाम्रो अगाडि छ । लगानी विस्तारसँगै कसरी आपसी विश्वास र सौहार्द्रता बढाउने, कसरी अवसर बढाउने र प्राप्त लाभलाई न्यायोचित वितरण गर्ने भन्ने



चुनौतीको सामना हामीले गर्नुपर्ने छ। उपर्युक्त चुनौतीका अतिरिक्त चीन पनि केही समयदेखि साम्प्रदायिक दंगा र आतंकको सिकार हुन थालेको छ। आतंककारी गतिविधि, लागूऔषधको ओसारपसार, भोकमरी, महामारी जातीय, साम्प्रदायिक वा धार्मिक दंगा, वातावरण विनास र जलवायु परिवर्तन तथा मानव बेचविखन चीन र दक्षिण एसिया दुवैका साझा शत्रु हुन्। मिलेर तिनको सामना गर्नु र मिलेर अवसरहरूको उपयोगबाट यो क्षेत्रमा शान्ति स्थायित्व एवं समृद्धिको ढोका खोल्नु हामी सबैको हितमा छ। चीनका पूर्व परराष्ट्रमन्त्री लि चाओ सिङको यो भनाइ यहाँ सान्दर्भिक छ- 'चीनले सार्कका सबै मुलुकको आ-आफ्नो स्वतन्त्र अस्तित्वको सम्मान गर्छ र समानता र पारस्परिक विश्वास तथा सबैले जित्ने गरी सहकार्य गर्न तथा व्यावहारिक रूपमै सहयोग आदानप्रदान गरी सार्क क्षेत्रको शान्ति, स्थायित्व र विकासमा योगदान दिन तत्पर छ।'

चीन र नेपाल

चीन नेपालको घनिष्ट मित्र हो। उसले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्न कहिल्यै रुचि राखेन। सधैं उदार निस्वार्थ सहयोग पुऱ्याउँदै आएको छ। यो वर्ष चीन-नेपाल दौत्यसम्बन्ध स्थापनाको ६० वर्ष पनि हो। यस अवसरमा दुई मुलुकबीचको सदियौं पुरानो मित्रवत् सम्बन्धलाई अझ सुदृढ बनाई थप उचाइमा पुऱ्याउनसके दुवै मुलुकका जनतामात्र होइन, त्यसमार्फत दक्षिण एसिया र चीनको स्थायित्व र समृद्धिमा योगदान पुग्छ। सम्बन्धलाई बहुआयामिक र पारस्परिक हितमा वृद्धि गर्न सिमानामा व्यापारसम्बन्धी यातायात, बैंक, बिमा, फरवार्डिङ, क्वारेन्टाइन, भन्सार तथा गुणस्तर जाँच, पारवहन, अध्यागमनजस्ता पूर्वाधारको विकासमा दुवै मुलुकले आफ्ना प्राथमिकता र सामर्थ्यलाई केन्द्रित गर्नुपर्छ। नेपालको चीनसँगको बढ्दो व्यापार घाटा न्यून गर्न नेपाली वस्तुको सहुलियतपूर्ण चिनियाँ बजार प्रवेशलाई थप सरलीकृत र उपयोगी बनाउन आवश्यक छ। चीनको लगानी र चिनियाँ पर्यटनको नेपाल भ्रमण बढाउन सके जनस्तरमा सम्बन्ध थप विस्तार गर्न तथा व्यापार घाटा पूर्ति गर्न सघाउ पुग्नेछ। नेपालको जर्जर आर्थिक अवस्था सुधार्न मद्दत मिल्नेछ। भर्खरै स्थापना भएको एसियाली पूर्वाधार लगानी बैंकको पुँजी र सिल्क रोड परियोजनालाई छुट्याइएको पुँजीलाई नेपाल र चीनबीचको यातायातको स्तर सुधार्न परिचालन गर्न सकिन्छ। विश्वविद्यालय, विद्यार्थी, संस्कृतिकर्मी र अन्य पेसाविद्हरूबीचको भ्रमण आदानप्रदानले एक-अर्कालाई बुझ्ने, आवश्यक पर्दा सघाउने, एक-अर्काबाट सिक्ने र क्षेत्रीय शान्ति तथा समृद्धिका लागि द्विपक्षीय सम्बन्धको महत्व बुझ्ने अवसर एक-अर्कालाई मिल्नेछ।

दुवै मुलुक मिलेर सीमाक्षेत्रका सामाजिक तथा आर्थिक विकासका सम्भावनाको खोजी र त्यहाँका जनताको जीवनस्तर माथि उठाउने काममा लाग्नाले सीमाक्षेत्रको स्थायित्वलाई बल पुऱ्याउँछ। त्यस क्षेत्रको स्थायित्व दुवै मुलुकको हितका लागि सर्वोपरी छ। नेपाल र चीनबीचको सुमधुर सम्बन्ध सार्कक्षेत्रका अरू मुलुकको चीनसँगको असल सम्बन्ध विस्तारका लागि बाधक होइन, साधक हुनेछ। क्षेत्रीय शान्ति र स्थायित्व प्रवर्द्धन गर्दै पारस्परिक लाभबाट दुवै मुलुकका जनताको समृद्धिमा योगदान दिनेगरी खासखास परियोजना अगाडि बढाउन सके दौत्यसम्बन्ध स्थापनाको ६०औं वर्षगाँठ सार्थक हुनेछ।

(पौड्याल नेपाल सरकारका पूर्व मुख्यसचिव हुन्।) •

ऊर्जा सुरक्षाको प्रश्न

● डा. अमृत नकर्मी

सन् १९९० को दशकको तुलनामा तेलको मूल्य धान्न नसकिने बन्दै गइरहेको छ र जलविद्युत्जस्ता रैथाने ऊर्जा प्रतिस्पर्धी बन्दै गइरहेको छ । खाना पकाउन नेपालको प्राथमिक ऊर्जा खपतको ५० प्रतिशतभन्दा बढी खपत हुन्छ, त्यसका लागि बिजुली तुलनात्मक रूपमा सस्तो भइसकेको छ ।

नेपालले पेट्रोलियम आपूर्तिमा सबैभन्दा खराब संकट बेहोरिरहेको छ । यसले नेपालको अर्थतन्त्रलाई झन्डै अन्तिम मोडमा ल्याइपुऱ्याएको छ । यसले समाज, यातायात, उद्योग, शिक्षा र स्वास्थ्यलगायतका सबै क्षेत्रमा संकट पैदा गरेर दसैंका बेला नेपाली जनतालाई ठूलो अप्ठ्यारोमा पाऱ्यो । हालैका वर्षमा एक वा अर्को कारण तेल अभाव नियमित रूपमा भइरहेको छ । खासगरी, नेपाल आयल निगमले इन्डियन आयल कर्पोरेसन (आईओसी) लाई वक्यौता चुक्ता गर्न नसक्दा, पेट्रोलियम व्यवसायीको आन्दोलन र मागवृद्धिका कारण अभाव नियमित देखिएको हो । ऊर्जा विश्लेषकहरूले पनि लामो समयदेखि तीव्र रूपमा बढिरहेको ऊर्जा माग पूरा गर्न नेपालको निर्भरता आयातीत तेलमा बढ्दै गएको र यसबाट तेल आपूर्तिमा नियमित संकट आउने संकेत गर्दै आएका थिए ।

नेपालले आफ्ना जनतालाई ऊर्जा संकटबाट जोगाउन कुनै पनि प्रकारको ऊर्जा सुरक्षाको विधि अवलम्बन गरेको छैन । पेट्रोलियम पदार्थको आयात मात्राका हिसाबले दुई दशकमा झन्डै ४ गुणा बढेको छ भने मूल्यका हिसाबले ६ गुणाभन्दा बढेको छ ।

नेपालजस्तो आयातमा निर्भर मुलुकका लागि ऊर्जा सुरक्षालाई सामान्यतया: देशको अर्थतन्त्र ओरालो लाग्ने गरी ऊर्जा आयातमा हुने अवरोधबाट जोगाउन गरिने बिमाका रूपमा बुझ्न सकिन्छ । यसका धेरै पक्ष छन्, जसले उपलब्धता, विश्वसनीयता, दिगोपना र आर्थिक रूपमा धान्न सकिने हुनुपर्नेमा जोड दिन्छ । पेट्रोलियम पदार्थको आयात गरिरहँदा यी कुनै पनि पक्षलाई गम्भीरतापूर्वक हेरिएको छैन ।

नेपालमा आजसम्म पेट्रोलियम फेलापरेको छैन । यसको अन्तर ाष्ट्रिय बजार मूल्य पनि अस्थिर छ । सन् २००८ मा प्रतिब्यारेल कच्चातेलको मूल्य एक सय ४० अमेरिकी डलर नाघ्यो । करिब एक वर्षयता ५० अमेरिकी डलरमा झरेको छ । तर, आयल निगमले तेलको मूल्य घटाएको छैन । उपभोक्तासँग २० प्रतिशतभन्दा बढी नाफा लिइरहेको छ ।

सन् १९९० को दशकको तुलनामा तेलको मूल्य धान्न नसकिने बन्दै गइरहेको छ र जलविद्युत्जस्ता रैथाने ऊर्जा प्रतिस्पर्धी बन्दै गइरहेको छ । खाना पकाउन नेपालको प्राथमिक ऊर्जा खपतको ५० प्रतिशतभन्दा बढी खपत हुन्छ, त्यसका लागि बिजुली तुलनात्मक रूपमा सस्तो भइसकेको छ । तर, नेपालले जलविद्युत्को सदुपयोग गर्न सकेको छैन । नीतिनिर्माता र सरकारी अधिकारीहरूको रुचि जलविद्युत्को घरेलु खपतभन्दा पनि निर्यातमा छ । विद्युत् अभावमा खाना पकाउने ग्यास र डिजेलजस्ता तेल आयातमा दबाब बढाएकोमा चासो छैन । तेलमा अत्यधिक निर्भरताले आर्थिक र वातावरणीय रूपमा नकारात्मक प्रभाव पारिरहेको छ ।

यी सबै अवस्थाले देशको दिगो आर्थिक विकास र ऊर्जा सुरक्षाका लागि एउटा एकीकृत ऊर्जानीतिको माग गर्छ । नेपालले पर्याप्त जलविद्युत् विकास गरेको भए त्यसबाट ५० प्रतिशत पेट्रोलियम पदार्थ आयात घटाउन र वार्षिक ५० अर्ब रुपैयाँ जोगाउन सकिन्थ्यो, यतातर्फ नीतिनिर्माताले कहिल्यै चासो दिएनन् ।

तथ्यहरूले तेल आयात गर्ने देशका सरकारले ऊर्जाको स्रोतलाई सक्दो विविधीकरण गर्नु र मिश्रित ऊर्जा प्रणालीमा जानु आवश्यक रहेको देखाउँछ । यसबाट भविष्यमा कुनै अवरोध आएमा वा कुनै एउटा ऊर्जा उत्पादकले ऊर्जा उपलब्ध नगराए त्यसबाट अर्थतन्त्रमा हुने जोखिम कम हुन्छ । तर, ऊर्जाको स्रोतलाई विविधीकरण गर्नेतर्फ हाम्रो सरकार कहिल्यै गम्भीर बन्न सकेको छैन ।

मिश्रित ऊर्जाको सवालमा नेपालले पर्याप्त जलविद्युत् र नवीकरणीय ऊर्जा विकास गर्नुपर्छ । यी दुवै ऊर्जाको नेपालमा पर्याप्त स्रोत उपलब्ध छ । यसो गर्न सके तेल खपत घटाउन सकिन्छ ।

तथ्यहरुले तेल आयात गर्ने देशका सरकारले ऊर्जाको स्रोतलाई सक्दो विविधीकरण गर्नु र मिश्रित ऊर्जा प्रणालीमा जानु आवश्यक रहेको देखाउँछ । यसबाट भविष्यमा कुनै अवरोध आए वा कुनै एउटा ऊर्जा उत्पादकले ऊर्जा उपलब्ध नगराए त्यसबाट अर्थतन्त्रमा हुने जोखिम कम हुन्छ । तर, ऊर्जाको स्रोतलाई विविधीकरण गर्नेतर्फ हाम्रो सरकार कहिल्यै पनि गम्भीर बन्न सकेको छैन ।

किनभने, जलविद्युत्को मूल्य तेलको मूल्यसँग प्रतिस्पर्धी बनिसकेको छ भने सौर्य ऊर्जाको मूल्य तीव्र रुपमा घटिरहेको छ । नेपालमै भएका थुप्रै अध्ययनले यसको पुष्टि गरिसकेका छन् । यातायातमा तेल र बिजुली दुवै प्रयोग गर्ने हाइब्रिड सवारी साधनलाई प्रवर्द्धन गरिनुपर्छ । त्यसका लागि भन्सार सुविधामा भारी छुट दिई ५ देखि १० प्रतिशत कायम गरिनुपर्छ ।

तथ्यहरूले तेलका लागि पनि एउटै स्रोत वा देशमा भर पर्न नहुने देखाउँछ । तेलको स्रोतमा विविधीकरण सुरक्षित र स्थिर तेल आपूर्तिका लागि अपनाइने नीति हो । तर, आपूर्तिमा गम्भीर अवरोधहरू सिर्जना भए पनि नेपालले तेल आयातको स्रोत विविधीकरणमा ध्यान दिएको छैन । एउटै स्रोतमा निर्भर रहँदा भविष्यमा तेल संकट अझ नियमित बन्नेछ ।

पेट्रोलियम र ऊर्जा आपूर्ति नियमन गर्न एउटा स्वतन्त्र ऊर्जा नियामक निकाय गठन गर्नु अत्यावश्यक भइसकेको छ । जलविद्युत् विकासका लागि विद्युत् प्राधिकरणको संरचना नै बाधक बनेको छ । ऊर्जा सुरक्षाका लागि पनि यो संरचनामा परिवर्तन ल्याउन आवश्यक छ । त्यस्तै, आयल निगमको तेल एकाधिकार पनि तोडिनु पर्छ र निजी क्षेत्रलाई ल्याइनुपर्छ । २०२७ सालअघि नेपालको तेल बजार सानो भए पनि सेल, एस्सो जस्ता थुप्रै बहुराष्ट्रिय कम्पनी नेपालमा आएका थिए र उनीहरूले मागअनुसार तेल आपूर्ति गरिरहेका थिए । आयल निगमले तेलको एकाधिकार पाएपछि उनीहरू फर्किए । अहिले तेलको बजार बढेको बेला उपयुक्त वातावरण तयार भए क्षमता भएका कम्पनी नआउने भन्ने हुँदैन । निजी क्षेत्र आए तोकिएको सर्तअनुसार न्यूनतम तेल भण्डारण र आपूर्ति गर्नुपर्ने हुन्छ । यसले आपूर्तिमा अवरोधको जोखिम घटाउँछ । अन्तर राष्ट्रिय मूल्यभन्दा घरेलु मूल्य उच्च भएको अहिलेको अवस्था निजी क्षेत्रलाई तेल व्यवसायमा प्रवेश गराउने उपयुक्त अवसर पनि हो ।

अध्ययनहरूले कुल खपतको १७ प्रतिशत पेट्रोलियम पदार्थ विद्युत् उत्पादनमा खपत भइरहेको देखाउँछन् । करिब ७ सय मेगावाट क्षमताबराबरको डिजेल प्लान्ट सञ्चालनमा रहेको केही प्रारम्भिक सर्वेक्षणहरूको अनुमान छ । यसको अर्थ विद्युत् उत्पादनमा वार्षिक २० अर्ब रुपैयाँको पेट्रोलियम पदार्थ खपत भएको छ । त्यस्तै, वार्षिक करिब २५ अर्ब रुपैयाँको ग्यास खपत भइरहेको छ । खाना पकाउन ग्यासभन्दा विद्युत् नै सस्तो छ । विद्युत् उपलब्ध भए डिजेल र ग्यास खपत घटाएर करिब ४५ अर्ब रुपैयाँ जोगाउन सकिने अवस्था छ ।

ब्याट्रीयुक्त र प्रसारण-लाइनमा जोडिएको सोलार सिस्टम ऊर्जा विविधीकरणको एउटा भरपर्दो विकल्प हो । ५ जनाको परिवारलाई टिभी हेर्न, कम्प्युटर चलाउन र बत्ती बाल्न पुग्ने यस्तो सोलर जडान गर्न २ लाख रुपैयाँ लाग्छ । प्रसारण-लाइनमा जोडिए यस्तो सोलरबाट उत्पादित बढी विद्युत् बेच्न र आवश्यक परेका बेला किन्न पनि सकिन्छ । सोलर कम्तीमा २० वर्ष टिक्छ भने ब्याट्री कम्तीमा १० वर्ष टिक्छ । विद्युत्को घरायसी उपभोगका लागि यो एउटा उपयुक्त विकल्प हो । यसमा ध्यान दिन आवश्यक छ ।

(नकर्मी उर्जा विशेषज्ञ हुन् ।) •

के तपाई धितोपत्र (सेयर, ऋणपत्र, सामूहिक लगानी योजनाको ईकाई आदि) मा लगानी गर्दै हुनुहुन्छ ?

यदि गर्दै हुनुहुन्छ भने लगानी गर्नु अघि निम्न कुराहरुमा विशेष ध्यान दिनुहोस् ।

- धितोपत्रमा लगानी गर्नु अघि उक्त धितोपत्र नेपाल धितोपत्र बोर्डमा दर्ता भए नभएको तथा नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भए नभएको बारेमा जानकारी राख्नुहोस् ।
- सार्वजनिक रुपमा निष्काशन गरिने धितोपत्रमा लगानी गर्दा धितोपत्र निष्काशनकर्ता कम्पनीको आव्हानपत्र, विवरणपत्र अध्ययन गरी कम्पनीको संस्थापक तथा व्यवस्थापन पक्ष, वित्तिय स्थिति (नेट वर्थ, नाफा नोक्सान स्थिति आदि), लगानी योजना, जोखिम पक्ष, क्रेडिट रेटिङ्गको स्तर जस्ता महत्वपूर्ण कुराहरुको विश्लेषण गर्नुहोस् ।
- नेपाल स्टक एक्सचेन्जमा सूचीकृत धितोपत्रमा लगानी गर्दा सम्बन्धित कम्पनीको कार्य सम्पादन स्थिति, वित्तीय अवस्था, धितोपत्रको मूल्य प्रबृत्ति तथा लगानीकर्तालाई प्रदान गरिएको प्रतिफल जस्ता महत्वपूर्ण कुराहरु हेर्नुहोस् ।
- धितोपत्र बजारमा समय समयमा उतारचढाव आउन सक्ने भएकोले त्यस्तो समयमा धितोपत्रमा लगानी गर्दा संयमित तथा विवेकशील भएर मात्र लगानीको निर्णय लिनुहोस् ।
- धितोपत्रमा गरिने लगानीको जोखिम आफैले व्यहोर्नुपर्ने हुँदा हल्ला, अनावश्यक प्रचार प्रसार वा कसैको बहकाउमा नलागी बजार तथा कम्पनीको बास्तविक बस्तुस्थिति बुझेर आफ्नो स्वविवेकमा नै लगानीसम्बन्धी निर्णय गर्नुहोस् ।
- लगानी विविधिकरणले (Investment Diversification) लगानीमा हुन सक्ने जोखिमलाई न्युनीकरण गर्न सघाउ पुऱ्याउने हुँदा धितोपत्रमा लगानी गर्दा लगानी विविधिकरणतर्फ समेत ध्यान दिनुहोस् ।
- लगानीकर्ताको अधिकार तथा उत्तरदायित्व सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन, नियम तथा अन्य सम्बन्धित ऐन, नियमहरुले गरेका व्यवस्थाहरुबारे जानकारी राख्नुहोस् ।
- धितोपत्रको मूल्यमा प्रभाव पार्नसक्ने मूल्य संवेदनशील सूचना तथा कम्पनीको आवधिक र वार्षिक प्रतिवेदनमा उल्लेखित विवरणहरुको अध्ययन गर्नुहोस् । साथै आफूले धितोपत्र खरिद गरेको कम्पनीको साधारण सभा तथा साधारण सभाको निर्णयबारे समेत जानकारी राख्नुहोस् ।
- धितोपत्र बजारको आधुनिकीकरण हुने क्रममा अभौतिक रुपमा धितोपत्रको कारोवार शूरु भैसकेकोले सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी तथा निक्षेप सदस्यसँग सम्पर्क राखी हितग्राही खाता (Demat Account) खोलेर धितोपत्र खरिद बिक्री कारोवार गर्नुहोस् ।
- धितोपत्र दलाल व्यवसायी मार्फत धितोपत्र खरिद बिक्री कारोबार गर्नुअघि तोकिएको ढाँचाको ग्राहक परिचय विवरण (KYC Form) अनिवार्यरुपमा भर्नुहोस् र कारोबार गर्दा बैंक मार्फत मात्र लेनदेन गर्नुहोस् ।
- धितोपत्रको मूल्य संवेदनशील सूचना तथा सूचीकृत कम्पनीहरुको गतिविधिहरु सम्बन्धमा जानकारीका लागि निरन्तररुपम नेपाल स्टक एक्सचेन्जको वेबसाईट (www.nepalstock.com.np) तथा पत्र पत्रिकाहरुमा प्रकाशित हुने धितोपत्र बजार सम्बन्धि बिषयहरु अध्ययन गर्नुहोस् ।
- धितोपत्रमा लगानी सम्बन्धी कुनै जिज्ञासा वा गुनासाहरु भए सम्बन्धित धितोपत्र व्यवसायी, सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी, नेपाल स्टक एक्सचेन्ज लि. वा नेपाल धितोपत्र बोर्डमा सम्पर्क राख्नुहोस् ।

नेपाल धितोपत्र बोर्ड
पो.व. नं. ९०३१, जावलाखेल, ललितपुर
फोनः ०१-५५४१०५७, फ्याक्सः ०१-५५४१०५८
टोल फ्रि.नं. १६६०-०१-४४४३३
वेबसाइटः www.sebon.gov.np
ईमेल ठेगानाः support@sebon.gov.np

धितोपत्र बजारका लगानीकर्ताहरुको जानकारीका लागि प्रकाशित

यस्तो हुनेछ संघीय नेपालको वित्त व्यवस्था

● डा. रुप खड्का

संविधानले अन्तरप्रदेश व्यापार स्वतन्त्र रूपमा हुनुपर्ने व्यवस्थाको वकालत गरेको छ । यसअनुसार एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेद्भाव गर्न पाइने छैन ।

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा संघ/केन्द्र, प्रदेश तथा स्थानीय तीन तहको व्यवस्था गरेको छ । यी तीनै तहका सरकारलाई आ-आफ्नो क्षेत्रअन्तर्गत विभिन्न प्रकारका आर्थिक, सामाजिक, सांस्कृतिक, सुरक्षालगायतका विभिन्न काम गर्ने र ती काम सञ्चालनका लागि आवश्यक राजस्व परिचालन गर्ने अधिकार दिइएको छ ।

संघीय व्यवस्थालाई सही र प्रभावकारी रूपमा लागू गर्नका लागि अन्य पक्षका साथै सही किसिमको संघीय वित्त व्यवस्था तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक छ । संघीय वित्त व्यवस्थामा विभिन्न तहका सरकारको आय तथा व्ययसम्बन्धी विषय पर्छन्, जुन दैनिक रूपमा सरोकार राख्ने जटिल तथा महत्वपूर्ण विषय हुन् ।

यी विषयको छनौट गर्दा आर्थिक तथा प्रशासनिक क्षमता र वित्तीय स्वायत्तताबीच उपयुक्त किसिमको सन्तुलन कायम गर्नुपर्छ । यस सन्दर्भमा सार्वजनिक क्षेत्रका कार्यहरूमध्ये कुन कार्य कुन तहको सरकारले सक्षमतासाथ सम्पन्न गर्न सक्छ भनेर सही किसिमले छनौट गर्नुपर्छ । यसैगरी, राजस्वका स्रोतमध्ये कुन स्रोत कुन तहले बढी सक्षमतासाथ परिचालन गर्न सक्छ भनेर यकिन

हुनुपर्छ । जसले गर्दा करको आर्थिक तथा प्रशासनिक लागत नबढोस् र अर्थतन्त्रमाथि अनावश्यक करको बोझ नथपियोस् । अर्कोतर्फ, संघीय व्यवस्थाको मर्मअनुसार विभिन्न तहका सरकारका कार्य सम्पन्न गर्न आवश्यक वित्तीय साधन उपलब्ध भई वित्तीय स्वायत्तता कायम हुने स्थिति सिर्जना गरिनुपर्छ ।

संविधानले गैरकर सम्बन्धमा केबल राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर तथा दण्ड जरिवानालाई मात्र उल्लेख गरेको छ । तर, गैरकर राजस्वका स्रोतहरुमा यी स्रोतभन्दा निकै बढी महत्वपूर्ण स्रोतहरु, जस्तै : सम्पत्तिबाट प्राप्त आय, वस्तु तथा सेवा बिक्रीबाट प्राप्त आय र अन्य पुँजीगत राजस्व समेटिएका छैनन् । वास्तवमा, राज्यले गैरकरबाट कुल राजस्वको झन्डै २० प्रतिशत हिस्सा परिचालन गर्नुपर्ने आवश्यकता छ ।

वर्तमान व्यवस्था

राजस्वसम्बन्धी व्यवस्था

संविधानमा विभिन्न तहका सरकारलाई केही कर तथा गैर करहरूबाट राजस्व परिचालन गर्न सक्ने अधिकार दिइएको छ । भन्सार महसुल मुलुकको सीमा वारपार गर्ने वस्तुमा लाग्ने हुँदा स्वभावत: केन्द्रीय सरकारको अधिकार क्षेत्रभित्रको विषय हो । आर्थिक तथा प्रशासनिक सक्षमताका आधारमा मूल्य अभिवृद्धि कर, अन्त:शुल्क तथा आयकर केन्द्रमा संकलन गर्नु राम्रो हुने सैद्धान्तिक अवधारणा छ र अन्तर्राष्ट्रिय सामान्य प्रचलन पनि यही छ । यो मान्यतालाई नेपालको संविधानले पनि आत्मसात् गरेको छ । घरजग्गा रजिस्ट्रेसन दस्तुर तथा सवारी साधन करजस्ता करहरूलाई प्रान्त र मालपोत/भूमिकर र सम्पत्ति करजस्ता करलाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । संविधानअनुसार विभिन्न तहमा लगाउन सकिने कर तथा गैरकरहरू निम्न छन् :

प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी केन्द्र, प्रदेश र स्थानीय सबै तहको सरकारले पाउने व्यवस्था गरिएको छ भने कुनै पनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरेअनुसार हुने व्यवस्था गरिएको छ ।

अनुदान तथा ऋणसम्बन्धी व्यवस्था

संविधानमा ससर्त, समपूरक, समानीकरण तथा विशेष अनुदानको व्यवस्था गरिएको छ । यी अनुदानमध्ये ससर्त अनुदान माथिल्लो तहको सरकारले कुनै खास उद्देश्य पूर्तिका लागि तल्लो तहको सरकारलाई दिने अनुदान हो । यस्तो अनुदानको रकम तोकिएको क्षेत्रबाहेक अन्य उद्देश्य प्राप्तिका लागि प्रयोग गर्न पाइँदैन ।

अर्को समपूरक अनुदान हो । यो अनुदान अन्तर्राष्ट्रिय जगतमा दिने गरिएको नि:सर्त अनुदानजस्तै हो वा फरक हो ? फरक हो भने कस्तो अनुदान हो भनेर स्पष्ट छैन । संविधानमा समानीकरण अनुदानको पनि व्यवस्था छ । यस्तो अनुदान खर्चको आवश्यकता र राजस्वको क्षमताका आधारमा दिइन्छ । स्मरण रहोस्, विभिन्न प्रादेशिक/स्थानीय सरकारहरू राजस्वको सम्भाव्यता र खर्चको आवश्यकताका आधारमा समान हुँदैनन् । राजस्वको क्षमता

तालिका १ : संविधानमा गरिएको राजस्व बाँडफाँडसम्बन्धी व्यवस्था

केन्द्रीय	प्रान्तीय	स्थानीय
• भन्सार महसुल • अन्तःशुल्क • मूल्य अभिवृद्धि कर • संस्थागत आयकर • व्यक्तिगत आयकर • पारिश्रमिक कर • राहदानी शुल्क • भिसा शुल्क • पर्यटन दस्तुर • सेवा शुल्क दस्तुर • दण्ड जरिवाना	• घरजग्गा रजिस्ट्रेसन शुल्क • सवारी साधन कर • मनोरञ्जन कर • विज्ञापन कर • पर्यटन शुल्क • कृषिमा आयकर • सेवा शुल्क दस्तुर • दण्ड जरिवाना	• घरजग्गा रजिस्ट्रेसन शुल्क • सवारी साधन कर • मनोरञ्जन कर • विज्ञापन कर • सम्पत्ति कर • घरबहाल कर • सेवा शुल्क दस्तुर • पर्यटन शुल्क • व्यवसाय कर • मालपोत/भूमि कर • दण्ड जरिवाना

खासगरी राजधानी रहेको सहर र उद्योग व्यापार केन्द्रित सहरहरू भएका प्रान्त तथा स्थानीय तहका सरकारमा बढी हुन्छ ।

खर्चको आवश्यकता भौगोलिक अवस्थिति, जनसांख्यिक अवस्था र विकासको स्तरका आधारमा भिन्न हुन्छ । जस्तै : तराईमा भन्दा हिमालमा सडक निर्माण खर्च बढी लाग्छ र वृद्धवृद्धाहरू बढी भएको क्षेत्रमा स्वास्थ्य खर्चको र बालबालिका बढी भएको क्षेत्रमा शिक्षासम्बन्धी खर्च बढी आवश्यक पर्छ । राजस्व परिचालन गर्ने क्षमता र व्यय जिम्मेवारीमा भिन्नता भएकाले देखा पर्ने असमानतालाई सच्याउन संविधानमा केन्द्रीय सरकारले प्रान्तीय सरकारलाई र प्रान्तीय सरकारले मातहतको स्थानीय सरकारलाई समानीकरण अनुदान दिने व्यवस्था गरेको छ । यस्तो अनुदान उही तहको सरकारमध्ये पनि साधनसम्पन्न सरकारले साधन कम भएका सरकारलाई दिने अन्तर्राष्ट्रिय प्रचलन छ । यसैगरी, माथिल्लो तहको सरकारले तल्लो तहको सरकारलाई अन्य विशेष अनुदान दिने व्यवस्था पनि संविधानमा छ । संविधानमा वैदेशिक सहायताको पनि प्रावधान छ, जुन देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी केन्द्रीय सरकारले लिनसक्ने व्यवस्था छ ।

संविधानमा गरिएको सार्वजनिक ऋणसम्बन्धी व्यवस्थाअनुसार वैदशिक ऋण लिने अधिकार केन्द्रीय सरकारमा छ । प्रदेश सरकारले केन्द्रीय कानुनअनुसार ऋण लिन सक्ने व्यवस्था छ भने स्थानीय सरकारले पनि कानुनअनुसार ऋण लिन सक्नेछन् । प्रादेशिक तथा स्थानीय सरकारले आन्तरिक ऋणमात्र लिन सक्छन् ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग



सांग्रिला डेभलपमेन्ट बैंक लि.

Shangri-la Development Bank Ltd.

स्थानीय विकासको आधार

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था

साबिकको बागेश्वरी डेभलपमेन्ट बैंक लिमिटेड र सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड मर्ज भई बनेको संस्था

बागेश्वरी डेभलपमेन्ट बैंक लि.
Bageshwori Development Bank Ltd.

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.

Branch Office
Newroad, Kathmandu, Nepal
Tel : 01- 4226749, 4226762 , Fax +977- 01 - 4226142
Email : infonewroadktm@shangrilabank.com

Central Office
Baluwatar, Kathmandu, Nepal
Tel : 01- 4421861 Fax +977- 01- 4421766, P.O.Box 20200
Email : info@shangrilabank.com

Regional Office
New Road, Pokhara -9, Nepal
Tel: +977-61-523715 ,Fax : +977-61-538229, P.O. Box : 174
Nepalgunj , Nepal, Tel: +977-081-523457/526246
Fax : +977-081-526346,P.O. Box : 46

www.shangrilabank.com

संविधानले माथिल्लो तहको सरकारले तल्लो तहको सरकारलाई गर्ने वित्तीय हस्तान्तरण अर्थात् अनुदान दिने व्यवस्था सिफारिस गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरेको छ। आयोगमा अध्यक्षसहित बढीमा ५ सदस्य रहने र तिनीहरूको कार्यकाल ६ वर्षको हुने व्यवस्था छ।

अन्तरप्रदेश व्यापार

संविधानले अन्तरप्रदेश व्यापार स्वतन्त्र रूपमा हुनुपर्ने व्यवस्थाको वकालत गरेको छ। यसअनुसार एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन।

संघीय वित्त व्यवस्थाको समीक्षा र सुझाव

केन्द्रस्तरको राजस्व व्यवस्था

संविधानले मूल्य अभिवृद्धि कर, आयकर, भन्सार महसुल र अन्त:शुल्क जस्ता प्रमुख कर लगाउने अधिकार केन्द्रीय सरकारलाई दिएको छ। आर्थिक तथा प्रशासनिक सक्षमता र अन्तर्राष्ट्रिय राम्रा प्रयोगको आधारमा हुनुपर्ने पनि यही हो। अर्कोतर्फ, केन्द्रीय सरकारले लगाउन सक्ने करमा पारिश्रमिक करलाई पनि समावेश गरिएको छ, जुन व्यक्तिगत आयकरकै अंश भएकोले यसलाई छुट्टै करको रूपमा संविधानमा उल्लेख गरिनु आवश्यक छैन।

यसैगरी, पर्यटन दस्तुरको व्यवस्थाबारे पनि संविधानमा स्पष्ट छैन। पर्यटन क्षेत्रमा मूल्य अभिवृद्धि कर तथा आयकर लाग्ने र पर्यटकले पर्वतारोहण तथा पदयात्रा स्वीकृतिजस्ता शुल्क तिर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिन उपयुक्त हुने हुँदा केन्द्रीय, प्रान्तीय तथा स्थानीय सबै तहमा छुट्टै पर्यटन दस्तुर लगाउने व्यवस्थाको औचित्य देखिँदैन। अर्कोतर्फ नेपालमा आगामी दिनहरूमा सामाजिक सुरक्षा व्यवस्था विकास गर्दै जानुपर्ने सन्दर्भमा केन्द्रीय तहमा सामाजिक सुरक्षा कर लगाउन आवश्यक पर्ने हुनाले यसलाई केन्द्रीय कर प्रणालीमा समावेश गरिनुपर्छ।

संविधानले गैरकर सम्बन्धमा केबल राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर तथा दण्ड जरिवानालाई मात्र उल्लेख गरेको छ। तर, गैरकर राजस्वका स्रोतहरूमा यी स्रोतहरूभन्दा निकै बढी महत्वपूर्ण स्रोतहरू, जस्तै : सम्पत्तिबाट प्राप्त आय, वस्तु तथा सेवा बिक्रीबाट प्राप्त आय र अन्य पुँजीगत राजस्व समेटिएका छैनन्। वास्तवमा, राज्यले गैरकरबाट कुल राजस्वको झन्डै २० प्रतिशत हिस्सा परिचालन गर्नुपर्ने आवश्यकता छ। यो सन्दर्भमा गैरकरसम्बन्धी विस्तृत तथा स्पष्ट व्यवस्था गरिनुपर्छ। राजस्वका स्रोतहरूको वर्गीकरणमा समावेश गरिएअनुसारका सबै गैरकरसम्बन्धी स्रोतहरू केन्द्र, प्रान्त तथा स्थानीय तहमा लागू गर्नुपर्छ।

प्रान्तस्तरको राजस्व व्यवस्था

संविधानमा प्रान्तीय करमा समावेश गरिएका करहरू मध्ये घरजग्गा रजिस्ट्रेसन शुल्क र सवारी साधन कर स्वाभाविक रूपमा प्रादेशिक अर्थात् प्रान्तीय कर हुन्। कारण, संघीय व्यवस्थामा जग्गा तथा सवारी साधनको व्यवस्थापन विश्वभर सामान्यत: राज्य वा प्रान्तीय सरकारको जिम्मेवारीको रूपमा रहेको पाइन्छ।

मनोरञ्जन कर र विज्ञापन कर प्रादेशिक तहमा भन्दा पनि स्थानीय तहमा लगाइने कर हुन्। यी दुईटै कर स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पनि राखिएकाले दोहोर कर नलगाउन यी दुईटै करलाई प्रान्तको अधिकार क्षेत्रबाहिर राखिनुपर्छ। कृषिमा आयकर लगाउने अधिकार प्रान्तलाई दिएको व्यवस्था पनि व्यावहारिक हिसाबले प्रश्नकै विषय हुनसक्छ। केन्द्रीय सरकारले कृषिलगायतको आयमा आयकर लगाउँछ। कृषि र गैरकृषि आय हुनेको हकमा कृषि आयमा छुट्टै कर लगाउँदा व्यावहारिक कठिनाइ हुनेमात्र नभई छिमेकी देशमा कृषि आयमा आयकर लगाउने अधिकार राज्य सरकारलाई दिइएको भए पनि त्यो व्यवहारमा उतार्न नसकिएको तथ्य पनि मननयोग्य छ।

अर्कोतर्फ, प्रान्तीय सरकारलाई पूर्वानुमानित कर, टिकट दस्तुर, शिक्षा सेवा कर र जुवा/चिठ्ठा/क्यासिनोमाथि कर लगाउने अधिकार दिनुपर्छ।

स्थानीय तहको राजस्व व्यवस्था

तालिका २ : संघीय व्यवस्थाअन्तर्गत विभिन्न तहका सरकारले लगाउन सक्ने कर तथा गैरकर

केन्द्रीय	प्रान्तीय	स्थानीय
कर • भन्सार महसुल • मूल्य अभिवृद्धि कर • अन्त:शुल्क • संस्थागत आयकर • व्यक्तिगत आयकर • सामाजिक सुरक्षा कर • कार्बन कर **गैरकर** १. सम्पत्तिबाट प्राप्त आय २. वस्तु तथा सेवा बिक्रीबाट प्राप्त आय ३. दण्ड, जरिवाना र जफत ४. प्रशासनिक शुल्क (राहादानी, भिसा, पर्वतारोहण आदि) ५. पुँजीगत राजस्व	**कर** • घरजग्गा रजिस्ट्रेसन दस्तुर • सडक/सवारी कर • पूर्वानुमानित कर • शिक्षा सेवा कर • टिकट दस्तुर • जुवा/चिठ्ठा/क्यासिनोमाथि कर **गैरकर** १. सम्पत्तिबाट प्राप्त आय २. वस्तु तथा सेवा बिक्रीबाट प्राप्त आय ३. दण्ड, जरिवाना र जफत ४. पुँजीगत राजस्व	**कर** • घरजग्गा कर • मालपोत/भूमि कर • मनोरञ्जन कर • व्यवसाय कर • होर्डिङ बोर्ड कर • डुंगा, केबलकार सञ्चालनमा लाग्ने कर • बयल गाडा, टाँगा, र जनावरमाथि कर • पार्किङ शुल्क **गैरकर** १. सम्पत्तिबाट प्राप्त आय २. वस्तु तथा सेवा बिक्रीबाट प्राप्त आय ३. दण्ड, जरिवाना र जफत ४. पुँजीगत राजस्व

संविधानमा स्थानीय करका रूपमा अघि सारिएका करमध्ये घरजग्गा रजिस्ट्रेसन शुल्क र सवारी साधन कर माथि उल्लेख गरिएअनुसार प्रान्तमा लगाउने कर भएकाले तिनीहरूलाई स्थानीय तहका करमा समावेश गर्नु हुँदैन । घरबहालमा केन्द्रीय तहमा कर लगाइने हुँदा स्थानीय तहमा दोहोरो कर लगाइनु हुँदैन । यसको सट्टा केन्द्रीय तहमा लगाइएको घरबहाल कर संकलनमा स्थानीय तहका सरकारलाई संलग्न गरेर त्यसलाई प्रभावकारी बनाएर यस करबाट संकलन भएको रकमको निश्चित प्रतिशत स्थानीय तहले पाउने व्यवस्था गर्नु उपयुक्त हुनेछ । स्थानीय सरकारले लगाउन पाउने विज्ञापन करको नाम परिवर्तन गरेर होर्डिङ बोर्ड कर गर्नुपर्छ । यसैगरी, सम्पत्ति करको नाम परिवर्तन गरेर घरजग्गा कर गरिनुपर्छ । स्थानीय सरकारलाई डुंगा, केबलकार, बयल गाडा, टाँगा र जनावरमाथि कर लगाउने अधिकार दिइनुपर्छ र पार्किङ शुल्क लगाउने अधिकार पनि स्थानीय सरकारकै हुनुपर्छ ।

प्राकृतिक स्रोतसम्बन्धी व्यवस्था

संविधानमा केन्द्र, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने प्रावधान छ । त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानुनबमोजिम वितरण गर्नुपर्ने प्रावधान पनि छ । प्राकृतिक संसाधनमा जलस्रोत, खनिज, कोइला, वन, तेल तथा ग्यास पर्छन् ।

सैद्धान्तिक तथा अन्तर्राष्ट्रिय प्रचलनअनुसार राष्ट्रिय महत्वका प्राकृतिक स्रोतमाथि कर उठाउने अधिकार केन्द्रीय सरकारसँग हुनुपर्छ भने कम महत्वका स्रोतमाथि तल्लो तहका सरकारले कर लगाउनुपर्छ । प्राकृतिक संसाधनको प्रयोग गर्दा त्यसबाट स्थानीय जनतामाथि प्रभाव पर्ने हुनाले त्यसको फाइदा तिनीहरूले पनि पाउनुपर्छ । उदाहरणका लागि दक्षिणी सुडानमा तेल र अन्य खनिजमाथि केन्द्रीय सरकारले कर लगाउने भए पनि त्यसबाट प्राप्त कुल राजस्वको दुई प्रतिशत उत्पादक राज्यलाई र तीन प्रतिशत त्यस क्षेत्रका स्थानीय निकायलाई प्रदान गरिन्छ ।

प्रस्तावित राजस्वको स्वरुप

राजस्व बाँडफाँड सम्बन्धमा संविधानमा हाल गरिएको व्यवस्थामा सोहीअनुसार परिमार्जन गरिएपछि विभिन्न तहमा लगाइने राजस्वको स्वरुप निम्नानुसार हुनुपर्छ :

वित्तीय असन्तुलन

राजस्व सम्बन्धमा त्यसअनुसारको परिवर्तन गरिए पनि संघीय वित्त व्यवस्थामा असन्तुलनको स्थिति कायमै रहनेछ । खासगरी प्रान्तस्तरमा आफ्नै स्रोतबाट परिचालन गरिने राजस्वको अंश न्यून रहनेछ । यस्तो वित्तीय असन्तुलनलाई सहभाजित कर (Shared tax) तथा अनुदानको माध्यमले कम गर्नुपर्छ ।

संविधानमा नेपाल सरकारले संकलन गरेको राजस्व केन्द्र, प्रदेश तथा स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था गर्नुपर्ने प्रावधान छ । सरकारले प्रदेश र स्थानीय सरकारलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान दिनु पर्नेछ । यसैगरी, प्रादेशिक सरकारले नेपाल सरकारबाट

THE DEVIL IN NEW AVATAR

The new Pulsar 200NS, now ignites your imagination with cynical shades of the Devil himself. Mark the streets with the flame of your track, as the absolute upgrade in technology boosts you into the lead. Watch out! The devil is here.

Rs.279,900/-

pulsar 200NS

SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co. Pvt. Ltd
Teku Road, Kathmandu, Ph. No: 4230001/4261200, Fax: 4220491
url: hhbajaj.com.np www.facebook.com/pulsarnepal

Bajaj 24x7 HELPLINE 166001 75555 98015 75555

प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान दिनु पर्नेछ। प्रादेशिक सरकारको वित्तीय स्वायत्तता बढाउन केन्द्रले प्रान्तीय सरकारलाई अनुदान दिनेभन्दा पनि केही करलाई सहभाजित करको रूपमा विकसित गर्नुपर्छ, जसले गर्दा सहभाजित कर प्रादेशिक सरकारको पनि आफ्नै राजस्वको स्रोतको रूपमा रहनेछ।

सहभाजित कर

मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कलाई सहभाजित करको रूपमा प्रयोग गरी यी करबाट संकलित राजस्व केन्द्र तथा प्रदेशबीच विभाजन गरिनुपर्छ। यी करबाट प्राप्त राजस्वमध्ये सरकारको हिस्सा राष्ट्रिय सञ्चित कोषमा जम्मा गरिनुपर्छ भने प्रादेशिक सरकारहरूको हिस्सा प्रदेशको विभाज्य कोषमा दाखिला गरी निर्धारित सिद्धान्त/सूत्रका आधारमा प्रादेशिक सरकारहरूलाई वितरण गर्नुपर्छ।

मूल्य अभिवृद्धि करलाई सहभाजित करको रूपमा अस्ट्रेलिया, नाइजेरिया, जर्मनीजस्ता थुप्रै संघीय देशमा प्रयोग गरिएको पाइन्छ। अन्तःशुल्कलाई पनि मूल्य अभिवृद्धि करजस्तै सहभाजित करको रूपमा लगाउनुपर्छ। यसैगरी, घरबहाल कर राजस्व पनि केन्द्रीय तथा स्थानीय तहबीच विभाजन गर्नुपर्छ।

अनुदान

संविधानले ससर्त, समपूरक, समानीकरण तथा विशेष अनुदानको व्यवस्था गरेको भए पनि समपूरक अनुदान सार्वजनिक वित्त शास्त्रमा उल्लेख गरिने र अन्तर्राष्ट्रिय जगतमा लागू गरिएको निःसर्त अनुदानजस्तै हो वा होइन भनेर स्पष्ट छैन। निःसर्त अनुदान माथिल्लो तहको सरकारले तल्लो तहका सरकारलाई जनसंख्या वा अन्य कुनै आधारमा बिनासर्त उपलब्ध गराउँछ। यसलाई 'ब्लक ग्रान्ट' पनि भन्ने गरिन्छ। यसको अर्थ अनुदान प्राप्त गर्ने सरकारले त्यस्तो अनुदान रकम आवश्यकताअनुसार खर्च गर्न सक्छ र त्यसले अनुदान पाउने सरकारको वित्तीय स्वायत्ततालाई बढाउँछ। समपूरक अनुदान यस प्रकृतिको अनुदान होइन भने त्यसलाई प्रस्ट्याउनुका साथै निःसर्त अनुदानको व्यवस्था गरिनुपर्छ।

अनुदानका सन्दर्भमा विचार गर्नुपर्ने अर्को कुरा मुलुक एकात्मक व्यवस्थाबाट संघीय प्रणालीमा रूपान्तरित हुँदा अन्तरसरकारी हस्तान्तरणको संक्रमण सहज हुनुपर्छ, जहाँ स्थानीय सरकारले पाउने अनुदान वर्तमान अवस्थामा पाइरहेको निःसर्त अनुदानभन्दा कम हुनु हुँदैन र तिनीहरूलाई हानी हुनु हुँदैन (Held Harmless) भन्ने सिद्धान्तलाई बिर्सनु हुँदैन।

संघीय वित्त आयोग

संविधानमा गरिएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था पनि अन्तर्राष्ट्रिय जगतमा अपनाइएको सामान्य प्रचलनभन्दा केही भिन्न छ। संघीय मुलुकमा विभिन्न तहका सरकारबीच राजस्व एवं अनुदानको बाँडफाँड गर्ने विस्तृत आधार र संयन्त्रसम्बन्धी सुझाव प्रस्तुत गर्न एउटा वित्तीय आयोग गठन गर्ने प्रचलन छ। यस्तो आयोग निश्चित समयका लागि गठन भई त्यसले आगामी ५ वर्षका लागि अन्तरसरकारी हस्तान्तरण सम्बन्धमा अपनाउने नीति/सूत्रका बारेमा सुझाव दिन्छ। नेपालमा यो आयोगलाई विज्ञ वित्त आयोगको रूपमा भन्दा पनि यसमा प्राकृतिक स्रोतसमेत गाँसेर अन्य संवैधानिक आयोगसरह ६ वर्षका लागि गठन गर्ने व्यवस्था गरिएको छ, जसले वित्त आयोगको मर्मलाई छोएको देखिँदैन। यो आयोगलाई विज्ञहरूको समूहका रूपमा हेरिनुपर्ने र त्यसले आगामी पाँच वर्षका लागि सहभाजित करको विभाजन, अनुदानको वितरण, सार्वजनिक ऋणजस्ता विषयमा सुझाव दिने हुनाले यसको कार्यकाल २ वर्षभन्दा बढी आवश्यक पर्दैन। यसैले हरेक ५ वर्षमा एकजना अध्यक्ष र दुईजना सदस्य भएको एक विज्ञ संघीय वित्त आयोग दुई वर्षका लागि गठन गरिनुपर्छ र त्यसको सचिवालय भने संस्थागत सम्झना (Institutional Memory) कायम राख्नका लागि स्थायी हुनुपर्छ।

अन्तरप्रदेश व्यापार

विश्वका विभिन्न संघीय मुलुकको संघीय संविधानमा अन्तरप्रदेश व्यापार स्वतन्त्र रूपमा हुनुपर्छ भन्ने व्यवस्था गरिएको हुन्छ र त्यसमा कुनै पनि तहको सरकारले कर लगाउन पाउँदैन। संयुक्त राज्य अमेरिकामा यदि कुनै तहको सरकारले अन्तरप्रदेश व्यापारमा कर लगाउने कानुन बनाएमा केन्द्रीय सरकारले त्यसलाई खारेज गर्न सक्ने प्रावधान छ।

नेपालको संविधानले पनि अन्तरप्रदेश व्यापार स्वतन्त्र रूपमा हुन पाउने र त्यसमा कुनै किसिमको कर लगाउन नपाइने व्यवस्था गरेको छ। यसको मान्यता संघीय व्यवस्थाअन्तर्गत विभिन्न राज्य भए पनि मुलुकको सिंगो अर्थतन्त्र एउटा साझा बजार हो र त्यसमा वस्तु, सेवा, श्रम तथा पुँजीको स्वतन्त्र आवागमन हुनुपर्छ भन्ने हो। यति मात्र नभई हाल विश्वमा युरोपेली आर्थिक समुदाय, दक्षिण-पूर्वीदेशहरूबीचको आर्थिक समुदाय, पूर्वी अफ्रिकन समुदायलगायतका विभिन्न क्षेत्रीय साझा बजारहरूको विकास भएको छ, जहाँ सदस्य राष्ट्रहरूबीचको व्यापारमा कुनै किसिमको कर लाग्दैन। यस प्रावधानको मान्यतालाई सम्मान गरेर हामीकहाँ पनि अन्तरप्रदेश व्यापारको स्वतन्त्र आवागमनमा कुनै किसिमको बाधा व्यवधान आउन दिनु हुँदैन। नयाँ संविधान लागू भएलगत्तै वस्तुको आवागमनमा गरिएको अवरोध संविधानमा गरिएको अन्तरप्रदेश व्यापार स्वतन्त्र हुन पाउनुपर्ने अवधारणासँग मेल खाँदैन र यसले संघीय व्यवस्थाको सही कार्यान्वयनमा आशंका उत्पन्न गराएको छ।

निष्कर्ष

नेपालले नयाँ संविधान पाएको छ र मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। संघीय वित्त व्यवस्थाको मोटामोटी खाका संविधानमा दिइएको छ, जसमा केही संशोधनको खाँचो छ। विभिन्न तहका सरकारलाई राजस्व बाँडफाँड गर्दा तोकिएका स्रोतहरूमध्ये केही स्रोतहरू हटाउन र केही स्रोतहरू थप्न आवश्यक छ। यसैगरी, अन्तरसरकारी हस्तान्तरणका सम्बन्धमा पनि समायोजनको आवश्यकता छ र वित्त आयोगको अवधारणामा परिमार्जनको खाँचो छ।

संविधानको परिधिभित्र रहेर केन्द्रीय-प्रान्तीय वित्तीय व्यवस्थापन कानुन, प्रान्तीय नमुना राजस्व कानुन, स्थानीय नमुना राजस्व कानुनजस्ता नियम कानुन लागू गर्नका साथै विभिन्न तहका सरकारबीच सम्पन्न गरिने राजस्वसम्बन्धी सम्झौता तय हुनुपर्छ। वित्तीय संघीयताको भावनालाई सबैले सम्मान गर्नु आवश्यक हुन्छ। संघीय वित्त व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि यस विषयमा मन्थन गर्न एक उच्चस्तरीय राजनीतिक मञ्चको स्थापना पनि सहयोगी हुन सक्छ।

(डा. खड्का अर्थविद् हुन्।) •

चुनौतीको चाङमा पुँजीबजार

● डा. रेवतबहादुर कार्की

धितोपत्र बजार अझसम्म पूर्ण आधुनिकीकरण र गतिशील हुन सकिरहेको छैन । तसर्थ, यो बजारलाई पूर्ण आधुनिक, स्वस्थ, पारदर्शी, भरपर्दो, प्रतिस्पर्धी एवं लगानीकर्तामैत्री बनाउने मुख्य चुनौती छ भने अर्कोतर्फ धितोपत्र बोर्डको संगठनात्मक र संरचनात्मक सुधार गरी नियमन र सुपरीवेक्षण क्षमता अभिवृद्धि गरी स्वतन्त्र निकायको रूपमा विकास गर्ने अर्को मुख्य चुनौती छ ।

मुलुकको आर्थिक विकासका लागि पुँजी परिचालन गर्ने अर्थात् जुटाइदिने महत्वपूर्ण माध्यम पुँजीबजार हो । पुँजीबजार मुख्यत: तीन प्रकारका छन् : प्राथमिक बजार, दोस्रो बजार र डेरिभेटिभ बजार । कुनै पनि कम्पनीले सेयर जारी गरी सिधै पुँजी संकलन गरिने प्राथमिक बजारको नेपालमा आरम्भ १९९४ सालमा नेपाल बैंकको प्राथमिक सेयर निष्कासनसँगै भएको हो । निष्कासित सेयरलाई करोबार गरिने बजार दोस्रो बजार हो, जुन २०३३ सालमा सेक्युरिटी खरिद-बिक्री केन्द्रको स्थापनासँगै सांकेतिक रूपमा भएको थियो भने वास्तविक रूपमा यस बजारको सुरुवात प्रजातन्त्रको पुन:स्थापनापश्चात् देशले आर्थिक उदारीकारणको नीति अवलम्बन गरेपछि २०५० सालमा नेपाल धितोपत्र बोर्ड र नेप्सेको स्थापनासँगै भएको हो । त्यही वर्षदेखि पुँजीबजार प्रमुख मापक- नेप्से परिसूचकको निर्माण आरम्भ गरिएको हो । डेरिभेटिभ मार्केट नेपालमा हालसम्म सुरु हुन सकेको छैन ।

त्यस्तै, अर्को हिसाबले समष्टिगत पुँजीबजारलाई दुई भागमा बाडिन्छ : सेयर वा इक्विटी र डेब्ट मार्केट । माथि उल्लेख गरिएको तीन प्रकारका बजार सामान्यत: सेयर बजारसँग सम्बन्धित छ भने कुनै कम्पनी वा सरकारका लागि ऋण उठाई पुँजी संकलन गरिने डेब्ट मार्केट हो । यी बजार दुई किसिमका छन् : सरकारी ऋणपत्र मार्केट र कर्पोरेट ऋणपत्र मार्केट । यस डेब्ट मार्केटको स्वरुप मुख्यत: प्राथमिक तथा दोस्रो बजार नै हो ।

सरकारले निष्कासन गर्ने सरकारी ऋणपत्रको निष्कासन अर्थात् प्राथमिक मार्केट २०१८ सालमा आरम्भ भएको हो भने दोस्रो बजार नेपाल स्टक एक्सचेन्ज (नेप्से) ले २०६५ सालमा सुरु गरे पनि यो बजार सक्रिय छैन । त्यस्तै कम्पनीले आवश्यक पुँजी जुटाउन निष्कासन गरिने कर्पोरेट ऋणपत्र मार्केट भने यथार्थ क्षेत्रमा २०५४ सालमा श्रीराम सुगर मिलले र वित्तीय क्षेत्रमा २०५९ मा हिमालयन बैंकले कर्पोरेट ऋणपत्र जारी गरेपश्चात् सुरु भयो तर यसको पनि दोस्रो बजार सक्रिय छैन ।

बजारका मुख्य सहभागी र उपकरणको आधारमा पुँजीबजारको विकासको अवस्थालाई दर्शाउछ । यसले नेपालको पुँजीबजार अझै प्रारम्भिक अवस्थालाई इंगित गर्छ । पुँजीबजारका उपकरणमा ९० प्रतिशतभन्दा बढी सेयरको नै वर्चस्व छ ।

विगत १० वर्षमा पुँजीबजार

दोस्रो जनआन्दोलनपश्चात् शान्तिसम्झौताका साथै माओवादी दलको समेत सहभागितामा उदारवादी अर्थतन्त्रका हिमायती दलको नेतृत्वमा सरकार सञ्चालनपछि नेप्सेको संस्थागत सुधार, नीतिगत तथा बजार सुधार गरिएको फलस्वरुप पुँजीबजार विकासको मुख्य मापक नेप्से परिसूचक २०६३ असारको ३८७ अंकबाट २०६४ असारमा ६८४ अंकमा पुग्यो । त्यसपछि कारोबार अटोमेसनका साथै दलाल कम्पनीबाट नेप्सेसँग अनलाइन कारोबारको सुरुआत भई पुँजीबजार आधुनिकीकरणको बाटोमा गएकाले लगानीकर्ताको विश्वास बढेर आर्थिक गतिविधिको वृद्धिसँगै २०६५ आसारमा नेप्से ९६३ अंक पुगेको

बजारका मुख्य सहभागीको आधारमा पुँजीबजार

	२०६२	२०६७	२०७२
स्टक एक्स्चेन्ज	१	१	१
लगानीकर्ता (अनुमानित)	५ लाख	१० लाख	१४ लाख
धितोपत्र दलाल	२४	२३	५०
मर्चेन्ट बैंकर (स्थापना २०६५)	-	९	१६
सामूहिक लगानी कोष (सुरु २०६८)	-	-	६
केन्द्रीय निक्षेप कम्पनी (स्थापना २०६८)	-	-	१
निक्षेप सदस्य (सुरु २०६८)	-	-	५३
राफसाफमा आबद्ध बैंक	१	१	-
क्रेडिट रेटिङ कम्पनी (स्थापना २०६८)	-	-	१

थियो। लोकतन्त्रको घोषणापछि बिनाआधार केही हल्लाको भरमा २०६५ भदौ ११ गते ११७५ अंक पुगेर त्यसबेलासम्मको ऐतिहासिक रेकर्ड कायम गरेको थियो। तर, त्यसपछि प्रथम संविधानसभा (संस)को निर्वाचनमा प्रथम दल एमाओवादी नेतृत्वको सरकार भएको र तत्कालीन सरकारका अर्थमन्त्रीले पुँजीबजारलाई 'जुवाको घर'को संज्ञा दिई निरुत्साहित गर्ने नीतिसमेत ल्याएकोले यस्तो बजार खस्कँदै गयो। त्यसपछि पनि यो दलसहितका अनुदारवादी वामपन्थी दलको नेतृत्वको सरकारको समयमा २०६८ असार १ मा नेप्से सबैभन्दा कम विन्दु २९२ अंकमा झरेको थियो। यसैबीच, नीतिगत निश्चततावीच पनि केही उतारचढावका साथै केही सुधार हुँदै २०७० असारमा ५१८ अंकसम्म पुगेको थियो।

संविधानको मस्यौदामा कुरा नमिल्दा संविधान आउनेमा समेत अनिश्चितासँगै थोरै घटेको नेप्सेले भदौ २९ गते योभन्दा अघिको १२०१ अंकको रेकर्ड नाघेर १२०६ अंकको नयाँ रेकर्ड कायम गऱ्यो। त्यसपछि केही ओर्लिंदै कात्तिक ६ सम्ममा १०७१ अंक रहेको छ। यस्तो अचानक वृद्धि दिगो हो वा कृत्रिम हो भन्ने विषयमा पक्ष-विपक्षमा बहस रहे पनि यसमा पुन: ह्रास आउन थालेपछि धेरै विश्लेषकले यसलाई अस्वाभाविक रुपमा लिएको देखिन्छ।

विगत १० वर्षको पुँजीबजारका प्रमुख परिसूचकहरू (प्राथमिक तथा दोस्रो बजार)लाई बुँदागत आधारमा यस्तो देखिन्छ :

- बैंक वित्तीय संस्था तथा बिमा कम्पनीको विकास तथा पुँजी वृद्धि र केही हाइड्रो कम्पनीको आगमनले विगत १० वर्षमा प्राथमिक बजार अघि बढेको छ भने त्यसले दोस्रो बजार कारोबारलाई केही हिँडाउन सघाएको छ।

परिसूचक विगत १० वर्षमा यस्तो रह्यो

- नेप्से इन्डेक्स २०६३ असारको ३८७ अंकबाट २०६५ असारमा नेप्से ९६३ र भदौमा ११७५ अंक, २०६८ असार १ मा २९२ अंक (सबैभन्दा कम विन्दु), २०७० असारमा ५१८ अंक हुँदै २०७१ असारमा ९६१ अंक, भदौ २९ मा १२०६ अंक (हालसम्मकै उच्च) असोज २८ गते ११३४ अंकमा रह्यो।
- यो अवधिमा बजार पुँजीकरण जीडीपीको १५ देखि ५० प्रतिशतको हाराहारीमा उतारचढाव भएको देखिन्छ।

यस्तो भएको थियो सुधार

- २०६३-२०६५ सालमा नेप्सेको संस्थागत सुधार, नीतिगत तथा बजार सुधार गरिएको, कारोबार अटोमेसनको साथै दलाल कम्पनीबाट नेप्सेसँग अनलाइन कारोबार सुरु गरेर पुँजीबजार आधुनिकीकरणको वाटोमा गएको हो। त्यसपछि विगत सात वर्षमा दलाल संख्यामा वृद्धिको साथै मर्चेन्ट बैंकिङको विकास, म्युचुअल फन्ड तथा क्रेडिट रेटिङको सुरुवात तथा सीडीएससी कम्पनीको स्थापना जस्ता केही कार्य भएका छन्।
- माथि उल्लेख गरिएअनुसार पुँजीबजारको विद्यमान संरचनाको हिसाबले एउटा स्टक एक्सचेन्ज, २३२ वटा सूचीकृत कम्पनी, १४ वटा मर्चेन्ट बैंकर, ५० वटा धितोपत्र दलाल व्यवसायी, ५३ वटा डिपोजिटरी पार्टिसिपेन्ट, आंशिक सञ्चालनको एउटा सीडीएससी र एउटा क्रेडिट रेटिङ संस्था गरी करिब ३५० संस्था छन्।
- प्रस्तुत स्थितिले नेपालको पुँजीबजार अझै प्रारम्भिक अवस्था रही यसमा स्थिरता, आधुनिकता, स्वस्थता, पारदर्शिता र विश्वसनीयता आउन नसकेको देखिन्छ। स्टक मार्केटको आधुनिकीकरणको लागि तीन महत्वपूर्ण कामहरू - कारोबार अटोमेसन, सीडीएस अर्थात् ई-नामसारी र क्लियरिङमध्ये

पुँजीबजारका प्रमुख परिसूचकहरू (प्राथमिक तथा दोस्रो बजार)

	२०६२	२०६७	२०७२
सार्वजनिक निष्कासन गर्ने कम्पनी	१४	६१	४८
निष्कासन रकम (रु.अर्बमा)	१.६३	१०.८	१४.४
सूचीकृत संगठित संस्था	१२५	१७६	२३५
धितोपत्र कारोबार (रु.अर्बमा)	४.५१	११.८५	६५.३३
बजार पुँजीकरणमा कारोबारको प्रतिशत	७.३५	३.१४	६.५७
धितोपत्रको बजार पुँजीकरण (रु. अर्बमा)	६१.३७	३७६.८७	११४३
कुल गार्हस्थ्य उत्पादनमा बजार पुँजीकरण (प्रतिशतमा)	१२.०६	३१.८६	४६.५७
नेप्स सूचकांक	२८६.६७	४७७.७३	१०९९.६८
१२ महिनाको नेप्से सूचकांकको उतारचढाव			
रोलिङ स्ट्यान्डर्ड डेभिएसनको आधारमा	२४.५	८२.६	४१.८
सेन्सिटिभ इन्डेक्स	-	११६.३	२३५.७८
फ्लोट इन्डेक्स	-	४४.३	७७.५९

हालसम्मको अधिकतम १२०५.८४ विन्दु (२०७२/०५/२९ तत्पश्चातको न्यूनतम १०८४.३७ विन्दु (२०७२/०७/११) सो भन्दा अघिको अधिकतम ११७५.३८ विन्दु (२०६५/०५/१५) तत्पश्चत्को हालसम्मको न्यूनतम २९२.३२ विन्दु (२०६८/०३/०१)।

कारोबार अटोमेसनमात्र भएकाले नेपाल दक्षिण एसियामा सबैभन्दा पछि पर्नु दुर्भाग्य नै भन्नुपर्छ ।

प्रमुख परिसूचक नेप्सेको आधारमा वर्तमान स्टक मार्केट

दोस्रो संविधानसभाको चुनावमा उदार आर्थिक नीतिको पक्षपोषक प्रथम दलको नेतृत्वको सरकारको साथै मुख्यत: आर्थिक वर्ष ०७१/७२ को बजेटदेखि उदार अर्थतन्त्रको स्पष्ट दिशानिर्देश गरेको परिणामस्वरुप २०७१ असारमा नेप्से हजार अंक नाघ्यो । वैशाखको विनाशकारी भूकम्पको असरबाट पनि त्यति प्रभावित नभई गत असारमा करिब हजार अर्थात ९६१ अंकमा स्थिर थियो । यही क्रममा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको पुँजी तीन गुणा वृद्धि गरेलगत्तै धितोपत्र बजार तीव्र रूपमा बढ्दै गयो । यसैबीच, संविधानको मस्यौदा जारी भएपछि पनि बजार बढ्ने क्रम जारी रहेर नेप्से पहिलेको ११७५ को रेकर्ड तोड्दै भदौ ३ गते अहिलेसम्मको उच्च विन्दु १२०१ अंकमा पुग्यो ।

संविधानको मस्यौदामा कुरा नमिल्दा संविधान आउनेमा समेत अनिश्चितासँगै थोरै घटेको नेप्सेले भदौ २९ गते योभन्दा अघिको १२०१ अंकको रेकर्ड नाघेर १२०६ अंकको नयाँ रेकर्ड कायम गऱ्यो । त्यसपछि केही ओर्लिंदै कात्तिक ६ सम्ममा १०७१ अंक रहेको छ ।

यस्तो अचानक वृद्धि दिगो हो वा कृत्रिम हो भन्ने विषयमा पक्ष-विपक्षमा बहस रहे पनि यसमा पुन: ह्रास आउन थालेपछि धेरै विश्लेषकले यसलाई अस्वाभाविक रूपमा लिएको देखिन्छ । किनकि, यसमा देशको आर्थिक अवस्था र कम्पनीहरूको वित्तीय स्थितिमा उल्लेख्य सुधार र सुधार हुने निश्चित तत्वहरूको आधारमा गरिने आधारभूत विश्लेषणबिना नै एउटा घटना अर्थात् बैंक तथा वित्तीय संस्था पुँजीवृद्धि निर्णयको साथै पछिल्लोपटक संविधान आउने आधारमा यस्तो भएको देखिन्छ । यसरी ह्वात्तै बढ्दा जोखिम पनि बढ्ने सम्भावना छ । पुँजीवृद्धिसँगै प्रतिफल बढ्ने होइन, बोनस र हकप्रदमार्फत् सेयर संख्या बढ्ने हुँदा प्रतिफल अरू घट्न जान्छ । संविधान आउनासाथ अर्थव्यवस्थामा काम नगरी अर्थात् पर्याप्त विकास नगरी आकाशबाट खस्नेजस्तो गरी पुँजीबजार ह्वात्तै बढ्ने होइन, मुलुकमा स्थायित्व आई अर्थतन्त्रको विकाससँगै पुँजीबजारले पनि गति लिने हो र त्यसमा स्थायित्व पनि हुन्छ ।

हल्लाको भरमा बढ्ने पुँजीबजार निश्चय नै टिकाउ हुँदैन । विकसित देशमा यसरी बैंक तथा वित्तीय संस्थाको पुँजीवृद्धि हुँदा सेयरको प्रतिफल घट्ने हुँदा यसको असर प्राय: नकारात्मक पर्ने र सेयरबजारमा ह्रास आउने हुन्छ । त्यस्तै, यस्ता देशमा सुधारका ठूला घटना हुँदा पनि पुँजीबजारले केही सुधारको संकेत गर्छ तर ह्वात्तै बढ्दैन । तर, वित्तीय साक्षरता अझै सुदृढ भइनसकेको नेपालको पुँजीबजारमा अझै अस्थिरता देखिन्छ । त्यसैले पनि यो वृद्धि धेरै नटिक्नेजस्तो देखिन्छ । तसर्थ, लगानीकर्ताले होसियार भई आधारभूत विश्लेषणको आधारमा लगानी गर्नु उपयुक्त हुन्छ ।

समस्या र चुनौती

नेपालमा प्राथमिक बजारको आरम्भ भएको ७८ वर्ष र नेपाल धितापत्र बोर्ड र नेप्सेको स्थापनासँगै दोस्रो बजारको संस्थापक विकास सुरु भएको दुई दशक नाघिसके पनि विकासको दृष्टिले अझै प्रारम्भिक अवस्थाबाटै गुज्रिरहेको छ । धितोपत्र बजार अझसम्म पूर्ण आधुनिकीकरण र गतिशील हुन सकिरहेको छैन । तसर्थ, यो बजारलाई पूर्ण आधुनिक, स्वस्थ, पारदर्शी, भरपर्दो, प्रतिस्पर्धी एवं लगानीकर्तामैत्री बनाउने मुख्य चुनौती छ भने अर्कोतर्फ धितोपत्र बोर्डको संगठनात्मक र संरचनात्मक सुधार गरी नियमन र सुपरीवेक्षण क्षमता अभिवृद्धि गरी स्वतन्त्र निकायको रूपमा विकास गर्ने अर्को मुख्य चुनौती छ । यी मुख्य चुनौतीका साथै पुँजीबजारको स्थायी

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभागको सूचना

आर्थिक ऐन, २०७२ को दफा २०, २१, २२, २३ र २४ मा निम्न अनुसारका मिन्हा तथा सुविधा सम्वन्धी विशेष व्यवस्थाहरू गरिएको हुंदा समयमै सो को उपयोग गर्नु हुन अनुरोध छ । यस सम्बन्धमा थप जानकारीको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयहरूमा सम्पर्क गरी आफूसंग सम्बन्धित मिन्हा तथा सुविधाको अधिकतम उपयोग गरी कर सहभागिता वृद्धि गर्न सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आर्थिक ऐन, २०७२ मा भएका मिन्हा तथा सुविधा सम्बन्धी विशेष व्यवस्थाहरू

दफा २०	**शुल्क तथा व्याज मिन्हा हुने :** चिकित्सक, कलाकार, पत्रकार, खेलाडी, इन्जिनियर, कानून व्यवसायी, लेखापरीक्षक, परामर्श सेवा प्रदायक, सेवानिवृत्त, वहालवाला वा सार्वजनिक पद धारण गरेका पदाधिकारी, कर्मचारी, शिक्षक, प्राध्यापक लगायतका प्राकृतिक व्यक्तिले आय वर्ष २०६८।०६९, २०६९।७० र २०७०।७१ को आय विवरण र सो अनुसार लाग्ने कर २०७२ साल पौष मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने शुल्क तथा व्याज समेत मिन्हा हुनेछ । साथै सो भन्दा अघिका वर्षहरूको आय विवरण पेश गर्नु पर्ने छैन ।
दफा २१	**पूर्व अनुमानित कर विवरण पेश गर्ने करदाताको लागि विशेष व्यवस्था :** भूकम्पबाट पूर्ण रूपमा व्यवसाय ध्वस्त भई राहत प्राप्त गरेका र जिल्ला दैवी प्रकोप उद्धार समितिबाट प्रमाणित भएका पूर्व अनुमानित आय विवरण बुझाउने साना करदाताले त्यस्तो प्रमाण ा सहित आय विवरण बुझाएमा आर्थिक वर्ष २०७१।७२ मा लागेको आयकर र घर बहाल कर मिन्हा हुनेछ । साथै त्यस्ता करदाताको आर्थिक वर्ष २०७२।७३ को लागि अन्त:शुल्क इजाजत नवीकरण दस्तुर लाग्ने भएमा सो समेत मिन्हा हुनेछ ।
दफा २२	**बक्यौता कर मिन्हा सम्बन्धी विशेष व्यवस्था :** आयकर ऐन, २०३१ बमोजिमको आयकर र मूल्य अभिबृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटेल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्रीकर ऐन बमोजिम २०६० साल असार मसान्तसम्म लगत कायम भई असुल उपर हुन नसकेका बक्यौता करमध्ये प्रति लगत बीस हजार रूपैयांसम्मको बक्यौता कर र सोमा लागेको व्याज मिन्हा गरिएको छ ।
दफा २३	**क्रसर उद्योगको इजाजत सम्बन्धी विशेष व्यवस्था :** उद्योग दर्ता गरी विगतमा विभिन्न कारणले सञ्चालन हुन नसकी अन्त:शुल्क इजाजतपत्र नलिएका वा इजाजतपत्र नवीकरण नगरेका क्रसर उद्योगले आर्थिक वर्ष २०७२।७३ को लागि २०७२ साल असोज मसान्तभित्र अन्त:शुल्क इजाजतपत्र लिई कारोबार सञ्चलान गरेमा सोभन्दा अघि लागेको इजाजत दस्तुर, विलम्ब दस्तुर, जरिवाना र व्याज मिन्हा हुनेछ ।
दफा २४	**साना जलविद्युत आयोजनाहरूको मूल्य अभिबृद्धि कर फिर्ता सम्बन्धी व्यवस्था :** (१) शून्य दरको सुविधा पाउनु पर्ने नाफा नकमाउने उद्देश्य भएका समुदायमा आधारित उपभोक्ता समितिबाट निर्माण तथा सञ्चालन भएका वा हालसम्म शून्यदरको सुविधा नलिएका साना जलविद्युत आयोजना (ठेक्का सम्झौताबाट कार्य सम्पादन गराएका आयोजनाहरू समेत) लाई ती आयोजनाले भुक्तानी गरेको मूल्य अभिबृद्धि कर वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रबाट स्वीकृत हुनेको हकमा सो केन्द्रको र अन्य साना जल विद्युत आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ । (२) कर फिर्ता दावी सम्बन्धमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा जुनसुकै कुरा लेखिएको भए तापनि २०७२ साल पौष मसान्तभित्र कर फिर्ता दावी गरेमा उपदफा (१) बमोजिम मूल्य अभिवृद्धि कर फिर्ता दिइनेछ ।

एवं दिगो विकासका सम्बन्धमा नीतिगत, बजार, प्रविधि, संस्थागत तथा संरचनात्मक, कानुनी, लगानी इत्यादि सम्बन्धी देहायअनुसारका समस्या तथा चुनौतीहरू छन् :

उदारीकरण नीतिमा स्थिरता :

- पुँजीबजारको विकासका लागि उदार आर्थिक नीति महत्वपूर्ण पूर्वसर्त हो । बेलाबेलामा हुने नीतिगत परिवर्तनले पुँजीबजार को विकासमा गतिशीलता आउन सकिरहेको छैन । तसर्थ, नीतिगत स्थिरतासहित बजारको दिगो विकास गर्ने कार्य चुनौ तीपूर्ण छ ।

बजार र प्रविधिसम्बन्धी सुधार गर्ने चुनौती :

- सेयरबजारको आधुनिकीकरणको लागि तीन महत्वपूर्ण कामहरूमध्ये कारोबार अटोमेसन २०६४ सालमा भएकोमा अन्य दुई बाँकी काम- कारोबारको लागि अटोमेटिक राफसाफ र कागजविहीन द्रुत-विद्युतीय सेयर नामसारीका लागि २०६६ सालमा सीडीएससी कम्पनी स्थापना भए पनि यी दुई कार्य ६-७ वर्षसम्म पनि पूर्ण हुन नसकेकाले यसलाई शीघ्र कार्यान्वयनमा ल्याई बजारको पूर्ण आधनुनिकीकरण गर्ने चुनौती छ ।
- नेप्सेको ट्रेडिङ अटोमेसन सफ्टवेयर पाँच वर्षमा प्रतिस्थापन गर्नुपर्नेमा सात वर्षसम्म पनि हुन नसकेकोले यसतर्फ तुरुन्त ध्यान दिनुपर्ने ।
- पुँजीबजारको दोस्रो बजार व्यवस्थित गर्न नागरिक लगानी कोषलाई बजार निर्माताको रूपमा विकास गर्ने ।
- श्रीलंकन मोडेल प्रयोग गरी गैरआवासीय नेपाली (एनआरएन) लाई दोस्रो बजारमा सहभागी गराउने । लगानीकर्ताका लागि सिंगल आइडेन्टिटी कार्डको व्यवस्था गरी यथाशीघ्र इन्टरनेट ट्रेडिङ सुरु गर्ने ।
- म्युचुअल फन्ड, बन्ड मार्केट (सरकारी तथा कर्पोरेट) र ओटीसी मार्केट प्रभावकारी बनाउने ।
- सेयरको प्राथमिक निष्कासनमा स्वतन्त्र मूल्य निर्धारणको व्यवस्था गर्ने ।
- हकप्रद सेयर रिनाउन्समार्फत डेरिभेटिभ मार्केटको सुरुवात गर्ने ।

संरचनात्मक तथा संस्थागत सुधार चुनौती :

- धितोपत्र बोर्डको संगठनात्मक र संरचनात्मक सुधार गरी आधुनिक स्टक एक्सचेन्ज हाँक्न सक्ने नियमन र सुपरीवेक्षण क्षमता अभिवृद्धि गर्ने मुख्य चुनौती छ ।
- संस्थाको क्षमता विकासका क्रममा सरकारले बोर्डलाई अधिकार प्रत्योजन गर्दै जानुपर्ने ।
- बोर्डको संगठनात्मक विकास, जनशक्तिको परिमाणात्मक तथा गुणात्मक र प्रतिस्पर्धात्मक विकास गरिनुपर्ने ।
- गैरनाफाकारी संस्थाको रूपमा रहेको नेप्सेलाई आर्थिक वर्ष ०६४/६५ मै नाफामूलक संस्थामा परिणत गरी निजीकरण गर्न बाटो प्रशस्त गरिसकिए पनि हालसम्म यो संस्था पूर्ण सरकारी स्वामित्मै छ । यसलाई यथाशीघ्र उपयुक्त कर्पोरेट निजीकरणमार्फत संरचनात्मक सुधार गरी स्टक एक्सचेन्जलाई प्रतिस्पर्धी बनाउने कार्य महत्वपूर्ण छ ।
- यसरी स्टक मार्केटलाई प्रतिस्पर्धात्मक बनाउने क्रममा अन्य एक स्टक एक्सचेन्जसम्म स्थापना गर्नं आवश्यक छ ।
- नेप्सेको सहायक कम्पनीको रूपमा रहेको सीडीएससी कम्पनीको सेयर स्वामित्वमा स्तरीय 'क' ग्रेडका स्तरीय कप्पनीलाई सहभागी गराई संरचनात्मक सुधार गर्ने ।
- सार्क क्षेत्रमा पुँजीबजारलाई विकास गर्न क्रसबोर्डर लिस्टिङ र ट्रेडिङमा सहभागी गराउन नियामक निकायहरू, सूचीकृत कम्पनीहरू, दलाल व्यवसायीसहित सबै सहभागीको क्षमता अभिवृद्धि गर्न आवश्यक छ ।

दलाल व्यवसायलाई अझ स्तरीय, व्यावसायिक र प्रतिस्पर्धी बनाउने :

- समसामयिक ब्रोकर ब्याक अफिस सफ्टवेयर तयार गरी लागू गर्ने ।
- बैवि संस्थाले सहायक कम्पनी खोली दलाल तथा बजार निर्माताको कार्य गर्ने व्यवस्था गर्ने ।
- विदेशी प्रविधि र पुँजी भित्र्याई दलाल व्यवसायको विकास गर्ने ।
- कारोवार फछ्र्यौट सुनिश्चित कोष (सेटलमेन्ट ग्यारेन्टी फन्ड) को व्यवस्था गर्ने
- दलाल व्यवसायीमा गुणस्तर र क्षमता वृद्धि गराई यी व्यवसायीमार्फत नै अन्तर्राष्ट्रिय प्रचलनअनुसार लगानीकर्तालाई मार्जिन लेन्डिङ सुविधा प्रदान गर्ने ।
- हाल कारोबार बढेको आधारमा दलाल व्यवसायीलाई नेप्सेबाट उपलब्ध गराइएको टर्मिनललाई आवश्यकताअनुसार वृद्धि गर्ने ।

वास्तविक क्षेत्रका कम्पनीहरूलाई पुँजीबजारमा प्रवेश गराउने :

- यथार्थ क्षेत्र/उत्पादनशील क्षेत्रका कम्पनीलाई वित्तीय पारदर्शीता र सुशासनमा अभिवृद्धि गरी मौद्रिक, वित्त एवं अन्य नीतिको प्रोत्साहनमूलक सुधार प्याकेज प्रोग्राम लागू गरी पुँजीबजारमा भित्र्याउने ।

कानुनी क्षमताको सुदृढीकरण :

- कानुनी पक्षमा संरचनात्मक सुधार : कतिपय नियमावलीलाई ऐनमा परिणत गर्नुपर्ने - जस्तो सीडीएससी र सामूहिक लगानी कोषलाई सुदृढ रूपमा व्यवस्थित गर्न ट्रस्ट ऐन वा यससँग सम्बन्धित ऐन तथा अन्य ऐन बनाउनुपर्ने ।
- विभिन्न नियमावली/विनियमावलीहरू समयानुकूल संशोधन गर्ने/बनाउने ।

पुँजीबजारमा सुशासन तथा अन्य सुधार

- पुँजीबजारमा नियमन निकाय तथा सम्पूर्ण सूचीकृत संगठित संस्थाहरूमा सुशासन कायम गर्ने ।
- भेन्चर क्यापिटल/प्राइभेट इक्विटीको नियमन व्यवस्था गर्ने ।
- लगानीकर्तासम्बन्धी शैक्षिक कार्यक्रममा वृद्धि ल्याउने तथा वित्तीय साक्षरता कार्यक्रम प्रवर्द्धन गर्ने ।

तसर्थ, पुँजीबजारको स्थायी एवं दिगो विकासका लागि नीतिगत, बजार, प्रविधि, संस्थागत तथा संरचनात्मक, कानुनी, लगानीलगायतका सबै समस्या तथा चुनौती चरणबद्ध रूपमा सम्बोधन हुन अपरिहार्य छ । यसरी व्यापक सुधार गर्नसके नेपालको पुँजीबजार पूर्ण आधुनिक, प्रतिस्पर्धी एवं विश्वसनीय भई मुलुकको आर्थिक विकासमा उल्लेख्य योगदान गर्न सक्नेछ ।

(कार्की धितोपत्र बोर्डका अध्यक्ष हुन् । यो लेखकको निजी विचार हो ।) •

संघीय संविधान र आर्थिक विकासका आधार

● डा. शंकर शर्मा

कानुनको पालनामा विभिन्न तहका सरकारको आ-आफ्नै स्वार्थ र रूचि हुनसक्छन् । कानुनको पालना गर्नुको सट्टा नगर्ने काममा स्थानीय सरकारहरूमा प्रतिस्पर्धा हुन थाल्यो भन देश अझ बढी संकटमा फस्न सक्छ, आर्थिक र सामाजिक विकास नकारात्मक दिशातर्फ जाने खतरा हुन्छ ।

०६२/६३ को जनआन्दोलनको मर्म र जनचाहनाअनुरुप नेपालमा नयाँ संविधान जारी भएको छ, जसले मुलुकलाई एकात्मकबाट संघीय शासन प्रणालीमा रूपान्तरण गरेको छ। संघीय शासन प्रणालीमा विभिन्न तहका सरकारबीचको कार्यविभाजन र उनीहरूको अधिकारका विषयमा पनि संविधानमै उल्लेख भएको छ ।

मुलुक संघीयतामा गइसकेपछि जनताले आर्थिक विकास तथा दिगो सेवाप्रवाहको अपेक्षा गरेका छन्। विभिन्न प्रदेशहरू तथा स्थानीय सरकारले आर्थिक विकास र सेवाप्रवाहमा जोड दिंदै समृद्धि हासिल गर्न सकेमात्र जनताको अपेक्षा र समग्र देशको आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पर्न सक्छ। संघीय राष्ट्रको आर्थिक विकास भनेकै विभिन्न प्रदेशहरूको कुल गार्हस्थ्य उत्पादन र मानवीय सूचकांकको एकीकृत प्रतिफल हो ।

देश संघीय हुँदैमा आर्थिक र सामाजिक विकास हुन्छ भन्ने होइन। संघीय व्यवस्थालाई आर्थिक रूपले सक्षम बनाउन विभिन्न तहका सरकारबीचको अधिकार बाँडफाँड स्पष्ट हुनुपर्छ, प्राप्त अधिकारको सफल कार्यान्वयनका लागि भरपर्दो राजस्वका स्रोत र आम्दानी हुनुपर्छ, प्रदेश र स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रको प्रयोग निर्वाध रूपले स्वतन्त्रतापूर्वक गर्न पाउने र केन्द्रीय सरकारले समन्वयको भूमिका प्रभावकारी ढंगले गर्नुपर्ने हुन्छ। संघीयताको सफलता यिनका साथै सरकारहरू प्रभावकारी हुनु, गर्नुपर्ने कामहरू जस्तै : सरकारका कार्यान्वयनका दक्षता र प्रभावकारिता, बजेटको प्राथमिकीकरण र व्यवस्थापन तथा अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउन र यसको उत्पादकत्व बढाउन गरिने प्रयासमा भर पर्छन्। यो लेख यिनै विषयमा केन्द्रित छ ।

१. संविधान र अधिकार बाँडफाँडको आधार

अधिकार बाँडफाँडको अवधारणा

प्रभावकारी, दिगो र गुणस्तरीय सेवा जनताको अपेक्षा हो। तर, संवैधानिक रूपमै विकेन्द्रित प्रशासनमा विभिन्न तहका सरकार वा निकायबीच कार्यविभाजन स्पष्टसँग किटान गर्न नसके अन्यौल पैदा हुन्छ र सेवाप्रवाह तथा विकास सन्तोषजनक हुँदैन। त्यसैले त्यसतर्फ विशेष ध्यान दिन आवश्यक छ। कार्यविभाजनमा हुने अन्यौल र असन्तोषले विभिन्न तहका सरकारबीच द्वन्द्व सुरु हुने र जनतालाई अपेक्षित सेवा र सुविधा प्रदान गर्न नसकिने भएकोले अधिकार र जिम्मेवारीको बाँडफाँड अत्यन्तै संवेदनशील विषय हो ।

संघीय प्रणालीमा विकेन्द्रित तहगत जिम्मेवारीको किटान संविधानले गरेको हुन्छ। तहगत जिम्मेवारीका लागि विभिन्न अवधारणाको विकास भए पनि व्यवहारमा विश्वका अधिकांशका संविधानहरूमा एकल अधिकार स्पष्ट भएका जिम्मेवारी उल्लेख गरिएका छन् भने अन्य मुख्य-मुख्य अधिकारहरू आसयपूर्ण ढंगले मात्रै बाँडफाँड गरिएको हुन्छ। संविधान छिटो-छिटो संशोधन गर्न उपयुक्त नहुने भएकाले व्यापक अर्थ लाग्ने अधिकार सांकेतिक रूपमा र एकल अधिकार जसलाई सजिलै परिवर्तन गर्नुपर्दैन, त्यस्ता अधिकारको बाँडफाँडमात्र संविधानमा उल्लेख गर्न आवश्यक हुन्छ। यसैको आधारमा विस्तृत तहगत बाँडफाँड भने छाता ऐन र विषयगत ऐनहरूबाट व्यवस्था गर्ने प्रचलन छ। संवैधानिक अधिकारहरू भने संविधान संशोधन नगरी परिवर्तन गर्न वा कम गर्न भने सकिँदैन ।

अधिकार बाँडफाँडको एउटै सर्वमान्य सिद्धान्त पाइँदैन। जनताको चाहना, प्रविधिको विकास, स्थानीय सरकारको आकार र भौगोलिक परिस्थितिअनुरुप बाँडफाँडलाई परिवर्तन र अध्यावधिक गर्नुपर्ने हुन्छ। हालको परिप्रेक्ष्यमा संविधानले तल दिइएका सिद्धान्तलाई अवलम्बन गरी विभिन्न क्षेत्र र समूहका जनतालाई समतामूलक ढंगले सेवा प्रदान र आर्थिक विकास गर्ने उद्देश्य लिएको छ। हुन त संविधानले अझै पनि अस्पष्टै र दुई तहका सरकारबीच दोहोरोपन हुनसक्ने गरी संविधानमा अधिकार बाँडफाँड गरेको देखिन्छ। त्यस्ता अस्पष्ट बाँडफाँडलाई भने मूल कानुन र विषयगत कानुनले प्रस्ट गर्नुपर्ने आवश्यकता रहन्छ।

सरकारले केन्द्रबाट सेवाप्रवाह र विकास निर्माणको काम सञ्चालन गर्दा स्थानीय तहको सम्भाव्यता र चुनौतीलाई राम्रोसँग सम्बोधन गर्न कठिन हुनसक्छ। स्थानीय सरकारले स्थानीय सम्भाव्यतालाई ध्यानमा राखी प्राथमिकता पहिचान गरी प्रदान गरिएका सेवा बढी उपयोगी, आवश्यकता सम्बोधन गर्ने र प्रभावकारी हुने हुनाले विकेन्द्रीकरणको सिद्धान्तलाई धेरै देशले अवलम्बन गरेका छन्। विकेन्द्रीकरणको सिद्धान्तअनुसार कार्यविभाजन गर्ने मूल आधार तल व्याख्या गरिएको छ। नेपालको संविधानमा पनि यिनै आधारलाई अवलम्बन गर्ने कोसिस गरिएको छ।

दक्षता र सन्निकटताको अवधारणा

सार्वजनिक सेवा प्रदान गरिने निश्चित भौगोलिक क्षेत्र तोक्न सकेको खण्डमा यसको फाइदा पाउने जनताहरू पहिचान गर्न सकिने र जनतालाई पनि आफूले तिरेको कर सरकारले उनीहरूकै भलाइकै लागि खर्च गरेको भन्ने कुरामा विश्वास हुन जान्छ। अर्थात्, आर्थिक व्यवस्थाले गर्दा (१) स्थानीय सरकारले सेवा प्रदान गर्दा स्थानीय आवश्यकता, चाहना र सरोकारलाई सम्बोधन गर्न सकिन्छ। (२) जनताले सेवाप्रवाह कसको जिम्मेवारी हो भन्ने कुरा थाहा पाउँछन् र जनताले सेवाप्रवाहको गुणस्तरलाई मूल्यांकन गरी निर्वाचित

> प्रदेशहरु प्रतिव्यक्ति आय वा मानवीय सूचकांकका दृष्टिले असमान भए पनि नेपालका सबै क्षेत्रहरुमा आर्थिक विकासको ठूलो सम्भावना छ । प्रारम्भिक अध्ययनले सबैजसो क्षेत्रमा पर्यटन, जलस्रोत (प्रदेश २ बाहेक) र कृषिको यथेष्ट विकास गर्न सकिने सम्भावना छ । तराई पनि भएका प्रदेशहरुमा व्यापार र उद्योग विस्तार हुन सक्ने ठूलो सम्भावना छ ।

अधिकारीहरूलाई चुनावमार्फत आवश्यक दण्ड र पुरस्कार दिन सक्छन् र (३) स्थानीय सरकार बढी जवाफदेही हुने गर्छन् ।

बाह्य प्रवाह

सबै सेवाहरूको भौगोलिक क्षेत्र तोक्न गाह्रो हुन्छ । उदाहरणको लागि, शिक्षित व्यक्तिले देश र समाजको उत्थान गर्छन् र लगानी स्थानीय सरकारको भए पनि फाइदा सम्पूर्ण देशले पउँछ । शिक्षाको प्रतिफल त्यसै भौगोलिक क्षेत्रमा मात्र सीमित नहुने हुनाले स्थानीय सरकारले मात्र शिक्षामा लगानी गर्न उपयुक्त नहुन सक्छ । त्यसैगरी, विशेषज्ञ अस्पताल स्थानीय सरकारले स्थापना गरेमा लाभ लिने स्थानीय मानिस कम तर लागत बढी भई लाभ लागत आन्तरिकीकरण गर्न नसकिने अवस्था आउन सक्छ । त्यस्तै, बस वा मेट्रो सेवा आफ्नो क्षेत्राधिकारको सीमासम्म मात्र सञ्चालन गर्नुभन्दा सीमापारिको सहरमा जाने व्यवस्था गर्नसके आर्थिक रूपले बढी लाभदायी हुन्छ । तालिम, खानेपानी, जसमा पानीको स्रोत ठूलो हुन्छ र पाइप लाइनको लागत पनि बढी हुन्छ, यस्ता सेवालाई सानो क्षेत्रबाट ठूलो क्षेत्रमा एउटै निकायमार्फत सेवा प्रदान गर्नसके आर्थिक रूपले बढी प्रभावकारी हुन्छ । यसरी जब कुनै सेवाले एउटा क्षेत्राधिकार नाघेर अन्यत्र पनि त्यसको प्रभाव पार्छन् भने त्यस्ता सेवाहरूको जिम्मेवारी माथिल्लो तहका सरकारले लिनुपर्छ ।

समतामूलक वितरण

मुलुकको जुनसुकै क्षेत्रमा बसोबास गरेका जाति, वर्ग र आर्थिक अवस्था भएका जनता सबैलाई समानस्तरको अवसर प्रदान गर्नु र सेवा दिनु सरकारको जिम्मेवारी हो । यस्तो अवस्थामा केन्द्रीय सरकारले आफ्नो आर्थिक क्षमताको दायरामा रही प्राथमिकतासाथ यस्ता समस्यालाई सम्बोधन गर्नुपर्छ ।

समावेशी र सामाजिक सुरक्षासम्बन्धी कार्य स्वभावैले स्थानीय सरकारले गर्नु औचित्यपूर्ण नभएकाले यसको दायित्व केन्द्रीय सरकारले लिनुपर्ने हुन्छ । यसका लागि बढी आय भएका व्यक्ति र क्षेत्रबाट कर संकलन गरी देशमा विद्यमान असमानता र गरिबी न्यूनीकरण गर्ने र समाज कल्याणको कामको नेतृत्व लिनु केन्द्रीय सरकारको कर्तव्य रहन्छ । यस्ता कार्यहरूका विभिन्न तहका सरकारहरूबीच अनावश्यक प्रतिस्पर्धा हुनु हुँदैन ।

त्यसैगरी, सरकारले केही सेवाहरूलाई राष्ट्रिय प्राथमिकता तोकी त्यसलाई लक्षित जनसमूहसम्म पुऱ्याउने काम पनि गर्छ । आर्थिक र समाजिक असमानता न्यूनीकरण तथा समावेशीतासँग सम्बन्धित विषयमा केन्द्रीय सरकारको विशेष दायित्व हुन्छ । स्थानीय सरकारले आफ्नो स्रोत र साधनको कमीले संविधान र ऐनबमोजिम विकाससम्बन्धी जिम्मेवारी पूरा गर्न नसक्ने रहेको अवस्थामा केन्द्रले सहयोग गर्नुपर्ने हुन्छ ।

२. नेपालको संविधानमा अधिकारको बाँडफाँड

नेपालको संविधानले केन्द्र, प्रदेश र स्थानीय सरकारहरूबीच एकल र साझा अधिकारको बाँडफाँड अनुसूचीमा उल्लेख गरिएको छ, जसअनुसार प्रादेशिकस्तरको राजमार्ग, खानेपानी तथा सिँचाइ सुविधाको विस्तार, विद्युत् उत्पादन, उच्च शिक्षा प्रदान गर्ने स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने जस्ता अधिकार प्रदेशलाई दिइएको छ । त्यस्तै, स्थानीय सरकारले स्थानीय स्तरमा प्रदान गर्नुपर्ने आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय सडक, सिँचाइ, कृषि सेवा, खानेपानी, साना जलविद्युत् आयोजना तथा पर्यटन सेवाजस्ता विकाससँग सम्बन्धित जिम्मेवारी प्रदान गरिएको छ ।

सामान्यतः त्यस्ता विकास निर्माण र सामाजिक विकासको काम मुख्य जिम्मेवारी संविधानले स्थानीय सरकारलाई प्रदान गरेको भए पनि स्थानीय सरकारसँग पर्याप्त प्राकृतिक र वित्तीय स्रोत अभाव भएको अवस्थामा प्रदेश (वा केन्द्र) ले नै यस्तो किसिमको विकास निर्माणमा संलग्न हुनुपर्ने व्यवस्था गरिएको छ ।

यसबाहेक थुप्रै सेवाहरू केन्द्र र प्रदेशको तथा केन्द्र, प्रदेश र स्थानीय सरकारको साझा अधिकार क्षेत्रमा पनि राखिएका छन् । साझा अधिकार भएका क्षेत्रमा गुणस्तर, नियमन, वित्तीय व्यवस्थापनसम्बन्धी कामहरू केन्द्र वा प्रदेशले गरे पनि धेरैजसो कार्यान्वयनको काम स्थानीय तहमै हुन्छ । तर, कुन तहको सरकारको जिम्मेवारी के हुनुपर्छ भन्ने कुरा संविधानमा स्पष्ट नभए पनि विस्तृत तहगत बाँडफाँड छाता ऐन (अर्ग्यानिक ल) बाट व्यवस्थापन गर्नुपर्छ ।

३. स्रोतको व्यवस्थापन

नेपालको संविधानले अन्तर्राष्ट्रिय प्रचलनअनुसार स्थानीय र प्रदेश सरकारहरूलाई चार प्रकारबाट स्रोत उपलब्ध गराउने व्यवस्था गरेको छ । पहिलो राजस्वको स्रोत हस्तान्तरण गरेर यसअन्तर्गत प्रदेशलाई घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना जस्ता राजस्वका स्रोतबाट प्राप्त हुने रकम संकलन गर्ने र खर्च गर्ने अधिकार दिइएको छ । त्यसैगरी, स्थानीय तहलाई स्थानीय कर (सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन करजस्ता करको स्रोत प्रदान गरिएको छ । प्राकृतिक स्रोतको रोयल्टी भने तीनै तहमा बाँडफाँड हुने व्यवस्था पनि गरिएको छ ।

दोस्रो, संविधानले आर्थिक सामाजिक विकासको धेरै कामको जिम्मेवारी स्थानीय तहमा प्रदान गरेको भए पनि माथि लेखिएको स्रोतबाट राजस्व संकलन अत्यन्तै न्यून हुने र विभिन्न प्रदेशको प्रतिव्यक्ति आम्दानी र मानवीय सूचकांक कम भएको तथा प्रदेशप्रदेश बीच असमानता पनि भएको कारणले नेपाल सरकारले संकलन गरेको रकम न्यायोचित ढंगले संघ, प्रदेश र स्थानीय तहमा पुग्ने व्यवस्था गरिएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको सिफारिसमा केन्द्र सरकारले स्रोत हस्तान्तरणको व्यवस्था गरेको छ ।

तेस्रो, नेपाल सरकारले संघीय कोषबाट कुनै खास कामका लागि वा राष्ट्रिय लक्ष्य प्राप्त गर्न तोकिएको क्षेत्रहरूमा मात्र खर्च गर्न पाउने गरी अनुदान प्रदान गर्नसक्ने व्यवस्था गरिएको छ ।

चौथो, प्रदेश र स्थानीय तहहरूबीच रहेका असमानता, पूर्वाधारको कमी अथवा मानव विकासका लागि विभिन्न तहका राजस्वको क्षमताको आधारमा अनुदान पनि वितरण गर्ने व्यवस्था गरेको छ ।

राजस्व संकलन प्रभावकारी रूपले हुन सकोस् भनी धेरैजसो देशव्यापी रूपमा संकलन हुने वा अन्तर्राष्ट्रिय व्यापारसँग सम्बन्धित राजस्व जस्तै : अन्तःशुल्क, भन्सार आयकर र मूल्य अभिवृद्धि कर केन्द्रले संकलन गर्नु बढी प्रभावकारी हुने हुनाले संविधानले सोही बमोजिम व्यवस्था गरेको छ । यी स्रोतबाट प्राप्त राजस्वको अंश ठूलो हुने र प्रदेश र स्थानीय तहले संकलन गर्ने रकम कम हुने हुनाले बाँडफाँड गर्नुपर्ने आवश्यकता सिर्जना हुन्छ ।

४. प्रदेश र स्थानीय तहमा अधिकारको कार्यान्वयन

संविधानअनुसार स्थानीय सरकार र प्रदेशलाई आ-आफ्नो भौगोलिक क्षेत्रभित्र संविधान र ऐनले तोकेको जिम्मेवारी पूरा गर्न स्वतन्त्र हुन्छन् । यसको दुईवटा कारण छन्- पहिलो, विभिन्न तहका सरकारबीचको अधिकार बाँडफाँड संविधानमै उल्लेख भएकाले त्यस्ता अधिकारहरू केन्द्रले फिर्ता लिन वा कम गर्न वा संशोधन गर्न सजिलै पाउँदैनन् । त्यस्तो गर्नका लागि संविधान नै संशोधन गर्नुपर्छ, जुन सजिलो हुँदैन ।

दोस्रो, संविधानले नै प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा कानुन बनाउने, वार्षिक बजेट तयार गर्ने, निर्णय गर्ने, नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयन गर्न सक्ने व्यवस्था गरेको छ । यी प्रावधानले गर्दा आफ्नो क्षेत्रको विकासका लागि आफैंले नेतृत्व लिनुपर्ने र लिन सकिने व्यवस्था गरिएको छ ।

प्रदेशहरू प्रतिव्यक्ति आय वा मानवीय सूचकांकका दृष्टिले असमान भए पनि नेपालका सबै क्षेत्रहरूमा आर्थिक विकासको ठूलो सम्भावना छ । प्रारम्भिक अध्ययनले सबैजसो क्षेत्रमा पर्यटन, जलस्रोत (प्रदेश २ बाहेक) र कृषिको यथेष्ट विकास गर्न सकिने सम्भावना छ । तराई पनि भएका प्रदेशहरूमा व्यापार र उद्योग विस्तार हुन सक्ने ठूलो सम्भावना छ । विभिन्न प्रदेश र स्थानीय तहले आ-आफ्नो प्रतिस्पर्धी क्षमता र सम्भावनालाई केन्द्रविन्दुमा राखेर आर्थिक विकासको नेतृत्व लिन सक्छन् ।

५. अर्थिक वृद्धि र विकासमा प्रभाव

माथि उल्लेख गरिएअनुसार संघीय संरचनामा देश गइसकेपछि आर्थिक वृद्धिमा कस्तो प्रभाव पर्छ भन्ने कुरा भन्न गाह्रो छ । तर पनि विकासलाई सकारात्मक दिशातिर लान सक्ने केही सबल पक्ष भने नभएका होइनन् ।

सबै प्रदेशमा विकासका सम्भवना भएका थुप्रै क्षेत्रहरू मैजुद भएकाले र विकास निर्माणमा स्थानीय नेतृत्व महत्वपूर्ण हुने हुनाले विकासमा यसले सकारात्मक प्रभाव पार्न सक्छ ।

त्यसैगरी, विभिन्न प्रदेश र स्थनीय सरकारहरूबीच विकासका लागि प्रतिस्पर्धा हुने हुनाले यसले समग्र देशको आर्थिक विकास र मानवीय सूचकांकमा सकारात्मक प्रभाव पार्न सक्छ । जनतालाई दिने सेवा र विकास निर्माणको काममा धेरैजसो स्थानीय तह नै बढी जिम्मेवार हुने, अनुगमनको कार्य सजिलो हुने तथा जनताले सिधै स्थानीय सरकारसँग असन्तोष व्यक्त गर्न सक्ने र सुझाव दिन सक्ने हुनाले विकास र सेवा प्रदान गर्ने कार्य बढी प्रभावकारी हुन सक्छन् ।

यस्ता सकारात्मक पक्ष हुँदाहुँदै पनि आर्थिक विकासमा पार्नसक्ने नकारात्मक प्रभावबाट पनि हामी सचेत हुनुपर्ने हुन्छ ।

धेरै देशको अनुभवले एकात्मक संरचनाबाट संघात्मक संरचनामा जाँदा खर्च बढी हुन सक्ने सम्भावना देखाउँछ । यसमा खासगरी प्रशासनिक र प्रदेश तथा स्थानीय सरकार सञ्चालन पर्छन् । कार्यालय र कर्मचारी संख्यामा निकै वृद्धि हुने सम्भावनालाई नकार्न सकिँदैन ।

दक्ष जनशक्ति खासगरी भविष्यमा प्राप्त हुन सक्ने अवसरको सम्मान र पारिवारिक सुविधाका लागि केन्द्र वा ठूला सहरहरूमा नै बस्न रुचाउने हुनाले तलका तहमा सरकारमा उनीहरूले चाहेजस्तो जनशक्ति नपाउन सक्छन् । कानुन पालनामा विभिन्न तहका सरकारको आ-आफ्नै स्वार्थ र रुचि हुनसक्छन् । कानुन पालना गर्नुको सट्टा नगर्ने काममा स्थानीय सरकारहरूमा प्रतिस्पर्धा हुन थाल्यो भने त देश अझ बढी संकटमा फस्न सक्छ, आर्थिक र सामाजिक विकास नकारात्मक दिशातर्फ जाने खतरा हुन्छ ।

संविधानको अधीनमा रही संघीय कानुनले सबै तहका सरकारको अधिकार स्पष्टसँग तोक्न सकेन र ती सरकारहरूलाई उनीहरूले गर्नुपर्ने कामप्रति जिम्मेवार गराउन सकिएन भने पनि विकास निर्माण र सेवाप्रवाहमा नकारात्मक प्रभाव पार्न सक्छ ।

निष्कर्ष

देश संघीय हुँदैमा आर्थक र सामाजिक विकास उच्च र सन्तोषजनक हुन्छ भन्न सकिन्न । तर, स्थानीय र प्रदेश सरकारहरूको क्षमता र प्रतिबद्धता, कानुनको पालना, विकास निर्माणमा दिनुपर्ने नेतृत्व, स्रोत-साधनको सही परिचालन र स्थानीय प्रतिस्पर्धी क्षमताको विकासलाई प्राथमिकताले देश विकासमा ठूलो प्रभाव पार्न सक्छ । साथै, केन्द्र सरकारले लिने लगानी र व्यापारको नीति तथा मानवीय विकास र समावेशितासम्बन्धी योजनाले पनि देश विकासमा अहं भूमिका खेल्ने धेरै विकासशील देशको अनुभवले बताउँछ ।

(शर्मा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुन् ।) ●

दरिलो नवनिर्माणद्वारा आर्थिक पुनर्जागरण

● प्रा. डा. गोविन्दराज पोखरेल

नगदका लागि रोजगारी, श्रममा आधारित उत्पादन, निजी क्षेत्रको संलग्नताले श्रम गर्ने वर्गमा तुरून्तै नगद प्रवाह गरी ग्रामीण बजारलाई चलायमान बनाउनेछन्, जसले गर्दा ग्रामीण क्षेत्रमा उत्पादित वस्तुले बजार पाउनेछन् । सिर्जनशील लगानीका औजारहरूको उपयोग, उद्यमशीलताको क्षमता अभिवृद्धि र युवाउद्यमी र प्राविधिक व्यक्तिहरूलाई परिचालन गरी व्यापार एवं उद्योगको सम्भाव्यता अध्ययनलगायतका कार्यहरू सम्पन्न गराउनुपर्छ । प्रभावित क्षेत्रका युवालाई अभिमुखीकरण गर्दै उत्पादनशील उद्योग स्थापना गर्नमा आकर्षण गर्नुपर्छ । यस्ता सबै कार्यले व्यापक रोजगारीका अवसर उत्पन्न गरी अर्थतन्त्र पुनर्जागरण हुनेछ ।

वैशाख १२ को भयानक भूकम्प र त्यसपछिका परकम्पले नेपालका ३१ जिल्लाको जनजीविका धराशयी बनाएको छ । नौ हजारभन्दा बढीको मृत्यु, २२ हजारभन्दा बढी घाइते र अर्थतन्त्रमा अकल्पनीय नकारात्मक असर परेका छन् । पाँच लाखभन्दा बढी घरहरू ध्वस्त भएका छन् भने तीन लाखभन्दा बढी घर क्षतिग्रस्त भएका छन् ।

त्यसबाहेक हजारौं विद्यालय, स्वास्थ्य केन्द्र, सरकारी भवन र सार्वजनिक पूर्वाधार क्षतिग्रस्त भएका छन् । अझ पीडादायी पक्ष त हाम्रा जीवन्त पुरातात्विक, सांस्कृतिक र धार्मिक धरोहरहरू ढलेका छन् । पर्यटन, कृषि, घरेलु उद्योगलगायत थुप्रै सामाजिक तथा आर्थिक गतिविधिमा अपुरणीय क्षति पुगेको छ । थुप्रै महिला, बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिको जीविकोपार्जनका माध्यम र सहारामा तुषारापात भएको छ ।

लगभग ५१७ अर्ब रुपैयाँको क्षति र १८९ अर्ब रुपैयाँको नोक्सानी भएको छ भने साधारण पुनःस्थापना र पुनर्निर्माणका लागि ६६९ अर्ब रुपैयाँभन्दा बढी लाग्ने अनुमान गरिएको छ । यसको लगभग ६० प्रतिशत अर्थात् ४ खर्बभन्दा बढी मित्रराष्ट्र, सहयोगी राष्ट्र र संस्थाहरूले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

दोस्रो संविधानसभा चुनावपछि एकातर्फ राजनीतिक नेतृत्व संविधान बनाउनमा तल्लीन थियो भने अर्कोतर्फ देशले उच्च आर्थिक वृद्धिको रेखा कोरिरहेको थियो । उदाहरणका लागि, ऊर्जा व्यापारको सम्झौता, सार्क ऊर्जा सम्झौता, जलविद्युत्मा पीडीए, सिमेन्ट उद्योगमा लगानी, पाँचतारे होटलहरू निर्माण सुरुलगायतले ठूलो लगानी भित्र्याउने, अर्थतन्त्र चलायमान गराउने र व्यापक रोजगारीका अवसर सिर्जना गर्ने आशा गरिएको थियो ।

गरिबीको संख्या आधामा झार्नेलगायत सहस्राब्दी विकासका लक्ष्यहरू यसै वर्षको अन्त्यसम्ममा पूरा गरिने पथमा नेपाल लम्किँदै थियो । सन् २०२२ मा अल्पविकसति राष्ट्रबाट विकासिल राष्ट्रको पंक्तिमा नेपाललाई पुऱ्याउने सूचकांकहरू हासिल गर्ने लक्ष्यमा नेपाल अगाडि बढ्दै थियो ।

तर, द्रुत गतिमा दरिलो र दिगो विकास गर्ने नेपालीहरूको आकांक्षामा वैशाखाको भूकम्पले थुप्रै चुनौतीहरू थपिदिएको छ । विशेषगरी, युवा वर्गलाई अझ थप अभिभारा र जिम्मेवारी आएको छ ।

ध्वंश र क्षति भए पनि यस विपत्तिको नेपालीहरूले एकजुट भएर सामना गरेका छन् । आफ्नो दरिलोपन, दक्षता र लगनशीलता देखाउँदै मित्रराष्ट्र र संस्थाहरूसमेतको सहयोगमा राहत र उद्धार कार्य धेरै मानेमा सफल बनाएका छन् । यो राहत र उद्धार कार्य सम्पन्न गरेपश्चात् अब हाम्रो चुनौती भनेको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन पुनर्निर्माणका योजनाहरू बनाई क्षतिग्रस्त भौतिक संरचनाहरू, पुरातात्विक र ऐतिहासिक धरोहरहरू र सामाजिक एवं आर्थिक पूर्वाधारको नवनिर्माण गर्नु हो ।

नेपालको मुहार फेर्नलाई सेन्डाई घोषणा २०१५ अनुसार दरिलो, बलियो र राम्रो पुनर्निर्माणको उद्देश्य अनुशरण गर्नुपर्छ । विभिन्न किसिमका विपद्बाट अत्यन्त जोखिम अवस्थामा रहेको नेपाललाई सुन्दर, दरिलो र समृद्ध बनाउन यो एउटा चुनौतीपूर्ण अवसर पनि हो, जसलाई बुद्धिमानी नेपालीले खेर जान दिनु हुँदैन ।

राष्ट्रिय योजना आयोगले तयार पारेको विपद्पछिको आवश्यकताको आंकलनको प्रतिवेदनले औंल्याएका २१ वटा क्षेत्रलाई आधार मानेर सबैले अपेक्षा गरेअनुसार पुनर्निर्माणमा जानुपर्छ । पुनर्निर्माणलाई सिर्जनशील आर्थिक विकासका कार्यक्रम, दिगो स्थानीय स्रोतको परिचालन र समावेसी अवधारणाअनुसार समाञ्जस्य मिलाई पिछडिएको पीडित र गरिब वर्गलाई विशेष प्राथमिकतासाथ अगाडि बढाउनुपर्छ । प्रस्तावित भूकम्पपछिको पुनर्निर्माण र पुनःस्थापना नीतिले औंल्याएअनुसार पुनर्निर्माण प्रक्रियामा सद्भाव बढाउने, जात र वर्गमा विभेद नगर्ने र स्थानीय निकाय र समुदाय एवं निजी क्षेत्रको समेत क्षमता अभिवृद्धि गर्ने कार्यलाई विशेष ध्यान दिनुपर्ने छ । विशेषगरी, निजी क्षेत्रलगायत अन्य विकास साझेदारी संघसंस्था र समुदायलाई समन्वय गर्दै पुनर्निर्माण कार्यमा उचित स्थान दिई स्रोतको परिचालन र बढीभन्दा बढी उपयोग गर्नुपर्छ । सबै तह र तप्कामा समानता, पारदर्शिता, जवाफदेहिता कायम गर्दै दोहोरोपन हटाउनका लागि सरकारी संयन्त्रले सक्रिय समन्वयकारीको भूमिका निभाउनुपर्नेछ ।

नेपालले छिमेकी तथा अन्य राष्ट्रहरूमा भए गरेका सफलताका उदाहरणलाई अनुशरण गर्दै नेपाली परिवेशमा सुहाउने किसिमले नेपालीपनले पुनर्निर्माण कार्य थालनी गर्नुपर्ने छ। आफ्नै साधन, स्रोत र ज्ञानलाई परिचालन गरी क्षमता अभिवृद्धिमार्फत संस्थागत विकास गर्दै आवश्यकता भएका ठाउँमा वैदेशिक स्रोत र ज्ञानलाई समेत परिचालन गरी छिटोछरितो सेवा पुऱ्याउने प्रणाली विकास गर्नुपर्छ।

पुनर्निर्माणका क्रममा रोजगारीका थुप्रै अवसर सिर्जना हुनेछ । रोजगारीको आशमा बसेका व्यक्तिलाई उचित र राम्रो रोजगारीका अवसरसम्म पुऱ्याउन तालिम तथा क्षमता अभिवृद्धिको कार्यक्रम गर्नुपर्छ । कम्तीमा पनि प्रत्यक्ष रूपमा २० हजारभन्दा बढी दक्ष मिस्त्रीले रोजगारी पाउनेछन् । धेरै मात्रामा निर्माण सामग्रीको प्रयोग हुनेछ । सहर, बजार र गाउँमा यातायात र ढुवानीका सञ्जाल र कार्यहरूको वृद्धि हुनेछ ।

भौतिक पुनर्निर्माण

भत्किएका र क्षतिग्रस्त घरहरू, पूर्वाधार, निजी तथा सरकारी संरचनाहरूको पुनर्निर्माण, सहभागितामूलक, भूकम्प प्रतिरोधक, स्थानीय संस्कृति र मौलिकता झल्काउने गरी गर्नुपर्ने छ। जनताले आफ्नो घर आफैं बनाउने अवधारणाअनुसार सरकारले घर बनाउनका लागि राहत रकम, सहुलियत ऋण, नक्सा र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ। राहत रकम उपलब्ध गराउँदा किस्ताबन्दीमा तोकिएको मापदण्ड र गुणस्तर कायम गर्ने गरी उपलब्ध गराउनुपर्छ।

पुनर्निर्माणका क्रममा रोजगारीका थुप्रै अवसर सिर्जना हुनेछ। रोजगारीको आशमा बसेका व्यक्तिलाई उचित र राम्रो रोजगारीका अवसरसम्म पुऱ्याउन तालिम तथा क्षमता अभिवृद्धिको कार्यक्रम गर्नुपर्छ। कम्तीमा पनि प्रत्यक्ष रूपमा २० हजारभन्दा बढी दक्ष मिस्त्रीले रोजगारी पाउनेछन्। धेरै मात्रामा निर्माण सामग्रीको प्रयोग हुनेछ। सहर, बजार र गाउँमा यातायात र ढुवानीका सञ्जाल र कार्यहरूको वृद्धि हुनेछ। यस्तो यातायातको सञ्जाल र सम्पर्कले सहर र गाउँ जोडिनेछ र ग्रामीण क्षेत्रमा उत्पादन बढाएर त्यस्ता उत्पादनको बजारमा पहुच पुऱ्याई ग्रामीण क्षेत्रको आय बढाउन सकिनेछ। यस्ता सबै गतिविधिले गर्दा समग्र ग्रामीण क्षेत्रको उत्पादनमा वृद्धि हुने, आर्थिक गतिविधि बढ्ने र रोजगारीका अवसरहरू सिर्जना हुनेछन्। जसले गर्दा ग्रामीण आयआर्जन गर्ने अवसर सिर्जना भई जनजीवनको स्तर वृद्धि हुनेछ।

सांस्कृतिक पुरातात्विक संरचना तथा पर्यटन

नेपालका अद्वितीय तथा जीवन्त पुरातात्विक, ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूलाई निर्माण गर्दा प्राविधिक रूपले दरिलो तर परम्परागत मौलिकता कायम राख्दै स्थानीय समुदायको संलग्नतामा यस्ता धरोहरहरूको निर्माण गर्नुपर्छ। हस्तकला उद्योगहरूको वृद्धि र विकास गरी सहुलियत रूपमा ऋण उपलब्ध गराई यस्ता उद्योगको थप विस्तार गर्नुपर्ने हुन्छ। परम्परागत रूपमा अपनाइएका सीप



तथा कलालाई अझ बढी प्रोत्साहन गर्दै युवापुस्तालाई बढीभन्दा बढी संलग्न गराई यस्ता सीपहरू नयाँ पुस्तामा हस्तान्तरण गराई रोजगारीका अवसर सिर्जना गर्नुपर्ने हुन्छ ।

पुनर्निर्माणका क्रममा 'रेभिन्यु फ्रम रबल' भन्ने अवधारणालाई अवलम्बन गरी पर्यटकलाई भूकम्पअघि र पछिका धरोहरहरूको बारेमा जानकारी दिन व्यापक प्रचारप्रसार गरी रोजगारी बढाउँदै थुप्रै आर्थिक आम्दानी गर्न सकिन्छ ।

आर्थिक पुनर्निर्माण

पुनर्निर्माण भनेको केवल भौतिक पूर्वाधारको निर्माणमात्र होइन बरु दिगो, सक्षम र गतिशील आर्थिक गतिविधि सिर्जना गर्दै गरिने सामाजिक तथा पूर्वाधारको विकास हो । जसले देशमा दिगो आर्थिक वृद्धिको वातावरण र सम्भावना पैदा गर्छ । पुनःस्थापना, पुनर्निर्माण र फराकिलो र दिगो आर्थिक वृद्धिका लागि विभिन्न प्रकारका नीतिगत र आर्थिक सुधार आवश्यक पर्छ । किसान र मझौला तथा साना उद्योगीलाई अनुदान र सहुलियत ऋण उपलब्ध गराई उपकरण, बीउविजन, बजार, तालिम र प्रविधिमा उनीहरूको पहुँच पुऱ्याउन सहजीकरण गर्नुपर्छ ।

नगदका लागि रोजगारी, श्रममा आधारित उत्पादन, निजी क्षेत्रको संलग्नताले श्रम गर्ने वर्गमा तुरुन्तै नगद प्रवाह गरी ग्रामीण बजारलाई चलायमान बनाउनेछन्, जसले गर्दा ग्रामीण क्षेत्रमा उत्पादित वस्तुले बजार पाउनेछन् । पुनर्निर्माणको मौकामा नै नयाँ प्रविधिको हस्तान्तरण, निर्माण सामग्रीको उत्पादन गर्ने उद्योगहरूको विस्तार गर्नमा उचित राहतका प्याकेजसहित उपयोग गर्नुपर्छ । सिर्जनशील लगानीका औजारहरूको उपयोग, उद्यमशीलताको क्षमता अभिवृद्धि र युवाउद्यमी र प्राविधिक व्यक्तिहरूलाई परिचालन गरी व्यापार एवं उद्योगको सम्भाव्यता अध्ययनलगायतका कार्यहरू सम्पन्न गराउनुपर्छ । प्रभावित क्षेत्रका युवालाई अभिमुखीकरण गर्दै उत्पादनशील उद्योग स्थापना गर्नमा आकर्षण गर्नुपर्छ । यस्ता सबै कार्यले व्यापक रोजगारीका अवसर उत्पन्न गरी अर्थतन्त्र पुनर्जागरण हुनेछ ।

सामाजिक पुनर्निर्माण

एकल महिला, अपांगता भएका व्यक्ति र वृद्धवृद्धालाई उनीहरूको जीविकोपार्जनका लागि विभिन्न किसिमका आयआर्जन क्षमता अभिवृद्धि र आर्थिक राहत र विकासका कार्यक्रम ल्याउनुपर्छ । औपचारिक तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम ल्याई पीडित वर्ग र समुदायलाई आफ्नो पहिचान, साख र हौसला बढाउन सहयोग पुऱ्याउनुपर्छ । यस्ता कार्यले उनीहरूको आयआर्जनका अवसरहरूमा सजिलैसँग पहुँच बढाउनेछ । राहतको रकमलगायत अन्य आर्थिक सहयोग बैंक खातामार्फत दिने नीतिले बैंकिङ प्रणालीको विकास भई लगानीको जोहो गर्न सजिलो पारेर लगानी गर्ने परम्पराको विकास गर्छ । स्थानीय स्तरमा सूचना प्रविधि र बैंकिङ प्रणालीले कार्यक्षमता अभिवृद्धि र पारदर्शिता बढाई सुसासन कायम गर्नमा मद्दत गर्छ । जसले गर्दा लगानीको अभिवृद्धि र बजार प्रवर्द्धनको क्षमताको विकास हुनेछ ।

भूकम्पप्रभावित क्षेत्रमा सामाजिक, आर्थिक र पूर्वाधार एवं पुरातात्विक पुनर्निर्माणको प्रक्रियामा थुप्रै सिर्जनशील विचार औजार र कार्यक्रमहरू अगाडि बढाई समावेशी, फराकिलो, दिगो र गतिशील आर्थिक वृद्धि हासिल गर्न सकिनेछ । यस्ता गतिविधि सफल बनाई नेपालका अन्य क्षेत्रमा पनि कार्यान्वयन गरी नेपालको अर्थतन्त्रलाई पुनर्ताजगी दिन सकिनेछ ।

(पोखरेल राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुन् ।) •

नेपाल आर्थिक पत्रकार समाज (सेजन) सदस्यहरूको नाम, संस्था, फोन नम्बर र इमेल

अच्युत पौडल	एभिन्युज टि.भी	९८५१०७४९७४	achyootp@gmail.com
अनिता बिन्दु पोखरेल	नेपाल टि.भी	९८५१०५५६१७	anupa_bin@yahoo.com
अमित ढकाल	सेतोपाटी डटकम	९८५१०३६६३८	ameetdhakal@gmail.com
आशिष ज्ञवाली	अन्नपूर्ण पोस्ट दैनिक	९८४१९४६७०२	gyawali.nba@gmail.com
उद्धव सिलवाल	सौर्य दैनिक	९८४१२७८३००	uddabsilwal@gmail.com
उत्तम सिलवाल	रासस	९८४१२१२५८४	silwal_utam@yahoo.com
एलिजा मानन्धर	न्यू विजनेस एज	९८०६५८५१८७	elizatuladhar@hotmail.com
ओजस्वी गौतम	द भास्कर	९८५१०८२२६५	gautam_ojasbi@yahoo.com
ओम थापा	गोरखापत्र दैनिक	९८५१०८२८५३	omthapa@gmail.com
ओमप्रकाश घिमिरे	वाचडग मिडिया	९८५१०९८५११	Omprakashbansal615@gmail.com
किरण अधिकारी	कान्तिपुर एफ एम	९८५११२१५७२	voicekfm@gmail.com
किरण नेपाल	हिमाल खबर पत्रिका/पूर्वअध्यक्ष	९८५१०३४३४९	kirannepal@gmail.com
कृष्ण विष्ट	इकोनोमिक पोस्ट	९८४१२९७००६	economicpost@gmail.com
कृष्ण भण्डारी		९८४१८३५२१७	bhandarikp5577@gmail.com
कुवेर चालिसे	नागरिक दैनिक	९८५१०७६३०४	kchalise@yahoo.com
केदार भट्टराई	गोरखापत्र दैनिक	९८४१२९५५२९	Kaushaltar@gmail.com
केशव लामिछाने	नागरिक दैनिक	९८४१९४०११०	sharan26150@gmail.com
गजेन्द्र विष्ट	पूर्वअध्यक्ष	९८५१०७०४९१	gajendrabista@gmail.com
गोकर्ण अवस्थी	कान्तिपुर दैनिक/अध्यक्ष	९८४१३५०८००	gokarna.awasthi@gmail.com
गोविन्द आचार्य	एपी१ टिभी	९८५१०९३९९६	acharya.9@hotmail.com
गजेन्द्र बुढाथोकी	कारोबार दैनिक	९८५१०५७९६६	gbudhathoki@gmail.com
गोविन्दप्रसाद चिमोरिया	रेडियो नेपाल	९८४१३२२७५१	chimouriag@yahoo.com
गोपाल तिवारी	पूर्वअध्यक्ष	९८५१११३६९८	gopal.tiwari@gmail.com
गोपालचन्द्र सुवेदी	कारोबार दैनिक	९८५११८७९६८	gopalsubedi@gmail.com
जनार्दन बराल	नयाँ पत्रिका दैनिक	९८५१०३८९९८	janardanbaral@gmail.com
जीवन विष्ट	मिडिया होम	९८५१०३२४२६	jeebvanbista@gmail.com,
डण्डपानी उपाध्याय	-	९८४१३१६२९०	
डम्बरजंग डाँगी	गोरखापत्र दैनिक	९८४१२९५५२६	djdangi@yahoo.com
डम्बरकृष्ण श्रेष्ठ	हिमाल खबर पत्रिका	९८५११२८०२६	
दिनेश आचार्य	सेयर वजार	९८५१०९१०३८	dineshac@gmail.com
दिपेन्द्र वान्तवा	कान्तिपुर टिभी	९८५१००६६०३	bantawadipendra@gmail.com
दिवाकर पन्त	कान्तिपुर टिभी	९८४१५२७५१०	diwakarpanta@gmail.com
दीक्षा रेग्मी	अर्थको अर्थ	९८४११८४६२२	dikshayaregmi@yahoo.com
धनवहादुर राउत	बजार पत्रिका	९८४१६३१८०४	roshan_bazar@yahoo.com
नन्दलाल अम्गाई	कारोबार दैनिक	९८४१३९२६८८	nandu.amhain@yahoo.com
नवराज अधिकारी	नागरिक दैनिक	९८४१३१९९३५	journalist.n@gmail.com
नवराज चालिसे	न्यूज २४ टिभी	९८५१०८८०६६	navastar@gmail.com
नवराज ढकाल	अन्नपूर्ण पोस्ट दैनिक	९८४१३४२२८७	nabaraj_789@yahoo.com
नारायण सापकोटा	पूर्वअध्यक्ष		nayanarayan@gmail.com
नितु पण्डित	कान्तिपुर टिभी	९८४१२८१८६५	panditnitu@hotmail.com
निरु अर्याल	कारोबार दैनिक	९८५१०३१४८७	anjanniru@gmail.com
पदम न्यौपाने	गोरखा एफएम	९८५१०६०७७०	pdmneupane@gmail.com
प्रकाश अधिकारी		९८५१११११२५३	
प्रतिक प्रधान	संस्थापक अध्यक्ष	९८५१०३२४७५	prateekp@gmail.com
प्रकाश शाह		९८५१०६९१९७	sujeetkumarshah@gamil.com
प्रतिक्षा खनाल	कान्तिपुर एफएम	९८४१३५५६९९	khanalpratiksha@gmail.com
प्रदीप चापागाईं	नेपाल टिभी/पूर्वअध्यक्ष	९८५१०४०१०१	chchapagainpradeep@gmail.com
प्रभात भट्टराई		९८५१११८७७८	bhattarais007@hotmail.com

प्रमोद गिरी	अन्नपूर्ण पोस्ट दैनिक	९८४१३८२१०८	pramodkumar60@hotmail.com
प्रविण अधिकारी	द भास्कर	९८५१०७५६३०	praveen@kantipur.com.np
प्रशान्त अर्याल	नेपाल साप्ताहिक	९८५१०३५८९७	prashanta@kantipur.com.np
पुष्प दुलाल	अनलाइन खवरडटकम	९८४९३६५१३५	dulalpuspa@gmail.com
पुष्पराज आचार्य	दि हिमालय टाइम्स	९८५१०३८४७२	pracharyap@gmail.com
पूर्णभक्त दुवाल		९८४१३५८५५६	purnaduwal@gmail.com
प्रेम खनाल		९८५२०२३३६०	premkhanal@gmail.com
पृथ्वीमान श्रेष्ठ	काठमाडौं पोस्ट	९८४१३६२९१३	shrestha.prithiv6@gmail.com
बद्रीकुमार गौतम	नेपाल टिभी	९८४१२२४५२५	gautambadri@yahoo.com
बलराम पाण्डे	नागरिक दैनिक	९८४१७३१०२२	pandey.balaram@gmail.com
बाबुकृष्ण महर्जन		९८४१३६६८७९	bk.maharjan@gmail.com
बाबुराम खड्का	कारोबार दैनिक	९८५१०९३९११	khadka.baburam@gmail.com
बाबुराम ढकाल	हिपात मासिक	९८५१०८१२८१	dhakalbaburam@yahoo.com
बालकृष्ण ज्ञवाली	नागरिक दैनिक	९८५११९२९२८	bkg@yahoo.com
बिनोदराज खनाल	वाचडग मिडिया	९८५१०४५७८२	mediahome2000@gmail.com
भुपेन्द्र खड्का	विजनेस प्लस	९८५१०५४७६३	businessplus20@gmail.com>
भुवन प्रसाद आचार्य	रेडियो नेपाल	९८४१९३६९४८	bhuban_acharya@yahoo.com
भुवन पौडेल	कारोबार दैनिक	९८४१९५८२३६	uniquepoudel@gmail.com
भेषराज पोखरेल	कान्तिपुर दैनिक		
मणी लोहनी	न्यूज २४ टिभी	९८४१९५३६८४	manilohani@hotmail.com
मदन लम्साल	अभियान दैनिक	९८५१०४१६५२	editor@newbusinessage.com
मधुकर अधिकारी			adhikari.madhukar@gmail.com
मधुकर दाहाल	प्रोपर्टी मासिक	९८५११४०९७६	propertymasik@gmail.com
मधुजंग पाण्डे	राजधानी दैनिक	९८४१७२६२७२	Madhujung.pandey@gmail.com
मातृका दाहाल	कारोबार दैनिक	९८४१६६९७००	matrikadahal@gmail.com
माधव ढुंगेल	अन्नपूर्ण पोस्ट दैनिक	९८४१३४२१५७	mpdhungel@gmail.com
मिलन खड्का		९८४१९४८७१०	onlineworld_mb@yahoo.com
मुकुल हुमागाई	काठमाडौं पोस्ट	९८०३२०३८४७	mukul.humagain@gmail.com
मुराहरि पराजुली	नागरिक दैनिक	९८४१२८६५१६	mhparajuli@yahoo.com
मोदनाथ ढकाल	दि राइजिङ नेपाल	९८५११५५७००	dhakalutsav@gmail.com
मैना धिताल		९८४१२१५५७३	mainadhital@gmail.com
मोहन गजुरेल	कान्तिपुर दैनिक	९८५१०४२९८८	mohangajurel@kmg.com.np
मोहन गुरुङ	कारोबार दैनिक	९८४९५१५१२८	mahangurung09@gamil.com
मोहन बास्तोला	नेप्लिज डट ओआरजी	९८४१८८५६७५	mbastola9@gmail.com
यज्ञ वन्जाडे	नयाँ पत्रिका दैनिक	९८५११६९६४९	banjade.yagya@gmail.com
यादव हुमागाईं	कारोबार दैनिक	९८५११६०४९८	j.yadav2006@gmail.com
रमेश केसी	अर्थको अर्थ	९८४१२०२११८	rameshkc32@yahoo.com
रमेश ढकाल	इमेज च्यानल	९८४१३७३५५२	rameshdhakal29@yahoo.com
रमेश लम्साल	राइजिङ नेपाल	९८५१०१०४६२	rameshlamsal@gmail.com
रमेश श्रेष्ठ		९८४१२७१६९५	neprs@yahoo.com
राजकुमार केसी	गोरखापत्र दैनिक	९८४१४११२९९	rajkhatri@hotmail.com
रामकृष्ण पौडेल	देशविकास साप्ताहिक	९८५१०३०४५४	rkpbikas@gmail.com
रामराजा श्रेष्ठ	विजखवर डटकम	९८५१००८७९१	rrshrestha365@gmail.com
रामेश्वर बोहोरा	हिमाल खबर पत्रिका	९८५१०३६५५५	rambohora@gmail.com
राधिका ढकाल	कारोबार दैनिक	९८५१०७०७०४	happydhakal@gmail.com
रुपक डी शर्मा	दि हिमालयन टाइम्स	९८४१२८९८४०	rupak.dee@gmail.com
रुविना श्रेष्ठ		९८४९२२२७६६	rubina.stha@gmail.com
रोशन अधिकारी		९८५१०२६५४९	adhroshan@gmail.com
रोशन कार्की	तीब्रखबर डटकम	९८४१४७५९८२	karkirimn@gmail.com

लवेश प्याकुरेल	स्मल स्क्रिन मिडिया	९८४१९३५६३४	lavesh11@gmail.com
लक्ष्मण वियोगी	नागरिक दैनिक	९८५१०१०६१४	biyogi2@gmail.com
लक्ष्मण हुमागाई	नेपाल टिभी	९८५१०४०२०८	laxmanhumagain@gmail.com
लक्ष्मीप्रसाद उपाध्याय	गोरखापत्र दैनिक	९८४१५००९५९	Upa_laxmi07@gmail.
लक्ष्मी सापकोटा	राजधानी दैनिक	९८४१८५०११४	sapkotalaxmi10@gmail.com
लिलादेवी ओझा		९८४१४७५७२७	liladeviojha@gmail.com
लोकबहादुर चापागाईं	कारोबार दैनिक	९८४१३८३३८६	chapagailb@gmail.com
विजय घिमिरे	पूर्वअध्यक्ष		BijayaGhamire@gmail.com
विदुर खतिवडा	कान्तिपुर साप्ताहिक		bidurkhatiuwoda@gmail.com
विद्या बज्राचार्य		९८४१२०९१०२	bidhaya.shakya@gmail.com
विपेन्द्र कार्की	कारोबार दैनिक	९८५१०९०९१४	karkibipendra@gmail.com
विष्णु पोखरेल		९८४११५८३७८	cbidya@gmail.com
विष्णुप्रसाद सापकोटा	कारोबार दैनिक	९८५१०१६३६९	bishnu.data@gmail.com
विज्ञान अधिकारी	बिजमाण्डु डट कम / पूर्वअध्यक्ष	९८५१२००७०६	bibhuadhikari@yahoo.com
शमुयल राना मगर	अर्थको अर्थ	९८०१०६९६०३	evolve_49@yahoo.com
शरद भण्डारी	रासस	९८४९३२५७१४	sharachchandra@gmail.com
शिला पाण्डे	कान्तिपुर दैनिक	९८४१७०३३३३	shilanpj@gmail.com
शिव दुवाडी	राजधानी दैनिक	९८५१०२२८११	shiva397@gmail.com
शिवप्रसाद सत्याल	राजधानी दैनिक	९८५११३६८५४	satyalshiva@gmail.com
स्वीकृति खड्का		९८४९४६२४५५	swikirti_khadka@yahoo.com
सञ्जय न्यौपाने	कारोवार दैनिक	९८५१०८८२०२	sanjay.neupane@gmail.com
सञ्जय पन्थी	कारोवार दैनिक	९८४१४३४९४३	kanchu42@yahoo.com
सञ्जिव गिरी	काठमाडौं पोस्ट	९८४१७७०१६२	Sanjeev1974ad@gmail.com
सन्त गाहामगर	हिमाल खबर पत्रिका	९८५१०३५५३०	santagaha@gmail.com
सन्तोष अधिकारी	सेयर वजार		
सन्तोष पोखरेल	टुरिजम टाइम्स	९८५१०४१८९८	
सरस्वती ढकाल	कारोबार दैनिक	९८५१०६७५०९	sarudhakal.2009@gmail.com
सरोज अधिकारी	गोरखापत्र दैनिक	९८४१२२४२००	adhikr26@gmail.com
सरोज काफ्ले	बिजमाण्डु डटकम	९८५१०७७१५३	saroj76560@yahoo.com
सरोज खनाल	कर पत्रिका	९८४१३१११६६	khanal.saroj@gmail.com
सुजित महत	अन्नपूर्ण दैनिक	९८५१०९२२७६	sujit.mahat@gmail.com
सुदर्शन सापकोटा	बिजमाण्डु डटकम	९८४१८३६९२३	sudarshan@nagariknews.com
सुदिप श्रेष्ठ	सेतोपाटी डटकम	९८५१००९७१९	sudeep@rediffmail.com
सुधा सापकोटा	अर्थको अर्थ	९८४१४०९५४६	knowme14@gmail.com
सुनिता कार्की	अर्थको अर्थ	९८४३७०८०४९	peacesunita@gamil.com
सूर्यभक्त शर्मा	द ब्याङकर		
सुरेश निरौला	कान्तिपुर दैनिक	९८५१००७१०३	skn.brt13@gmail.com
सुवास न्यौपाने	नयाँ पत्रिका दैनिक	९८४१५४९२३१	Subash.neupane@gmail.com
सुशील भट्टराई	नागरिक दैनिक	९८४१३४३४४५	bhattarais007@hotmail.com
संगम प्रसाई	काठमाडौ पोस्ट	९८४१४६६९००	prasaisangam@hotmail.com
सोफिन थापा	आजको अर्थतन्त्र	९८५१०९४९२३	sophinthapa.sp@gmail.com
श्रीकृष्ण न्यौपाने	कान्तिपुर एफएम	९८५१०५०२८४	shanketz76@gmail.com
हरिशरण न्यौपाने	माउन्टेन टिभी	९८४१८६९८६६	harisharan99@yahoo.com
हिमाल न्यौपाने	कान्तिपुर टिभी	९८४१३२९८९१	himaltv@gmail.com
होमनाथ गैरे		९७४११०२१७२	gaire_mukunda@hotmail.com
हृदय गौतम	अर्थको अर्थ	९८५१०४३४३२	hridaygautam@gmail.com
विष्णु भट्टराई	रिपब्लिका दैनिक	९८५१२३०७९२	jollybishnu@gmail.com
कृति भुजु	रिपब्लिका दैनिक	९८५११३४३८०	Kriti.bhuju@gmail.com
समिक्षा कोइराला		९८५११२२८४८	sameexa@gmail.com
रविचन्द्र पराजुली	नेपाल टेलिभिजन	९८४१४६४९७१	rcparajuli@yahoo.com

चुणामणि लुईंटेल			luitelcm@gmail.com
अनुजराज ढुंगेल	चाणक्य मासिक	९८४१६८८७३६	Anujraj.mail@gmail.com
तुला तिमिल्सिना	कान्तिपुर दैनिक	९८४१३०७६३४	tulatimilsina@gmail.com
अजयबाबु सिवाकोटी	आईसीटी नेपाल	९८५१०९३६९३	ajayashiwakoti@gmail.com
लिलानाथ घिमिरे	कान्तिपुर दैनिक	९८४१२८२१००	lnghimire@gmail.com
माधव दुलाल	पहिचान मिडिया	९८५१०७८७९६	Madhav009@gmail.com
पेशल आचार्य	देश साप्ताहिक	९८५१०२५३२०	pesal.acharya@gmail.com
एकराज पाठक	रासस	९८५१०३८७०७	pathakyekraj@gmail.com
विजय देवकोटा	कारोबार दैनिक	९८४९५६४३२५	devkotavijaya@gmail.com
नविन अर्याल	अनलाइनखबर डटकम	९८५१०५२७५२	nabinarjyal@gmail.com
लोकमणि राई	हिमाल खबर पत्रिका	९८५१०८४६८४	theraisir@gmail.com
राजेश खनाल	काठमाडौं पोस्ट	९८४१३२९५२९	Khanalrajesh1@gmail.com
किरण आचार्य	कारोबार दैनिक	९८५१०८२१०२	Journalistkiran@live.com
रोशन शर्मा नेपाल	काठमाडौं पोस्ट	९८५११३८४४०	
सुरज कुँबर	कान्तिपुर दैनिक	९८४१४५७७५७	firstnepali@gmail.com
होमबहादुर कार्की	कान्तिपुर दैनिक	९८४११७९४२६	hom@kantipur.com.np
मनिषा घिमिरे	नेपाल टेलिभिजन	९८५११५४५६७	manishaghimire@hotmail.com
अशोक थापा		९८४१८६४८२१	dynamicthapa@yahoo.com
रामेश्वर धिताल		९८४१२३४२६९	Remeshwor.dhital@gmail.com
कञ्चन अधिकारी	इकान्तिपुर डटकम	९८५१०९५१७७	Kancha42@yahoo.com
जुनारबाबु बस्नेत	गोरखापत्र दैनिक	९८४१२९५५९७	Junarb92@gmail.com
सिताराम विलासी	गोरखापत्र दैनिक	९८४१३२०८८०	sitarambilashi@gmail.com
योगेश पोखरेल	द राइजिङ नेपाल	९८५१०४८३३९	Yogesh.pokharel@gmail.com
किरण ढकाल	हिमालय टाइम्स	९८४९५१३२४५	Rayciran2010@gmail.com
भेषराज बेल्वासे	गोरखापत्र दैनिक	९८४१४२१९००	Belbase_bheshraj@yahoo.com
लक्ष्मीप्रसाद खतिवडा	कारोबार दैनिक	९८४१३०६८०७	khatiwadalp@gmail.com
गोविन्द लुईटेल	शिक्षक मासिक	९८४९८७३६२५	Govinda121@gmail.com
शर्मिला ठकुरी		९७४१०६७३९४	payareesharmi@gmai.com
सुदीपकुमार ढुंगाना	नयाँ पत्रिका दैनिक	९७४१००७७७७	aabrity@gmail.com
डिल्लीप्रसाद सापकोटा	विजनेश प्लस	९८४९१५९५४१	newsdilli@gmail.com
कल्पना खनाल	ग्लोबल मिडिया	९८४९४९५९४३	kalpanakhanal15@gmail.com
कमल पराजुली	चक्रपथ डटकम	९८४१६८१७४३	Newsboy.palpali@gmail.com
शालिकराम गजुरेल	चाणक्य मासिक	९८४१०७२६४३	sharagajurel@gmail.com
रमेश घिमिरे		९८४१५३६१८०	Rameshghimire21@gmail.com
तुलसीराम सुवेदी	हरेकपल डट कम	९८४९७५४३४७	Tulsi953@gmail.com
सचेन गौतम	नयाँ पत्रिका दैनिक	९८५१०५२४४०	Sgautam81@gmail.com
रामकृष्ण गजुरेल	चाणक्य मासिक	९८५१०३६५४२	Sagar.gajurel@gmail.com
लेखनाथ पोखरेल	हिमालय टाइम्स	९८४१२१६७९२	lekhnathp@Yahoo.com
शिवहरि खतिवडा			patrakarshiva@gmail.com
विजयराज खनाल	अभियान दैनिक	९८४१८९९९१९	vjkhanal05@gmail.com
राजु बास्कोटा	अन्नपूर्ण पोस्ट	९८४१५०१००७	News4raju@gmail.com
मेनुका कार्की	अभियान दैनिक	९८४१४४७९८५	Ta33menukakarki@yahoo.com
सुरेन्द्रबहादुर थापा	मेरो लगानि डट कम	९८०३६५७३७८	Surean_thapa@yahoo.com
हिमाल पौडेल	इमेज च्यानल	९८४१८६२७२२	Poudel_441@yahoo.com
लक्ष्मण काफ्ले	द राइजिङ नेपाल	९८४१५५७७६७	Laxman.kafle@yahoo.com
सेन्छेलुङ पलङ्वा (लिम्बू)		९८४१६८१२३४	senchhelung@gmail.com
अनिल परियार	कान्तिपुर एफएम	९८४१५६४३५१	Anilpariyar5@gmail.com
शिरोमणि ढुंगाना		९८४१४३५३७४	Meshiromani@gmail.com
दीक्षा सिंह		९८४१२७४४२४	diykskya@gmail.com
अनुरागसिंह बर्मा	दि हिमालयन टाइम्स	९८४१२६३७१०	Anurasverma20@yahoo.com

कमल अर्याल	राजधानी दैनिक	९८४१२६३५६२	Jmcl_nepal@hotmail.com
मनबहादुर बस्नेत	नेपाल साप्ताहिक	९८५११०११०६	Mb.basnet@gmail.com
भीमप्रसाद गौतम	राजधानी दैनिक	९८४१३०२६२७	journalistbhim@gmail.com
प्राञ्जली बस्नेत		९७४१२७३५०५	pranzalibasnet@yahoo.com
आनन्द अधिकारी	हिमालयन टिभी	९८४१५१७०६८	anandadh@gmail.com
प्रगति श्रेष्ठ	आईसीटी नेपाल	९८०३९९८७०७	Pragatishrestha534@gmail.com
अखिल सिटौला	आईसीटी नेपाल	९८५११३५५१९	akhilsitoula@ictnepal.com.np
भागवत भट्टराई	माउन्टेन टिभी	९८४९३८९६०४	Bhagwat.2068@gmail.com
तुलसा घिमिरे		९८४९१४२८०५	Ghimire.tulsa@gmail.com
अर्जुन बिष्ट	मिडिया होम	९८५१०३६११६	Bistaaarjun2008@yahoo.com
सविन मिश्र	बिजमान्डु डटकम	९८४१४६३९२७	Mishrasabin45@gmail.com
गुञ्जबहादुर खड्का	आर्थिक अभियान	९८५११५९१३९	Gbkhadka44@gmail.com
सुजन ओली	नागरिक दैनिक	९८४३१८११९८	Journalist.sujan@gmail.com
काजी श्रेष्ठ	सहकारी खबर डटकम	९८५११८२३१३	kaji@sahakarikhabar.com
राजु चौधरी	कान्तिपुर दैनिक	९८४१७३३२१२	Rajp20097@gmail.com
राजन गौतम			Sadi.rgautam@gmail.com
नवराज पोखरेल	नेपाल टेलिभिजन	९८४१३४३३१२	P.navraj@gmail.com
शालिकराम सुवेदी	नेपाल टेलिभिजन	९८५१०६६७११	Subedi.salik@yahoo.com
उद्धव थापा	नेपालीपत्र डट कम	९८५१०६२५१७	utmediapoint@gmail.com
पुष्पराज कोइराला	नागरिक दैनिक	९८५११९६६४५	pushpkoirala@gmail.com
रामप्रसाद पुडासैनी	आर्थिक दैनिक	९८५१०२३६१५	pudasainipr@gmail.com
रोशन रेग्मी	सिटिजन एफएम	९८५१०१७१२५	rcregmi2006@gmail.com
कृष्ण रिजाल	नयाँ पत्रिका	९८५१००८८६९	mekrijal@gmail.com
विश्वास रेग्मी	गोरखापत्र दैनिक	९८४१६१२४९१	Bishwasregmi51@gmail.com
हरि लामिछाने	राष्ट्रिय समाचार समिति	९८४१८४०४११	hlamichhane@gmail.com
वीरेन्द्र ओली	कारोबार दैनिक	९८४९२४४१६१	Olibirendra19@gmail.com
सागर घिमिरे	रिपब्लिका दैनिक	९८५१००६६१३	Sagar.use@gmail.com
परमेश्वर अधिकारी	मेरो लगानी डट कम	९८४१४२४२७१	pmhrad@gmail.com
सुजन ढुंगाना	रिपब्लिका दैनिक	९८४९१६२९०६	Mesujan888@gmail.com
सुमन पन्थ	कान्तिपुर टेलिभिजन	९८४९०९७९००	Sumanpantha6@gmail.com
सन्तोष न्यौपाने	नागरिक दैनिक	९८५११२७३५४	santyneupane@gmail.com
रुद्र पंगेनी	रिपब्लिका दैनिक	९८५११९१३६३	Rudra.pangeni@gmail.com
दिनेश रेग्मी	कान्तिपुर दैनिक	९८५११४८०८२	dinesh.regmi@gmail.com
बलराम बानियाँ	कान्तिपुर दैनिक	९८५१०८२६१३	baniyabalaram@hotmail.com
कृष्ण आचार्य	कान्तिपुर दैनिक	९८५११४१७१७	kpahara@gmail.com
प्रकटकुमार शिशिर	नयाँ पत्रिका दैनिक	९८४७६२०१०६	Prakat.kumar@gmail.com
रमेशकुमार न्यौपाने			Aswikrit46@gmail.com
विष्णु पोखरेल	एबीसी टेलिभिजन	९८४९४८५३८०	Pokhrel_24@yahoo.com
अनिता शिवाकोटी	बिजनेस प्लस	९८४१६३६७९४	Shiwakoti66@gmail.com
एलिजा उप्रेती	बिजनेस प्लस	९८४९६५४९७६	eliuprety@yahoo.com
डुन्डुराज (डि.आर) आचार्य	कारोबार दैनिक	९८५११५०८३२	Dracharya22@gmail.com
सुदीप रेग्मी	न्यूजसेवा डट कम	९८५११८४०५५	Regmi.sushant@gmail.com
रञ्जित तामाङ	कारोबार दैनिक	९७४१०३२०५६	ranjittamang1@gmail.com
गणेशप्रसाद भण्डारी		९८४१८४२१६९	Myhappiness577@gmail.com
शिव बोहोरा	कारोबार दैनिक	९८४९३५३३७५	Brother.bohara@gmail.com
केदार दाहाल	कारोबार दैनिक	९८४१६४५८४६	Kedar.apuro@gmail.com
विष्णु वेल्वासे	नागरिक दैनिक	९८५१००९७३१	bb.belbase@gmail.com
जीवनकुमार बस्नेत	आर्थिक अभियान दैनिक	९८४१२९०४३९	jbasnetji@gmail.com

पूर्व अध्यक्षहरु

प्रतीक प्रधान

राजेन्द्र विष्ट

गोपाल तिवारी

विजय घिमिरे

किरण नेपाल

नारायण सापकोटा

प्रदीप चापागाईं

विज्ञानविभु अधिकारी

कार्यसमिति

गोकर्ण अवस्थी, अध्यक्ष

पुष्पराज आचार्य, उपाध्यक्ष

मोदनाथ ढकाल, महासचिव

रामराजा श्रेष्ठ, सचिव

भीमप्रसाद गौतम, कोषाध्यक्ष

सदस्यहरु

सरस्वती ढकाल

अनील परियार

भागवत भट्टराई

सविन मिश्र

सुजन ओली

भूपेन्द्र खड्का

कल्पना खनाल

www.ocplnepal.com

अर्घाखाँची ओ.पि.सि. सिमेन्ट

मुर्खता नगरौं
सही सिमेन्ट रोजौं

घर बनाउँदा सिमेन्टमा लाग्नेजति ७ प्रतिशत खर्च हुन्छ । कम मूल्यको सिमेन्ट किनेर तपाईंले ९ प्रतिशत रकम जोगाउनुभएला, तर के भो ९ प्रतिशत रकम बचाउन १०० प्रतिशत जोखिममा बाँच्नु बुद्धिमानी हो त? त्यसैले मुर्खता नगरौं, स्तरीय सिमेन्ट अर्घाखाँची सिमेन्ट नै रोजौं । अर्घाखाँची सिमेन्ट सस्तो होइन, गुणस्तरीय सिमेन्ट हो । कसको उचारेर्ट त लिन्छु ।

(सुनिल थापा)



सबै जुटौ संगै उठौ

PRISMA - O/M/15

फ्याक्टरी: सैनहोया ७, लि.नं.-९, रुपन्देही, नेपाल । फोन नं. +९७७-४१-६२०००२ । मुख्य कार्यालय: बालाजु, काठमाडौं । फोन नं. +९७७-१-४७०२१८८, ४७०२१६३

जीवनको सपनाहरू साकार पार्न...

नौलो जीवन सम्बृद्धि बीमा योजनाका विशेषताहरू:

- सीमित अवधि मात्र बीमाशुल्क भुक्तानी गर्नुपर्ने र बीमा अवधि समाप्त हुनु अगावै ४-५ वर्षको अन्तरालमा सम्पूर्ण बीमाङ्क रकम फिर्ता भइसक्ने
- बीमा चालू भएको १ वर्ष पश्चात् बीमालेख धितो राखी सहजै कर्जा लिन सकिने
- बीमाशुल्क एकल किस्ता पनि भुक्तानी गर्न सकिने, एकल बीमाशुल्क भुक्तानीमा बीमाङ्कको २५ गुणा मृत्यु जोखिम बहन हुने

सर्वाधिक बोनस र प्रतिफलको लागि...

नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.

किनकि जीवन अमूल्य छ...

प्रधान कार्यालय: हेरिटेज प्लाजा ५, कोटेश्वर, कमलाक्षी, काठमाडौं । फोन: ४५६९०८९ । फ्याक्स: ४५६९०६९ । पो. ब. नं. १४०३०
ई-मेल: info@nepallife.com.np । वेबसाइट: www.nepallife.com.np www.facebook.com/Nepallife.Insurance

Ruslan Reloaded!
Same great taste in a brand new look
PREMIUM QUALITY
100% PURE VODKA
Nepal's No.1 Vodka
Ruslan
VODKA
Triple Distilled
FOR OUTSTANDING SMOOTHNESS
PREMIUM QUALITY
100% PURE VODKA
70° PROOF | 750 ML

HYUNDAI | NEW THINKING. NEW POSSIBILITIES.

LUXURY ON THE STREETS

INTRODUCING

CRETA

THE PERFECT SUV

aptitude/LI/10-15

REDEFINING COMFORT AND LUXURY

Intelligent Interior Packaging

Premium and Stylish Dashboard

Multifunction Steering Wheel Controls

7 inch Touchscreen Infotainment System with Bluetooth

Fully Automatic Temperature Control

Smart Key with Push Button Start/Stop

Driver Seat Height Adjuster

Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2008 Certified Company) an entity of Laxmi Group Nepal

For Sales Inquiry:
Bhatbhateni: 01-4413934, 4413942 **Thapathali:** 01-4101553, 4101554, 4101556, 4101557, 4101558

Banepa: 011-661405, **Bhairahawa:** 071-522261, **Biratnagar:** 021-462109, 9801201015, **Birtamod:** 023-541495, **Butwal:** 071-415278, 415279, 9857039279, **Damak:** 023-580215, **Dang:** 082-563634, 9802930134, **Dhangadi:** 091-524492, 9868444492, **Narayanghat:** 056-522776, 526276, 522781, 530431, **Nepalgunj:** 081-527909, **Pokhara:** 061-537426, 537526

Like us
facebook.com/hyundainepal

HYUNDAI | Laxmi
SOLE DISTRIBUTOR OF HYUNDAI FOR NEPAL
www.laxmihyunda.com